
२८१

# भक्तपुर मासिक

Bhaktapur Monthly
बैशाख २०७७

ISSN 2705-4454
9 772705 445004



# कोरोना सङ्क्रमणको प्रतिरोधमा

- कोरोना भाइरसको जोखिम र हाम्रो दायित्व
- विगतको महामारी इतिहासको पानाबाट
- कोरोना सङ्क्रमण नियन्त्रण गर्न भक्तपुर नगरपालिकाका निर्णयहरू
- 'यो राहत मजदुरलाई मात्र होइन, खान नपाएका सबैका निम्ति हो'
- भक्तपुर नपाका विविध गतिविधिहरू

# लकडाउनमा भक्तपुर नपाका केही गतिविधि




दैनिक निरन्तर सफाइ कार्य



सबै सडक, चोक, गल्लीमा चुन छर्किन्दै

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ✯ अङ्क ६ ✯ नेसं ११४० ✯ विसं २०७७ वैशाख ✯ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘असल मानिसहरू आपतदेखि डराउँदैनन्, हडबडाउँदैनन्, विचलित हुँदैनन् बरू आनन्दित भएर आफ्नो बुद्धिको परिचय दिन्छन् ।’

- गौतम बुद्ध

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | कोरोना भाइरसको जोखिम र हाम्रो दायित्व | सुनिल प्रजापति | ३ |
| २) | कोरोना सङ्कट : मेयर अभिमत | रसिक | ५ |
| ३) | वडाध्यक्ष डायरी–कोरोना सङ्कटबारे बुझ्ने प्रयास : भिडियो कन्फरेन्स – | रसिक | ७ |
| ४) | विगतको महामारी इतिहासको पानाबाट | ओम धौभडेल | ९ |
| ५) | कोरोना भाइरसविरुद्ध बहुआयामिक युद्ध | प्रकाश नेपाल | १६ |
| ६) | खाद्यान्न व्यवस्थापनका उपायहरू | सबिन ख्याजू | १५ |
| ७) | लकडाउन समयका परिदृश्यहरू | कृतिका प्रजापति | १९ |
| ८) | कोरोना सङ्क्रमणबाट सुरक्षित रहन सन्देश (नेमकिपा अध्यक्ष बिजुक्छेँ, सचिव एवं सांसद सुवाल, नपा प्रमुख प्रजापति, प्रदेश सांसद गोसाई र सैँजू) | – | २२ – २६ |
| ९) | नेक्रा युवा सङ्घ र नेक्रा विद्यार्थी सङ्घको अपिल | – | २७ |
| १०) | देवाली पूजा पछि र मातातीर्थ औँसी घरमै बसी मनाउने | – | २८ |
| ११) | विपद् व्यवस्थापन केन्द्रको बैठकबाट विभिन्न निर्णय | – | ३० |
| १२) | भक्तपुर जिल्ला विपद् व्यवस्थापन केन्द्रका निर्णयहरू | – | ३१ |
| १३) | कोरोना रोकथाम तथा लकडाउनमा भक्तपुर नपाका गतिविधि (स्वयंसेवक परिचालन, अनुमतिपत्र वितरण, उपभोग्य सामग्रीहरूको सहज आपूर्तिबारे सरोकारवालाहरूसँग बैठकहरू) | – | ३१ |
| १४) | खाद्यान्न आपूर्ति र राहत वितरणमा एकरूपता ल्याउनु आवश्यक : मन्त्री त्रिपाठी | – | ३७ |
| १५) | भक्तपुरको ऐतिहासिक बिस्का जात्रा सामान्य पूजामै सीमित गरिने | – | ३८ |
| १६) | बिस्का पूजामा सीमित, सबै जात्रा स्थगित | – | ३९ |
| १७) | भक्तपुर नगरपालिकाका सबै वडामा राहत वितरण | – | ४० |
| १८) | अन्तरवार्ता–‘यो राहत मजदुरलाई मात्र होइन, खान नपाएका सबैका निम्ति हो’ | प्रमुख सुनिल प्रजापति | ४७ |
| १९) | कुराकानी –‘घरडेरीमै पुगेर राहत बाँड्दैछ भक्तपुर नगरपालिका’ | – | ५० |
| २०) | एक सयभन्दा बढी देशका २३० वटा राजनीतिक दलको कोभिड–१९ विरुद्ध संयुक्त आह्वान | – | ५१ |
| २१) | मेयर प्रजापतिको भिडियो अपिल | – | ५३ |
| २२) | दुईहजार वर्षमा पहिलोचोटि सुनसान भक्तपुरको वैशाख | सविना श्रेष्ठ | ५४ |
| २३) | भक्तपुर अस्पतालले जनताको विश्वास जित्ने ढङ्गले बिरामीहरूको सेवा गर्दैछ | मे.सु. डा. सुमित्रा गौतम | ५६ |
| २४) | कोरोना भाइरस सङ्क्रमणबाट जोगिन लकडाउनको पूर्ण पालना गरौं : | डा. रत्नसुन्दर लासिवा | ५८ |
| २५) | भक्तपुरमा कोभिड–१९ का विरामी भक्तपुर अस्पताल र केएमसीले मात्र हेर्ने | – | ६० |
| २६) | मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर आउने | – | ६१ |
| २७) | वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई पत्नी शोक | – | ६२ |
| २८) | खानेपानी सन्तुलित वितरण गर्न निर्देशन | – | ६३ |
| २९) | विपद् व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली | – | ६८ |
| ३०) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ६९ |
| ३१) | ङातापोल निर्माण कथा (२) | डा. जनकलाल वैद्य | ७६ |
| ३२) | कोरना (चिनाखँ) – चन्द्रबहादुर उलक | – | ८६ |
| ३३) | नागरिकको अहं भूमिका (सम्पादकको पृष्ठ) | – | ८८ |

**साथमा** : नेपालमा कोरोना भाइरसको परीक्षण–२८/नेपालमा कोरोना सङ्क्रमण–२९/लकडाउन अवज्ञा गर्ने पसलको सामान जफत– २९/भर्चुअल कक्षा प्रसारण–३३/भनपा प्रमुखबाट छिपा ताँ ढलान निरीक्षण–३५/जनस्वास्थ्य सेवा केन्द्रमा कोरोना परीक्षण सुरु–३६/छ हजार कृषकलाई निःशुल्क धानको बिऊ वितरण–३९/भनपाको बजार अनुगमन–४१/७६ दिनपछि उहानमा कोरोना पराजित–४२/लकडाउनमा विभिन्न गतिविधि (रंगीन पृष्ठ)–४३/अमेरिकाले जवाफ नदिएको तीन शंका–६३/लकडाउन पालना गराउन खोज्दा कांग्रेसी कार्यकर्ताद्वारा आक्रमण–६४/पाठकको पत्र–६४/विश्वमा कोभिड–१९को स्थिति–६५/स्थानीय सरकार सञ्चालन ऐन (६)–८२/SKETCHES FROM NIPAL (48) Henry Ambrose Oldfield–८४/चैत महिनाको पर्यटक तथ्याङ्क–८७।


**आवरण चित्र** : कोरोना भाइरसका चित्रहरू । (श्यामस्वेत) इलेक्ट्रोनिक माइक्रोस्कोपबाट लिएको (रिसर्चगेट), (रंगीन) ट्रान्समिसन इलेक्ट्रोल माइक्रोस्कोपबाट लिएको (एनआइएआइडी–आरएमएल) । श्रोत : इन्टरनेट

# कोरोना भाइरसको जोखिम र हाम्रो दायित्व

**- सुनिल प्रजापति**



सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

कोरोना भाइरसको कारण अहिले सारा विश्व आक्रान्त छ। हरेक दिन दशौं हजार मानिसमा थप सङ्क्रमण, हजारौं नागरिकको मृत्युजस्ता समाचारहरू सुनेर जनता त्रसित छन्। संरा अमेरिका अहिले कोरोनाको केन्द्र बनेको छ। चैत्र २६ गतेसम्मको तथ्याङ्क अनुसार विश्वमा १४ लाख बढीमा सङ्क्रमण भइसकेको र ८२ हजार बढीको मृत्यु भइसकेको छ। सं.रा. अमेरिकामामात्र ४ लाख बढीमा सङ्क्रमण भएको र १२ हजार ८०० जना भन्दा बढीको मृत्यु भएको छ। सङ्क्रमितहरूको सङ्ख्या संसारको कुनै पनि देशको भन्दा यो सबभन्दा बढी हो। इटालीमा १७ हजार, स्पेनमा १४ हजार, फ्रान्समा १० हजार बढीको मृत्यु र लाखौंको सङ्ख्यामा सङ्क्रमितहरूले त्यहाँको भयावह स्थितिलाई देखाउँछ। इरान, जर्मनीलगायत विश्वभरी जंगलको आगोसरि फैलिएको यो रोग सारा मानव जातिको निम्ति अत्यन्त खतरा बन्दैछ।

चीनले छोटो समयमै कोरोनालाई नियन्त्रणमा लियो, विश्वको २०० भन्दा बढी देशमा रोग फैलिसक्दा प्रजग कोरियाले आफ्नो देश कोरोना मुक्त घोषणा गऱ्यो र क्युवाले कोरोनाको उपचारको निम्ति आफ्ना चिकित्सकहरूलाई विभिन्न देशमा पठाउँदै छ।

समाजवादी र पूँजीवादी राज्यव्यवस्थामा राज्य आफ्ना नागरिकहरू प्रति कति जिम्मेवार हुन्छ भन्ने अहिले स्पष्ट देखिएको छ। चीनले उहानमा कोरोना सङ्क्रमित भएको चाल पाउनासाथ 'लकडाउन' गऱ्यो। त्यहाँका जनताले सरकारले दिएको आदेशलाई पालना गरेर कोही घरबाट ननिस्केर सहयोग गरे। सरकारले पनि नागरिक प्रतिको कर्तव्यलाई ध्यानमा राखेर घर घरमा खाना पुऱ्याउने व्यवस्था गऱ्यो। विदेशी नागरिक र विद्यार्थीलाई पनि राम्रो बन्दोबस्त गरेर लकडाउनको अवस्थामा कोही पनि विदेशीलाई बाहिर नपठाई घरमै क्वारेन्टाइनको व्यवस्था गऱ्यो। सरकार र जनताको एकताले चीनले अत्यन्तै छोटो समयमा कोरोना भाइरसलाई नियन्त्रणमा लिन सम्भव भएको हो।

अमेरिका, इटालीजस्ता देशहरूले चीनले गरेको कामबाट शिक्षा लिन चाहेनन् वा सकेनन्। अमेरिकी राष्ट्रपति ट्रम्पले कोरोना भाइरसलाई 'चिनियाँ भाइरस' भनेर चीनप्रति घृणा फैलाउने कोसिस गरे। चीनमा रोग फैलिएकै बेला अमेरिका, इटालीलगायतले सतर्कता र सजगता अपनाउन सकेका भए सायद ती देशहरूले आजको स्थिति भोग्नु पर्ने थिएनन्।

अमेरिकामा बस्ने नेपालीहरूको भनाइअनुसार अहिले न्युयोर्कलगायतका राज्यहरूमा डिपार्टमेन्टल स्टोरहरूमा खाद्यान्नको अभाव छ, अस्पतालहरूमा भेन्टिलेटर नपुगेर बिरामीको बेहाल छ र कयौं गरिबहरू उपचार नपाएर मृत्युको मुखमा जाँदैछन्। घोषित रूपमा सरकारले लकडाउन नगरे पनि जनता बाहिर आउन डराइ रहेका छन्।

न्युयोर्क राज्यमा ३ जना नेपालीको मृत्यु भएको पुष्टि भएको छ। मेरिल्याण्ड राज्यका नेपाली मूलका विधायक ह्यारी भण्डारीकाअनुसार अमेरिकामा बस्ने ५०० जनाभन्दा बढी नेपालीमा कोरोना भाइरसको सङ्क्रमण भइसकेको छ।

भनिन्छ समय अत्यन्त बलवान हुन्छ। चीनले रोगको गम्भीरतालाई समयमै चिनेर 'लकडाउन' गऱ्यो। केही समय ठूलो आर्थिक क्षति व्यहोऱ्यो। नागरिकको स्वास्थ्यभन्दा ठूलो आर्थिक हुन सक्दैन भन्ने विश्वलाई शिक्षा दियो। अहिले कोरोनाविरुद्ध विश्वलाई चिकित्सकहरू र स्वास्थ्य उपकरणहरू पठाई सहयोग गर्दैछ। अमेरिका, इटाली, स्पेनलगायतले रोगप्रति बेवास्ता गरे, समयमै रोगबाट नागरिकलाई बचाउने सुरक्षाका उपायहरू अपनाउनेतर्फ ध्यान दिएनन्। त्यतिञ्जेल रोग भित्रभित्र भुसको आगोसरि फैलिसकेको देखियो। आज युरोपकै विकसित देशका सरकारहरू कोरोनासित लड्न असमर्थ हुँदैछन्।

अमेरिकामा रोगको सङ्क्रमणमा बृद्धीसँगै अस्पतालहरूमा स्वास्थ्य सम्बन्धी उपकरणहरूको माग बढ्दो छ। राष्ट्रपति ट्रम्पले बिरामीको लागि आवश्यक भेन्टिलेटर उत्पादनमा जोड दिनुको सट्टा बजेटमा हातहतियार उत्पादनमा जोड दिएको भन्दै जनताको विरोध खेपिरहेका छन्। हो, पूँजीवादमा नाफा प्रधान हुन्छ। नाफा नहुने कुनै पनि क्षेत्रमा पूँजीपतिहरू लगानी गर्न चाहँदैनन्। गरिब जनताको जीवन पूँजीपति वर्गको निम्ति किरा फट्याङ्ग्रा भन्दा पनि मूल्यहीन हुन्छ।

कोरोना भाइरसले भौगोलिक सीमा, जातजाति, वर्ग र धर्म चिन्दैन । आज सिङ्गो मानवजातिकै निम्ति कोरोना एक चुनौती बनेको छ । विश्वको कुनै भागमा कोरोनाको अस्तित्व रहुन्जेल त्यसले कुनै पनि बेला विश्वभर दुःख दिन सक्छ अर्थात विश्व सुरक्षित भएको सुनिश्चितता हुँदैन । त्यसैले विश्वका मानव जातिकै रक्षाको निम्ति सबै एक भएर कोरोना भाइरसविरुद्ध लड्नु आजको आवश्यकता हो ।

नेपालमा अहिलेसम्म ९ जना नागरिकसँग कोरोना भएको पुष्टि भएको छ । कोरोनाबाट कुनै पनि व्यक्तिको मृत्यु भएको पुष्टि नभए पनि नेपाली समाजमा भित्र भित्रै फैलिरहेको त होइन ? कुनै पनि बेला विस्फोट हुने त होइन ? भन्ने धेरैको आशङ्का छ ।

नेपालीहरूसँग चीनले गरेको कोरोना नियन्त्रण, संरा अमेरिका, इटाली, स्पेनलगायतका देशमा नियन्त्रण हुन नसक्नाका कारणबारे अध्ययन गर्ने र त्यसबाट शिक्षा लिएर अगाडि बढ्ने प्रशस्त समय थियो र छ । नेपाल सरकारले चैत्र ११ गतेदेखि २०७७ वैशाख ३ गतेसम्म लक डाउनको घोषणा गऱ्यो । यसलाई चैत्र १ बाटै लागु गरेको भए हामी आजको अवस्थामा पनि पुग्नु नपर्ने हो कि भन्ने अनुमान गर्न सकिन्छ किनभने चैत्र ४ गते कतार एयरबाट आएका नागरिकबाट सङ्क्रमण भएको देखिएको छ ।

अरु कति देशहरूले त अध्ययन गर्ने र सोच्ने समय पनि पाएनन् । नेपालले अरुको सफलता र असफलताको अध्ययन गर्ने समय पाएको छ । त्यति हुँदाहुँदै समयमा चिकित्सकहरूको लागि आवश्यक पीपीई, मास्क, पन्जालगायतका वस्तुहरूको उपलब्ध गराउन नसक्नु, निजी अस्पतालहरूले बिरामी जाँच्ने सेवा बन्दगर्दा समेत कारबाही गर्न नसक्नु, अस्पतालहरूमा आवश्यक सङ्ख्यामा भेन्टिलेटरहरूको व्यवस्थामा ध्यान दिन नसक्नु सरकारको कमजोरी हो । सम्भाव्यता अध्ययनै नगरी विना कुनै तयारी र आवश्यक उपकरणहरूको उपलब्ध नगरी हचुवाको भरमा स्थानीय तहहरूलाई क्वारेन्टाइन र आइसोलेसन वार्डको व्यवस्था गर्न पत्राचार गर्नु उपयुक्त होइन । झन् यस्तो संकटको बेला चीनबाट ल्याइएको स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचारको कुरा सार्वजनिक भएपछि अर्को समस्या निम्तिएको छ ।

आर्थिक अनियमितता भएको भए विवादितहरूलाई अलग गरेर त्यसबारे नयाँ प्रक्रियाबाट भएपनि स्वास्थ्य सामग्री छिटोभन्दा छिटो सबै अस्पताल र स्वास्थ्यकर्मीहरूबीच पुऱ्याउनु आवश्यक छ । स्वास्थ्य सामग्री कहिले निजी क्षेत्रलाई, कहिले सरकार आफै ल्याउने त कहिले सेनालाई जिम्मेवारी दिनेजस्ता अलमलका कुराहरू बाहिर आउँदैछन् । हामी समय भएसम्म यसरी नै अलमल गरेर इटालीको अवस्था कुरिरहेका त छैनौं ? हामी सबै गम्भीर हुनु आवश्यक छ । रोगको महामारी फैलिएपछि केन्द्र, प्रदेश र स्थानीय सरकार एकले अर्कोलाई दोष दिएर कोही पार लाग्नेवाला छैन । सबैले आ–आफ्नो क्षेत्रबाट भूमिका खेल्न जरुरी छ ।

नेपाल-भारत खुल्ला सीमाको फाइदा उठाएर चैत्र १ गतेपछि मात्रै लाखौं नेपालीहरू भारतबाट नेपाल प्रवेश गरेका छन् । लकडाउनपछि नै हजारौंको सङ्ख्यामा प्रवेश गरेको विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भएका छन् । समयमै सरकारले हवाई मार्गबाट नेपाल प्रवेश गरेका जतिलाई सुरक्षितसाथ क्वारेन्टाइनमा राख्ने र दक्षिणको खुल्ला सिमानाबाट प्रवेश गर्नेहरूका लागि ठाउँ ठाउँमा क्वारेन्टाइनको व्यवस्था मिलाएको भए यो स्थिति आउने थिएन । क्वारेन्टाइनमा बसेका कति नागरिकहरू भागे, अहिले पनि सिमानामा बसेर सयौंको सङ्ख्यामा देश प्रवेशको लागि पर्खिरहेका छन् । तिनीहरूमध्ये कुनै एक जनामात्रै कोरोना सङ्क्रमित भए के हुन्थ्यो ? सहजै अनुमान गर्न सकिन्छ । आफ्नो नागरिकको सुरक्षा गर्ने पहिलो जिम्मेवारी राज्यको हो । अन्य नागरिकहरूको स्वास्थ्यमा असर नपर्ने गरी सुरक्षामा ध्यान दिनु पनि त्यतिकै आवश्यक छ ।

यस्तो महामारी वा सङ्कटको बेला नागरिकको अनुशासन झनै महत्त्वपूर्ण हुन्छ । सरकारले लकडाउन घोषणा गरेको बेला अति आवश्यक भएमा बाहेक बाहिर ननिस्केमा नागरिक आफै सुरक्षित हुने हो । कतिपय नागरिकहरूमा अनुशासनमा नबस्ने र सरकारको आदेश वा निर्देशनको बेवास्ता गर्ने बानी छ । आफू असुक्षित होइन्छ भन्ने जानीबुझी विना कामबाहिर आउने, मोटरसाइकल चढेर हिंड्ने, अरुलाई आफ्नो फूर्ति देखाउने, तरकारी वा खाद्यान्न खरिद गर्दा १ मिटरको दूरीमा नबस्ने, राहत वितरणमा भिडभाड गर्ने जस्ता लापरबाहीको कारण भोलि समाज र देशले ठूलो मूल्य चुकाउनु पर्ने हुनसक्छ ।

तरकारी, खाद्यान्न वा औषधि खरिदको बाहानामा हुलका हुल घरबाहिर आउने, सार्वजनिक पाटी–पौवाहरूमा गफ गरेर बस्नेजस्ता व्यवहारमा नागरिकहरूले सुधार ल्याउनु आवश्यक छ । यसरी लकडाउनको उल्लंघन गर्नेहरूमा सञ्चार र सामाजिक सञ्जालमा पहुँच नपुगेका ज्येष्ठ नागरिकहरू धेरै भएको पाइएको छ । जनप्रतिनिधि, राजनैतिक र सामाजिक कार्यकर्ताहरू घरघरमा गएर सम्झाई बुझाई नगरेका पनि होइनन् । विभिन्न संचार माध्यमबाट व्यापक प्रचार प्रसार गर्दा पनि किन हेलचक्राइँ ? के नागरिकको कुनै उतरदायित्व हुँदैन ? प्रहरी प्रशासनको कारबाहीले सबै ठीक हुन्छ भन्ने पनि होइन । नागरिकहरूमा स्वअनुशासनमा बस्ने बानीको विकास गर्नु सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।

ठूलठूला र विकसित देशहरूलाई समेत कोरोनाविरुद्ध लड्न गाऱ्हो भइरहेको बेला साँचै नेपालमा त्यस्तो भयावह स्थिति आयो भने के होला ? आजैबाट हामी सबैले सोच्नु जरुरी छ । लकडाउनको अवधिभर कोही पनि नागरिक घरबाट ननिस्केर कोरोनाविरुद्धको महामारी फैलिनबाट जोगाउन सकिन्छ । यो नै कोरोनाबाट बच्ने सहज उपाय हो । केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरू र नागरिकहरू सबैले समाज र देश प्रतिको आ–आफ्नो दायित्वनिर्वाह गऱ्यो भने कोरोना भाइरसको सम्भावित जोखिमबाट नेपाल र नेपालीहरूलाई सुरक्षित राख्न सकिन्छ ।

(२०७६।१२।२६)

# कोरोना सङ्कट : मेयर अभिमत

रसिक

नोवेल कोरोना भाइरस (कोभिड – १९) रोग सङ्क्रमणको त्रास देशैभरि फैलिँदै छ। सरकारले घरबाहिर कोही ननिस्कने ‘लकडाउन’ घोषणा गरेको पनि दुई हप्ता हुन लाग्यो। जनतामा एकातिर दैनिकरूपमा आइरहेका फेसबुके समाचारहरूका कारण रोगले सबैलाई सखापै पार्ला भन्ने चिन्ता छ भने अर्कोतिर दैनिक कामगरी खानुपर्ने न्यून आयस्तरका व्यक्तिहरूको जीवन कसरी चलाउने भन्ने पीर पर्न थालेको छ। त्यसमाथि दैनिक उपभोग्य वस्तुहरूको कालाबजारी, कृत्रिम अभाव र अस्वभाविक मूल्यवृद्धिको कारण जनताको जीवन कठिन बन्दै छ।

विषम परिस्थितिमा जनप्रतिनिधिहरूले कसरी काम गरिरहेका छन् र अब के गर्ने भन्ने विषयमा सिंहदरबारमा उपत्यकाका मेयरहरूको जरुरी बैठक सम्पन्न भयो। सरोकारवाला मन्त्रीको अध्यक्षतामा सरोकारवाला विभिन्न मन्त्रालयका सचिवहरूको उपस्थितिमा भएको उक्त बैठकमा सहभागी सबैजनाले मास्क लगाइरहेका थिए। एक आपसमा १ मिटर जतिको दूरीमा कुर्सीको व्यवस्था गरिएको थियो। सबैले टेबुलमा राखिएको ‘स्यानिटाइजर’ हातमा दलिरहेका थिए।

सबैजना समयमै पुगेकाले कसैलाई कुर्न जरुरी भएन। मन्त्रीले औपचारिक स्वागत गर्दै बैठक सुरु गरे। सुरुमै मेयरज्यूहरूलाई बोल्ने समय दिइएको थियो।

**पहिलो मेयर :** मेरा नगरवासीहरू आतङ्कित छन्। सरकारले लकडाउन भन्या छ, क्वारेन्टिन (छुटिएर बस्ने) र आइसोलेसन (एक्लिएर बस्ने) को कुरा गरेको छ। हामीले नै यी शब्दहरू पहिलोचोटि सुनेका छौँ भने विचरा जनतालाई यसबारे के थाहा ? हाम्रा जनताले कर्फ्यू र नेपाल बन्द बुझेका छन्, लकडाउन (पूरै बन्द) बुझेका छैनन्। त्यसैले बिहान र बेलुका बजारमा मान्छेको भीड बाहिर निस्केको देखिन्छ र दिउँसो भने घरमा बसेको देखिन्छ।

मास्क किन्न पाइँदैन, साबुनको कृत्रिम अभाव गरिएको छ। स्यानिटाइजरको माग बढ्दो छ तर बजारमा नपाइँदा घरेलु रक्सीमा ग्लिसरिन मिसाएर हातमा दल्न थालेका छन्।

घरखेत भएका, इलम, व्यवसाय र जागीर भएकाहरू घरमै छन् भने मन्दिर, पाटी र सडकमा सुत्ने, ज्याला मजदुरी गर्ने र मागेर जीवन गुजारा गर्नेहरूको जीवन कठिन बन्दै छ।

विपद्को समयमा नगर कार्यपालिकाको तत्काल बैठक बसेर कोरोना रोकथाम तथा नियन्त्रण कोष खडा गरियो तर कसरी खर्च गर्ने कार्यविधिको अभावका कारण कोषको रकम खर्च गर्न सकिएको छैन। सार्वजनिक खरिद ऐनबमोजिम अगाडि बढ्दा आवश्यक सामग्री किन्न समय लाग्ने भयो, यतिकै किनौँ फेरि अख्तियार र महालेखाले समात्ला भन्ने डर छ। तत्कालका लागि हामीले रोगबारे पर्चा घरघरमा पुऱ्याउने र सचेतनामूलक माइकिङ गर्ने गरेका छौँ। धन्यवाद !

**दोस्रो मेयर :** मेरो त नगर नै ठूलो, त्यसमाथि यहाँका स्थानीय जति छन् त्योभन्दा दुईगुणा अन्य जिल्लाबाट पढाइ, रोजगार या अन्य कामको सिलसिलामा यहाँ बसेकाहरू छन्। सबैको तथ्याङ्क राख्ने प्रयास जारी थियो, कोरोनाले सबै स्थगित भयो।

लकडाउनको विषयमा स्वास्थ्य स्वयम्सेविकाहरूसँगै जनप्रतिनिधिहरू चोक र गल्लीहरूमा पुगेर माइकिङ गर्दै घरबाहिर ननिस्कन आग्रह त गरिरहेका छौँ। तर, बिहान मुख्य–मुख्य तरकारी बजारमा मान्छेको हुल देख्दा साँच्चिकै तर्सेका छौँ। दैनिक बिहान ५ हजारदेखि ८ हजारसम्म मानिसको हुल मुख्य तरकारी बजारमा देखिन्छ। सम्झाउने प्रयास हुन्छ तर टेर्दैनन्। त्यस बजारमा स्थानीय तरकारीमात्र नभई भारतबाट दैनिक पचासौँ ट्रिप तरकारी आउँछ। तरकारीसँगै उतैका नागरिकहरू पनि गाडीमा आउँछन्। एक जनामात्र सङ्क्रमित भएमा पूरै बजार र नगर नै सङ्क्रमित हुने उच्च जोखिममा छ।

सबै घरमा बस्दा अन्य दिनको तुलनामा बजारमा फोहर पनि कमैमात्र निस्केका छ तर फोहोर उठाउने कर्मचारी र निजी क्षेत्रका व्यक्तिहरू रोगको स क्रमण फैलिएला भन्ने डरले काममा जान अन्कनाइरहेका छन्। उनीहरूलाई सुरक्षाको नाममा साधारण मास्क, रबरको पन्जा र गमबुटबाहेक अरू केही दिन सकेका छैनौँ। ती सामग्री पनि कति कामदारले प्रयोग गर्दैनन्। फोहर व्यवस्थापन गर्ने ठाउँका स्थानीय जनता पनि फोहरमा कोरोना भाइरसको सङ्क्रमण हुन सक्छ भनी फोहोर बिसर्जन गर्न दिइरहेका छैनन्। समस्या बढ्दै गएको छ।

डेरामा बस्ने र दैनिक ज्याला मजदुरी गर्नेहरू राहतको माग गर्दै वडा कार्यालयमा आउन थालेका छन्। सरकारले प्रस्ट नीति अगाडि नसार्दा हामी अन्यौलमा छौँ। केही वडाध्यक्षहरूले आफ्नो विवेक प्रयोग गरी राहत वितरण गर्न थालेका छन् तर सबैतिर राहत सामग्रीहरूको परिमाण बराबर नहुँदा आरोप – प्रत्यारोप आइरहेका छन्।

जनप्रतिनिधिहरू स्थितिको गम्भीरतालाई बुझेर रातदिन खटिरहेका छन्, तर फेसबुके हल्लाबाजहरूले हामीलाई नै गालीको वर्षा गरिरहेका छन्। सबैले आ–आफ्नो तहबाट जिम्मेवारी पूरा गरे हुन्थ्यो नि ! धन्यवाद !

**तेस्रो मेयर :** रोगको विषयमा जनताले नबुझेसम्म बुझाउने जिम्मा त जनप्रतिनिधिहरूकै हो । हाम्रो नगरपालिकाले आफ्नो क्षमताले भ्याएसम्म काम गर्दै छ । नगरपालिकाको आफ्नै अस्पतालबाट बिरामीहरूको उपचार सेवा भइरहेको छ । केन्द्र सरकारले चिकित्सकहरूको लागि पीपीई सेट, उपचार सामग्री प्रदान गरेमा धेरै बिरामीको सेवा गर्न हामी तयार छौँ ।

नगरका चोक र गल्लीहरूमा समेत क्लोरिनयुक्त पानी (कीटनासक औषधी) छर्किन सुरु गरेका छौँ । सरसफाइकर्मी साथीहरूलाई उनीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर स्थानीय साथीहरूबाट निर्मित विशेषखाले पोशाक लगाउन दिन थालेका छौँ ।

नगरमा बिहान सबेरै ज्येष्ठ नागरिक तथा महिलाहरू मन्दिर, चर्च, बहाबही लगायतका धार्मिक स्थलमा पूजा प्रार्थना गर्न गइरहेका देखिन्छन् भने तरकारी बजारमा केही भीड देखिन्छ । जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्य स्वयम्सेविका र स्थानीय राजनीतिक अगुवाहरू स्वयम्सेवक भई प्रहरी प्रशासनसँगको समन्वयमा स्थानीय भाषामै उहाँहरूलाई सम्झाउने र तरकारी बजार व्यवस्थापन गर्ने प्रयास भइरहेका छन् ।

दिउँसोको समयमा चिया, खाजा पसल तथा भट्टीहरू सञ्चालन भइरहेकोमा चिन्ता बढेको छ । सामान्य खाद्य किराना पसलहरूमा समेत घरायसी रक्सी वितरण गरिरहेको जनगुनासो छ । यसलाई नियन्त्रण गर्ने प्रयास भइरहेकै छ ।

अनावश्यकरूपमा घरबाट बाहिर ननिस्कन नगरपालिकाले हरेक दिन माइकिङ गर्दै छ । थप व्यवस्थित गर्न हामीले जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसरसँग समन्वय गरी अत्यावश्यक अवस्थामा मात्र एक घरबाट एक जनामात्र बाहिर निस्कन पाउने गरी अनुमतिपत्र वितरण गर्ने तयारी गरेका छौँ । विभिन्न उपायहरू परीक्षण गर्दैछौँ र हरेक दिन समीक्षा पनि गर्दैछौँ ।

पछिल्लो समयमा विदेशबाट घर फर्किने नगरवासीहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्य हुँदै छ । प्रत्येक दिन अनलाइन फारम भरेकाहरूको विस्तृत विवरण अध्ययन गरेर सबैलाई नगरपालिकाको तर्फबाट फोन सम्पर्क गरी स्वास्थ्य अवस्था बुझ्ने कार्य हुँदै छ । तथ्याङ्क हरेक दिन प्रहरी प्रशासनमार्फत केन्द्र सरकारलाई पनि बुझाउँदै छौँ ।

राहत वितरणको विषयमा भने सचेत हुनैपर्छ । २०७२ सालको भूकम्पबाट हामीले पाठ सिक्नैपर्छ । विभिन्न सङ्घसंस्थाहरूलाई बिना जाँचबुझ (निर्वाधरूपमा) राहत वितरण गर्न दिइनु हुन्न । सस्तो लोकप्रियता कमाउने समय होइन यतिबेला । राहत वितरणको नाममा रोगको सङ्क्रमण फैलन दिनुहुन्न । ती रकम र सामान कहाँबाट कति ल्यायो भन्ने हिसाब हुनुपर्छ । अत्यावश्यक पर्नेहरूको प्रस्ट पहिचान नगरी राहत वितरण गर्दा आपसी किचलो र भीडभाड जम्मा हुने मात्र नभई हामीलाई परनिर्भर समेत बनाउँछ । त्यसैले राहत वितरण एकद्वार प्रणालीबाट मात्र हुनुपर्छ, त्यसमा पनि स्थानीय तहमा जनप्रतिनिधि भएकोले सहयोग रकम वा राहत सामग्री वितरण गर्न चाहनेले सबैभन्दा पहिला स्थानीय सरकारलाई सबै सामग्री बुझाउने र वडा कार्यालयमार्फत मात्र वितरण गर्ने व्यवस्था कडाइका साथ लागू गर्नु उपयुक्त हुन्छ । धन्यवाद !

**चौथो मेयर :** हाम्रो नगर त तरकारी उत्पादन केन्द्र नै भएकोले दैनिक बिहान तरकारी सङ्कलन केन्द्र र बिक्री केन्द्रमा हामी जनप्रतिनिधिहरू नै खटेर एकै ठाउँमा भीड नगर्न आग्रह गर्दैछौँ । भट्टी पसल बन्द गर्न प्रहरीलाई साथमा लिएर चोक – चोक घुम्दै छौँ ।

हाम्रो पनि नगरपालिकाको आफ्नै अस्पताल छ, केही बेडहरू आइसोलेसनका लागि व्यवस्थित गरेका पनि छौँ । बिरामीको खकार परीक्षण गरी कोरोना भाइरसको सङ्क्रमण भए नभएको जाँच्ने मेसिन र ल्याब विदेशीले सहयोग गरेको छ जनशक्ति पनि हामीसँग छ, तर केन्द्र सरकारले परीक्षण गर्ने अनुमति अहिलेसम्म दिएको छैन । हामीले पटक पटक ताकेता गर्‍यौँ । अन्तिम प्रमाणीकरण टेकु अस्पतालबाट हुनेगरी हामीलाई परीक्षण गर्ने अनुमति प्रदान गर्न अनुरोध छ ।

विपद्को बेला स्थानीय तहलाई बढी जिम्मेवार बनाएर परिचालन गर्नु सही हो, हामी परिचालित भइरहेका पनि छौँ । तर, स्थानीय तहका जनप्रतिनिधिहरू अहिले पनि सेवा सुविधाबाट वञ्चित छन् । उनीहरूका पनि परिवार होलान्, उनीहरूलाई पनि आफ्नो आवश्यकता पूरा गर्नुपर्छ होला । हिजो उम्मेदवारी दिन सबैले लाभकारी पद त्यागेर वा राजीनामा दिएर आएका थिए भन्ने कुरा केन्द्र र प्रदेश सरकारले भुलेका हुन् कि ? स्थानीय निकाय प्रजातन्त्रको जग भनेको यही हो ? विपद्को बेला जनतामाझ जाने र चुनौतिको सामना गर्ने जति स्थानीय जनप्रतिनिधिको जिम्मा, अनि पानीको सतहमा बसेर पौडी खेल्ने जति केन्द्र र प्रदेश सरकार, यो न्यायोचित हुन सक्दैन ।

कोरोनाको विपद्बाट देश र समाजलाई मुक्त पार्ने अभियानमा यस्ता कुरा गर्न सुहाउँदैन । तथापि, मैले उठाएका विषयमा सरकारको गम्भीर ध्यानाकर्षण हुन ढिलो भइसकेको छ । धन्यवाद !

**पाँचौं मेयर :** लकडाउनको पूर्ण परिपालनाको लागि हामीले नगरवासीलाई अनुरोध गरिरहेकै छौँ । केही अटेरीहरूलाई प्रहरीले समात्ने, घाममा उभ्याउने र कुखुरा बनाउने कार्य पनि गर्दै छन् । पीडामा रहेका जनतालाई भौतिक कारबाहीभन्दा सम्झाउनु नै उपयुक्त विकल्प हो भन्ने लाग्छ । तर केही प्रहरीले नगर प्रमुखले नै समात्न र कारबाही गर्न आदेश दिएको भनी सर्वसाधारणलाई भनेको सुनियो । सङ्कटको बेला आपसी अविश्वास बढाउने कार्य कसैबाट नहोस् भन्ने चाहन्छु ।

राहत वितरणमा समानता हुनुपर्छ । राहत वितरणमा दलगत पक्षपात वा व्यक्तिगत स्वार्थभाव राख्नु गलत हुन्छ । विपद्को समयमा दलगत स्वार्थपूर्तिका लागि आरोप- ➲

**वडाध्यक्ष डायरी**

# कोरोना संकटबारे बुझ्ने प्रयास : भिडियो कन्फरेन्स

रसिक

**वडाध्यक्ष :** नमस्ते, अभिवादन छ सबैलाई । कोरोना भाइरस रोग (कोभिड १९) संक्रमणको चपेटामा आज विश्वका सबै जनता त्रसित भइरहेका छन् । सबैतिर लकडाउन गरिएको छ । सामान्य रुघाखोकी, ज्वरो र ढाड वा कम्मर दुख्दा पनि कोरोना हो कि भनी शंका गर्ने र उच्च सतर्कता अपनाउनुपर्ने अवस्था छ । कहीं पनि मानिसको जनजीवन सहज छैन ।

यस्तो कठिन परिस्थितिमा म विभिन्न देशमा अध्ययनरत नेपाली साथीहरूसँग आज छोटो भिडियो कन्फरेन्स गर्दैछु । मसँग आज चीन, अस्ट्रेलिया, दक्षिण कोरिया र संरा अमेरिकामा बस्ने मित्रहरू अनलाइनमा हुनुहुन्छ । यहाँहरू सबैलाई हार्दिक स्वागत छ । यहाँहरूले पालैपालो संक्षिप्त रूपमा आ–आफ्नो धारणा राख्नुहोला । म एकजना स्थानीय जनप्रतिनिधिको नाताले आ–आफू बसिरहनुभएको देशको अवस्थाबारे यहाँहरूका अभिव्यक्तिलाई नेपाली जनताले बुझ्ने भाषामा बुझाउने प्रयास गर्नेछु ।

**चीनका विद्यार्थी :** नमस्ते सबैलाई । म चीनको कुनमिङको एउटा विश्वविद्यालयमा जलविद्युत इन्जिनियरिङमा पिएचडी गर्दै रहेको विद्यार्थी हुँ । गत डिसेम्बरको अन्तिम साता चीनको उहानमा कोरोना भाइरसको महामारी फैलिँदा हामी सबै त्रसित बनेका थियौं । चिनियाँ सरकारले समयमै बुद्धि पुऱ्याएर देशव्यापी लकडाउनको घोषणा गरी बिरामीको उपचार कार्यलाई तीव्र बनाएको थियो । चिनियाँ जनतामात्र नभई यहाँ रहेका सबै विदेशीहरूको दैनिक जनजीवनमा अप्ठेरो नआओस् भनी चिनियाँ सरकारले विशेष ध्यान दिएको थियो ।

यसबीचमा उहान शहरलगायत चीनका विभिन्न शहरमा रहेका नेपाली विद्यार्थीहरूले नेपाल फर्कन पाऊँ भनी नेपाल सरकारसँग आग्रह गरेका थिए । मलाई पनि नेपाल फर्कनको लागि अनुरोध गरिएको थियो । आफ्नो पढाइ र भविष्य निर्माणको लागि चीन सरकारले मलाई निःशुल्क छात्रवृत्तिमा पढाइरहेको छ । यो गुण म बिर्सन सक्दिनँ । आज चीनलाई अप्ठेरो पर्दा म यहाँबाट भागेँ भने मलाई यहाँको सरकार र जनताले कसरी हेर्लान् भन्ने डर उत्पन्न भयो । त्यसमाथि कथंकदाचित म पनि कोरोना संक्रमित भएँ भने मेरै कारणले नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूलाई यो रोग सारेर अर्को पाप बोक्नु पनि छैन । चिनियाँ सरकारले जस्तै नेपाल सरकारले बिरामीको उपचार सेवा दिन सक्छ भन्ने पनि लाग्दैन । त्यसैले मैले कठिन परिस्थितिमा नेपाल फर्कने निर्णय लिइनँ । बरु यतै बसेर रोगविरुद्ध चिनियाँ जनताको लडाइँमा ऐक्यबद्धता प्रकट गर्ने विचार गरेँ । बंगलादेश, घाना, तान्जानियालगायतका मसँगै पढ्ने साथीहरू पनि आफ्नो देश फर्केनन् ।

चिनियाँ सरकार र चिनिया जनताको साहसपूर्ण लडाइँले कोरोनामाथि आंशिक विजय प्राप्त गरेको छ । यस लडाइँमा यहाँका चिकित्सक, सुरक्षाकर्मी र केही सरकारी ओहोदाका व्यक्तिहरूले शहादत प्राप्त गरे । अहिले चीनको जनजीवन सामान्य अवस्थातिर जाँदैछ ।

रोगप्रति चिनियाँ जनताको सचेतना, उनीहरूको स्वअनुशासन र चिनियाँ सरकारको अथक मिहिनेतको आज सारा संसारले प्रशंसा गरिरहेको छ । नेपाली जनतामा यसबारे अझै पनि सचेतना नभएको र यो रोग नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारको फितलो तयारी देख्दा डर लाग्छ । नेपाल जस्तो देशमा यो रोगको महामारी फैलियो भने आधा जनसङ्ख्या समाप्त हुन्छ कि भन्ने अनुमान गरेको छु । यस्तो नहोस्, यही चाहन्छु । त्यसैले तपाईंमार्फत् म सबै नेपाली जनतामा समयमै यो रोगबारे सचेत बन्न र स्वअनुशासनमा

---

➲ प्रत्यारोप गर्नुभन्दा सबै मिलेर जनतालाई कोरोनाको सङ्क्रमणबाट जोगाउन हातेमालो गर्न जरुरी छ ।

बैठकमा सहभागी सबै मेयरले आ–आफ्नो धारणा राखेपछि सरोकारवाला मन्त्रीले सबैलाई धन्यवाद दिँदै निष्कर्षका केही बुँदाहरू प्रस्तुत गरे । उनले प्रस्तुत गरेका केही बुँदाहरू निम्न छन् –

१) विपद्को बेला जनतामाझ छिटो छरितो सेवा प्रदान गर्न सक्ने निकाय स्थानीय सरकार भएकोले अहिलेसम्म स्थानीय सरकारहरूले गरेका कार्यको उच्च मूल्याङ्कन गर्दै थप प्रभावकारी बनाउन सबैले सहयोग गर्ने,

२) सबै स्थानीय तहमा कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि छुट्टै कोष खडा गर्ने र उक्त कोषमा केन्द्र सरकार, प्रदेश सरकार र विभिन्न दाताहरूबाट सहयोगको रूपमा प्राप्त हुने रकम जम्मा गर्ने,

३) विपद्मा परेकाहरूलाई सहयोग रकम वा राहत सामग्री वितरण गर्न चाहने व्यक्ति वा गैरसरकारी संस्थाहरूले सम्बन्धित स्थानीय सरकारमा आफूले वितरण गर्न चाहेको रकम वा सामग्री जम्मा गरी वडा कार्यालयमार्फत मात्र वितरण गर्ने, यस कार्यमा जिल्ला प्रशासन कार्यालय र प्रहरीले सहयोग गर्ने,

४) राहत सामग्री वितरणमा सबै स्थानीय तहहरूमा एकरूपता कायम गर्न चाँडै नै कार्यविधि तयार गर्ने ।

(श्रमिक २०७६।१२।२५ बाट)

बस्न आग्रह गर्दछु ।

**दक्षिण कोरियाका विद्यार्थी :** चीनमा कोरोनाको महामारी फैलिनेवित्तिकै यहाँको सरकारले उच्च सतर्कता अपनाएको देखियो । सडक र चोकमा ठूलठूला होर्डिङ बोर्ड राख्ने, सबैको फोनमा कोरोनाबारे सचेतनामूलक रिङ ब्याक टोन राख्ने काम गरियो । सडकका चोकहरू, रेल्वे स्टेशन, एयरपोर्ट, बस स्टप सबै ठाउँमा पीपीइ बुथ राखेर स्वास्थ्यकर्मीहरूले सबै नागरिक तथा विदेशीहरूको ज्वरो तथा स्वाब परीक्षण गर्ने कार्यलाई तीव्र बनाइयो । परीक्षणको रिपोर्ट तुरुन्तै आउँथ्यो, शंकास्पद जतिलाई क्वारेन्टाइनमा राखिन्थ्यो । सङ्क्रमितहरूको उपचार तत्काल गरिन्थ्यो । यहाँका नागरिकहरू पनि सचेत देखिन्थे । यसले गर्दा यहाँ कोरोनाको महामारी फैलिन पाएन ।

छिमेकी देश उत्तर कोरियाको समाचार शुरुदेखि नै यहाँका केही सञ्चार माध्यमहरूले प्रकाशित गरेका छन् । उत्तर कोरियाली सरकारले तत्कालै आफ्नो सिमाना सिल गरेको, स्वास्थ्यकर्मीहरू घरघरमै पठाएर सबै नागरिकहरूको स्वास्थ्य जाँच गरेको, सबैलाई मास्क, साबुन र स्यानिटाइजर वितरण गरेको समाचार र फोटोहरू आइरहेका छन् । त्यहाँका सबै अस्पतालहरू बिरामीको उपचारको लागि तयारी अवस्थामा राखिएका छन् । दक्षिण कोरियाली सरकारभन्दा उत्तर कोरियाली सरकार जनताको स्वास्थ्यप्रति सचेत रहेको समाचार पढेको छु । तर किन हो संसारभर उत्तर कोरियाको विषयमा भ्रामक समाचारहरू सम्प्रेषण गरिरहेको हुन्छ । म त यसमा संरा अमेरिकालगायत शक्ति देशहरूको राजनैतिक दुराशयले विश्वका अन्य देशहरूमा धेरै प्रभाव पारेको देख्छु । कम्तिमा रोगसँग लड्ने विषयमा सबै देश एकै ठाउँमा उभिएको भए राम्रो हुन्थ्यो भन्ने मेरो विचार छ ।

**संरा अमेरिकाका विद्यार्थी :** म न्यू जर्सी नजिकै एउटा सानो शहरमा बस्छु । यहाँ म पढाइ सँगसँगै एउटा बेकरीमा काम गर्छु । अमेरिका नआउञ्जेलसम्म त मलाई अमेरिका स्वर्गै लाग्थ्यो, तर अहिले त के हो के हो ? यहाँ त संघीय सरकार पनि अरु देशमा भइरहेको स्वास्थ्य सङ्कटप्रति गम्भीर देखिँदैन, नागरिकहरू पनि रोगप्रति संवेदनशील छैनन् । प्रजातन्त्रको नाममा व्यक्तिवादी सोचभन्दा अरु केही देखिँदैन । पैसा हुनेहरू परीक्षण गर्छन् नहुनेहरू घरमै बस्छन् । अझ काम नगरी खानै नपाउने स्थिति छ । कसैलाई कसैको मतलब छैन । यहाँ त सामाजिक भावना भन्ने नै छैन कि भन्ने लाग्छ ।

पछिल्लो समयमा न्यूयोर्क शहरमा कोरोनाको महामारी फैलिएको छ । अमेरिकाका अन्य राज्य र शहरहरूमा पनि क्रमशः कोरोना सङ्क्रमितहरू बढ्न थालेका छन् । यहाँको सरकारले इच्छाशक्ति देखायो भने रोग नियन्त्रण गर्न गाह्रो नहोला भन्ने लाग्छ । तर राष्ट्रपति नै चीन, क्युबा, भेनेजुयला, इरानलगायतका देशलाई गाली गर्नमा मात्र व्यस्त देखिन्छन् । विश्व स्वास्थ्य सङ्गठनका प्रमुखसँग अनावश्यक आरोप प्रत्यारोपमा उत्रेका छन् । अमेरिकी जनताहरू हतास मानसिकतामा छन् ।

**अस्ट्रेलियाका विद्यार्थी :** मलाई त तपाईँसँग कुरा गर्न अप्ठेरो लागिरहेको छ वडाध्यक्षज्यू । विनाशकारी डढेलोले अस्ट्रेलियामा विध्वंश मचाइरहेको बेला मैले यहाँ आउने प्रकृया थालेको थिएँ । त्यतिबेला तपाईंले अस्ट्रेलियाका जनता विपद्सँग लडिरहेको बेला सहानुभूति दिनुपर्नेमा उनीहरूको देश गएर उल्टै किन दुःख दिन जान लागेको ? भनी मलाई भन्नुभएको याद छ । मैले एकदम आग्रह गरी तपाईँबाट सिफारिस लगेको थिएँ ।

आज म अध्ययनसँगै यहाँको रेष्टुरेन्टमा काम गरिरहेको छु । कोरोना भाइरसको महामारी फैलिएपछि यहाँको सरकारले आफ्ना नागरिकको सुरक्षा मात्र हेर्ने र अन्य देशबाट आएका नागरिकहरूलाई सरकारले हेर्न नसक्ने बताइरहँदा हामी विचल्लीमा पर्ने भयौं । म काम गरिरहेको रेष्टुरेन्ट पनि लकडाउनको कारण बन्द भयो । काम नभएर खर्च धान्न मुश्किल भइरहेको छ । घरबाट पैसा माग्ने आँट पनि छैन ।

यहाँका विभिन्न सहरहरूमा मजस्ता हजारौं नेपाली नागरिकहरू लकडाउनका कारण कष्टसाध्य जीवन बिताइरहेका छन् । हामी त घरको न घाटको भइरहेका छौं । नेपाल सरकारले चीनबाट नेपाली विद्यार्थीहरूलाई नेपाल फर्काएजस्तै हामीलाई पनि फिर्ता लिन आए हुन्छ भनी आश गरिरहेका छौं । तपाईँमार्फत नेपाल सरकारलाई हाम्रो जीवन रक्षाको लागि अनुरोध गर्दछौं ।

**वडाध्यक्ष :** धेरै धेरै धन्यवाद । १५ मिनेटको यो छोटो भिडियो कन्फरेन्समा तपाईँहरूले आ–आफू बसेको देशमा कोरोना भाइरसको महामारीको कारण देखापरेको समस्याबारे जानकारी दिनुभएको छ । मैले आज इटालीको सरकारी अस्पतालमा नर्स भई सेवारत नेपाली साथीसँग सम्पर्क गर्ने प्रयास गरेको थिएँ । कोरोनाबाट अति प्रभावित देश भएकोले शायद उनी अस्पतालमा बिरामीको उपचारमा व्यस्त भएकी होलिन् । त्यहाँका नागरिकहरूको पीडादायक अवस्थाबारे विभिन्न सामाजिक सञ्जालहरूमा समाचार तथा भिडियो क्लिप्स आएका छन् ।

यसबीचमा जापानमा अध्ययनरत साथीसँग पनि सम्पर्क गरेको थिएँ । उनी कोरोना सङ्कट आउनुभन्दा महिनादिन अघि नै नेपाल फर्केका रहेछन् । तथापि उनको स्वास्थ्य अवस्थाबारे बुझेँ र केही समस्या भए चिकित्सकको परामर्श लिन आग्रह गरेँ ।

विदेशमा रहेका सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू आफू बसेकै स्थानमा सुरक्षित रहन र निरन्तर चिकित्सकको सम्पर्कमा रहन आग्रह गर्दै यो छोटो भिडियो कन्फरेन्स अन्त्य गर्छु । धन्यवाद ।

# विगतको महामारी इतिहासको पानाबाट



ओम धौभडेल

वि.सं. २०७६ साल इतिहासको लागि बिर्सन नसक्ने वर्ष भएको छ। हुन त २०७२ सालको घाउ नै निको भएको छैन। २०७६ साल पौषदेखि शुरु भएको कोरोना भाइरस कोविड १९ तीब्र गतिले संसारभर फैलियो र नेपाल पनि अछुत रहन सकेन। २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले सम्पूर्ण नेपाललाई लकडाउन गरेको अवस्था छ। जनता स्वतस्फूर्त लकडाउन गर्न लागेको छ। सरकारले अन्तर्राष्ट्रिय उडानहरू बन्द गरेको छ। सिमाना बन्द गरेको छ। एउटा प्रदेशबाट अर्को प्रदेश, एउटा जिल्लाबाट अर्को जिल्ला, एउटा स्थानीय पालिकाबाट अर्को पालिका आउजाउ गर्न रोक लगाएको छ। यसबाट नेपालमा कोरोनाको महामारी त अहिलेसम्म फैलिन पाएको छैन। तर चीन, अमेरिका, इटाली, स्पेन, फ्रान्स, जर्मनी, इरान, कोरिया, भारतजस्ता देशहरूमा यति धेरै भयावह रूप धारण गरेको छ की नेपाल जस्तो देशले यसलाई थेग्न सक्ने अवस्था नै छैन। नेपालले लामो लकडाउनलगायत अरु जनचेतनामूलक स्वास्थ्य सम्बन्धी कार्यक्रममा जोड दिएको छ। जुनबेला यो रोग अरु देशहरूमा पनि देखिन थालेपछि विश्वको नै ध्यान आत्कृष्ट भयो की नेपाल पनि सतर्क हुनुपर्यो। जतिबेला यो रोग फैलिदैं गयो नेपाल विशेषगरि काठमाण्डौ उपत्यकामा विभिन्न जात्रा चाडपर्वहरू शुरु हुन लागेको समय थियो। काठमाडौं उपत्यकामा पाहाँचरे लगायत अरु जात्राहरू हुन लागेको समयमा कोरोनाको प्रकोप बढ्दै गएपछि सरकारले जात्रामा हुने भिडभाडले रोगको सङ्क्रमण हुन सक्ने आधारमा जात्राहरूमा हुने सांस्कृतिक पूजाआजामा सीमित गरेको छ । काठमाडौंको पाँहाचरे, खः ल्वाकेगु, बालाजुको मेला, पशुपतिको वत्सलेश्वरी जात्रा, पिंगलामाईको जात्रा, साँखुको बज्रयोगिणीको जात्रा, टोखाको बिस्काजात्रा, साँखुको बिस्का जात्रा, जामाचो मेला, बज्रबाराहीको जात्रा, चैत्रदशैं, लगन जात्रा, जनबाहाद्यः जात्रा, टुँडालदेवीको जात्रा, भाटभटेनीको जात्रा, कमलादि गणेशजात्रा, दोलखाको रातो मच्छिन्द्रनाथको रथ जात्रालगायत भक्तपुरको प्रसिद्ध बिस्का जात्रा र त्यस अन्तर्गत टोखा, साँखु, मध्यपुर थिमि, बोडे, नगदेश, चरखण्डी, साँगा, श्रीखण्डपुर, चौकोट, छालिंग, कटुन्जे, सुडाल, थसी, सुनाकोठीको बिस्का जात्रा, पाटनको रातो मच्छिन्द्रनाथको जात्रा, भक्तपुरको नवदुर्गा नाच, बनेपाको चण्डेश्वरीको जात्रा आदि ठाउँ ठाउँका देय् (देश) जात्राहरू सबै औपचारिक पूजामा मात्र सीमित भयो। शायद यो अहिलेको सङ्कटको घडीको माग पनि हो। पहिला हामी बाँचौ, जात्रा त अर्को वर्ष पनि मनाउन सकिन्छ भन्ने भावले यसो गर्नु स्वाभाविक पनि हो। तर यहाँ एकपटक इतिहास खोतल्नु अति आवश्यक हुन्छ। किनभने अहिले कोरोनाको कारण जेजति भएको छ ती सबै इतिहासले हिसाब माग्ने छ कि एकपटक कोरोनाको कारण यस्तो पनि गर्नु परेको थियो। त्यो वि.सं. २०७६ साल हो भनी इतिहासमा लेखिनेछ। त्यसैले पनि विगतमा भएका महामारीको इतिहास अब हामीले खोतल्नु आवश्यक छ।

अहिले नेपाललगायत संसारभरि नै कोरोनाको महामारी फैलिएको छ। बेलाबखत नेपालमा विभिन्न प्रकारका महामारी विभिन्न समय कालखण्डमा नआएको होइन। भूकम्प, अतिवृष्टि, अनावृष्टि, हिमपातबाहेक कहिले हैजा, कहिले विफर, कहिले विषम ज्वर, कहिले अज्ञात रोगले त्राहित्राहि मचाएको इतिहास छ।

यसै सर्न्दभमा नेपालको इतिहासमा एक भरपर्दो स्रोत मानिने गोपाल राजवंशावलीलाई मात्र आधार बनाएर हेर्ने हो भने पनि ज्ञात अज्ञात रोगका कारण कयौं महामारीका घटनाहरू भएको छरपस्ट भेटिन्छ।

*सम्वत २३५ पोषकृष्ण सप्तमी ..षा नक्षत्र श्री वसन्तदेवस्य पुत्र श्रीभृंगदेव जात : ॥*

*अस्तवर्ष १३ ॥ ॥ तंडे षटल जुया हेतु न कन्हुपाव देस असहन ...साद याङा देग जुयका थ्वया सान्ती याय जुस्यं देव थापन .. थ्व समया सलिस कालमजु ..*

ने.सं. २३५ (वि.स.११७१) पौषकृष्ण सप्तमीको दिन श्रीवसन्तदेवको छोरा श्रीभृगंदेवको जन्म भयो। १३ वर्षको उमेरमा अस्त भयो। टंडेखटल अज्ञात रोग भएको हुनाले विफर फैलिएर असाध्य मानिस मरे।

यहाँ उल्लेख भएको टंडेखटल कस्तो प्रकारको रोग हो कतै उल्लेख छैन। तर भाषाविज्ञानको हिसाबले टंडेले ठूलो र खटलले खटिरा भन्ने अर्थ लाग्छ। अर्थात ठूलो खालको खटिरा जसलाई नेपालभाषामा तकँ पनि भनिन्छ। जुन भक्तपुरतिर बढी बोलिचालीमा आउँछ। यसबाट ने.सं. २३५ को यो महामारीको टिपोट गर्ने ब्यक्ति भक्तपुरको हुनसक्ने वा यो महामारी भक्तपुरमा भएको दुवै अर्थ यहाँ लाग्छ।

लिच्छवि राजा पुष्पदेवको पालामा महामारी फैलिंदा साउनमा दुधे कर्कलो ढोकामा राखी शान्तिस्वस्ति गरेको उल्लेख छ ।

यसबाट नेपाली समाजमा कर्कलोको उपयोग खाद्य परिकारका साथै धार्मिक, सांस्कृतिक रूपले पनि उपयोग भएको देखिन आउँछ ।

यसैबीच नेपालको इतिहासमा अभय मल्ल एकजना त्यस्ता अभागी शासक हुन जसको पालामा थुप्रै महामारी फैलियो । गोपाल राजवंशावली अनुसार ने.सं. ३५२ मा महामारी फैलिई खानलाई अन्न केही नपाउँदा कन्दमूल लगायतको भाउ आकाशिंदा जनताको जीवन कष्टकर भएको उल्लेख छ । त्यतिबेला महामारी एवम् भोकमरीले तीनभागको एक भाग मानिसले ज्यान गुमाउनु परेको थियो । उनै अभय मल्लले शासन गरिरहेको समय अर्थात ने.सं. ३६२ माघकृष्ण पंचमीको दिनदेखि एक हप्तासम्म ठूलो हिमपात भई ठूलो धनजनको क्षय भएको थियो । यता दुई वर्ष बित्न नपाउँदै ने.सं. ३६४ आषाढ कृष्ण औंसीको दिनदेखि चार दिनसम्म घरबाट बाहिर आउन नहुनेगरि अर्को महामारी आएको उल्लेख छ । यिनै राजाको पालामा ने.सं. ३७५ आषाढ शुक्ल तृतियाको दिन आएको महाभूकम्पले त तीन भागको एक भाग मानिसलगायत ठूलो क्षति भएको थियो ।

यस्तै गोपाल राजवंशावलीको पत्र ४६ क मा उल्लेख भएको यो ब्यहोरा भक्तपुर टौमढी टोलको एउटा देवतासित सम्वन्धित छ ।

*४३६ आषाढ शुध्दि १२ शनिश्चरवार स्वप्रहर सुयोधन धारप्व ...सङका खुलाङ हया थव ला सवु तलमण्डे भारस चलति हाव , खोवि हाव .... पीलालाव भ्फाम्र नारङ्ग प्रमान गा ... भागस छभाग सिक ...।।*

नेपाल सम्वत ४३६ आषाढ शुद्धि १२ शनिश्चरवारको दिन भक्तपुर टौमढीको देवता (भैरव)को आँखाबाट रगतको आँसु आएको घटनापछि यहाँ ठूलो महामारी भई तीनभागको एक भाग मानिसको मृत्यु भएको उल्लेख छ ।

सोही वंशावलीको पत्र ४६ क मा उल्लेख भएको अर्को एक घटनामा स्पष्टसँग **मचाल्वय** शब्द परेको छ । ने.सं. ४५३ भाद्रपद कृष्णाष्टमीको दिन त्रिपुर (भक्तपुर), मणिगल (पाटन), फनपीं (फर्पिङ्ग)मा मचाल्वयको कारण २२ जना बच्चाहरू सिकिस्त भएको र अरु पशुपन्छी जस्तै राँगो, गाईवस्तु, मृग, कुखुरा, कुकुर, भंगेरा, चराहरूसमेत मरेको उल्लेख छ । सोही वंशावलीको अतिरिक्त पत्रमा ने.सं. ४६६ माघसुदि ५ को दिन शत्रुले भक्तपुर कासान क्वाथ जितेको दुईदिन पछि बनेपामा ठूलो महामारी परेको उल्लेख छ । यो महामारी पछि पनौती, साँगालगायतका ठाउँहरूमा फैलिएको उल्लेख छ । विशेषगरि

## गोपाल राजवंशावलीबाट

विगतका महामारी र प्रकोपको एक झलक

१. राजा श्री अरिमल्ल देवको पालामा महामारी दुर्भिक्ष
२. राजा जयदेवको पालाको आगलागी तथा महामारी
३. राजा पुष्पदेवको पालाको महामारी
४. ने.सं. २३५ मा राजा वसन्तदेवको पालामा फैलिएको विफर
५. ने.सं. २३९ मा परेको अनिकालमा आधा जनताको मृत्यु
६. ने.सं. २४० को अतिवर्षा
७. ने.सं. ३५० को ठूलो हिमपातले आधा पशुको नाश
८. ने.सं. ३५२ मा अनिकालले भोकमरीले ठूलो जन नाश
९. ने.सं. ३६२ मा ठूलो हिमपात
१०. ने.सं. ३६४ मा अतिवर्षा
११. ने.सं. ३७५ को महामारीले ठूलो जनधनको नाश
१२. ने.सं. ४३६ को टौमढीको घटनाबाट सिर्जित महामारी
१३. न.सं. ४४८ भदौको महामारी
१४. ने.सं. ४४९ फागुनदेखि विफर फैलिएको
१५. ने.सं. ४५८ को महामारी
१६. ने.सं. ४६१ को अतिवर्षा
१७. ने.सं. ४८३ को हिमपात
१८. ने.सं. ५०१ को अनावृष्टि

पशुपन्छीहरू धमाधम मरेपछि सिनो गाडने ठाउँ नपाएर बाटोमा जथाभावि फालिदिंदा बस्ती नै दुर्गन्धित भएको थियो ।

यस्तै ने.सं. ४४९ वि.सं. १३८६ फागुन शुक्लदेखि ठूलो महामारी फैलिई भाद्रसम्म दिनको सयजना जति मरे । यस महामारीको नाम **कनिमटक** हो । जुन यसरी टिपिएको छ–

*सं.४४९ चेतला थोवन लिस महाम्रक वो एंदलाटो ह्निछिन श्रछि जुस्यान्निकोलाक्व थवया नाम कनिम्रक : ....।।*

यहाँ कनिमटक कुन खालको रोग हो उल्लेख छैन । तर यो रोगको नाम कान्तिपुरेहरूले राखेको भन्ने स्पष्ट हुन्छ । अर्थात कनि भनेको मकै र मटक भन्नाले फुटने अर्थात मकै जस्तै फुटने रोग यसको सिधा अर्थ विफर हो भन्ने थाहा हुन आउँछ । यसबाट ने.सं. ४४९ को यो महामारी कान्तिपुरतर्फ बढी प्रभावित भएको समयको हो भन्ने पुष्टि हुन्छ ।

मल्लकालमा यस्ता थुप्रै अज्ञात महामारीले थुप्रै मानिस मरेको इतिहासमा पाईन्छ । तत्कालीन समयमा यस्ता महामारीलाई **भोल्वय** भनिन्थ्यो । यहाँ मचाल्वय भन्नाले जसरी बच्चाहरूलाई लाग्ने रोग भन्ने बुझिन्थ्यो, भो ल्वय भन्नाले परिवारलाई नै लाग्ने रोग भन्ने अर्थ लाग्छ । यस्ता रोगहरूमा विशेषगरि हैजा, झाडावान्ता, विफर, क्षयरोग, लुतो, गानो,

भिरिंगी, आँडे, जुका, ज्वरो, रुघाखोकी, सुकेनाश जस्ता रोगहरू एक पटक फैलिने बखत थुप्रै मानिसहरू हताहत हुन्थ्यो। मल्लकालमा यस्ता महामारीहरू भएको घटनाहरू तत्कालीन समयका टिपोटहरूबाट थाहा पाउन सकिन्छ। यसमा भक्तपुर पाटनभन्दा कान्तिपुर बढी प्रभावित भएको थाहा हुन आउँछ।

*'सं ७९९ श्रावणशुक्ल ॥ द्वादशी, शुक्रवार कुन्हु प्याफल छेस श्री रणजीत मल्ली कुम्हरया म्ह्याच मोक दिन ॥ तवक दिन दयाव शिकजुरो ॥*

*सम्वत ७९९ भाद्रपद शुक्ल ॥ चतुर्थी पर पंचमी स्वाती' नक्षत्र शनैश्चर वार कुन्हु देश छिस्के ल्हायाव थासमदुस, बंकरोस, सोकनवुस, मदुस, लगनस थ्व ङाथाय बली बिया, पिथी रुमा धेसं, थपेभिं, मोचा तवकछिन दयाव फाछिनं सिङाव थ्वगु थासय महाबली बियाव जुरो ॥*

यसमा ने.सं. ७९९ को एउटा घटनाअनुसार कान्तिपुरका राजपरिवारका एक प्रभावशाली सदस्य रणजीत मल्ली कुम्हरका छोरी तव कै अर्थात विफर आई मरेको घटनालाई टिपिएको छ। ने.सं. ७९९ श्रावण बाट शुरु भएको यो महामारी कान्तिपुरमा यति फैलियो की ने.सं. ७९९ भाद्रशुक्ल चतुर्थी शनिवारको दिन जनस्तरबाट यसको लागि कान्तिपुरको पाँच विभिन्न ठाउँहरूमा क्षमा पूजा गरेको उल्लेख छ।

यसमा पनि ने.सं. ८३६ को कान्तिपुरको एउटा घटनाले त यस्ता महामारी कति भयावह हुन्छ भन्ने देखाउँछ।

*'सं. ८३६ चैत्रनिसें यँदेशस कतकसित, महामारी विज्याङाव थ्वनलिं आषाढ श्रावण न्हिन म्हं १०० शतछि शतछि नियम्ह १२० त्वं सित धाल यंस ॥ थ्वनलिं यलस, आषाढ निसेंछेखांलिसें सकभेनं ङनक सित ॥ आश्विन कार्तिकनं, न्हिन शतछि व च्याम्ह १०८ जिम्ह ११० धाले सिक ॥ थ्व उपद्रव महामारीया मनुनष्य सियन न्हा सकलया छेस, छुं सिक, षासिक, चोलय, षसि, मेस, सा, सल, किसि अनेक अनेक सिक, थ्वनलिं छेषापति मुनष्यसिक'*

अर्थात नेपाल सम्वत ८३६ चैत्रदेखि कान्तिपुरमा महामारी फैलियो। जसमा दिनको १०० देखि १२० जना मानिसहरूको मृत्यु भयो। पछि पाटनमा पनि आषाढदेखि घरपिच्छै मानिस मर्यो। यो क्रम आश्विन कार्तिक सम्म जारी रह्यो। त्यतिबेला दिनको १०८ देखि ११० जनासम्मको मृत्यु भयो। यो महामारीको शुरुमा घरघरमा रहेको मुसा, कुखुरा, बाखा, बोका, रांगो, गाई, घोडा, हात्ती जस्ता अनेक अनेक पशुपन्छीहरू समेत धमाधम मर्यो। त्यसपछि मानिस मर्यो भनी उल्लेख छ।

यसमा तत्कालीन समयमा नेपाल भ्रमणमा आएका पादरीहरूको यात्रा वृत्तान्तले अझ बढी प्रकाश पार्छ। सन् १७७२ को अन्त्यतिर भारतबाट तिब्बत जाने क्रममा कान्तिपुर आइपुगेका ११ जना पादरीहरूको नेतृत्व पादरी जोयर इम्मानुयल फेयर लेतेले गरेको थियो। उनीहरू जब कान्तिपुर पुगे, यहाँ महामारी चलिसकेको थियो। शुरुमा मुसाहरूबाट देखेको यो प्लेग रोग पछि मान्छेमा देखापर्यो। यसबाट कान्तिपुरमा मात्र १८,७१४ जना मानिसहरू मरेको उल्लेख गरेको छ। कान्तिपुरको दाँजोमा भक्तपुर र पाटनमा थोरै मात्र असर गर्यो। यस महामारीबाट कान्तिपुरका राजा भाष्कर मल्लको समेत मृत्यु भयो।

### विश्वमा रोगको महामारी

एक जानकारीअनुसार हरेक शताब्दीको फरकमा रोगको विश्वव्यापी महामारी (पान्डेमिक) हुने गरेको छ।

सन् १७२० मा प्लेग

सन् १८२० मा हैजा

सन् १९२० मा स्पेनिश फ्लु

सन् २०२० मा कोभिड १९

यसलाई यहाँका थ्यासफुहरूमा तत्कालीन समयमा दशै (चैते दशै ) मनाउने महिनामा मलमास परेको थियो। मलमास भएकोले भक्तपुर र पाटनले दशैं मनाएनन्। तर कान्तिपुरले दशैं मनायो। यसको प्रकोपले कान्तिपुरमा महामारी आयो भनी लेखेको पाईन्छ। मलमासमा कुनै चाडपर्व जात्रा मनाउन नहुनेमा कान्तिपुरले मनाएको हुँदा दैवी प्रकोप भई महामारी फैलिएको उल्लेख छ। यसबाट कान्तिपुरमा दैनिक डेढसयसम्म मानिस पशुपन्छीहरू मरेकोले कान्तिपुरका चौतारा झगल थाकुरले राजा भाष्कर मल्ललाई स्वयम्भु किंडोलमा रहेको एउटा घरमा सुरक्षित तवरले राखे। यता एक योगीको सल्लाहअनुसार गरिब गुरुवाहरूलाई दान दक्षिणाका साथ तृप्त भोजन गराएपछि महामारी मत्थर भएको राजाले थाहा पाई किंडोलको उक्त घरको झ्यालबाट हाम्फाली दरबार आएको बखत सोही रोगले च्यापी राजाको मृत्यु भएको उल्लेख छ।

यहाँ उल्लेख गरिएका दुइटै घटनाहरू चैत्र महिनाबाट शुरु भएको देखिन्छ। चैत्र महिनाबाट शुरु भएको महामारी पाँच छ महिनासम्म प्रकोपमा रहेकोलाई अझ गहन तवरले लिनुपर्छ। अनि फागुन चैत्रतिरबाट यस्तो प्रकोप महामारी आउने तथ्य हाम्रा पूर्वजहरूले लेखेर गएको छ। यो अत्यन्त महत्त्वपूर्ण विषय हो। पौष माघसम्म जाडो रहने गरेपनि फागुन देखिको मौसम अलि न्यानो, अलि चिसो, अलि हावाहुरी चल्ने खालको हुन्छ। जतिबेला यहाँ विभिन्न रोगब्याधि महामारी फैलिन्छ। यो अत्यन्त विचारणीय पक्ष हो।

यस्ता महामारी मल्लकाल पछि पनि पटक पटक

भएको प्रमाण नभएको होइन । पृथ्वीनारायण शाहले भक्तपुर विजय गरिसकेपछि ऐशआरामका साथ शासन गर्ने क्रममा स्वयम् पृथ्वीनारायण शाहको मृत्यु, प्रतापसिंह शाहको मृत्यु, रणबहादुर शाहकी रानी कान्तवतीको मृत्यु, गीर्वाण युध्दविक्रमको मृत्यु आदि विभिन्न रोगबाट नै भएको देखिन्छ । यसमा रणबहादुर शाहले गरेको ज्यादति त इतिहासले कहिल्यै बिर्सन सकिंदैन । चाहे त्यो कान्तवतीको रोग निको नभएकोमा मच्चाएको वितण्डा होस् वा आफ्नो छोरा गीर्वाणलाई तकै (विफर) नसरोस् भनी वि.सं. १८६१ मा विफर आएका सबै बच्चाहरू र उनीहरूका परिवारलाई नेपाल (काठमाण्डौ उपत्यका) बाहिर पठाएको घटना अत्यन्त हृदय विदारक छ । जुन **सितलामाजुया म्येबाट** थाहा हुन्छ । तर जनताको दुःख थाहा नपाएका तिनै रणबहादुरका छोरा गीर्वाण युध्दको मृत्यु आखिर त्यही विफर रोगबाट वि.सं. १८७३ मा भयो । यसबाट शिक्षा लिई एकपटक दरबारले लिएको निर्णय यहाँ उद्धरण गर्नु जायज हुन्छ । जुन टिपोट यसप्रकारको छ –

*'थुगु दसं छामनी चोपिं जमोदार रुविस्तक काय् प्रमुखन म्ह १० छथाय छन्हुन सित, थकोओ रोग, सं ९५१ जेष्ठबदि ५ रोछेम्ह २ सति ओन । हनुमानढोकाय सुं नं दुका पिका मयाक रोगया भयन । श्री महाराजा श्री राजेन्द्र विक्रम साह जनरल काजी भीमसेनं सवारी मजुर पिहानं मवर शुभ ।'*

नेपाल सम्वत ९५१ जेष्ठबदि को दिन काठमाडौंमा आएको महामारीमा छाउनीका भारदारका छोरा लगायत १० जनाको एकैठाउँमा मृत्यु भयो । दुई जना सती गयो । यो रोग हनुमानढोका दरबार भित्र नआवोस् भन्ने हेतुले हनुमानढोका दरबार भित्रकालाई बाहिर जान दिएन । र बाहिरबाट आउनेलाई पनि दरबार भित्र आउन दिएन । राजा राजेन्द्र विक्रम र काजी भीमसेन थापा पनि बाहिर गएन भन्ने ब्यहोरा परेको छ ।

यहाँनेर अहिले जुन किसिमले घरभित्र सुरक्षित ढङ्गले बस्दा रोग सर्दैन भन्ने उपाय त्यतिबेला पनि अपनाएको यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ । यो एक प्रकारको क्वारेन्टाइन नै हो । तत्कालीन एकातिर रोगको पहिचान नहुनु अर्कोतिर अन्धविश्वासको कारण धेरैले अकालमा ज्यान गुमाउनुपर्यो । परम्परागत वैद्यहरूबाट सकभर त्यसको निदान हुनेगरि आयुर्वेदलाई आधार बनाएर ग्रन्थ तथा औषधीहरू नै तयार गरे । तर त्यो जनताको लागि सर्वसुलभ उपलब्ध भएनन् । आमजनताको भर त्यही पूजापाठ, शान्तिस्वस्तिमा रह्यो ।

नेपालको इतिहासमा यस्ता महामारी वा रोगब्याधिबाट एक दिनमा कतिसम्म मान्छेको मृत्यु हुन्छ भन्ने एक प्रमाणअनुसार विफर, हैजा, ज्वरोलगायत अज्ञात महामारीको कारण दिनको १०० का दरले मृत्यु भई सम्पूर्ण जनताको ४ भागको १ भाग मानिसहरूको मृत्यु भएकोबाट पुष्टि हुन्छ । त्यसैले जसरी हुन्छ, जनताको जिउज्यानको रक्षा गर्न तन्त्रमन्त्र पूजापाठमा ध्यान आत्कृष्ट भयो । जस्तो तकै वा विफर रोग लागेमा सितलामाजुको पूजापाठ गर्ने चलन बन्यो । हैजा झाडावान्ता लागेमा छेरावतीको पूजाआजा गर्ने, बच्चाहरूको रोग लागेमा विजेश्वरीको पूजाआजा गर्ने, विषम ज्वर आउँदा ज्वरेश्वर महादेवको शिवलिंगमा जल चढाउने, कान दुखेमा न्हयपंस्या द्यः को पूजा गर्ने, दाँत दुखेमा वाँस्याद्यः को पूजाआजा गर्ने, पेट दुखेमा दोबाटो चौबाटोमा बौ तयेगुदेखि झारफुक गरी महामारीको प्रकोप शान्त पार्ने प्रयास गरेको देखिन्छ ।

वर्तमान समय विज्ञान प्रविधिको युग हो । केही समय पश्चात कोरोना भाइरसको पनि खोप तथा औषधी पत्ता लाग्छ । तर त्यो समयसम्म हामी सचेत हुनुपर्ने अवस्था छ । महामारीलाई फैलिन नदिन ब्यक्ति आफैले गर्ने सानो प्रयास समाज, राष्ट्र तथा संसार एवम् मानव सभ्यताको लागि अनुपम उपहार बन्न सक्छ । विगतको इतिहासबाट शिक्षा लिई वर्तमानलाई सुरक्षित पार्न सकिन्छ ।

**सन्दर्भ सामग्री**

१. गोपाल राजवंशावली – सम्पादन धनबज्र बज्राचार्य, कमलप्रकाश मल्ल
२. मेडियभल नेपाल तेश्रो – डा. डि.आर. रेग्मी
३. खोप जुजुपिनि वंशावली – सम्पादन डा. बालगोपाल श्रेष्ठ
४. अप्रकाशित थ्यासफू – पूर्णिमा ४, गौत्तमबज्र बज्राचार्य
५. हनुमानढोका राजदरबार– गौत्तमबज्र बज्राचार्य
६. नेवाः संस्कृतिया इतिहास– सुरेन्द्रमान श्रेष्ठ
७. मल्लकालया छुं घटनावली– डा. चुन्दा बज्राचार्य
८. नेपालको प्रशासनिक संस्कृति – डा. जनार्दनराज लामिछाने


भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# कोरोना भाइरसविरुद्ध बहुआयामिक महायुद्ध

प्रकाश नेपाल

विश्वव्यापी फैलिएको कोरोना भाइरसविरुद्धको महायुद्धमा सबै देशका सरकार र जनता होमिएका छन् । विश्वयुद्धमा कतिपय देश प्रत्यक्ष संलग्न भएका थिएनन् तर यस महायुद्धमा कुनै पनि देश अछुतो रहन सकेको छैन । कोरोना सङ्क्रमणबाट जोगिन सबै देशको ध्यान केन्द्रित भएको छ ।

यस महायुद्धमा सबै देश संलग्न भए पनि मोर्चा भने बहुआयामिक देखिन्छ । यस महायुद्धमा प्रत्यक्ष परोक्ष धेरै मोर्चा छन् – स्वास्थ्य, आर्थिक, रोजगारी, सामाजिक, विकास निर्माण, किसान–मजदुरलगायतका विपन्न आदि ।



*अमेरिकाको एटलान्टाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) ले जारी गरेको कोरोना भाइरसको कलात्मक चित्र*

(फिजिसियन वीक्ली / इन्टरनेटबाट)

धेरै देश यस भाइरसको आक्रमणबाट बच्न रोकथामको मोर्चामा डटेर लागेका छन् । तिनीहरूले 'लकडाउन' लगाउँदै हात धुन, शारीरिक दूरी कायम गर्न, अत्यावश्यक नभई घरबाट बाहिर ननिस्कन जोड गर्दैछन् । शंकास्पदहरूको खोजी गर्दै परीक्षणको दायरा बढाउँदै लगेका छन् । साथै रोग थप फैलन नदिन सङ्क्रमितहरूको उपचारको मोर्चा पनि खोल्दै गएका छन् । केही गरी महामारी भइहाले उपचारको निम्ति आवश्यक स्थानको बन्दोबस्त र सामग्रीको जोहो गर्न थालेका छन् । त्यस्तै कतिपय देश कोभिड – १९ को खोप तयार गर्ने मोर्चामा कस्सेर लागेका छन् । तयार गरेको खोपहरू मानिस र अन्य जीवमा परीक्षण गरेका छन् । यसरी हरेक देशले विश्वव्यापी यस महामारीविरुद्ध आ–आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । त्यसैले मानवजातिमाथि आइलागेको यस विपत्तिलाई मानवजातिकै ऐक्यबद्ध प्रयासबाट परास्त गर्न सफल हुने आशा सर्वत्र सबल हुँदै गइरहेको छ । यस क्रममा कोरोना भाइरसबाट आक्रान्त चीनको उहानमा विजय प्राप्त गरेको छ ।

यसपटक कोरोना भाइरसका सङ्क्रमित चीनको उहानमा पहिले देखिएको हो । त्यहाँ यो भाइरस कसरी देखियो ? कहाँबाट आयो ? यसको उत्पत्ति कहाँ भयो ? संरा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प 'चिनियाँ भाइरस' भनिरहेका छन् । तर चिनियाँहरू अमेरिकाको न्यूयोर्कमा सन् २०१९ सेप्टेम्बरमा फैलिएको अमेरिकी फ्लुबाट करिब तीन करोड सङ्क्रमित र २० हजारभन्दा बढी मरेका मध्ये कोभिड–१९ को जस्तै निमोनियाबाट मर्नेहरूको सङ्ख्या कति थियो भनी सोधिरहेका छन् । त्यस्तै कतिपय वैज्ञानिक, अनुसन्धानकर्ता, विश्लेषकहरू कोरोना भाइरसको उद्गमस्थल खोजिरहेका छन्, जन्मदाता पत्तालगाउने प्रयासमा छन् । कोरोना भाइरस प्राकृतिक रूपमा विकास नभएकोमा विज्ञहरू प्रायः एकमत देखिन्छन् । यसको जन्म कुनै प्रयोगशालामा भएको विश्वस्त हुनेहरूको सङ्ख्या बढ्दो छ । सबैको प्रश्न एउटै छ – कहाँको प्रयोगशाला ?

शुरुमा यसको जन्म चीनमै भएको हल्ला गरिए पनि अध्ययन विश्लेषण व्यापक हुँदै गएपछि अहिले त्यो हल्ला मत्थर भइसकेको छ । राष्ट्रपति ट्रम्पले पनि 'चिनियाँ भाइरस' भन्न छाडेका छन् । हिजोको हल्ला 'चोरले चोर आयो' भनी चिच्याएको आहान जस्तै भएको छ ।

यस महायुद्धको एक मोर्चा कोरोना भाइरसको उत्पत्तिबारे अनुसन्धानको छ । वैज्ञानिकहरूले एक दिन यसको सत्यतथ्य विश्वसनीय ढङ्गमा विश्वसामु ल्याउने नै छन् । स्मरणीय छ, हिजो अन्तर्राष्ट्रिय आणविक ऊर्जा संस्था (आईएईए) ले इराकसँग आम विनाशकारी हतियारको भण्डार भएको 'ठहर' गरेको थियो । त्यही 'ठहर' को हल्ला गर्दै अमेरिकालगायतले इराकमाथि हमला गऱ्यो, त्यहाँका राष्टपति सद्दाम हुसेनको हत्या गऱ्यो र इराकको तेल भण्डार आफ्नो मुठ्ठीमा पाऱ्यो । त्यसपछि अर्को ठहर जनसमक्ष आयो – इराकसँग कुनै आणविक हतियार छैन । कोरोना भाइरसको अनुसन्धानमा त्यस्तो 'दिएको खाने, अऱ्हाएको गर्ने' जस्तो ठहर आउने छैन ।

यस महायुद्धमा जनतालाई यस रोगबाट जोगाउन र उपचार गर्न कुन सरकारले कस्तो काम गऱ्यो ? त्यसको शिक्षा दिने मोर्चा पनि आफैं खोलिएको छ । महाशक्ति भनिएको संरा अमेरिका, यस रोगको महामारीमा 'नम्बर १' भएको छ – सङ्क्रमित र मृत्युको सङ्ख्याले । तर रोकथाम र उपचारको सामग्रीमा, जनताको स्वास्थ्य सुरक्षाका कार्यमा ऊ 'नम्बर १' हुनसकेको छैन । यहाँसम्म कि थर्मामिटर, पञ्जासम्म पनि चीनको सहयोगबाट पुऱ्याइरहेको छ । सहयोग चीनले पनि लिएको थियो तर उसले आफूलाई 'नम्बर १' को दाबी पनि गरेको छैन । महामारीको बेला चिनियां सरकारले आफ्ना जनतालाई पुऱ्याएको सेवा प्रवाहलाई सर्वत्र प्रशंसा भइरहेको बेला अमेरिकी सरकारको आफ्ना जनताप्रति गैरजिम्मेवार भएकोमा आलोचना र विरोध हुन थालेको छ । यसबाट समाजवादी सरकार पूँजीवादी सरकारको स्पष्ट र व्यवहारगत भिन्नता बुझ्ने अवसर प्राप्त भएको छ ।

## अमेरिका र भारत उस्तै

नेपाल २०७२ सालको भूकम्पबाट आक्रान्त थियो । त्यस्तै सङ्कटको बेला मित्र भनिएको छिमेकी भारतले हामीलाई नाकाबन्दी गरेको थियो । अहिले विश्वव्यापी महामारीको बेला विश्व स्वास्थ्य सङ्गठनलाई थप टेवा दिनुपर्ने बेला छ । तर अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य सङ्गठनलाई दिइआएको सहयोग रोक्न र कटौती गर्न मातहतकालाई आदेश दिन थालेको छ ।

भूकम्पले थिलिथिलो भएको नेपाललाई थप सहयोग गर्नुको साटो नाकाबन्दीलगाउने 'सबभन्दा ठूलो प्रजातान्त्रिक देश' भारतको चरित्र र कोरोना महामारीविरुद्ध हातेमालो गर्नुको साटो विश्व स्वास्थ्य सङ्गठनलाई सहयोग रोक्ने 'प्रजातन्त्रको ठेकेदार' अमेरिकाको चरित्र 'गांसेगुंसे एकैनासे' भएको छ । यस महायुद्धमा देखिएको कथित प्रजातन्त्रवादीहरूको विनामुकुण्डोको अनुहारको यो पाटो पनि धरैले बिर्सन सक्ने छैनन् ।

यस महायुद्धमा नेपाल–भारतबीच पनि एक मोर्चा खोलिएको छ । भारतीय केही सञ्चार माध्यमले कोरोना भाइरस नेपालबाट भारतमा भित्र्याएको हल्ला गरेका छन् । यसमा सत्यता र प्रमाण छैन । तर भारतबाट आफ्नो देश नेपाल फर्केका थुप्रै नेपालीहरू सङ्क्रमित पाइएको छ, सङ्क्रमितहरूलाई जानाजानी नेपाल पठाइरहेका छन् । एक समाचारअनुसार ट्रककाट्रक नेपालीहरुलाई नेपालको सीमामा ल्याएर छोडेका छन्, हिजो नेपालीमूलका भुटानीहरूलाई नेपालको पूर्वी सीमामा छोडेजस्तै । यी पङ्क्ति लेख्दासम्म भारतलगायत विभिन्न देशबाट नेपाल फर्केकाहरूमात्र सङ्क्रमित भएको यथार्थ हो । त्यसमा मात्र एक नेपाली महिलामा नेपालमै सङ्क्रमित भएका छन् । त्यो पनि भारतबाट फर्केकाबाटै सरेको र महामारी दोस्रो चरणमा प्रवेश गरेको छ । हालै उदयपुरमा भेटिएका १२ जना सबै भारतीय हुन् । यसरी भारतलगायतबाट नेपालमा कोरोना भित्रिरहेको यथार्थ स्थिति विपरीत नेपालले भारतमा कोरोना भित्र्यायो भनी दिउँसै रात पार्न बर्बराउनुको अर्थ र औचित्य के ? नेपालको सुदूरपश्चिममा भारतबाट फर्केका लाखौं नेपालीको कारण नेपालको स्थिति गम्भीर बनेको छ ।

त्यसो त नयाँ दिल्लीको मानसिकता विगतदेखि नै आफ्नो कमजोरी र असक्षमतामा 'विदेशी हात' देख्ने रही आएको छ । कोरोनाविरुद्धको महायुद्धमा पनि त्यो प्रवृत्तिगत चरित्रको पुनरावृत्ति भएको छ ।

यस महायुद्धको युद्धमैदान अन्य युद्धकोभन्दा नितान्त फरक छ । अन्य युद्धमा घरमा नबसी, अझ देशभन्दा बाहिरसमेत गएर लड्नु पर्छ । तर यो युद्धमा घरभित्रै बसेर लड्नु पर्छ, बाहिर जानै नहुने । घरभित्रै बसेर लडे जित्ने सम्भावना जति बढी हुन्छ घर बाहिर निस्के हार्ने सम्भावना त्यतिकै बढी हुन्छ । त्यसैले हरेक देशले कोरोनाविरुद्धको महायुद्धमा विजय प्राप्त गर्न लकडाउन घोषणा गरेर वा नगरी आफ्ना नागरिकलाई भरभित्रै बस्न आग्रह–अनुरोध गर्दै कडाइसमेत गरेका छन् ।

यसरी यस महायुद्धका सबै मोर्चामा विजय प्राप्त गर्न सद्भाव, ऐक्यबद्धता, विवेकपूर्ण र मानवोचित चरित्र प्रदर्शन गर्दै हातेमालो गरौं ! लकडाउनको पालना आफू गरौं र अरुलाई पालना गराऔं ! यही समयको माग हो ।

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# खाद्यान्न व्यवस्थापनका उपायहरू



सबिन ख्याजू

## पृष्ठभूमि

समाजमा मानिसको जीवनयापनका अनेक आयामहरू हुन्छन् । नियमित जीवनको लागि स्वास्थ्य, रोजगारी, शिक्षा, खाद्यान्न आदिको उचित बन्दोवस्त आधारभूत पक्ष हो । त्यस्तै, शान्ति र सुरक्षाको बन्दोवस्त समाजको पूर्णताको एक अर्को द्योतक मानिन्छ । प्रस्तुत लेखमा कृषि उपजको व्यवस्थापनको बारेमा केही विमर्श गर्न खोजिएको छ ।

समाजको माग र आपूर्तिको सन्तुलनलाई आधार मानेर प्रत्येक सामग्रीको पर्याप्तता र अभावको मापन गर्न सहज हुन्छ । जनसङ्ख्या र स्वास्थ्यकर्मीहरूको सल्लाहअनुरूप बजारको मागको आकलन गरिन्छ । यो सामान्य अवधारणा हो, तर विषम परिस्थितिमा बजारको माग अनुमान लगाउनुपर्ने हुन्छ । विगतको अनुभवले हामीलाई अतिरिक्त आवश्यकताको हिसाब निकाल्न सहज बनाउने हुँदा विपद् र विषम परिस्थितिमा वस्तुको माग नियमित समयमा भन्दा बढी नै हुने गर्दछ ।

युद्ध, अनिकाल, बाढी, पहिरो, महामारी, आगलागी, सुनामी, भूकम्प, नाकाबन्दी आदि समयमा दैनिक उपभोग्यका अति आवश्यक वस्तुहरूको अभाव हुन्छ । उत्पादन विन्दुबाट उपभोक्तासम्म खाद्यवस्तु निर्यात गर्न नसक्दा अभावको स्थिति बन्छ भने कहिलेकाहीं आवश्यक मात्रामा खाद्यान्न सञ्चित हुँदा पनि वितरण प्रणाली अव्यवस्थित हुन जान्छ । यस्तो परिस्थितिमा कालोबजारीहरू सक्रिय रहन्छन् र बजारमा मालसामानको कृत्रिम अभाव सृजना गर्छन् । सङ्कटको समयमा हुने खाद्यान्न अभावलाई पूर्ति गर्ने अनेक उपायमध्ये खाद्यान्नको व्यवस्थित भण्डारण एक उपयुक्त उपाय हो ।

खाद्यान्नको व्यवस्थापनबारे निम्न चरणहरूमा छलफल गर्न सकिन्छ ।

## खाद्यान्न उत्पादन (Production)

अन्न, तरकारी, दाल, मसला, फलफुल, माछामासु, दुधजन्य वस्तुहरू मानिसहरूले दैनिक रूपमा भान्छामा प्रयोग गर्छन् । यी वस्तुको उत्पादनको क्षमताको अनुमान गर्ने पहिलो कार्य हो । खाद्यान्न उत्पादन आवश्यकताभन्दा बढी भए भण्डारण वा निर्यातको काम गर्न सहज हुन्छ । त्यस्तै खाद्यान्न उत्पादन न्यून हुँदा आयातको कुनै अरु ठाउँ वा विदेशबाट आयात गर्नुपर्ने हुन्छ । यो हुनुको प्रमुख तत्व उत्पादन क्षमता नै हो ।

जमिन, मानव संशाधन र पूँजीको यथोचित व्यवस्थापन नै खाद्यान्न उत्पादनका आवश्यक महत्त्वपूर्ण आधारहरू हुन् । यीमध्ये कुनै पनि पक्षको कमजोरी देखिएमा उत्पादनले गति लिन सक्दैन । साथै, बजारको माग र आपूर्तिलाई सन्तुलनमा राख्न खाद्य वस्तुको प्रतिस्थापन (substitution) गर्ने उत्तम



उपाय मानिन्छ । यस अध्ययन र विश्लेषणले आर्थिक कारोबारमा सन्तुलन कायम गर्न मद्दत पुऱ्याउँछ ।

कृषि उत्पादनलाई परम्परागत शैलीबाट माथि उकासेर व्यवसायिकता प्रदान गर्नुलाई विकासको एक मानक मानिन्छ । विकसित जातका बीउ, सिंचाई, दाना, रोग-कीरा निरोधक विषादी, ट्रयाक्टरजडित मेसिनहरू आदि यसका ज्यावलहरू हुन् । मासु र दूधजन्य उत्पादनमा विकसित नश्लका पशु र मेसिनहरूको आवश्यकता पर्ने गर्छ । कृषि उत्पादनमा नयाँ नयाँ खोज तथा अनुसन्धानलाई प्राथमिकतामा राख्ने देशहरूको उत्पादन र उत्पादकत्व स्वाभाविक ढंगले बढी नै हुने गर्छ र कृषि कार्य पनि प्रभावकारी हुन्छन् । विकासशील देशहरूले अनुसन्धानमूलक कार्यक्रमहरूलाई उत्पादनसँग जोड्न सके मात्र यस्ता कामहरू दीगो बन्नेछन् ।

कुनै पनि समयमा निम्तिने विपद, महामारी र सङ्कटको समयमा खाद्यवस्तुको आवश्यकता कति चाहिएला, त्यसको आकलन गरेर उत्पादनको क्षमता बढाउनुपर्ने हुन्छ । आफ्नो भूमिमा उत्पादन नहुने वस्तुको आयातको लागि व्यवस्थापनको विकल्प पनि खुल्ला राख्नुपर्ने हुन्छ । राम्रो उत्पादन गर्न सक्षम देशहरूसँगको असल कुटनैतिक अभ्यासले यस्तो

व्यवस्थापन सम्भव हुन्छन् । प्राविधिक जनशक्ति उत्पादन र तिनको परिचालनलाई प्रभावकारी बनाउन सके कुनै पनि विपद्‌को लागि पुग्दो खाद्यान्न उत्पादन गर्न सकिन्छ ।

**खाद्यान्न प्रशोधन** (Processing)

खाद्यान्न उत्पादनपश्चातको अर्को कार्य भनेको प्रशोधन हो । प्रशोधनको कार्यलाई उद्योगसँग जोडेर बुझ्ने गरिन्छ । फलफूलगायतका केही खाद्य वस्तुको उपभोग काँचो नै गर्न सकिन्छ भने लगभग सबै खाद्यान्न बाली, मासु र दुधजन्य वस्तुहरूलाई एक निश्चित प्रशोधनपश्चात मात्र सेवन गर्न मिल्छ । खाद्यान्न प्रशोधनमार्फत कुनै एक वस्तुबाट अनेक परिकार बनाउन सकिन्छ । नयाँ नयाँ प्रविधि, सीप र ज्ञानको विकाससँगै नयाँ–नयाँ विचारहरूको अवधारणा विकसित हुँदै गएका छन् । यो निरन्तर प्रक्रिया हो । खाद्यान्न प्रशोधन गर्नुको चार प्रमुख कारणहरू निम्नानुसार हुन् ।



**पहिलो**, मानिसको पाचन प्रणालीलाई पचाउन सक्ने बनाउनको लागि खाद्यान्न प्रशोधन गरिन्छ । जनावर, पुशपंछीको पाचन प्रणाली र मानव जातिको पाचन प्रणालीमा भिन्नता छ । पशुले मासु, अन्न, झारपात आदि सजिलै पचाउन सक्छन् । काँचो खाद्यान्न वस्तुमा रहने कम्प्लेक्स वस्तुलाई सामान्य वस्तुमा परिणत गरी पाचनयोग्य बनाउन प्रशोधनको आवश्यकता रहन्छ । खाद्य तत्वहरूबाट अखाद्यवस्तु पन्छाउने काम प्रशोधनको अर्को उद्देश्य हो । आजको समयमा पाकेको खाद्य वस्तुलाई उचित प्याकिङ गरी बजारमा उपलब्ध गराएको हामी देख्छौं । बच्चा, ज्येष्ठ नागरिक र बिरामी व्यक्तिहरूले कुनै पनि खानेकुरा सजिलै पचाउन सकोस् भन्ने हेतुले पनि खाद्यान्न प्रशोधनको आवश्यकता पर्दछ ।

**दोस्रो,** लामो समयसम्म खाद्यान्न भण्डारण गर्न सहज अवस्थामा पुऱ्याउनको लागि पनि खाद्यान्न प्रशोधन गरिन्छ । खाद्यान्न बाली चाँडै बिग्रने वस्तु अर्थात् छोटो आयु (short shelf-life) भएको वस्तु हो । तर, प्रशोधित वस्तुलाई लामो समयसम्मको लागि भण्डारण गर्न सकिन्छ । यी वस्तुहरूलाई माटो र रोग–कीराविहिन बनाउन राम्रोसँग पखाल्न जरुरी हुन्छ । उत्पादित अन्नहरू (धान, गहुँ, मकै, भटमास) मा पानीको मात्रा बढी हुन्छ । भण्डारणयोग्य बनाउन खाद्यान्नमा भएको पानीको मात्रालाई घटाइन्छ । केही वंशाणुगत परिवर्तन गरिएका तरकारी जस्तैः गोलभेंडा, क्याप्सिकम, भान्टा र फलफूलहरू (स्याउ, अनार, अंगुर) को फलको बाहिरी बोक्रामा प्राकृतिक रूपमै मैन (wax) वा बाक्लो बोक्रा बसेको हुन्छ । त्यस्ता खाद्यान्न भण्डारण गर्दा रोग–कीराले विगार्ने वा हानी पुऱ्याउन सक्छन् । यसको लागि रोग तथा कीट्नाशक विषादीको प्रयोग गरिन्छ । खाद्यान्न प्याकिङ गर्दा हावा (अक्सिजन) को मात्रा घटाइने हुँदा कीराहरू जीवित रहन असम्भव हुन्छ । चिस्यान केन्द्रहरूमा खाद्यबाली अनुसारको तापक्रम र सापेक्षित आद्रताको प्रणाली बन्दोबस्त गरिएको हुन्छ । यी सबै कार्यहरू गर्न पनि समयानुकूल प्रविधि र सीपको आवश्यकता पर्दछ ।

**तेस्रो,** उत्पादित वस्तुलाई लामो टाढा ठाउँहरूमा ढुवानी गर्न सहज बनाउन खाद्यान्नको प्रशोधन गरिन्छ । प्रशोधन गर्दा उत्पादित वस्तुबाट अनावश्यक वा अखाद्य भाग जति अलग्याउनुपर्ने हुन्छ । प्रायः वस्तुमा बोक्रा (चामल, नरिवल, सुपारी, केराउ) वा अखाद्य (मासु) भाग छुट्याएर बाँकी खानयोग्य भागमात्र प्याकिङ गरी ढुवानी गरिन्छ । सवारीसाधनसाधन मार्फत यस्ता खाद्यान्न ढुवानी गर्दा गाडीको ठाउँलाई अत्यधिक प्रयोगमा ल्याउन सकिन्छ । वस्तुहरूको खाद्य भागलाई एकदम कम्प्याक्ट गरी प्याकिङ गर्ने नयाँ प्रविधि अहिले चलनचल्तीमा छ । यस प्रविधिका कारण सामानको तौल र आयटन घटाउन मद्दत मिल्छ । ठूला वस्तुहरूलाई स–सानो टुक्रामा प्याकिङ गरिएको हुन्छ । जस्तैः काउली, रुख, कटहर, च्याउ आदि । तेलजन्य (तोरी, नरिवल, अल्मोण्ड) वस्तुहरू आवश्यकताअनुसार तेल प्रशोधन गरेर मात्र ढुवानी गर्नु उपयुक्त हुन्छ ।

**चौथो,** उत्पादित वस्तुलाई विभिन्न रूप प्रदान गर्न अर्थात विभिन्न परिकारहरूमा ढाल्न खाद्यान्न प्रशोधन गरिन्छ । बद्‌लिंदो जीवनशैली, रहनसहन र खानपिनले गर्दा अहिलेका मानिसहरू नयाँ नयाँ स्वाद र परिकारहरू खान रुचाउँछन् । एउटा वस्तुलाई अनेक रूप प्रदान गर्ने पुरानो चलन नै छ । परम्परादेखि गरिएका यी कार्यहरूबाट सिकेर आधुनिक प्रविधिहरूसँग समायोजन गर्न थालिएको पनि धेरै भइसकेको छ । जस्तैः आँपबाट अचार, क्याण्डी, जाम, अमिलो आदि बनाउने गरिन्छ । आलुबाट चिप्स, पाउडर, आदि बनाइन्छ । विभिन्न फलफूलहरूबाट जुस बनाइन्छ । लप्सीबाट अचार, अमिलो आदि बनाइन्छ । सागबाट गुन्द्रुक, सुकेको तरकारी आदि बनाइन्छ । धानको चामललाई पीठो, चिउरा र विभिन्न

परिकारहरू पनि बनाइन्छ। केराबाट निम्कि, स्वीट बल्स, मःमः, वाइन, फिंगरचिप्स, आदि। मासुबाट सुकुटी, अचार आदि। दूधबाट नौनी, घ्यू, दही, पनिर, रसबरी आदि प्रशोधित गरिन्छ।

**खाद्यान्न भण्डारण** (Storage)

जब खाद्यान्न उत्पादन बजारको माग भन्दा बढी हुन्छ, तब बाँकी भएको खाद्यान्नलाई सङ्कट वा आवश्यक परेको समयको लागि सञ्चय वा भण्डारण गरिन्छ। किसानहरूले आफूले उत्पादन गरेको खाद्यान्नका केही भाग घरमै विभिन्न प्रक्रियाबाट भण्डारण गर्ने गर्छन्। व्यापारीहरूले भने भविष्यमा पनि बिक्री गर्न मिल्ने गरी चिस्यान केन्द्रहरूमा लगेर भण्डारण गर्छन्। खाद्यवस्तुको भण्डारण गर्न त्यति सजिलो भने छैन।



तरकारी र फलफुल निकै छोटो समयमा कुहिने हुँदा यसको आयु छोटो हुन्छ। किसानहरूले आ-आफ्नो घरमा गरिने भण्डारण विधिलाई पनि आधुनिकता प्रदान गर्न विभिन्न तालिमहरू प्रदान गर्न सके धेरै जनता लाभान्वित हुनेछन्। सरकारले विभिन्न ठाउँ र परिवेशको आवश्यकतालाई दृष्टिगत गरी चिस्यान केन्द्रहरूको स्थापना गर्नु आजको आवश्यकता बनिसकेको छ। खाद्यान्न भण्डारण केन्द्रभित्र पनि एक बाली वा बहुबाली प्रणालीको हुन्छ। एक बाली प्रणालीमा एकैनासको हावापानी (तापक्रम, सापेक्षित आद्रता) चाहिने वस्तुहरू भण्डारण गरिन्छ भने बहुबाली प्रणालीमा फरक-फरक आवश्यक पर्ने वस्तुहरूलाई अलग-अलग खण्डमा भण्डारण गरिन्छ।

आधुनिक बीउविजन (ठिमाहा जात) मा ती वस्तुका फलहरूमा प्राकृतिक तवरले नै पानी बाहिर नजाने गरी मैन वा बाक्लो बोक्रासहितको उत्पादन विधिको विकास गरिन थालिएको छ। यी उत्पादनहरू लामो समयसम्म भण्डारण गर्न उपयुक्त हुन्छ। खाद्यवस्तुमा पानीको मात्रालाई कम गर्ने र रोग-कीराविहिन बनाउन सकेमा ती वस्तुको भण्डारण आयु (Longevity) लम्ब्याउन सम्भव हुन्छ।

अन्न बालीहरू भण्डारण गर्दा भण्डार कक्षमा अक्सिजनको मात्रा न्यून गर्न सके हानिकारक कीराहरू बाँच्न सक्दैनन्। यो विधिको प्रयोग सामान्यतया अन्नबालीको बीउ भण्डारणमा गर्नु राम्रो हुन्छ। यी बीउहरू लामो समयसम्म सुरक्षित गर्न सकिन्छ। बाक्लो पोलिथिनको झोलाभित्र हावा नपस्ने गरी लक प्रणाली मिलाइएको हुन्छ।

सङ्कटको समयमा यो भण्डारणले सहयोगी भूमिका खेल्नेमा दुईमत नहोला। खाद्यवस्तुको बन्दोबस्तले पहिलो प्राथमिकता पाउँछ। समस्याग्रस्त क्षेत्रमा सोही स्थानको भण्डारण अपुग भएमा अन्यत्र स्थानको भण्डारणको मद्दत लिने गरी सहमति कायम गर्न सकिन्छ। सरकारी र निजी पक्षबीचको समन्वयले यो बन्दोबस्त गर्न सहजता प्रदान गर्छ। समाजवादी देशहरूमा यस्ता अतिआवश्यक बन्दोवस्त सरकार स्वयम्ले नै गरेको हुन्छ जसमा जनताको पनि प्रत्यक्ष सहयोगी भूमिका रहन्छ। विषम् परिस्थितिमा हुने कालोबजारी र मूल्यवृद्धि नियन्त्रण त्यस्तो देशमा सहज हुने गर्दछ।

**खाद्यान्न ढुवानी** (Transportation) **र बजारीकरण** (Marketing)

खाद्यान्न वस्तुको उत्पादन सिधै वा प्रशोधनपश्चात ढुवानी गरिन्छ। उत्पादनको विन्दुबाट उपभोक्तासम्म पुऱ्याउने काम बजारीकरणको अर्को महत्त्वपूर्ण चरण हो। देशभित्र वा विदेशसम्म कुनै वस्तु निर्यात गर्न यात्राको समयावधिबारे विचार पुऱ्याइन्छ। छोटो दूरीमा हुने ढुवानीमा चाँडै पाक्ने अवस्थाका खाद्यान्न र लामो दूरीको ढुवानीको निम्ति लामो समयसम्म सुरक्षित रहने खाद्यान्नको छनोट गरिन्छ। खाद्यवस्तुलाई सुरक्षित तरिकाले प्याकिङ गर्ने विधिहरू लोकप्रिय छन्। यस प्रकार वस्तुहरूलाई कोचिने, थिचिनेजस्ता समस्याहरूबाट टाढा राख्ने कुरालाई दृष्टिगत गर्दै खाद्यान्न प्याकिङ प्रणालीको व्यवस्थापनको आवश्यकता पर्दछ।

खाद्यान्न सामाग्रीलाई लामो समयसम्म बिग्रन र कुहिनबाट बचाउने एउटा उपाय भनेको चिस्यान कायम गर्नु हो। उत्पादन केन्द्रदेखि उपभोक्तासम्मको दूरी वा यात्रामा चिस्यानको चेन (cold chain) को बन्दोवस्त गर्न सके खाद्यवस्तु



बिग्रने सम्भावना न्यून रहन्छ । रोग–कीरा चिसो वातावरणमा कम सक्रिय हुन्छन् वा मर्छन् । कृषकहरूसँग उत्पादन टिप्ने, ग्रेडिङ गर्ने, प्याकिङ गर्ने र ढुवानी गर्ने विषयमा तालिम भएमा नोक्सान घटाई आर्थिक लाभ प्राप्त गर्न सकिन्छ ।

### विविध पक्षहरू

खाद्यवस्तुको व्यवस्थापनमा माथिका पक्षहरूबाहेक अर्को महत्त्वपूर्ण पक्ष भनेको कानून र प्रशासन हो । बजारमा खाद्यवस्तुको माग र आपूर्तिको सामान्य सन्तुलन कायम गराउनु सरकारको प्रथम दायित्व हो । इमानदार र कर्तव्यनिष्ठ सरकारी नेतृत्वमा यो सम्भव हुन्छ । अन्तर स्थानीय तह, अन्तर प्रादेशिक तह वा स्थानीय प्रदेश र केन्द्रीय सरकारबीचको सुमधुर सम्बन्ध रहेमा जस्तोसुकै विषम् परिस्थितिहरूमा पनि खाद्य वस्तु अभावको समस्या खासै हुँदैन ।

विपद्को समयमा खाद्यान्नको आपूर्ति अरु बेलाजस्तै सामान्य हुने गर्दैन । सङ्कटको समयमा भएका खाद्य सामान लुकाएर बजारमा कृत्रिम अभावको वातावरण सिर्जना गर्ने व्यापारीहरूको कमी छैनन् हाम्रो समाजमा । कृत्रिम अभावका कारण पनि बिक्रेताले तोकेको उच्च मूल्यमा ग्राहकहरू आफूलाई चाहिने खाद्यान्न सामग्री किन्न बाध्य हुन्छन् । अफ्ठ तरकारी तथा खाद्यान्नको भाउ दोब्बर हुँदा पनि नपाइएला जस्तोगरि किन्ने ग्राहकहरू पनि छन् । यस्तो अवस्थालाई कालोबजारी (Black marketing) भनिन्छ जसलाई गैर–कानूनी र गैर–मानवियताको संज्ञा दिंदा अत्युक्ति नहोला । बलियो कानून र कार्यान्वयन नै यसको उचित समाधान हो । बजारमूल्यभन्दा बढीमा बेच्ने व्यापारीहरूलाई कानुनको कठघरामा उभ्याई कानुनअनुसारको सजाय दिइनु जरुरी छ । यसको सम्भव तब हुन्छ जब देशमा बलियो सरकारको उपस्थिति हुन्छ । सामान्य अवस्थामा जस्तै सङ्कटको बेला सूचनाको प्रवाह प्रभावकारी एवं पहुँचमा रहनु पर्दछ । यसलाई अहिलेको प्रविधिको विकासले मद्दत गरेको छ ।

### उपसंहार

हरेक समस्याको समाधान हुन्छ । विषम परिस्थितिमा खाद्य वस्तुको व्यवस्थापन माथिका विषयहरूलाई गम्भिरतापूर्वक लागु गर्न सके विषम परिस्थितिमा समस्याको निराकरण सम्भव हुन्छ । किसान, उद्यमी, व्यापारी, सरकारी निकाय र उपभोक्ताहरूबीचको राम्रो र असल समन्वय पहिलो आवश्यकता हो । यसका साथै नीति–निर्माताहरूको भूमिका अहम् हुन्छ । ऐन–कानूनबाट निर्देशित कार्यक्रमहरूको कडाइका साथ कार्यान्वयन भएमा सफलता हात मिल्छ । नभए अहिलेसम्मका नेपालका योजनाहरू सधैं कागजको खोस्टा मात्र सीमित भएको कुराबारे सबै जानकार छन् । अनुसन्धनात्मक कामहरूलाई प्राथमिकता दिनु आवश्यक छ । योजनामा रहेकाहरूले उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, बजारीकरणलगायतका सबै पक्षहरूमा गम्भिरताका साथ काम गर्नु नै महामारी वा सङ्कटको समयमा महत्त्वपूर्ण विकल्प हुन सक्दछ । सरकारले त्यस्तो योजनाहरू ल्याउनु आवश्यक छ जुन कार्यान्वयमा पनि सम्भव होओस् । जनतालाई साथमा लिएर जनताको सरसल्लाहमा गरिएका कार्यक्रमहरू दीगो हुन्छ ।

khyajusabin@gmail.com

(लेखक कृषिमा स्नातकोत्तर हुनुहुन्छ ।)

पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

eQmk'/ gu/kflnsf

## ङातापोल मन्दिर जीर्णोद्धारबारे सूचना

भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको सिलसिलामा सम्पदा अनुरागी जनता, विभिन्न संघ, संस्था र पर्यटकहरूलगायत चन्दादाताहरूबाट स्वेच्छाले चन्दा, दान दातब्य दिन चाहेमा तथा श्रमदान समेत गर्न चाहने व्यक्ति, संघ-संस्था, गुथि, टीम, क्लबलाई सहयोगका लागि आह्वान गरिन्छ ।

उपभोक्ता समिति अध्यक्ष – केशव तमखु

नेपाल बैंक लिमिटेड खाता नं. –

०१९००१०६८२६४०९००००१

eQmk'/ gu/ sfo{flnsfsf]sfof{no

व्यासी २, भक्तपुर

# लकडाउन (बन्दाबन्दी) समयका परिदृश्यहरू



कृतिका प्रजापति

कोरोना भाइरस सङ्क्रमणले संसारभर आजको मितिसम्म आइपुग्दा लाखौं मानिसहरू सङ्क्रमित र मृत्यु भइसकेका छन्। २१३ देश र भूभागहरू यस रोगबाट ग्रसित छन्। कोरोना भाइरसको सङ्क्रमण विश्वव्यापी महामारीको रूपमा फैलिंदै छ। लकडाउनका कारण मानिसको जीवन असामान्य ढङ्गले गुज्रिरहेको छ। व्यस्त जीवनशैलीमा बाँचिरहेका मानिसहरू अहिले महिनादिन घरमै विना काम आफ्नो दैनिकी चलाइरहन बाध्य छन्। लकडाउनमा अधिकांश कृषक, व्यवसायी तथा व्यापारीहरू त व्यस्त देखिन्छन्। तर शिक्षक, विद्यार्थी, कर्मचारी, ज्यालादारीमा काम गर्ने श्रमिकहरू भने छटपटीमा आफ्नो समय गुजारिरहेका छन्। लकडाउनको समय एउटा अवसर पनि हो भने यसले थुप्रै चुनौती पनि थपिरहेको छ। यस आलेखमा लकडाउनका कारण देश र समाजमा देखिएका केही सकारात्मक तथा नकारात्मक परिदृश्यहरूबारे प्रष्ट गर्न खोजिएको छ।

कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या दिनप्रतिदिन बढ्दै जाँदा अधिकाश मानिसहरू मानसिक रूपमा चिन्तित बनेका छन्। यो रोगको भ्याक्सिन तयार नहुनु र अन्य व्यक्तिसँगको भेटघाटबाट टाढा रहनुपर्ने, भौतिक दूरी कायम गर्नुपर्ने, निष्फिक्री हिंडडुल गर्न नपाइनेलगायतका यावत समस्या थपिएको हुँदा लकडाउनले घरमै बसेर समय बिताउन धेरैलाई सकस भएको छ। नेपालमा यदि कोरोना रोगको सङ्क्रमण बढ्दै गएमा कसरी आफ्नो रक्षा गर्ने भन्ने चिन्ता पनि छ।

केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार पनि सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि उच्चस्तरीय बैठक बसी आवश्यक निर्णयहरू गर्दै आफ्नो उपस्थिति देखाइरहेको छ। सम्बन्धित निकायहरू आफ्नो नागरिकलाई कसरी यो रोगको सङ्क्रमणबाट सुरक्षित राख्ने भन्ने ध्याउन्नमा छन्। तर प्रभावकारी ढङ्गले काम अगाडि बढाउन सकेको छैन। अझ, लकडाउनलाई जनताले राम्ररी पालना नगर्नु थप चिन्ताको विषय बनेको छ।

समग्रमा भन्नुपर्दा लकडाउनका कारण देशको कृषि, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, विकास निर्माणजस्ता सबै क्षेत्र प्रभावित बनेका छन्।

### स्वस्थ जीवन

लकडाउनले थपेका चुनौतीहरूलाई यदि सकारात्मक ढङ्गले उपयोग गरिएको खण्डमा यसले विभिन्न अवसरहरू दिएको सत्य नकार्न सकिन्न। प्रत्येक समस्याहरूले नयाँ अवसरको जन्म दिने हुँदा चुनौतीसँगै उत्पन्न अवसरको सही सदुपयोग र समुचित व्यवस्थापनले आगामी दिनमा उपलब्धी हासिल गर्न मद्दत पुऱ्याउँछ।

लकडाउनका कारण मानिसहरूमा व्यक्तिगत स्वास्थ्य, सरसफाइलगायतका अन्य दैनिक व्यवहारमा केही सुधार आउने निश्चित छ। बालबच्चा, युवा तथा ज्येष्ठ नागरिकहरू विनामास्क घर बाहिर ननिस्कने, साबुन पानीले नियमित हात धुने, व्यक्तिगत सरसफाइमा ध्यान दिने, हात मिलाउने, अँगालो हाल्ने र टाँस्सिएर बस्ने क्रियाकलापबाट टाढा रहने, सामाजिक दूरीसहित मर्यादित र अनुशासित बन्ने आदि। स्वास्थ्य नै धन हो भन्ने तथ्यलाई आत्मसात गर्दै लकडाउनको पूर्ण पालना गरी हरेक व्यक्तिले आफ्नो व्यक्तिगत र समाजको स्वास्थ्य रक्षाको निम्ति आवश्यक भूमिका खेलिरहेको प्रष्ट हुन्छ।

### भक्तपुरको ऐतिहासिक बिस्का जात्राको परिदृश्य

प्रत्येक वर्षको अन्तिम दिनबाट सुरु भएर आठ दिन नौ रातसम्म चल्ने यस पटकको भक्तपुरको प्रसिद्ध बिस्का जात्रा केही अनौठो र फरक ढङ्गले सम्पन्न भयो। सुन्दा पनि पृथक लाग्ने ढङ्गले सम्पन्न यसपटकको बिस्का जात्रा सबै भक्तपुरवासीहरूको लागि एउटा अविस्मरणीय समय रह्यो। सरकारले लगाएको लकडाउनका कारण भक्तपुरलगायत देशका विभिन्न ठाउँहरूमा मनाइने ऐतिहासिक तथा सांस्कृतिक जात्राहरू स्थगित भए। लकडाउनकै कारण यो पटक भैरवनाथ मन्दिरको रथको निर्माण स्थगित भयो, लिङ्गोहरू उठाइएनन्।

यस वर्ष कोरोना भाइरस सङ्क्रमणको जोखिमका कारण नेपाल सरकारले गरेको लकडाउनले गर्दा स्थानीय प्रशासन र भक्तपुर नगरपालिकाले भक्तपुरको ऐतिहासिक बिस्का जात्रा औपचारिक रूपमा मात्र मनाउने निर्णय गऱ्यो।

२०७६ साल चैत २७ गते भक्तपुरको टौमढीबाट भैरवनाथ मन्दिरको रथ तान्ने जात्रालाई धेरैले स्मरण गरे। हजारौं मानिसहरूको भीड जम्मा भएर सम्पन्न हुने उक्त जात्राको रौनक सम्झदा पनि रोचक लाग्छ। धेरै मानिसहरू उक्त दिन गत वर्ष र पुराना वर्षहरूमा सम्पन्न जात्राको भिडियोहरू सामाजिक सञ्जालमा सेयर गरी भिडियो हेरेरै रमाए।

हजारौं मानिसको भीड जम्मा हुने भैरवनाथ मन्दिरको जात्रा, लिङ्गो उभ्याउने जात्रा, द्यो स्वगं बियेगु जात्रा, खः ल्वाकेगु जात्रा पनि भक्तपुरवासीले पूजामा मात्र सीमित गरी



भैरव रथ खेल्दै

मनाए । मल्लकालदेखि चल्दै आएको यसपटकको बिस्कामा धेरै मानिसहरू भेला भएर जात्रा नगरे पनि स्थानीयहरू बिहान सबेरै मन्दिरहरूमा पूजा गर्न गए । यसरी घरबाहिर निस्कने अधिकांशले सरकारले भनेजस्तो भौतिक दूरी कायम गरेको त देखिएन, तर कतिपयले मास्क भने लगाएका थिए ।

बालबालिकाहरूलाई भैरवको रथ तान्न र लिङ्गो उठाउन भने लकडाउनले रोकेन । ल्योसिं उठाउने दिन दिउँसो केही टोलहरूका बालबालिकाहरूले य:सिं ठड्याउने स्थानमा भेला भएर बाँसलाई य:सिं बनाएर ठड्याएर राखेको पाइयो भने केही स–साना बालबालिकाले आफ्नो अभिभावकको सहयोगमा



बालबालिकाहरूले बाँसलाई य:सिं बनाएर ठड्याए

सानो भैरवनाथ मन्दिरको रथ बनाएर रथ तानेको तस्बिर पनि सामाजिक सञ्जालबाट देख्न पाइयो ।

विदेशमा बसोबास गर्दै आएका नेपालीहरूले समेत सानो आकारको भैरवनाथको मन्दिर र लिङ्गो बनाएर सामाजिक सञ्जालमा पोष्ट गरेर लकडाउनको समयमा पनि बिस्का जात्राको रौनक थपिदिएको महसुस हुन्छ । समग्रमा सबैले यसपटकको बिस्का जात्रालाई मिस (स्मरण) गरे ।

## स्वच्छ वातावरण

निश्चय पनि लकडाउनका कारण काठमाडौं उपत्यकाका सडकहरू शून्य छन् । धुवाँ–धूलो विहीन यो सहर निकै सुन्दर देखिएको छ । सवारीसाधनविहीन चौडा सडक र सडकको बीच भागमा रोपिएका विरुवा तथा रुखहरूको सुन्दरता, सफा आकाश यसअघि मुश्किलले हेर्न पाइन्थ्यो । लकडाउनको समयमा एक–दुई पटक केही जरुरी काम परेर काठमाडौं जाने अवसर मिलेको थियो । शान्त, सुन्दर र सौम्य काठमाडौं उपत्यकाको त्यो रूप यसअघि कहिल्यै देखेकी थिइनँ । अरुबेला भक्तपुरबाट काठमाडौं पुग्दा एक डेढ घण्टा लाग्थ्यो भने, लकडाउनको समयमा जम्मा १०–१२ मिनेटमा सजिलै काठमाडौं पुगिन्थ्यो । सडक जाम, धुवाँ–धूलो, फोहोर र अस्तव्यस्तताले आजित उपत्यकावासीले कमसेकम लकडाउनको समय प्रदूषणरहित वातावरणमा बाँच्न पाएका छन् । यसले मानवजाति मात्र नभई समग्र प्राणी जगत स्वच्छ हावा र प्रदूषणरहित वातावरणमा बाँच्ने अधिकारको सुनिश्चितता गरेको छ । यस्तो परिस्थितिमा पनि केही नगरपालिकाहरूले अरु समयभन्दा रोगको सङ्क्रमण फैलिन नदिन आफ्ना सफाइ मजदुरहरू, स्वयमसेवक परिचालन गरी व्यवस्थित ढङ्गले सहरलाई सफा राख्न नियमित ढङ्गले सरसफाइ तथा फोहर व्यवस्थापनमा ध्यान पुर्‍याउने कार्य गर्दै आएको छ, जुन एकदम सराहनीय छ ।

## अलपत्र श्रमिकको पीडा

'एक मुठी चामल र एक मुठी पानी दिने मान्छे पनि भेटिएन काठमाडौंमा' भन्दै भोकै प्यासै सयौं किलोमिटरको पैदल यात्रा गर्दै हिंडेको अलपत्र नागरिकको कारुणिक कथाहरू धेरै अनलाइन पत्रिकाहरूले छापे । बिहान ३ बजे काठमाडौंबाट हिंडेको सिन्धुलीका नारायण विश्वकर्मा घरबेटी र ठेकेदारले सहयोग नगरेको भन्दै ३ दिन हिंडेर सिन्धुली पुगेको कारुणिक अन्तरवार्ता पनि हेरियो । सोलुखुम्बु, काठमाडौं हुँदै कैलालीसम्म पैदल हिंडेका श्रमिकहरूको कारुणिक कथा, भोकभोकै बस्नुपरेकोलगायतका समाचारहरू पनि छापे । दैनिक गुजारा चलाउन पनि निकै कठिन परिस्थिति सिर्जना भयो । यस्तो महामारी र सङ्कटको घडीमा आफ्नो परिवारसँग नजिक हुन नपाउनुको मानसिक तनाव त छँदैछ, कोरोनाले भन्दा भोक र पीडाले मानिसहरू मर्ने हो कि भन्ने छट्पटी उनीहरूमा देखिन्थ्यो ।

लकडाउनको समयमा देखिएका यी दृश्यहरूले जो कोहीको मन पक्कै दुःखाएको हुनुपर्छ ।

आपतकालीन र अति सङ्कटको घडीमा आफ्नो देशका नागरिकलाई उनीहरूको गन्तव्यसम्म पुऱ्याउने जिम्मा सरकारको हो । लकडाउनमा घर जान नपाएका अलपत्र परेका यात्रुहरूको लागि सवारीसाधनको व्यवस्था गर्न नसकिने भन्ने थिएन । सित्तैमा नभए पनि लागेको भाडा उठाएर भए पनि आफ्ना नागरिकलाई सुरक्षित ढङ्गले उनीहरूको गाउँ ठाउँमा पुग्ने व्यवस्था सरकारले गर्नुपर्थ्यो । जनताको करबाट चलेको सरकारको जनताप्रतिको जिम्मेवारी पनि हो ।

सरकारले लकडाउनको समयको भाडा उठाउने घरधनीलाई कारबाही गर्ने, राहत वितरण, विद्युत महसुलमा छुट, कालोबजारी र तस्करीलाई कारबाही गर्ने जस्ता जनता रिझाउने कार्यक्रमलाई बढी प्राथमिकता दिएको पाइयो । यस अर्थमा लकडाउनको समयमा पनि वास्तविक रूपमा पीडित श्रमिक जनताको पक्षमा काम गर्न नेपाल सरकार चुकेकै भान हुन्छ ।

## राहत वितरण

लकडाउनको समयमा आवश्यक काम भएका बाहेक अधिकांश व्यक्तिहरू घरमै बसेका छन् । कोरोना सङ्क्रमितको सङ्ख्या बढेसँगै लकडाउनको अवधि अझ थप हुने देखिन्छ । दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक–मजदुर र डेरामा बस्नेहरू आफूसँग भएको पैसा र रासन सकिन थालेसँगै साथीभाइ र छर–छिमेकसँग पैंचो मागेर आफ्नो जीविका चलाउन बाध्य छन् । तर सँधै यसरी चल्ने स्थिति छैन । खान नपाएर लामो दूरीको यात्रा पैदल हिंडेर आफ्नो गाउँ–घर फर्कनेहरूको पीडा आफ्नै ठाउँमा छ । सरकारले समस्यामा परेकाहरूको लागि प्रभावकारी ढङ्गले उचित लगत सङ्कलन गरी राहत वितरणलाई तदारुकतासाथ कार्यान्वयन गर्नु आवश्यक थियो । विपद्को समयमा हुँदा खाने वर्गले नै राहत पाउँदै गरेको समाचारहरू सुन्दा वास्तविक पीडितले राहत नपाउनु जतिको अन्याय के होला ?

तराईका केही जिल्लामा स्थानीय निकायले वितरण गरेको राहत लिन आएका स्थानीयवासी र प्रशासनबीच झगडा भएका समाचार छापिए । यस्तो हुनुमा जनतामा अनुशासनको कमी हो वा सरकारले राहत वितरण व्यवस्थित गर्न असमर्थ भएको हो ? राहत वितरणको समयमा जम्मा भएको भीड र अव्यवस्थाले कोरोना सङ्क्रमणको जोखिमलाई बढाएको आकलन गर्न सकिन्छ ।

'राहत हातमा सुनका बाला, घाँटीमा सुनको हार हुनेले नपाऊन् । राहत समस्यामा परेको दैनिक ज्यालादारी गर्ने श्रमिकले पाऊन् ।' यो सर्वमान्य कथन हो । अहिले गरिब, खान नपाएकाहरू र समस्यामा परेकाहरूको लागि राहत वितरण भइरहेको छ । तर राहत आवश्यक नभएका वा नपाउनुपर्नेले पनि पाए भन्ने आलोचनायुक्त समाचार तथा टिप्पणीहरू सुन्न पाइन्छ । यसको उचित छानबिन हुनु जरुरी छ ।

## खुल्ला सीमाका कारण निम्तिएका समस्या

नेपालमा नेपाल–भारतबीचको खुल्ला सिमानाका कारण कोरोना भाइरसको सङ्क्रमणको जोखिम बढाइरहेको छ । भारतमा कोरोना सङ्क्रमित र मृतकको सङ्ख्यामा दैनन्दिन वृद्धि भइरहेको परिप्रेक्षमा नेपालमा पनि त्यसको असर नपर्ला भन्न सकिन्न । भारतमा बिवाह गरेर गएका नेपाली चेली तथा कामदारहरूको आवातजावतका घटनाहरूले पनि कोरोना सङ्क्रमणलाई वृद्धि गर्न मद्दत पुऱ्याइरहेको छ । सीमा नाकामा क्वारेन्टाइनको व्यवस्थापन सन्तोषजनक छैन । नाकाभन्दा बाहेकको सीमा जोडिएका जिल्लाहरू भारत र नेपालको आवातजावतको लागि सजिलो माध्यम बनेको छ । भारतमा कोरोना सङ्क्रमितहरू बढ्दै जानु र नेपाल–भारत खुला सीमाका कारण हुनसक्ने जोखिम र क्षति यतिखेर हामी भोग्न बाध्य हुनेछौं । भारतबाट खाद्यान्नलगायतका सामग्रीहरू ढुवानी गर्ने सवारीसाधन र त्यससँगै आएका व्यक्तिहरूका कारणले पनि नेपालमा सम्भावित जोखिम बढाइरहेको छ । यसलाई सरकारको अदूरदर्शिताको द्योतक मान्न सकिन्छ । सीमा–नाकालाई अहिले निकै सुरक्षित पार्नु आवश्यक छ । ब्यारेकहरूमा राखिएका सेनाहरूलाई सिमानामा परिचालन गर्नु आवश्यक छ । यस्तो संवेदनशील समयमा नेपाल सरकार भारतीय विस्तारवादसामु नतमस्तक हुनुले नेपाललाई अपूरणीय क्षति निम्तिनेछ ।


## अनलाइन पठनपाठन

लकडाउनका कारण कक्षा १ देखि ९ सम्मका वार्षिक परीक्षाहरू चैत्रको सुरु हप्तामै सम्पन्न भयो । त्यसलगत्तै सुरु हुने एसईई, कक्षा ११ र १२ र विश्वविद्यालयका सम्पूर्ण परीक्षाहरू स्थगित भयो । नजिकिँदै गरेको परीक्षाहरू धमाधम स्थगित हुँदै जाँदा धेरै विद्यार्थीहरू अन्योलमा परे । कोभिड–१९ को प्रभावपछि लकडाउनको अवधि सकिन्छ अनि परीक्षा दिउँला भनी अधिकांश विद्यार्थी घरमै बस्न बाध्य छन् । सम्पूर्ण परीक्षा स्थगन र शैक्षिक संस्था बन्द भइरहँदा भने केही विद्यार्थीहरूले अनलाइनमार्फत अध्ययन गर्न थालेका छन् ।

रेडियो, टिभी, सामाजिक सञ्जाल, भिडियो कुराकानीको सहायतामा यो कार्य सम्भव भएको हो । सेल्फ क्वारेन्टाइनमा बसेका शिक्षक र विद्यार्थीहरूको लागि यो किसिमको शिक्षण विधि निकै उपलब्धीमूलक भएको र विद्यार्थीलाई समय बिताउन पनि सहज भएको विद्यार्थीहरू बताउँछन् । विभिन्न विश्वविद्यालयले अहिलेको अवस्थामा अनलाइन कक्षा सञ्चालनमा जोड दिइरहेका छन् । विद्यार्थी र शिक्षक दुवै प्रविधिमैत्री भएमा यो तरिका सफल हुने देखिन्छ । तसर्थ, शिक्षकहरूलाई पनि तालिमको बन्दोबस्त गरिनु अपरिहार्य छ । विद्युतीय ➲

# नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)को सन्देश

## घरबाट ननिस्कनु नै यो भाइरसको सङ्क्रमणबाट सुरक्षित हुने उपाय



**दिदीबहिनी, दाजुभाइ र साथीहरू,**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को कारण चैत २० गते दिउँसोसम्म संसारभरि ९ लाख ३७ हजार ५६७ भन्दा बढी सङ्क्रमित भएको र ४७ हजार २५६ भन्दा बढी मानिसको मृत्यु भएको खबर छ। सङ्क्रमित र मृत्यु हुनेहरूमा धेरै उमेर भएका ज्येष्ठ नागरिकहरू बढी छन्।

विज्ञहरूका अनुसार यो भाइरस मानिस एकापसमा नजिक बस्दा र मानिसको सिंगान, खकार र थुक आदिको छिटा पर्दा एकअर्कोमा सर्ने रोग हो।

विभिन्न देशमा मन्दिर, चर्च, मस्जिद, खेलकुद, जीम, मर्निङवाक आदिमा गएकाहरूलाई पनि यो भाइरस सरेको देखिन्छ।

अत्यावश्यक सेवा लिनुपर्नेमा बाहेक घरबाट ननिस्कनु नै यो भाइरसको सङ्क्रमणबाट सुरक्षित हुने उपाय हो।

तसर्थ आ–आफ्नो घरभित्र बसेर आफू, आफ्नो परिवार र समाजलाई यो भाइरसको सङ्क्रमण हुनबाट सुरक्षित राख्नु हामी सबैको कर्तव्य हो। धन्यवाद !

**नारायणमान बिजुक्छेँ (रोहित)**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**
२०७६ चैत २०

माध्यमबाट घरमै बसेर अनलाइनबाट हुने कक्षा सञ्चालनले गर्दा विद्यार्थी रमाएका छन् भने अभिभावक पनि खुशी छन्। सरकारले लगाएको बन्दाबन्दी खुलेर जनजीवन सामान्य हुन समय लाग्ने देखिएपछि सिकाइलाई निरन्तरता दिन विद्युतीय माध्यम उपयोग गर्ने गृहकार्यमा सरकार पनि जुटिरहेको छ।

बिजुली र इन्टरनेटको पहुँच नपुगेका स्थानहरूमा भने यसको प्रयोग सम्भव हुन्न। तर शहरी क्षेत्रहरूमा यी प्रविधिको प्रयोगलाई अझ व्यवस्थित बनाउन आवश्यक देखिन्छ।

### भोकाएका जीवजन्तु

लकडाउन अवधिमा कुकुरले टोकेको घटनामा वृद्धि भएको छ। लकडाउनका कारण खाद्यान्न अभाव भएसँगै भोकाएका सडकका भुस्याहा कुकुरले मान्छेलाई टोकेको घटना बढेको हो।

त्यसैगरी पशुपति क्षेत्रलगायतका धार्मिक स्थानहरूमा पूजा गर्ने मानिसहरूको आवागमन घटेसँगै बाँदर तथा अन्य जीवजन्तुहरू भोकाएका छन्। जसका कारण बाँदरहरू बिरामी पर्न थालेका समाचारहरू पनि प्रकाशित भएका छन्।



भोकाएका बाँदरलाई खुवाउँदै कलाकार वर्षा राउत

केही नगरपालिका, संघ–संस्था, कलाकारहरू आदिले जनावरका लागि खाना खुवाइरहेको अवस्था छ।

# नेमकिपा सचिव एवं सांसद प्रेम सुवालको सन्देश

## अत्यावश्यक खाद्यान्न आपूर्ति सहज र सुलभ गर्न सरकारको ध्यानाकर्षण

**दिदीबहिनी, दाजुभाइ र साथीहरू,**

नोवेल कोरोना भाइरस कोभिड–१९ को अहिले विश्वव्यापी महामारी **सङ्क्रमण** बढ्दो छ। यो भाइरसबाट नेपालमा पनि ९ जना सङ्क्रमित भए भने संसारमा १२ लाखभन्दा बढी मानिस सङ्क्रमित र ६५ हजारभन्दा बढी मानिसको मृत्यु भएको छ।

यो भाइरस सङ्क्रमणलाई रोक्न नेपालमा पनि चैत ११ गतेदेखि हामी सबै घरभित्र बस्ने अनुशासनमा छौँ। मानिसबाट मानिसमा सजिलै सर्ने यो भाइरसबाट सुरक्षित हुने उत्तम उपाय घरभित्रै बस्नु हो।

यो भाइरस सङ्क्रमित मानिसको स्वासप्रश्वास, खकार, सिँगान, थुकबाट र सङ्क्रमित मानिसले छोएको ठाउँमा अन्य निरोगी व्यक्तिले छोएमा सर्ने हो। यसकारण सङ्क्रमित मानिससँग सँगै बस्न नहुने र अलग बस्नुपर्ने हुन्छ। यो समयमा विदेशबाट आएका मानिसको स्वास्थ्य परीक्षण गरी भाइरस भए नभएको सुनिश्चित गर्न सम्बन्धित स्वास्थ्य कार्यालय वा प्रहरीलाई जानकारी गर्नु आवश्यक छ। हामी तोकिएको दिनसम्म घरभित्रै बस्यौं भने यो भाइरसको महामारी रोक्न सजिलो हुनेछ र यसबाट हुने पीडा एवम् क्षतिबाट हामी सुरक्षित हुनेछौँ। घरभित्र बस्नुपर्ने दिन अझै लम्बिने सम्भावना छ।

यो महामारीको समयमा घरबाहिर ननिस्की अनुशासनमा बसेका सामान्य जनतासम्म अत्यावश्यक खाद्यान्न आपूर्ति सहज र सुलभ गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सर्वसाधारण जनताले तरकारीलगायत दूध तथा दुग्धजन्य खाद्यान्न खान नपाउने तर उत्पादक किसानले बजार नपाएर फाल्नुपर्ने वर्तमान अवस्था अविलम्ब अन्त्य गर्नु जरूरी छ। खाद्यान्न र खाना पकाउने ग्यासमा भइरहेको कालोबजारी



तत्कालै रोक्नु आवश्यक छ। यो महामारीको बेला विदेशबाट खाद्यान्न, तरकारी, फलफूल आदि आयात रोक्नु पनि उत्तिकै जरूरी छ।

स्वास्थ्य उपकरण खरिदमा भएको भ्रष्टाचारबारे छानबिन गरी संलग्न दोषीलाई अविलम्ब पदमुक्त गर्नुका साथै कानुनी कारबाही गर्नु आवश्यक छ। सरकारले उपचारमा संलग्न देशभरिका स्वास्थ्यकर्मीहरूलाई विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसारको व्यक्तिगत सुरक्षा पोशाक (पीपीई) तत्काल उपलब्ध गराउनु आवश्यक छ। धन्यवाद।

**प्रेम सुवाल**
**नेमकिपा सचिव एवं सदस्य, प्रतिनिधिसभा**
२०७६ चैत २३

कोरोनाबाट बच्न पटक पटक
साबुन पानीले हात धोऔं।
शारीरिक दूरी कायम गरौं।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिको सन्देश

## 'हामी स्वस्थ भएमा नै चाड पर्व मनाउने, मिठो खाने र रमाइलो गर्न पाउने छौं'

**दाजुभाइ तथा दिदीबहिनीहरू,**

विश्वभरि अहिले कोरोना भाइरसको महामारी फैलिरहेको छ। कोरोना भाइरस मानिसबाट मानिसमा सर्ने एक सरुवा रोग हो। यस रोगको सङ्क्रमणबाट विश्वमा अहिलेसम्ममा १२ लाखभन्दा बढि पीडित भएका छन् भने झण्डै ७० हजारको मृत्यु भइसकेको छ।

विश्वको महाशक्ति दाबी गर्ने सं.रा. अमेरिका, युरोपकै विकसित देशमध्येको इटालीमा लाखौं मानिसहरू सङ्क्रमित भएर उपचारका लागि त्यहाँका सरकारहरूलाई निकै गाह्रो भइरहेको छ। स्पेन, इरानलगायत संसारका सबैजसो देशका सरकारहरू अहिले कोरोना भाइरसविरुद्ध सङ्घर्ष गर्दैछन्।

कोरोना भाइरसबाट बच्ने एउटै सरल र सहज उपाय आ–आफ्नो घरभित्र सुरक्षित बस्नु हो। नेपाल सरकारले नेपाली जनतामा कोरोना भाइरस फैलिन नदिन चैत्र ११ गतेदेखि २५ गतेसम्म लकडाउन घोषणा गरेको छ। सबै नागरिकहरू आ–आफ्नो घरभित्र सुरक्षितसाथ बस्नु नै लकडाउन हो।

विदेशबाट आउनुभएका दाजुभाइहरूले भक्तपुर नगरपालिकाको सूचनाअनुसार फारम भरी सहयोग गर्नुहुन अनुरोध गर्दछु।

लकडाउनको बेला नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू कोही पनि घरबाट ननिस्की दिन हाम्रो अनुरोध छ। अति आवश्यक बेलामा मात्रै बाहिर निस्केर खाद्यान्न वा तरकारी खरिद गरी सुरक्षितसाथ बस्नु होला। कुनै सामान खरिद गर्न पसल वा बजार जाँदा कमसेकम एक मिटरको दूरीमा बसेर आफू सुरक्षित हुन पनि अनुरोध गर्दछु।

भक्तपुर नगरपालिकाले अति आवश्यक बेलामात्रै घर बाहिर निस्कनको लागि घर घरमा अनुमतिपत्र वितरण गरेको छ। अति आवश्यक अवस्थामा घरबाट निस्कनु पर्दा अनुमतिपत्र लिएर मात्रै बाहिर निस्कनु होला अन्यथा प्रहरीले कानून बमोजिम कार्वाही गर्ने पनि यहाँहरूलाई जानकारी गराउन चाहन्छु।

भक्तपुर नगरपालिकाले विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा समन्वय समिति गठन गरिसकेको छ। कसैलाई कुनै समस्या परेमा त्यस समितिमा सम्पर्क गर्न पनि अनुरोध गर्दछु।

यस्तो विषम परिस्थितिमा कोही पनि नागरिक घरबाट बाहिर निस्केर मन्दिरमा गएर पूजा गर्ने, बिहान घुम्न जाने, व्यायामशालामा जाने काम केही समयको लागि रोक्न पनि हाम्रो



अनुरोध छ।

नागरिकहरूको सहजताको लागि निश्चित समय तोकेर तरकारी खरिद बिक्रीको व्यवस्थापन गरिएकोमा मानिसहरूको भिडभाड देखिएको भन्ने जनगुनासोलाई ध्यानमा राखेर वडावासीहरूको लागि आ–आफ्नै वडामा स्थान तोकी व्यवस्था गरिएको छ। कृपया आ–आफ्नो वडाको तोकिएको ठाउँमा गएर मात्र तरकारी वा खाद्यान्न खरिदको लागि अनुरोध छ।

**आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू,**

हाम्रो स्वास्थ्यभन्दा ठूलो अरु केही हुन सक्दैन। हामी स्वस्थ भएमा नै हामीले चाड पर्व मनाउने, मिठो खाने र रमाइलो गर्न पाउने छौं। त्यसैले जनताको स्वास्थ्यलाई ध्यानमा राखेर यो वर्षको बिस्का जात्रा पूजाआजामा मात्रै सीमित गर्ने निर्णय गरिएको हो। साँझ बिहान पाटी–पौवामा भजन गाउने पनि केही समय बन्द गर्न हामीले आग्रह गरिरहेका छौं।

कोरोनाविरुद्धको यो हामीहरूको साझा लडाई हो। यसमा तपाई हामी सबै एकजुट भएर आ–आफ्नो घरमा बसेर कोरोना फैलन नदेऔं। हामी आफू बचौं र अरुलाई पनि बचाऔं।

**सुनिल प्रजापति**
**प्रमुख, भक्तपुर नगरपालिका**

२०७६ चैत २६

# प्रदेश सांसद सुरेन्द्र राज गोसाईको सन्देश

## महामारी मानवजातिको निम्ति महासङ्कट र महापरीक्षा



कोरोना भाइरस कोभिड-१९ को महामारीको कारण विश्व नयाँ खालको सङ्कटमा छ । यतिखेर मानव जातिको एकता, सहयोग, सहकार्य र ऐक्यबद्धता सबभन्दा बढी आवश्यक अनुभव गरिइँदै छ । धैर्य, साहस, उच्च मनोबल, प्रबल इच्छाशक्ति र सामुहिक हितको भावना आजको तड्कारो आवश्यकता हो । यही माध्यम या उपायबाट कोरोना भाइरस महामारीविरुद्ध हामीले लड्न सक्नेछौँ र विजय हासिल गर्न सफल हुनेछौँ ।

आजसम्ममा विश्वभरि ६० हजारभन्दा बढीको मृत्यु भइसकेको र लाखौँ सङ्क्रमित भइसकेको अत्यन्त सम्वेदनशील घडीमा हामी छौँ । हाम्रा सम्पूर्ण दिदीबहिनी, दाजुभाइ, ज्येष्ठ नागरिक र हाम्रा प्यारा बालबच्चालाई यो सङ्क्रमणबाट जोगाउनु र जोगिनु आजको एउटैमात्र साझा सवाल हो । तसर्थ, हामी सबै होशियारीपूर्वक, अत्यन्त अनुशासित हुँदै दैनिक जीवनयापन गर्न प्रतिबद्ध होऔँ । सङ्क्रमण फैलिन नदिनु आजको हाम्रो साझा दायित्व एवम् जिम्मेवारी हो । यसको निम्ति समाजका शिक्षित समुदाय तथा युवा समुदायको सक्रियता, सशक्त भूमिका अति आवश्यक छ । उच्च सतर्कता एवम् तदारुकता अझ बढी आवश्यक छ । त्यसको निम्ति पनि आदरणीय सम्पूर्णमा हार्दिकतापूर्वक अपिल गर्दछु ।

आदरणीय दाजुभाइ, दिदीबहिनी तथा युवा साथीहरू, कारोना भाइरस महामारीसँग लड्दै गर्दा समयको सही उपयोग, रचनात्मक गतिविधि, सृजना यात्रा, अध्ययन-लेखन, सेवा कर्मले आफूलाई परिष्कृत एवम् सुसंस्कृत बनाऔँ ! सबैले सही सूचना तथा जानकारी सम्प्रेषन गरी व्यापक जनताबीच चेतना फैलाऔँ ! अन्धपरम्परा र अन्धविश्वासलाई निरुत्साहित पारौँ । आपसी सम्मानभावको विकास गरौँ ।

यो महामारी मानवजातिको निम्ति महासङ्कट मात्र होइन महापरीक्षा पनि हो । यसमा सबै उत्तीर्ण हुन प्रतिबद्ध बनौँ । हिजोका महामारीझैँ यो कोरोना भाइरस महामारीमाथिको विजय पनि सम्भव छ । विश्वमा भइरहेका खोज-अनुसन्धान र प्रयोगले चाँडै सम्भव बनाउने विश्वास ब्यक्त गर्दछु !

आउनुहोस् मानव जातिको रक्षा, यो समाज, यो देशको भविष्यको निम्ति आ-आफ्नो ठाउँबाट आ-आफ्नो विवेक, आ-आफ्नो शक्ति प्रयोग गरी कोरोना भाइरस महामारीविरुद्धको लडाइँमा साहसपूर्वक लडौँ । हाम्रो अभूतपूर्व एकताले महाविपत्तीलाई निमिट्यान्न पारौँ । धन्यवाद !

**सुरेन्द्रराज गोसाई,**
**बागमती प्रदेशसभा सदस्य**

२०७६ चैत २४

Khwopa Circle
An Undertaking of Bhaktapur Municipality
KHWOPA COLLEGE OF ENGINEERING BHAKTAPUR, 2000
KHWOPA ENGINEERING COLLEGE ESTD. 2001 BHAKTAPUR
KHWOPA COLLEGE ESTD. 2001 BHAKTAPUR
KHWOPA SECONDARY SCHOOL ESTD. 1995 BHAKTAPUR
KHWOPA POLY-TECHNIC INSTITUTE 2003, Bhaktapur, Nepal
शारदा क्याम्पस SHARADA CAMPUS

# प्रदेश सांसद सृजना सैँजूको सन्देश

## विश्व एकता र ऐक्यबद्धताको समय

**दिदीबहिनी तथा दाजुभाइहरू,**

विश्व र सिङ्गो मानव जाति अहिले महाव्याधिको रूपमा फैलिएको नोवेल कोरोना भाइरस कोभिड -१९ को सङ्क्रमणविरूद्ध लड्दै छ ।

कोभिड - १९ को सङ्क्रमण र त्यसबाट मृत्यु हुनेको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ ।

कोभिड - १९ को सङ्क्रमणबाट जोगिन र बच्न लकडाउन अर्थात् बन्दाबन्दी चालू छ । चीनलगायत थुप्रै देशहरूको अनुभवबाट सङ्क्रमण कम गर्ने या रोक्ने एउटा उपायको रूपमा बन्दाबन्दी अपनाइएको देखिन्छ ।

लकडाउन राम्रो कार्यान्वयन नहुँदा इटालीमा रोक्नै नसकिने गरी सङ्क्रमण फैलियो । मृत्यु हुनेको सङ्ख्या १५ हजार नाघ्यो । संरा अमेरिका अझै बेवास्ता गर्दै छ । समाजवादी देश क्युवा र चीन भने विश्वभर कोभिड - १९ विरूद्ध लड्न थुप्रै देशहरूमा चिकित्सक र मेडिकल सामग्री पठाउँदै छन् । यो विश्व एकता र ऐक्यबद्धताको समय पनि हो । विश्वमा सङ्क्रमितमध्ये धेरैजसो ज्येष्ठ नागरिक छन् । धेरै उमेर पुगेका हजुरबुबा, हजुरआमा, साना नानीहरू र गर्भवती महिलाहरू अझ बढी सुरक्षित रहनुपर्ने विज्ञहरूको भनाइ छ । यो समय अन्धविश्वासको पछाडि नलागी मानसिक र शारीरिक रूपमा स्वस्थ रहने समय हो ।

सङ्क्रमण हुन नदिनु अहिलेको प्रमुख प्राथमिकता हो । मन्दिर जाने, चर्च जाने, जीम र मर्निङ्वाक जाने कार्य अहिलेलाई रोक्न जरूरी छ । विभिन्न देशमा मन्दिर, मस्जिद, चर्च, खेलमैदानहरूको अत्यधिक भीडको कारण सङ्क्रमण फैलिएको देखिन्छ । त्यसकारण, भीडभाडमा नजान, अत्यावश्यक काममा बाहेक घरमै स्वस्थ जीवन बिताउन अनुरोध गर्दछु ।

सरकारले बन्दाबन्दीमात्र भनेर पुग्दैन । रोगसँग लड्ने, देशमा आर्थिक मन्दी हुन नदिने तयारी पनि गर्नुपर्दछ । अहिले लाखौं मजदुर बिचल्लीमा परेका छन् । तिनका लागि सरकारले उचित बन्दोबस्त गर्नुपर्दछ । राहत वितरण व्यवस्थित हुनुपर्दछ । तँछाडमछाडको स्थिति हुनुहुँदैन । सरकारले यसको जिम्मा लिनुपर्छ ।

धेरैजसो महिला दिदीबहिनीहरूलाई यो महाव्याधिको समयमा खानेपानी तथा खाद्यान्नको निमित्त घरबाट बाहिर



निस्कनपर्ने बाध्यता छ । यो समयमा आवश्यकीय दैनिक उपभोग्य वस्तुहरू सरकारले सहज र निरन्तर उपलब्ध गराउने बन्दोबस्त गर्न आग्रह गर्दछु ।

घर बस्दाबस्दा दिक्क लाग्यो भन्दै युवाहरू भेटघाट र बाहिरतिर हिँड्ने गरिरहेको देखिन्छ । त्यसो गर्दा आफ्नो कारण परिवार सङ्क्रमित हुनसक्दछ । त्यसकारण, घरमै रचनात्मक एवम् सृजनात्मक कार्यमा समय व्यतीत गर्न हार्दिक अनुरोध गर्दछु । बन्दाबन्दी सिक्ने अवसरका रूपमा उपयोग गरौं ! पुस्तक अध्ययन गर्ने, सीप सिक्ने, लेख्ने कार्य गरौं ! इन्टरनेटबाटै पढाइ, सिकाइ र काम गर्ने सुविधाको उपयोग गरौं !

नोवेल कोरोना भाइरस कोभिड - १९ बाट आफू पनि बचौं र आफ्नो परिवार, समाज एवम् देशलाई पनि बचाऔं ! धन्यवाद !

**सृजना सैंजू,**
**बागमती प्रदेशसभा सदस्य**

२०७६ चैत २४

कोरोना भाइरसको सङ्क्रमणबाट सुरक्षित हुन

# नेपाल क्रान्तिकारी युवा संघ र नेपाल क्रान्तिकारी विद्यार्थी संघको अपिल

**सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा युवा-विद्यार्थी साथीहरू,**

विश्व नोभेल कोरोना भाइरस (कोभिड-१९) को महामारीमा छ । नेपालमा पनि यसको सङ्क्रमण छ । कोरोना भाइरसको सङ्क्रमणबाट सुरक्षित हुन हामी सबैले मानिसको शारीरिक दूरी कायम गरी नियमित साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गरी हात सफा गर्ने, खोक्दा वा हाच्छिउँ आउँदा रूमाल वा कुहिनाले नाक र मुख छोप्ने, मास्क लगाउने, भीडभाड हुने गरी जम्मा नहुने, हातले अनुहारमा नछुने आदि उपाय अवलम्बन गर्नु आवश्यक छ ।

युवा-विद्यार्थीहरूले यो भाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्न विदेशबाट आएका वा यसबाट सङ्क्रमित मानिस भए स्वास्थ्य संस्था वा प्रहरीलाई खबर गर्ने, अलपत्र परेका वा खान नपाएका दु:खी गरिबहरू छन् भने स्थानीय तह वा प्रशासनलाई खबर गर्ने, सर्वसाधारणलाई घरभित्रै बस्ने अनुशासन पालना गर्न/गराउन सचेत एवम् उत्साहित गर्नु आवश्यक छ । यस सङ्कटको घडीमा कालोबजारी गर्ने र बढी मूल्य लिएर जनतालाई ठग्नेहरूविरुद्ध समयमै प्रहरीलाई जानकारी दिनु पनि युवा-विद्यार्थीहरूको कर्तव्य हो ।

आफ्नो र समाजको स्वास्थ्यबारे सचेत हुनुपर्ने यो समयमा केही मानिसहरू जुवातास खेल्ने, मदिरा सेवन गर्ने, चिया गफमा रमाउने र सामाजिक सञ्जालमार्फत दुरुत्साहनका विषय र अनेक अन्धविश्वासका तस्बिर प्रचार गर्नमा व्यस्त छन् । यस्ता गतिविधिहरूले कोरोनाभाइरसको सङ्क्रमण जोखिम बढाउने छ । युवा विद्यार्थीहरूले यो भाइरसको सङ्क्रमणबारे ताजा समाचार जानकारीमा राखी सबैलाई बताउने, बाँकी समय रचनात्मक पुस्तक अध्ययन, लेखन कार्य गर्ने र घरको सरसफाइमा सहभागी हुने गर्नु आवश्यक छ ।

नेपाल क्रान्तिकारी युवा संघ र नेपाल क्रान्तिकारी विद्यार्थी संघ यो सङ्कटको घडीमा सम्पूर्ण युवा-विद्यार्थीहरूलाई विज्ञानसम्मत ढङ्गले यो भाइरस (कोभिड-१९) नियन्त्रण कार्यमा समर्पित हुन अपिल गर्दछौं ।

(२०७६ चैत्र २६ बुधबार)


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## हार्दिक धन्यवाद

हाल संसारभरि तीव्ररूपमा फैलिरहेको नोवेल कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमणले नेपालसमेत उच्च जोखिममा रहेको र त्यसकोविरुद्ध सारा विश्व नै सङ्घर्ष गरिरहेको अवस्थामा नेपाल सरकारले उक्त सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि मिति २०७६।१२।११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गर्ने र भक्तपुर नगर क्षेत्रभित्र यस रोगको सङ्क्रमण हुन नदिने उद्देश्यका साथ यस वर्षको बिस्का जात्रा सम्बन्धी रथ तान्ने, लिङ्गो उठाउने र ढाल्ने, द्यो स्वगं बियगु तथा टोलटोलमा हुने सम्पूर्ण जात्राहरू सामान्य पूजामात्रै गरेर जात्रा सीमित गर्ने भनी यस नगरपालिका र सम्बन्धित सरोकारवालाहरूको बैठक निर्णय कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, जिल्ला प्रशासन कार्यालय, भक्तपुर, महानगरीय प्रहरी परिसर, भक्तपुर, गुठी संस्थान कार्यालय, भक्तपुर, टोलटोलका जात्राहरूसँग सम्बन्धित गुथि र गुथियारहरू, दाफा-भजन, जात्रा सहयोग समिति, टीम-क्लब, वडा समन्वय समितिका सदस्यहरू, कर्मचारीहरूलगायत बिस्का जात्रा अवधिभरि संयमतापूर्वक आ-आफ्नै घरमा बसी सहयोग गर्नुहुने सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

साथै नेपाल सरकारले घोषणा गरेको बाँकी लकडाउन अवधिभर पनि सम्पूर्ण नगरवासीहरूबाट पूर्ण सहयोगको अपेक्षा गरिन्छ ।

**भक्तपुर नगरपालिका**

# देवाली पूजा परिस्थिति अनुकूल भएपछि गर्ने, मातातीर्थ औँसी घरमै बसी मनाउने

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको सम्भावित सङ्क्रमणको जोखिमलाई मध्यनजर गरी देवाली पूजा पछि सार्ने र हाललाई क्षमा पूजामात्र गरी परिस्थिति अनुकूल भएपछि मनाउन सर्वसाधारण सबैमा भक्तपुर नगरपालिकाले अनुरोध गरेको छ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, महानगरीय प्रहरी परिसर, नेपाली सेनाका प्रतिनिधि, जनप्रतिनिधि एवं स्थानीय प्रतिनिधिहरूको वैशाख ७ गते सम्पन्न बैठकले नेपाल सरकारले बन्दाबन्दी लागू गरेको समयावधिमा देवाली पूजा परेको हुँदा रोग सङ्क्रमणको जोखिमप्रति संवेदनशील हुन सबैमा आग्रह गरेको छ।



बैठकले गरेको निर्णयमा भनिएको छ, 'बन्दाबन्दीकै अवधिमा यो वर्ष वैशाख १४ गते अक्षय तृतीयाका दिन, वैशाख १८ गते त:दिन लगायत त्यसपछिका दिनमा देवाली पूजा हुने सन्दर्भमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस रोगको सम्भावित सङ्क्रमणको जोखिमप्रति संवेदनशील भई हाललाई क्षमा पूजा गरी परिस्थिति अनुकूल समयमा देवाली पूजा गर्न सम्पूर्ण नगरवासीहरूलाई अनुरोध गर्ने।'

त्यस्तै बैठकले वैशाख ११ गते मातातीर्थ औँसीको दिन आ-आफ्नो स्वास्थ्य र समाजमा कोरोना सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर आ-आफ्नो घरबाट ननिस्किकन सामान्य रूपमै आमाको मुख हेर्ने पर्व सम्पन्न गर्न नगरवासीहरूमा आग्रह गर्ने निर्णय गरेको छ।

बैठकको अध्यक्षता ग्रहण गर्दै प्रमुख प्रजापतिले नगरवासीहरूको स्वास्थ्यलाई प्राथमिकतामा राखेर नगरपालिकाले कार्य गर्दै आएको बताउनुभयो। स्वस्थ रहे चाडपर्व फेरि पनि मनाउन सकिने उहाँको भनाइ थियो।

कोरोना भाइरस रोगको रोकथामको लागि नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लागू गरेको बन्दाबन्दीको बेला विस्काजात्रा पर्व परेकोमा नगरपालिका, जिल्ला प्रशासन, महानगरीय प्रहरी परिसर, नेपाली सेना, सशस्त्र प्रहरी, टोल टोलका गुथि नाइके, जात्रा सहयोग समिति, टीम-क्लब, स्वयंसेवक एवं स्थानीय जनताको सहयोगमा नगरवासीहरूले सामान्य पूजामा सीमित गरी जात्रा सम्पन्न गरेकोमा सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय भएको समेत प्रमुख प्रजापतिले बताउनुभयो।

उहाँले संकटको बेला केही व्यवसायीहरूले विभिन्न बहाना बनाई कृत्रिम अभाव सृजना गरी आर्थिक लाभ उठाउन सक्ने सम्भावनालाई ध्यानमा राखेर प्रहरी प्रशासनसँग समन्वय गरी नगरपालिकाले बजार अनुगमन कार्यलाई तीब्रता दिने निर्णय भएको जानकारी दिनुभयो।

त्यस्तै भक्तपुर नगरपालिकाले जनप्रतिनिधिहरूको अगुवाइमा वडा वडामा खटाइएका स्वयंसेवकहरू, जिल्ला प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीबीच समन्वय गरी सरकारले लागू गरेको बन्दाबन्दीलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउने निर्णय गरिएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो।

# नेपालमा कोरोना भाइरसको परीक्षण

नेपालमा शंकास्पद सङ्क्रमितको रगत लिएर गरिने आरडीटी (र्‍यापिड डाइग्नोस्टिक टेष्ट) परीक्षण वैशाख ७ गतेसम्ममा ७७ जिल्लामा गरिन थालेको छ।

त्यस्तै घाँटीको नमुना (स्वाब) लिएर गरिने पीसीआर (पोलीमेरेज चेन रियाक्शन) परीक्षण वैशाख ८ गतेसम्ममा सबै प्रदेशमा गरी १५ प्रयोगशालामा गरिन्छ।

आरडीटी परीक्षणबाट पोजिटिभ देखिए पनि पीसीआरमा निगेटिभ देखिन सक्छ अर्थात कोभिड-१९ को निश्चित निदान पीसीआरबाट हुन्छ।

# नेपालमा कोरोना सङ्क्रमण

**पुस २८ गते (पहिलो)**– चीनको उहानबाट काठमाडौंका ३२ वर्षीय नेपाली विद्यार्थी स्वदेश फर्केका थिए। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा परीक्षणबाट पुस २८ गते (जनवरी २३) उनी कोभिड–१९ बाट सङ्क्रमण भएको पुष्टि भयो। उनी सङ्क्रमित र उपचारपछि निको हुने पहिलो नेपाली हुन्।

**चैत १० गते (दोश्रो)** – फ्रान्समा पढिरहेकी काठमाडौंकी १९ वर्षीया युवती (प्रसिद्धि श्रेष्ठ) कतार हुँदै चैत ४ गते नेपाल फर्किन्। तिनी चैत १० गते कोरोना सङ्क्रमित भएको पुष्टि भयो र शुक्रराज अस्पतालमै उपचारपछि वैशाख ६ गते निको।

सोही राती सरकारले चैत ११ गतेदेखि एक हप्ता देशव्यापी 'लकडाउन' को घोषणा गऱ्यो। 'लकडाउन' थपिन्दै वैशाख २५ गतेसम्म निरन्तरता दिइएकोछ।

**चैत १२ गते (तेश्रो)** – दुबइबाट धादिङ्ग फर्किएका ३२ वर्षीय पुरुष। वैशाख १० गते निको।

**चैत १२ गते (चौथो)** – दुबइबाट कैलाली फर्केका ३४ वर्षीय पुरुष।

**चैत १५ गते (पाँचौं)** – बेल्जियमबाट कतार हुँदै चैत ४ गते बाग्लुङ्ग फर्केकी १९ वर्षीया अंशु सापकोटा, वैशाख ११ गते निको।

**चैत २० गते (छैटौं)** – बेल्जियमबाट कतार हुँदै चैत ४ गते बाग्लुङ्ग फर्केकी ६५ वर्षीया मनकुमारी पौडेल, वैशाख ६ गते निको।

दोश्रो, पाँचौ र छैटौं सङ्क्रमितहरू एउटै जहाजबाट नेपाल आएका थिए।

**चैत २२ गते (सातौं, आठौं र नवौं)** – भारतको मुम्बइबाट कैलाली फर्केका २१ वर्षीय राज विक (वैशाख ७ गते निको) र भारतकै उत्तराखण्डबाट कञ्चनपुर फर्केका ४१ वर्षीय इन्द्र लुहार (वैशाख १० गते निको)। कैलालीका राज विकका ३४ वर्षीया भाउजु पनि सङ्क्रमित भएको पाइयो। तिनी नेपालमै सङ्क्रमित हुने पहिलो व्यक्ति भइन्। यसबाट नेपालमा कोरोना सङ्क्रमण **दोश्रो चरण**मा प्रवेश गऱ्यो।

**चैत ३० गते (दशौं, एघारौं र बाह्रौं)** – वीरगञ्जको एक मस्जिदमा बसिरहेका तीन भारतीय पुरुष, वैशाख १४ गते निको।

**वैशाख १ गते (तेह्रौं र चौधौं)** – भारतबाट आएका कैलालीका ६५ वर्षीया पाना विक (वैशाख ११ गते निको) र रौतहटका १९ वर्षीय पुरुष, वैशाख १४ गते निको।

**वैशाख ३ गते (पन्ध्रौं र सोह्रौं)** – बेलायतबाट चैत ५ गते कतार हुँदै नेपाल फर्केका काठमाडौंका **८१ वर्षकी महिला** र ५८ वर्षका पुरुष। तिनीहरू आमा छोरा दुवै वैशाख ११ गते निको।

**वैशाख ५ गते** – उदयपुरका २० देखि ४० वर्षका १२ जना पुरुष र एकजना मोरङका ६५ वर्षीय पुरुषगरी जम्मा १३ जना।

त्यस्तै बेलायतबाट फर्केका चितवनका ६५ वर्ष महिला र २७ वर्षका पुरुष गरी दुईजना, आमा छोरामध्ये छोरा वैशाख १३ गते निको।

**वैशाख ९ गते** – उदयपुरका १८ देखि ५८ वर्षका ९ पुरुष, ३६ वर्ष र उमेर नखुलेकासहित दुई महिला गरी जम्मा ११ जना।

**वैशाख १० गते** – उदयपुरकै धरानमा गरिएको परीक्षणबाट २४ देखि ७२ वर्षका तीन पुरुष।

**वैशाख ११ गते** – उदयपुरका ५५ वर्षीय महिला, जनकपुरका **१४ वर्षका किशोर** र भोजपुरका २६ वर्षका पुरुष गरी ३ जना। भोजपुरका पुरुष फागुन ३० गते साउदी अरबबाट काठमाडौं ओर्ली धरानका विभिन्न ठाउँमा बसी उदयपुर हुँदै भोजपुर गएका थिए।

**वैशाख १२ गते** – झापाका ६२ वर्षीय पुरुष।

**वैशाख १४ गते** – वीरगन्जका ४९ र ५५ वर्षका तथा झापाका ५० वर्षका तीन पुरुष।

यसरी वैशाख १५ गते दिउँसोसम्ममा ५२ जना सङ्क्रमितमध्ये १६ जना निको भएर घर फर्केका छन्। अन्य सङ्क्रमितको देशका विभिन्न अस्पतालहरूमा उपचार भैरहेकोछ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकाअनुसार कोशी अस्पतालमा–३१, नारायणी अस्पतालमा–३, भरतपुर अस्पतालमा–१ र सेती अस्पतालमा– १, गरी ३६ जना उपचाररत छन्।

# लकडाउन अवज्ञा गर्ने पसलको सामान जफत

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि देशव्यापी लकडाउन गरेको बेला मातातीर्थ औंसी घरबाट ननिस्की सामान्यरूपमै सम्पन्न गर्न र फलफूल र मिठाइ पसलेहरूलाई बिक्री नगरिदिनु हुन अनुरोध गर्ने निर्णय भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी हुमकला पाँडे, सुरक्षा निकायलगायत सरोकारवालाहरूको बैठकले गरेको थियो।

उक्त निर्णय कार्यान्वयनको लागि वैशाख १० गते बेलुका जनप्रतिनिधि, स्वयम्सेवक र वडा निरीक्षक कर्मचारीहरूको टोलीले आज र भोलि पसल नखोल्न पटक पटक अनुरोध गरेको थियो भने नगरपालिकाले माईकिङ् समेत गरेको थियो।

त्यसरी पटक पटक अनुरोध गर्दा पनि अटेर भई पसल सञ्चालन गरेको दूधपाटीको छोटु फलफूल पसल बन्द गरायो भने भुलाँचामा तराजु र फलफूल क्रेट जफत गरियो, जगातीमा तराजु र खाली क्रेट जफत गरियो।

त्यस्तै महालक्ष्मी ज्याख्वपाटी आगाडिको फलफूल पसलको सुन्तला हाप क्रेट, कमलविनायकमा सुन्तला, मेवा जफत गरियो भने कमलविनायक बसपार्कमा रहेको फलफूल पसलबाट पनि सुन्तला जफत गरियो। त्यस्तै मूलढोका र लान्चाफल्चामा पसल बन्द गरायो। च्याम्हासिंहमा साईकल, गाडाका घुमन्ते व्यापारीको फलफूलसहित दुईवटा साइकल जफत गरिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

# विपद् व्यवस्थापन केन्द्रको बैठकबाट विभिन्न निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कोभिड–१९ कोरोना भाइरस रोकथाम, नियन्त्रण, उपचार, राहत वितरण लगायतका आवश्यक कार्यगर्न गठित विपद् व्यवस्थापन केन्द्र Crisis Management Centre (CMC) को बैठक चैत २५ गते भनपा सभाकक्षमा बस्यो। बैठकले निम्न निर्णयहरू गऱ्यो –

१. राहत वितरणसँग सम्बन्धित सम्पूर्ण काम स्थानीय तहले गर्ने गृह मन्त्रालयको स्पष्ट निर्देशन भएको हुँदा कुनै पनि संघ–संस्थाले उपलब्ध गराउने नगद तथा राहत सामग्री नगरपालिकालाई उपलब्ध गराउने र न.पा.बाट एकद्वार प्रणालीबाट मात्रै वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।



२. लकडाउनको बेला अति आवश्यक वस्तु र सेवालाई सहज र सरल बनाउन सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी व्यवस्थित रुपमा गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

३. लकडाउनको बेला कृत्रिम अभाव सृजना गरी कालोबजारी गर्न सक्ने सम्भावनालाई ध्यानमा राखी नियमित रुपमा बजार अनुगमन गर्ने र कृत्रिम अभाव तथा बढी मूल्यमा सामान बिक्री गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने र यस सम्बन्धमा भक्तपुर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग संघ लगायतसँग समन्वय गर्ने निर्णय गरियो।

४. स्वास्थ्य क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मी डाक्टर, नर्स र कर्मचारीहरूको लागि आवश्यक पिपिई, पन्जा, मास्कलगायत अन्य सामग्रीहरू उपलब्ध गराउन सम्बन्धित क्षेत्रमा पहल गर्ने निर्णय गरियो।

५. कोरोना भाइरस रोग लागेमा उपचारको लागि चाहिने आवश्यक सामग्री तथा उपकरणहरूको व्यवस्था गर्न समितिले पहल गर्ने निर्णय गरियो।

६. यस नगरपालिका भित्र विदेशबाट आएका व्यक्तिहरूको विवरण अद्यावधिक गरी ट्रेसिङ्ग र ट्र्याकिङ्ग कार्य सुरक्षा निकाय र वडा कार्यालयहरूले समन्वयात्मक रुपमा मिलाउने निर्णय गरियो।

बैठकमा प्रमुख प्रशासकीय अधिकृत, जिल्लाका सुरक्षा निकायका प्रमुखहरू, अस्पताल प्रमुख सदस्य रहने व्यवस्था छ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ब्यासी–२, भक्तपुर

# देवाली पूजा र मातातीर्थ औंसीसम्बन्धी सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवेल कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि लागू गरेको देशब्यापी बन्दाबन्दी (लकडाउन) लाई ध्यानमा राखी यस वर्षको मातातीर्थ औंसी र देवाली पूजासम्बन्धी यस नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेसमेतको उपस्थितिमा सरोकारवालाहरूको बैठकबाट मातातीर्थ औंसी घरबाट ननिस्की सामान्य रूपमै सम्पन्न गर्ने र **देवाली पूजा परिस्थिति अनुकूल भएपछि गर्ने** निर्णय भएको हुँदा मातातीर्थ औंसीको लागि मिठाइ पसलहरुर फलफूल पसलेहरू औंसी लक्षित गरी मिठाइ र फलफूल बिक्री नगरिदिनुहुन तथा **देवाली पूजाको लागि खसी/बोका बिक्री वितरण नगरिदिनुहुन** यो सूचना प्रकाशित गरिएको छ।

यस प्रतिकूल परिस्थितिमा सबै नगरवासीहरूबाट विगतमा झैं निरन्तर सहयोग र समर्थनको अपेक्षा गरिन्छ।

# भक्तपुर जिल्ला विपद् व्यवस्थापन केन्द्रका निर्णयहरू

## कोभिड १९ को प्रतिरोधको तयारी सन्तोषजनक

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको अध्यक्षतामा जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठक वैशाख ३ गते बस्यो ।



बैठकमा नेपाल सरकारले जारी गरेको लकडाउन व्यवस्थापन गर्न गृह मन्त्रालयबाट प्राप्त भएको निर्देशन एवम् परिपत्रहरूको बारेमा जानकारीका साथै छलफल भयो ।

बैठकले भक्तपुर जिल्लामा कोभिड १९ को प्रतिरोधका लागि हालसम्म भएको स्वास्थ्य तयारी सन्तोषजनक रहेको र स्वास्थ्य उपचारको लागि आवश्यक उपकरण एवम् औषधिको व्यवस्थापन एवम् तयारी स्थानीय तहहरूले अझ सशक्त रूपमा गर्ने निर्णय गऱ्यो ।

बैठकले अति विपन्न नागरिकको लागि राहत वितरणको कार्य सम्बन्धित वडाहरूबाट एकद्वार प्रणालीबाट मात्र व्यवस्थापन गर्ने निर्णय गऱ्यो । बिस्केट जात्राको बाँकी कार्यक्रमलाई भीडभाडरहित तरिकाले व्यवस्थापन गर्ने, जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारणको व्यवस्थापन सुरक्षा निकायले गर्ने र सोको लागि आवश्यक स्रोतसाधन स्थानीले तहले समेत उपलब्ध गराउने र अनावश्यक रूपमा जम्मा भएको भीड नियन्त्रण र बजार व्यवस्थापन गर्न सुरक्षा निकायले स्थानीय तहसँग समन्वय गरी अझ कडाइ गर्दै लाने निर्णय बैठकले गरेको छ ।

बैठकले मध्यपुर थिमि नपाबाट सञ्चालित नेपाल कोरिया मैत्री अस्पतालमा तयार गरिएको पीसीआर मेसिनबाट कोभिड १९ परीक्षण गर्ने स्वीकृतिको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा अनुरोध गर्ने र भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइनस्थलमा विभिन्न देशबाट नेपाल आएका १६ जनाको व्यवस्थापन र खानपानमा भएको एकमुष्ठ खर्चको बील भुक्तानीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गऱ्यो ।

बैठकमा जिल्लाका नगरपालिकाका प्रमुखहरूले हालसम्म गर्दै आएको कार्यकोबारे स्पष्ट पार्नुभयो भने सुरक्षा निकाय प्रमुखहरूले कोरोनासँग सम्बन्धित भएर गरेका कामहरूको बारे बैठकमा प्रस्ट पार्नुभयो । बैठकमा भक्तपुर नपाका चारवटै नगरपालिकाका नगर प्रमुखहरूलाई आमन्त्रण गरिएको थियो ।

# भक्तपुर नपाद्वारा कोरोना रोकथामका लागि स्वयंसेवक परिचालन

भक्तपुर नपाद्वारा कोरोना रोकथामका लागि स्वयम्सेवक परिचालन गरेको छ ।

नेपाल सरकारले कोभिड-१९ (कोरोना भाइरस) को सङ्क्रमणबाट बच्न देशभरि गरिएको लकडाउनलाई प्रभावकारी बनाउन भक्तपुर नगरपालिकाबाट मिति २०७७ वैशाख ४ गतेदेखि वडा-वडामा स्वयंसेवक परिचालन गरेपश्चात भक्तपुर नगरक्षेत्रमा लकडाउन थप प्रभावकारी भएको छ ।

भक्तपुर नगरपालिकाले वडा-वडाबाट स्वयम्सेवक परिचालन गरी कोरोना सङ्क्रमणबारे जनचेतना अभिवृद्धि गर्दै टोल टोलमा डिसइन्फेक्सन स्प्रे छर्ने कार्यहरू गर्दै आइरहेका छन् ।



*भक्तपुर नपाबाट परिचालित स्वयंसेवकहरू*

# लकडाउनको समयमा अनावश्यक घरबाट बाहिर ननिस्कन भक्तपुर नपाको अनुरोध

विश्वव्यापी महामारीको रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड १९) रोगको सङ्क्रमण रोकथाम तथा न्युनीकरणको लागि नेपाल सरकारले देशव्यापी लकडाउन घोषणा गरेको समयावधिमा अनावश्यक कार्यमा घरबाट बाहिर ननिस्कन भक्तपुर नपाले सबैलाई अनुरोध गरिरहेको छ ।

मन्दिर, मस्जिद, चर्च, बहाबहीलगायत धार्मिक स्थलहरूमा पूजा प्रार्थना गर्ने वा मर्निङ वाक, योग र शारीरिक व्यायामको नाउँमा असुरक्षित रूपमा घरबाट बाहिर आउने, तरकारी वा खाद्यान्न किनमेलको नाममा भीडभाड गर्ने कार्यलाई निरुत्साहित गर्ने कार्यमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय अगुवाहरू समेत परिचालित भइरहेका छन् । नगर कार्यपालिकाको चैत १७ गते बसेको बैठकको निर्णयअनुसार नगरका सबै वडामा वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको अध्यक्षतामा समन्वय समिति गठन भइसकेको र सोही समितिको अगुवाइमा स्थानीय जनतालाई कोरोना भाइरस रोगबाट जोगिने उपायबारे घरघरमै जानकारी दिने कार्य भइरहेको छ ।


यसै क्रममा नगरपालिकाले चैत १८ गते मंगलबारदेखि वडा कार्यालयमार्फत अत्यावश्यक अवस्थामा मात्रै एक घरबाट एकजना मात्र घर बाहिर निस्कन अनुमति पत्र वितरण थालेको नगर प्रमुख सुनिल प्रजापतिले बताउनुभयो । समय परिस्थिति सामान्य नभएको अवस्थामा बजार, मन्दिर, पाटी वा सार्वजनिक स्थलमा मानिसको भीड जम्मा नगराउने उद्देश्यले अनुमति पत्र वितरण गरिएको उहाँको भनाइ दियो । अत्यावश्यक अवस्थामा घर बाहिर निस्कँदा अनिवार्य रूपमा अनुमति देखाउनुपर्ने र एक घरबाट एकपटकमा एकजना मात्र बाहिर निस्कन पाइने अन्यथा प्रहरी प्रशासनबाट कडा कारबाही गरिने उहाँले जानकारी दिनुभयो ।

अनुमति पत्रको दुरूपयोग नगर्न सम्पूर्ण जनतामा आग्रह गर्दै प्रमुख प्रजापतिले अनुमति पत्र बोकी अनावश्यक रूपमा बाहिर निस्केमा समेत कारबाही गरिने प्रष्ट पार्नुभयो । उहाँले नगरवासीहरूको सहजताको लागि मात्र अनुमति पत्र वितरण गरिएको उल्लेख गर्नुभयो ।

नगरका प्रायः वडाहरूमा वडा समन्वय समिति र स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन गरी अनुमति पत्र वितरण गर्न सुरु गरिएको वडाध्यक्ष रबिन्द्र ज्याख्वले बताउनुभयो ।

साथीहरूले घरघरमै गएर अनुमति पत्र विरतण गरिरहनुभएको छ र यस क्रममा रोगको सङ्क्रमण र बच्ने उपायबारे घरधनीहरूलाई सचेतना दिइरहनु भएको छ, उहाँले भन्नुभयो । मंगलबार वितरण गर्न नसकिएका केही स्थान र वडामा बुधबार वितरण गरिएको थियो ।

प्रहरी प्रशासनसँगको समन्वयमा अनुमति पत्र वितरण भइरहेको हुँदा बुधबारदेखि अनुमति पत्र नलिई बाहिर निस्कनेलाई प्रहरीले कारबाही गरिने उल्लेख गर्दै वडाध्यक्ष ज्याख्वले अनावश्यक रूपमा घर बाहिर नआउन र भीड जम्मा नहुन सबैमा अनुरोध गर्नुभयो ।




भक्तपुर नपाबाट जारी गरिएको अनुमतिपत्र

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं । शारीरिक दूरी कायम गरौं ।**

# लकडाउनमा दैनिक उपभोग्य सामग्रीहरूको सहज आपूर्तिबारे बैठक

नेपाल सरकारले देशव्यापी लकडाउन घोषणा गरेको समयमा दैनिक उपभोग्य तथा अत्यावश्यक सामग्रीहरूको सहज आपूर्तिको विषयमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा चैत १९ गते जनप्रतिनिधि एवं भक्तपुर उद्योग वाणिज्य संघका पदाधिकारीहरूको बैठक भयो ।

बैठकमा नगर प्रमुख सुनिल प्रजापतिले लकडाउनको समयमा सर्वसाधारण जनतालाई कुनै अप्ठेरो अवस्था सिर्जना हुन नदिन नगरपालिकाले आवश्यक प्रबन्ध मिलाइरहेको जानकारी दिनुभयो ।

कोरोना भाइरस रोगको विषयमा जनतालाई सचेत पार्न नगरपालिकाले माइकिङ तथा पर्चा वितरण गरिरहेको, प्रत्येक वडामा विपद् व्यवस्थापन समन्वय समितिमार्फत् जनप्रतिनिधि र स्वास्थ्य स्वयंसेविकाहरू परिचालित भई घरघरमा सचेतना जगाउने कार्य भइरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले विहान र बेलुकीको समयमा मन्दिर, मस्जिद, चर्च, बहाबहीमा पूजा प्रार्थना गर्न जाने, मर्निङ वाक गर्ने वा तरकारी किन्ने नाउँमा मानिसहरूको भीड देखिएकोप्रति संवेदनशील भई नगरपालिकाले अत्यावश्यक कार्यका लागि मात्र एक घरबाट एक जना मात्र घरबाहिर निस्कन अनुमति पत्र वितरण गरेको तथा तरकारी बजारलाई प्रत्येक वडाका अनुकूल स्थानहरूमा व्यवस्थापन गरिएको प्रष्ट पार्नुभयो ।

लकडाउनको समयमा कालाबजारी, मूल्यवृद्धि तथा कृत्रिम अभाव हुनसक्नेतर्फ सचेत रहनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले व्यापारी व्यवसायीहरूमार्फत् बजारमा जनताका दैनिक उपभोग्य तथा अत्यावश्यक सामग्रीको सहज आपूर्तिको व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।

बैठकमा संघका प्रतिनिधिहरूले विपद्को बेला सर्वसाधारण जनतालाई सुविधा दिन नगरपालिकाको अभिभाकत्वमा संघमार्फत व्यापारी व्यवसायीहरू अघि बढ्न तयार भएको बताउनुभयो ।



उद्योग वाणिज्य संघका पदाधिकारीहरूसँगको बैठक

उहाँहरूले खाद्यान्न पसलहरूको सहज रूपमा खोल्न तथा अत्यावश्क सामग्री ढुवानीलाई सुविधा प्रदान गर्न आवश्यक व्यवस्थाको लागि नगरपालिकामा अनुरोध गर्नुभयो ।

भक्तपुरवासीहरूका लागि दैनिक उपभोग्य सामग्री तथा खाना पकाउने ग्यासको समस्या नरहेको चर्चा गर्दै उहाँहरूले नगरपालिकाले उद्योग वाणिज्य संघ एवं जिल्ला प्रशासन कार्यालयबीच समन्वय गरेर उपभोक्तासम्म सहज रूपमा पुऱ्याउन सकिने विश्वास व्यक्त गर्नुभयो ।

# भक्तपुर नपाद्वारा एसईईका विद्यार्थीलक्षित भर्चुअल कक्षा प्रसारण

भक्तपुर नगरपालिकाद्वारा कक्षा १० का एसईईका विद्यार्थीलक्षित भर्चुअल कक्षा प्रसारण गर्ने निर्णय गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगर शिक्षा समितिको बैठकले कोरोना सङ्क्रमणका कारण नेपाल सरकारले गरेको लकडाउनको समयलाई सदुपयोग गर्न भक्तपुर नगरपालिकाको प्रायोजनमा एसईई लक्षित भर्चुअल कक्षा **भादगाउँ टिभी**मार्फत प्रसारण गर्ने निर्णय गरेको छ । बैठकले कक्षा प्रसारणको लागि आवश्यक व्यवस्था गर्न नगर शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गऱ्यो । एसईई परीक्षाको लागि अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक आदि सबै अनिवार्य विषयको कक्षा सञ्चालन हुनेछ ।

उक्त भर्चुअल कक्षा वैशाख ३ गतेदेखि **साँझ ५ बजेदेखि ८ बजे**सम्म प्रसारण गरिएको छ । यो कक्षा प्रभावकारी भएको प्रतिक्रिया विभिन्न पधानाध्यापकहरूले दिएका छन् । यो प्रसारण **युट्युबमा पनि उपलब्ध** छ ।

त्यस्तै भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजले प्राकृतिक स्रोत व्यवस्थापन तथा नक्साङ्कन कार्यको लागि महत्त्वपूर्ण GIS/ Remote Sensing को ज्ञान दिन अनलाइन कोर्स चैत ३० गतेदेखि सञ्चालन गरिरहेको छ । यस कोर्समा अन्य कलेजका विद्यार्थीहरू पनि सहभागी भएका छन् ।

# प्रमुख प्रजापति र भक्तपुर घरेलु तथा साना उद्योग संघका प्रतिनिधिबीच छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरूबीच चैत २० गते नगरपालिकाको सभाकक्षमा लकडाउनको समयमा खाद्यान्न आपूर्ति व्यवस्थापनबारे बैठक बस्यो।



बैठकमा नगर प्रमुख प्रजापतिले लकडाउनको समयमा खाद्यान्नलगायत दैनिक उपभोगका वस्तुको अभाव हुन नदिन नगरपालिकाले विभिन्न सरोकारवाला निकायहरूसँगको छलफललाई अगाडि बढाइरहेको बताउनुभयो।

कोरोना भाइरस सङ्क्रमणका कारण नेपाल सरकारले गरेको लकडाउनको समयमा घरभित्रै बसेर सिर्जनशील काम र उत्पादनहरू गर्न सकिने बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालमा अहिले डेङ्गुको पनि प्रकोप रहेको हुँदा आवश्यक सतर्कता अपनाउनुपर्ने बताउनुभयो।

लकडाउनको समयमा घरमै बसेर गर्न सकिने तालिमहरू अहिलेको समयमा निकै उपयोगी हुने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाभित्र अवस्थित घरेलु तथा साना उद्योगहरूलाई व्यवस्थित सञ्चालनको लागि आवश्यक छलफलहरू चलिरहेको छ भन्नुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले लकडाउनको समयमा दैनिक ज्यालादारी काम गर्ने श्रमिकहरूलाई राहत वितरण स्थानीय सरकारले जनप्रतिनिधिको प्रत्यक्ष संलग्नताबाट एकद्वार प्रणालीबाट हुने प्रष्ट पार्नुहुँदै संकटसँग जुध्न सिङ्गो देश एकजुट हुनु आवश्यक भएको बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग संघका अध्यक्ष वीरेन्द्र जतिले कोभिड १९ को उच्च जोखिममा नेपाल पनि रहेको हुँदा लकडाउनको समयमा बढ्दो खाद्यान्नको मागले उत्पन्न हुनसक्ने कालोबजारीलाई निरुत्साहित गर्नुपर्ने र नगरपालिकाले सञ्चालन गर्ने हरेक गतिविधिमा सहकार्य गर्न भक्तपुर घरेलु तथा साना उद्योग संघ तत्पर रहेको बताउनुभयो। लघु घरेलु तथा साना उद्योगबाट उत्पादित ताइचिन चिउरा, लोकल चामल, विभिन्न मसला, दाल, तोरी, घ्यु इत्यादिलाई खाद्यान्न सहज आपूर्ति र संघसँग आबद्ध उद्योग निर्बाध रूपमा सञ्चालन गर्न नगरपालिका तर्फबाट आवश्यक सहयोग हुनेमा विश्वास व्यक्त गर्नुभयो।


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी–२, भक्तपुर

## विपद् व्यवस्थापन कोषमा सहयोगसम्बन्धी सूचना

हाल संसारभरि तीव्ररूपमा फैलिरहेको नोवेल कोरोना भाइरस कोभिड–१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण, उपचारलगायतको व्यवस्थापन र नेपाल सरकारले उक्त सङ्क्रमणको जोखिमबाट जोगाउन मिति २०७६ चैत ११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउनका कारण दैनिक जीवनयापनमा कठिनाइ भएकादैनिक ज्यालादारीमा काम गर्ने मजदुर, अति विपन्न तथा असहायहरूलाई राहत तथा आवश्यक सहयोग नगरपालिकाले **एकद्वार प्रणालीबाट गर्ने व्यवस्था** मिलाइएको हुँदा यस नगर पालिकाले खडा गरेको **विपद् व्यवस्थापन कोष**मा सहयोग गर्न चाहने इच्छुक व्यक्ति, सङ्घ, संस्थाहरूले **नेपाल बैंक लिमिटेड**, कमलविनायक भक्तपुर शाखाको **खातानं. ०१९००१०६६३७८५८००००01** मा रकम जम्मा गर्नुहुन र जिन्सी सहयोग गर्नुहुनेहरूले यस नगरपालिकाको कार्यालयमा उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

साथै सबै **दाताहरूको नामावली** यस नगरपालिकाको वेब साइट र फेसबुक पेजबाट सार्वजनिक गरिरहेको व्यहोरासमेत अनुरोध गरिन्छ।

भक्तपुर नगरपालिका

# प्रमुख प्रजापतिद्वारा खुद्रा व्यापारीहरूलाई खाद्यान्न पसल खुल्ला राख्न निर्देशन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका खुद्रा व्यापारीहरूलाई खाद्यान्न पसलहरू खुला राख्न निर्देशन दिनुभयो ।

कोरोना भाइरस सङ्क्रमणका कारण नेपाल सरकारले गरेको लकडाउनको समयमा खाद्यान्न र अतिआवश्यक वस्तुहरूको सहज आपूर्तिको लागि नगर प्रमुख प्रजापतिको संयोजकत्वमा



खुद्रा व्यापारीहरूसँगको बैठक

भक्तपुर जिल्ला खुद्रा व्यापार संघका पदाधिकारीहरूसँग चैत २० गते छलफल भयो । उक्त कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका खुद्रा व्यापारहरूलाई व्यवस्थित सञ्चालनको लागि नगरपालिका आवश्यक छलफलमा जुटिरहेको बताउनुभयो ।

नगरपालिकाले अतिआवश्यक कार्यको लागि मात्र प्रत्येक घरमा एकजनालाई पास घर बाहिर निस्कन अनुमति पत्र वितरण गरेको स्पष्ट पार्नुहुँदै लकडाउन पूर्ण रूपमा परिपालन गर्न नगरवासीको स्वयम्को अनुशासनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

ज्येष्ठ नागरिकहरूमा कोरोना सङ्क्रमणको खतरा बढी हुने भएको हुँदा मन्दिर, पाटी, मस्जिद, चर्च आदिमा पूजा र अनावश्यक भीड नियन्त्रण गर्न नगरपालिकाले अनुरोध गरिरहेको बताउनुहुँदै खाद्यान्न पसलहरूको व्यवस्थित सञ्चालनले कालोबजारीमा नियन्त्रण हुने र जनजीवन पनि सहज हुने बताउनुभयो ।

छलफलमा संघका प्रतिनिधिहरूले खाद्यान्न पसल सञ्चालन र दैनिक उपभोग्य वस्तु जस्तै ग्यास सिलिन्डर वितरणको लागि व्यापारीहरूको लागि पनि छुट्टै पासको व्यवस्था गर्नुपर्ने बताउनुहुँदै सङ्कटको बेला आवश्यक सुरक्षा अपनाएर भए पनि पसल सञ्चालन गर्न आफूहरू तत्पर रहेको बताउनुभयो । बिहानको समयमा लकडाउनको पालना नभएको देखिएको बताउँदै उहाँहरूले तरकारीलगायतका सामान किन्ने निहुँमा धेरै मानिसहरू घर बाहिर हिंड्ने प्रवृत्ति अझै बाँकी रहेको हुँदा लकडाउनलाई कडाइका साथ लागु गर्नु आवश्यक भएको बताउनुभयो ।

# भनपा प्रमुख प्रजापतिद्वारा छिपा ताँ ढलान निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं ७ स्थित छिपा ताँ (हनुमानघाट पुल) ढलानको वैशाख ८ गते निरीक्षण गर्नुभयो ।

स्थानीय उपभोक्ता समितिमार्फत् २ करोड २८ लाख ३ सय त्रियानब्बे रूपैयाँ लागत इष्टिमेटमा उक्त पुलको निर्माण कार्य भएको हो । बन्दाबन्दी (लकडाउन) का कारण केही समय रोकिएको पुनःनिर्माण कार्य पुनः शुरु भएको छ । वर्षातको कारण बाढी आएमा पुल ढलानको लागि राखिएको फर्मा बगाउन सक्ने सम्भावनालाई ध्यानमा राखी उक्त कार्य शुरु गरिएको उपभोक्ता समितिले जनाएको छ ।

विश्वब्यापी महामारीको कारण देशभर सयौं योजनाहरू अलपत्र अवस्थामा छन् । देशको स्थितिलाई ध्यानमा



राखी महत्त्वपूर्ण योजनाहरू सरकारले क्रमशः सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने जनताको मत रहेको देखिन्छ ।

# सहकारीले सदस्यहरूलाई कोरोनाबारे घर–घरमा सन्देश पुऱ्याउन आग्रह

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लकडाउनको बेलामा जनतालाई आपूर्तिमा समस्या नपर्ने गरी आ–आफ्नो क्षेत्रबाट सहयोगको व्यवस्था गर्नेक्रममा चैत २० गते जिल्ला सहकारी संघका प्रतिनिधिहरूसँग नगरपालिकामा बैठक भयो ।

प्रमुख प्रजापतिले भक्तपुरमा १५६ वटा सहकारीमा झण्डै १ लाख सदस्यहरू रहेको उल्लेख गर्नुहुँदै कोरोना भाइरसको सम्भावित जोखिमबारे सबै सदस्यहरूलाई घर–घरमा सन्देश पुऱ्याई अति आवश्यक बेलाबाहेक घरबाट ननिस्कने स्व–अनुशासन कायम गर्ने तर्फ लाग्न ध्यान दिन जोड दिनुभयो ।

उहाँले नागरिकलाई अनुशासित बनाउने हामीहरूको साझा जिम्मेवारी भएको हुँदा सबै मिलेर कोरोना भाइरसको सङ्क्रमणबाट समाजलाई जोगाउन लाग्नुपर्ने बताउनुभयो ।

जतिसुकै लामो लकडाउन भएपनि जनतालाई अलिकति पनि आपूर्तिमा समस्या आउन नदिई सबै संस्थाहरूसँग समन्वय गरी भक्तपुर नपा अगाडि बढ्ने छ – उहाँले भन्नुभयो ।

जिल्ला बचत संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुले



जिल्ला सहकारी संघका प्रतिनिधिहरूसँगको बैठक

आफ्ना सम्पूर्ण सदस्यहरूलाई घर–घरमा सन्देश पुऱ्याउने र समस्यामा परेकाहरूलाई केही रकमको व्यवस्था गर्दै आएको स्पष्ट पार्नुभयो ।

खाद्यान्नलगायका अति आवश्यक वस्तु आपूर्ति गर्ने खुद्रा व्यापार संघ र भक्तपुर घरेलु तथा साना उद्योग संघ तयार रहेको संघका प्रतिनिधिहरूले बताउनुभयो ।

## जनस्वास्थ्य सेवा केन्द्रमा

# कोरोना भाइरस परीक्षण सुरु

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रमा वैशाख ८ गतेदेखि कोरोना भाइरस रोगको परीक्षण आरडीटी (RDT-Rapid Diagnostic Test) सुरु भएको छ ।



कोरोनाको आरडीटी विधिबाट परीक्षणको लागि रगतको नमुना लिइदै

संसारभर फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै विदेशबाट फर्किएका व्यक्ति र सम्भावित व्यक्तिहरूको कोरोना भाइरस परीक्षण अभियानस्वरूप भक्तपुर नगरमा आरटीडी टेस्ट सुरु गरेको हो ।

बिहान ११ बजे भक्तपुर नपा वडा नं. १० कमलविनायक सरस्वती विद्यागृहबाट सो परीक्षणको अभियान सुरु भएको र ९ जनाको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ (Negative) आएको छ ।

यसैगरी वैशाख ९ गते दिनको ११ बजेदेखि २ बजेसम्म भक्तपुर नपा वडा नं. ४ तालाक्व, वडा नं. ५ भगवतीस्थान र वडा नं. ९ इन्जिनियरिङ कलेज प्राङ्गणमा चैत्र १ गतेपछि विदेशबाट भक्तपुर आएका व्यक्तिहरूको परीक्षण हुने जानकारी जनस्वास्थ्य केन्द्रले दिएको छ ।

गत चैत्र १ गतेदेखि विभिन्न देशबाट नेपाल फर्केका भक्तपुर नगरवासीहरूलाई आरडीटी परीक्षण निम्ति सम्बन्धित वडा कार्यालयमा सम्पर्कको निम्ति भक्तपुर नपाले अनुरोध गरेको छ ।

# खाद्यान्न आपूर्ति र राहत वितरणमा एकरूपता ल्याउनु आवश्यक : मन्त्री त्रिपाठी

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीको अध्यक्षतामा विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) को पूर्वतयारी तथा प्रतिकार्यमा स्थानीय तहहरूबाट प्रभावकारी भूमिका निर्वाह गर्ने सन्दर्भमा काठमाडौं उपत्यकाका प्रमुखहरूसँगको बैठक चैत १८ गते बस्यो। लकडाउनको समयमा खाद्यान्न आपूर्ति र राहत वितरणमा एकरूपता आउने गरी उपत्यकाका सम्पूर्ण स्थानीय तहहरूले कार्यविधि बनाउन निर्देशन दिनुहुँदै मन्त्री त्रिपाठीले दैनिक



मन्त्रालयमा भएको बैठक

ज्यालादारी गर्ने र गाँस–बासको समस्या हुने वास्तविक पीडितलाई लक्षित गरी राहत वितरणलाई प्रभावकारी रूपमा कार्यान्वयनको लागि आग्रह गर्नुभयो।

उहाँले कोरोना सम्बन्धी छुट्टै कोष खडा गर्नु आवश्यक रहेको औंल्याउनुहुँदै स्वास्थ्यकर्मी, सफाइ मजदुरलगायत आकस्मिक सेवाहरूमा कार्य गर्नेहरूलाई व्यक्तिगत सुरक्षा सामग्रीहरू प्रदान गर्न आह्वान गर्नुभयो।

बैठकमा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर कार्यपालिकाको बैठकले कोरोना नियन्त्रणबारे केही महत्त्वपूर्ण निर्णयहरू गरिसकेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले प्रत्येक वडामा अलग अलग तरकारी बजारको व्यवस्थापन गरेको र दिनहुँ माइकिङ मार्फत् कोरोनाबारे सचेतनाको लागि माइकिङ गर्दै आइरहेको बताउनुभयो। भक्तपुर नपाले ज्याला मजदुरी गर्नेहरूको लगत संकलन गरिरहेको अवगत गराउनुहुँदै विदेशबाट फर्केका नेपालीहरूको सुरक्षाको निम्ति सरकारले सुरक्षित क्वारेन्टाइनको बन्दोबस्त गर्नु उपयुक्त हुने उहाँले बताउनुभयो।

नजिकिँदै गरेको भक्तपुरको बिस्का जात्रालाई औपचारिक पूजाआजामै सीमित गर्ने निर्णय गरिसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले मन्दिर तथा पाटीहरूमा हुने दाफा भजन रोक्ने प्रयास नगरपालिकाले गरिरहेको बताउनुभयो।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले कोरोनाको सम्भावित जोखिम नियन्त्रणको लागि काठमाडौं महानपाले १० करोडको राहत कोष स्थापना गरेको बताउनुहुँदै काठमाडौं उपत्यकाका स्थानीय तहहरूले उपलब्ध गराउने राहत समान ढङ्गको हुनुपर्नेमा जोड दिनुभयो। काठमाडौंमा फोहोर संकलन र तरकारी बजार व्यवस्थापन निकै चुनौतीपूर्ण भइरहेको अवगत गराउनुहुँदै प्रमुख शाक्यले उपत्यकामा खानेपानीको अभाव पूर्ति गर्न ट्याङ्करमार्फत् वितरण गरिनुपर्ने बताउनुभयो।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले कोरोना भाइरस सङ्क्रमणबाट बच्न सरकारले गरेको लकडाउनका कारण दैनिक ज्यालादारीमा काम गर्ने, पाटी र मन्दिरमा सुत्ने व्यक्तिहरूको लागि खानाको बन्दोबस्त गरेको बताउनुहुँदै ललितपुर महानपामा लकडाउनको पूर्ण रूपमा परिपालन भइरहेको छ भन्नुभयो।

बैठकमा मध्यपुर थिमी नपाका प्रमुख मदनसुन्दर श्रेष्ठले मध्यपुर नपाले कोरोना नियन्त्रणबारे गरेका निर्णयहरूबारे अवगत गराउनुहुँदै चियापसल, भट्टी र रेष्टुरेन्ट सञ्चालन बन्द गर्न कडाइका साथ निर्देशन दिएको बताउनुभयो।

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं। शारीरिक दूरी कायम गरौं।**

# भक्तपुरको ऐतिहासिक बिस्का जात्रा सामान्य पूजामै सीमित गरिने

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस सङ्क्रमणलाई दृष्टिगत गर्दै भक्तपुर नगरपालिकाले यस वर्षको बिस्का जात्रालाई औपचारिकतामा सीमित गर्ने सम्बन्धमा चैत २६ गते बिस्का जात्रासँग सम्बन्धित सरोकारवालाहरूको बैठक बस्यो ।



बिस्का जात्रा सामान्य पूजाआजामै सीमित गर्ने निर्णय गरिएको बैठक

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोरोना भाइरसबाट विश्वमा १४ लाखभन्दा बढीमा सङ्क्रमण र ८२ हजार जनाभन्दा बढीको ज्यान गएको अवस्थामा जात्राको समयमा हुने सम्भावित जोखिमबाट बच्न सबैजना घरभित्रै सुरक्षित बस्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नगर प्रमुख प्रजापतिको अध्यक्षतामा बसेको उक्त बैठकले नेपाल सरकारले कोरोना भाइरसको सम्भावित जोखिमबाट जोगिनको निम्ति चैत ११ गतेदेखि २०७७ वैशाख ३ गतेसम्म कुनै पनि नागरिक अति आवश्यक काममा बाहेक घरबाट ननिस्कन 'लकडाउन' घोषणा गरेको र यस वर्षको बिस्का जात्रा पनि लकडाउनकै अवधिमा परेको हुँदा जात्रालाई औपचारिक पूजाआजामै सीमित गर्ने निर्णय गरेको छ ।

जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखी यस अघि २०७६ चैत्र १० गते बसेको बिस्का जात्रा सञ्चालन कार्यदल २०७६ को बैठकले परम्परादेखि चलिआएको बिस्का जात्रालाई औपचारिक पूजाआजामा मात्रै सीमित गर्ने गरेको निर्णयलाई बैठकले उपयुक्त ठहर गर्दै बिस्का जात्रासँग सरोकार राख्ने जिम्मेवार पदाधिकारीहरूको बैठकले भैरवनाथ जात्रा, लिङ्गो उभ्याउने, टोल टोलमा हुने ब्रम्हायणी, माहेश्वरी, इन्द्रायणी, छुमा गणेश, बाराही जात्रालगायतका सम्पूर्ण जात्राहरू देवतालाई बाहिर ननिकाली देवता घर (द्योछेँ) मै सामान्य पूजा-आजामा मात्रै सीमित राख्ने निर्णय गरेको छ ।

बैठकमा प्रजिअ हुमकला पाण्डे, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधान, वडाध्यक्षहरू राजकृष्ण गोरा, कुमार चवाल, वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, भनपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्याल, गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्य र जात्रासँग सम्बन्धित भैरवनाथ जात्रा सहयोग समिति, ब्रम्हायणी जात्रा, बाराही जात्रा, छुमा गणेश जात्रा, महाकाली जात्रा, याछेँ गणेश जात्रा, (लालाछे) गणेश जात्रा, इन्द्रायणी भजन, जेठा गणेश गुठीलगायतका गुठी नाइके तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । बैठकमा उपस्थित विभिन्न गुठी नाइके तथा प्रतिनिधिहरूले बिस्का जात्रालाई हुल नहुने गरी औपचारिक पूजाआजामा मात्र सीमित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो थियो ।



जनस्वास्थ्य सेवा केन्द्र, व्याम्हासिंहमा स्थापना गरिएको कोरोना टेष्टिङ्ग बुथ(Corona Testing Booth)

# बिस्का पूजामा सीमित, सबै जात्रा स्थगित

हरेक वर्षको चैत २७ गतेदेखि वैशाख ५ गतेसम्म मनाइने बिस्का जात्रा कोरोना भाइरस सङ्क्रमणको जोखिमबाट बच्न र यसको नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण पूजाआजा गरी सम्पन्न भएकोछ ।

प्रत्येक वर्ष चैत्र मसान्तको दिन भक्तपुर नपा वडा नं. ४ तालाक्वमा उठाइने हात नभएको लिंगो (ल्योसिं) को जात्रा पनि यस वर्ष स्थगित भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न बिस्का जात्रा सम्बन्धी सरोकारवालाहरूको बैठकमा सो जात्रा स्थगनबारे अवगत गराउनुहुँदै एकीकृत हाकुज्या प्रजापति समाजका अध्यक्ष रामबहादुर प्रजापतिले बिस्का जात्राअन्तर्गतको हात नभएको लिंगो उठाउने जात्रा स्थगन भएको जानकारी दिनुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिलाई एकीकृत हाकुज्या प्रजापति समाजका गुथियार सम्मिलित बैठकले गरेको निर्णयसहितको पत्र हस्तान्तरण गर्नुहुँदै गुथि नाइके प्रजापतिले २०७६–७७ सालको लिंगो (ल्योसिं) उठाउने जात्रालाई द्यो छेँमा राखेर पूजापाठमात्र गरी सम्पन्न गर्ने निर्णय बैठकले गरेको बताउनुभयो । कोरोना भाइरसको सम्भावित जोखिमबाट बच्न सो जात्रा मुख्य नाइकेहरूको उपस्थितिमा सामान्य तरिकाले सम्पन्न गर्ने निर्णय गरेको उहाँले अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकामा २०७६ चैत्र १० गते बसेको बिस्का जात्रा सञ्चालन कार्यदलले संसारभर फैलिंदै गएको कोरोनाको सम्भावित जोखिमलाई ध्यानमा राखेर बिस्का जात्रा सामान्य पूजाआजामा सीमित राख्ने निर्णय गरेको थियो । जनताको स्वास्थ्यलाई ध्यानमा राखेर जात्रा स्थगित गरेकोमा नगर प्रमुख प्रजापतिले एकीकृत हाकुज्या प्रजापतिसमाजका नाइकेलगायत सम्पूर्ण गुथियारहरूलाई धन्यवाद दिनुभयो ।



ल्हामरु ल्योसिंद्योको पूजा गरेर जात्रा सम्पन्न गरिन्दै

भक्तपुरमा नौ दिन आठ रात मनाइने बिस्का जात्रा अन्तरगतका द्यो क्वहं बिज्याइगु, ल्योसिं थानेगु, ल्योसिं कोथयुगु, भैल खः ल्वाकेगु, बाराही र इन्द्रायणीको तिप्वा जात्रा, ब्रम्हायणी र माहेश्वरी जात्रा, महाकाली र महालक्ष्मी जात्रा, द्यो स्वगं बियगु, छुमा गणेश जात्रा, द्यो थाहां बिज्याइगु जात्रालगायत टोलटोलमा हुने सम्पूर्ण जात्राहरुसंग सम्बन्ति देवीदेवतालाई द्योछेँमै सम्बन्धिता गुथियारहरुले सामान्य पूजआजा गरी जात्राहरु स्थगित भएका छन् ।

मध्यपुर थिमिकालगायतका बिस्का पनि सामान्य पूजाआजामा सीमित गरी जात्राहरु स्थगित भएका छन् ।

मानिसहरु धेरै भेला हुने देशका अन्य जात्रा र पर्वहरु पनि स्थगित भएका छन् ।

# करिब छ हजार कृषकलाई निःशुल्क धानको बीऊ वितरण

भक्तपुर नगरपालिकाले नगरका ५ हजार ९ सय ९ जना कृषक परिवारलाई वैशाख १२ गते खुमल–११ ताइचीन जातको धानको बीउ निःशुल्क वितरण गऱ्यो ।

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवेल



कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले गरेको देशव्यापी लकडाउनलाई ध्यानमा राखी भक्तपुर नपाले नगरका सबै वडाहरूमार्फत विगतका वर्षहरूमा झैं प्रतिपरिवारलाई २ केजी ५०० ग्राम (१ पाथी) धान निःशुल्क वितरण गरेको हो ।

भक्तपुर नगरपालिकाले वडा नं. १ मा ४६६, वडा नं. २ मा ८००, वडा नं. ३ मा ५५०, वडा नं. ४ मा ७३०, वडा नं. ५ मा ४३९, वडा नं. ६ मा ५७८, वडा नं. ७ मा ७००, वडा नं. ८ मा ५३८, वडा नं. ९ मा ७१६ र वडा नं. १० मा ३९२ परिवार गरी जम्मा ५,९०९ परिवारलाई खुमल–११ ताइचीन जातको धानको बीउ वितरण गरेको छ । भक्तपुर नगरपालिकाका विभिन्न वडाहरूले स्थानीय स्वयम्सेवक परिचालन गरी वडा कार्यालयबाट र घरदैलो गरी कृषक परिवारलाई धानको बीऊ वितरण गरेका हो ।

# भक्तपुर नगरपालिकाका सबै वडामा राहत वितरण

भक्तपुर नगरपालिकाकाले लकडाउनको कारण दैनिक ज्यालादारी, मजदुरी गरेर जीविकोपार्जन गर्ने र असहायहरूको लागि आवश्यक खाद्यान्न राहत वितरणको लागि २ हजार ६८८ परिवारको विवरण लगत सङ्कलन गरिएकोमा १० वटै वडामा सम्बन्धित वडाको पायक पर्ने ठाउँबाट चैत ३० गते राहत वितरण गर्‍यो।

नगरपालिकाले असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड, २०७६ पारित गरी २ जनाभन्दा बढी सङ्ख्या भएको परिवारलाई २० के.जी. चामल, १ के.जी. दाल, १ पाकेट नुन, १ लिटर खाने तेल, १ वटा साबुन र ३ के.जी. चिउरा तथा २ जनासम्मको परिवारलाई १० के.जी चामल, १ के.जी. दाल, १ पाकेट नुन, १/२ लिटर खाने तेल, १ वटा साबुन र ३ के.जी. चिउरा वितरण गरेको थियो।

राहत वितरणको क्रममा भनपा- १, ४, ५, ६ र ७ वडा कार्यालयहरूले घरदैलोमा गई राहत वितरण गरेको थियो भने २ नं. वडा कार्यालयले नगरपालिका परिसर, ३ नं. वडा कार्यालयले मेधा मा.वि., ८ नं. वडा कार्यालयले वडा कार्यालय परिसर तथा वडा नं. ९ ले दत्तात्रय आधारभूत विद्यालय र वागीश्वरी मा.वि., च्याम्हासिंह गरी २ स्थानमा र १० नं. वडा कार्यालयले ख्वप कलेज देकोचा र कमलविनायक भोजघरमा राहत वितरण गरेको थियो। कुल लाभग्राही २ हजार ६८८ मध्ये २ हजार २५२ परिवारले राहत प्राप्त गरेका थिए। राहत पाउनेहरू निम्नअनुसार छन् –

| | |
|---|---|
| वडा नं. १ मा | ३७१ जना, |
| वडा नं. २ मा | १९१ जना, |
| वडा नं. ३ मा | ७५ जना, |
| वडा नं. ४ मा | १८५ जना, |
| वडा नं. ५ मा | १३७ जना, |
| वडा नं. ६ मा | १२६ जना, |
| वडा नं. ७ मा | १५८ जना, |
| वडा नं. ८ मा | ३१५ जना, |
| वडा नं. ९ मा | १६७ जना, |
| वडा नं. १० मा | ४२७ जना। |

राहत वितरणको लागि नगरपालिकाले वडाध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गरेको थियो। समन्वय समितिमा स्वास्थ्य स्वयंसेवक, स्थानीय युवा र सामाजिक कार्यकर्ताहरू सदस्य रहेका छन्। राहत वितरणमा स्वयंसेवकहरूले अनुशासन पालना गरी १ मिटर दूरीलाई विशेष ध्यान दिएका थिए।

नगरपालिकाले राहत पाउनको लागि तोकिएको ढाँचामा फाराम भर्नुपर्ने व्यवस्था गरेको थियो। बैङ्क र सहकारीमा पैसा नभएको, परिवारमा मासिक तलब खाने कर्मचारी नभएको जस्ता पक्षलाई ध्यानमा राखी दैनिक ज्यालादारी गरी बस्ने लकडाउनको अवस्थामा काम नपाएर भोकै पर्ने परिवारलाई मात्रै वितरण गर्ने नीतिअनुसार राहत वितरण गरिएको थियो।

सरकारले घोषणा गरेको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउनेसम्बन्धी मार्गदर्शन २०७६ तयार गरिएको छ। उक्त मार्गदर्शनअनुसार अति विपन्न, दैनिक ज्यालादारी र असहाय नागरिकलाई राहत प्रदान गरिएको हो। अति विपन्नअन्तर्गत सहरी क्षेत्रको हकमा मौद्रिक आम्दानीको कुनै स्रोत नभएका परिवारलाई सङ्केत गरिएको छ। विगतदेखि विभिन्न असङ्गठित व्यवसाय वा सेवाप्रदायक क्षेत्रमा दैनिक ज्याला पाउने गरी मजदुरी गर्दै आएका व्यक्ति, दैनिक ज्यालादारी र अभिभावक नभएका, आर्थिक आयआर्जन गर्नसक्ने परिवारको सदस्य नभएका, अरुको सहयोग एवम् सहारामा बस्ने, अपाङ्गता भई कुनै आम्दानी गर्न नसक्ने, अभिभावक नभएका बालबालिका र परिवारमा ७५ वर्षभन्दा माथिका नागरिकलाई असहाय मानिएको छ।

राहत पाउने पीडित परिवारमा आफ्नो नातासम्बन्धबाहेक अन्य व्यक्तिको घरमा सरसफाइ वा भान्सामा काम गर्ने, कागज, फलाम, खाली बोटल सङ्कलन गर्ने, बजार क्षेत्रमा भरियाको काम गर्ने वा खाद्यान्न गोदाममा सामान ओसारपसार गर्ने श्रमिक, ठेलागाडा वा साइकलमा सामान बिक्री वितरण गर्ने, नाङ्ले/झोले पसल चलाउने, चोक चौराहामा बसी मकै पोलेर बेच्ने नागरिकहरू पनि परेका छन्।



भक्तपुर नपाबाट राहत वितरण गरिन्दै

राहत वितरण गर्न यसअघि तिनै असहाय, अति विपन्न र दैनिक ज्यालादारी परिवारको विवरण सङ्कलन गरिएको थियो। सङ्कलित फाराममा लक्षित परिवारका मुख्य व्यक्तिको नाम, परिवारका सदस्य सङ्ख्या, टोलबस्तीको नाम र घरमुलीको नागरिकता नम्बर संलग्न गरी फाराम भर्नुपर्छ। निर्देशिकामा राहतबापत नगद बाँड्न नपाइने व्यवस्था गरिएको छ। राहत वितरण सहज तुल्याउन टोल-टोलमा स्वयम्सेवकहरूको व्यवस्था गरिएको छ। राहत वितरणमा स्वयम्सेवकहरूको पहिचान गर्न मिल्ने पोशाकको व्यवस्था मिलाइएको छ। यदि कोही व्यक्तिले राहतका लागि योग्य नभएको अवस्थामा गलत विवरण पेश गरी राहत बुझिलिएको पाइएमा निजलाई प्रचलित कानुनबमोजिम सजाय हुने व्यवस्था पनि गरिएको छ।

**बजार अनुगमन**

# मासु पसल अनुगमन

भक्तपुर नगरपालिका पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा दत्तात्रय, च्याम्हासिंह, कमलविनायक र लान्चाफल्चामा **बैशाख ७ गते** मासु पसल अनुगमन भयो ।

कोरोना भइरस (कोभिड १९) महामारी फैलिरहेको र त्यसबाट बच्न लकडाउन घोषणा गरेको अवस्थामा मासु पसलेहरूले मनपरि मूल्य लिई कालो बजारी भएको, मासु महँगोमा बिक्री वितरण गरेको जन गुनासो आएपछि अनुगमनलाई तीव्र पारिएको छ ।

अनुगमन गरिएका अधिकाशं मासु पसल न्यूनतम मापदण्ड नपुगेको र महँगोमा बेचिएको पाइएकोले अधिकांश पसलबाट तराजु जफत गरिएको संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

अनुगमनमा सम्बन्धितलाई पसल दर्ता र नविकरण गर्न, ढक तराजु नापतौल विभागमा नविकरण गर्न साथै डिजिटल तराजु प्रयोग गर्न, माक्स, पञ्जा र सेतो एप्रोन प्रयोग गर्न, मूल्य सूची राख्न, कुखुराको मासु र राँगोको मासु फ्रिजमा छुट्टाछुट्टै राख्न, मासु झिंगा नभन्किने गरी जालीले छोप्न, पसलको सरसफाइमा ध्यान दिन सुझाव दिइएको छ ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा र लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका विष्णु थापा र पशु सेवा शाखा भक्तपुर, भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागीता थियो ।

त्यस्तै **बैशाख ९ गते** बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा जगातीका मासु पसलहरूको अनुगमन गरियो ।

अनुगमनको क्रममा एक पसलमा फ्रिजमा राखिराखेको बिग्रेको कुखुराको मासु १८ किलो ८१० ग्राम जफत गरी नष्ट गरियो भने अर्को एक खसी र कुखुराको मासु पसललाई एक हप्ताभित्र पसल दर्ता गर्न निर्देशन दिइयो । अनुगमनमा कुखुराको मासु किलोको रु.२५०।- देखि रु.३००।- सम्म र खसीको मासु किलोको रु.११५०।- देखि रु.१५००।- सम्मलिई मनपरि मूल्य राखेको पाइएको छ ।

विभिन्न पसलहरूको अनुगमनमा पसल दर्ता नविकरण गर्न, पसलको साइनबोर्ड राख्न, तराजु नापतौल विभागमा नविकरण गर्न, मासुको मनपरि मूल्य नलिन र मूल्य सूची राख्न, मासु राखिएको फ्रिज बन्द नगर्न र मासु जालीले छोपेर राख्न सुझाब दियो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशन उपशाखाका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका विष्णु थापा र शन्तोष शाक्यका साथै पशु सेवा शाखा भक्तपुर, भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधि सहभागी रहेको थियो ।

मासु पसलहरुको अनुगमन **बैशाख १० गते** भार्वाचो, टेखापुखु, बंशगोपाल, देगमना र बाराही डोकाफल्चामा भयो । अस्वस्थकर मासुले पनि कोरोना भाइरसको जोखिम हुने भएकोले पसलको सररफाइ र व्यवस्थित सञ्चालन भए नभएको, मासु काट्न प्रयोग गर्ने औजारहरु, भाँडावर्तन र रेफ्रिजेरेटर सफा छ छैन, बासी सडेगलेको मासुजन्य वस्तुहरु छ छैन आदिका साथै लकडाउनको अवस्थामा मासुको मनपरि मूल्य राखेको गुनासो सम्बोधन गर्न पसल अनुगमन गरेको अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

विभिन्न पसलहरुको अनुगमनको क्रममा सम्बन्धित पसलेलाई पसल दर्ता नविकरण गर्न, मासुको मनपरि मूल्य नलिन र विभिन्न मासुको मूल्य सूची सबैले देख्ने गरी राख्न र मनपरि मूल्य नलिन, फ्रिजमा राखी राखेको बिग्रेको मासु नष्ट गर्न, साइनबोर्ड राख्न, तराजु नापतौल विभागमा नविकरण गर्न र डिजिटल तराजु प्रयोग गर्न सुझाव दियो ।

पटक पटक अनुगमनको बेला अनुरोध गर्दा पनि सुधार नभएकोले एक पसलको ढक थान-२ जफत गरियो भने अर्को एक पसलमा भेटिएको १ किलो ८०० ग्राम मासु जफत गरी नष्ट गर्नुका साथै तराजु थान-१ समेत जफत गरियो ।

काम गर्नेले माक्स, पञ्जा र सेतो एप्रोन प्रयोग गर्न, मासु झिंगाले नभन्किने गरी जालीले छोपेर राख्न, भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा मार्वल राख्न पनि विभिन्न पसलेलाई सुझाव दिइएको छ ।

अनुगमन टोलीमा भक्तपुर नपा अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशन उपशाखाका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चबाट लक्ष्मी भण्डारी, भक्तपुर उद्योग वाणिज्य संघका संजय जोन्छे, महानगरीय प्रहरी परिसरका विष्णु थापा र परमानन्द जोशी, पशु सेवा शाखा भक्तपुरका प्रतिनिधि सहभागी रहेको थियो ।

**बैशाख ११ गते** सल्लाघारी र व्यासीमा मासु पसलहरू अनुगमन गरिएको छ ।

त्यस क्षेत्रका ८ वटा मासु पसलको अनुगमनमा पसल दर्ता नविकरण गर्न, मासुको मनपरि मूल्य नलिन र मूल्य सूची सबैले देख्ने गरी राख्न, माक्स, पन्जा र सेतो एप्रोन प्रयोग गर्न, साइनवोर्ड राख्न, मासु झिंगाले नभन्किने गरी जालीले छोपेर राख्न, तराजु नापतौल विभागमा नविकरण गर्न र डिजिटल तराजु प्रयोग गर्न सुझाव दियो ।

अनुगमनमा भक्तपुर नपा अनुगमन समितिका संयोजक राजकृष्ण गोरा, सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशन उपशाखाका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, भक्तपुर घरेलु तथा साना उद्योग संघका प्रेमकृष्ण खर्बुजा, राष्ट्रिय उपभोक्ता मञ्चबाट लक्ष्मी भण्डारी, भक्तपुर उद्योग वाणिज्य संघका संजय जोन्छे, महानगरीय प्रहरी परिसरका विष्णु थापा र शंकर बास्ताकोटी, पशु सेवा शाखा भक्तपुरका प्रतिनिधि सहभागी रहेको थियो ।

# ७६ दिनपछि उहानमा कोरोना पराजित

महिनौंदेखि सुनसान चीनको हुपे प्रान्तको उहान सहर चैत २६ गते (अप्रिल ८) देखि खुलेको छ । उहानलाई कोभिड–१९ को महामारीलाई पूर्णतः पराजित गर्न ७६ दिन अर्थात् झन्डै एघार साता लाग्यो । उहानमाथि सरकारले लगाएका सबै बन्देज र रोक फुकुवा गरिएको छ ।

डिसेम्बरको अन्त्यतिर उहान सहरमा पहिलोपटक नोवेल कोरोना भाइरसको सङ्क्रमण फेला परेको थियो । जनवरी महिनामा सङ्क्रमणले सामुदायिक स्तरमा उचाइ लिएपछि जनवरी २३ मा पूरै सहरलाई लकडाउन गरिएको थियो । उहान सहरका मात्र ५० हजार मानिस कोभिड–१९ बाट सङ्क्रमित भएका थिए भने २ हजार ५७२ जना मानिसको निधन भएको थियो । चीनमा भाइरसको कारण निधन भएका कुल मानिसमध्ये उहान सहरमा मात्र आधाभन्दा बढी मानिसको निधन भएको थियो ।



कोरोनालाई पराजित गरेपछि उहानमा चहलपहल

झन्डै तीन महिनाको कष्टसाध्य लडाइँपछि उहानले पुनःजीवन पाउनुबाट संसारलाई कोभिड–१९ भाइरसलाई पराजय गर्न सकिन्छ भन्ने कुरा स्पष्ट पारेको छ । उहानको विजयबाट सिकेर अब संसारले यो भाइरसविरुद्धको अन्तिम लडाइँ लड्नुपर्छ ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

**एस.ई.ई. भर्चुअल कक्षा सञ्चानलनबारे सूचना**

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवेल कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि लागू गरेको देशव्यापी बन्दाबन्दी (लकडाउन) का कारण यस वर्षको एस.ई.ई. परीक्षा सञ्चालनमा ढिलाइ भएको र यसको तयारीको लागि विद्यार्थी भाइबहिनीहरू विद्यालयमा गई कक्षा लिन सम्भव नभएको अहिलेको अवस्थालाई ध्यानमा राखी यस नगरपालिकाद्वारा मिति २०७७ वैशाख ३ गतेदेखि **प्रत्येक दिन साँझ ५:०० बजेदेखि ८:०० बजेसम्म भादगाउँ टेलिभिजन**बाट अनिवार्य विषयहरू (अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक र स्वास्थ्य जनसङ्ख्या तथा वातावरण) को भर्चुअल कक्षा सञ्चालन भइरहेको हुँदा सम्बन्धित विद्यार्थी भाइबहिनीहरूले उक्त समयमा भादगाउँ टलिभिजन हेरी एस.ई.ई. परीक्षा तयारी गर्नुहुन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**

# लकडाउनमा विभिन्न गतिविधि



विपद् व्यवस्थापन केन्द्र (**सीएमसी**) को बैठक
(२०७६ चैत्र २५ गते)



बिस्का जात्रा सामान्य पूजा गरी मनाउनेबारे बसेको बैठक
(२०७६ चैत्र २५ गते)



भक्तपुर उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूसँगको बैठक
(२०७६ चैत्र १९ गते)



घरेलु तथा साना उद्योग सङ्घका प्रतिनिधिहरूसँगको बैठक
(२०७६ चैत्र २० गते)

# लकडाउनमा विभिन्न गतिविधि



भक्तपुर जिल्ला सहकारी सङ्घका प्रतिनिधिहरूसँगको बैठक
(२०७६ चैत्र २० गते)



खाद्यान्न पसल खुल्ला राख्नेबारे खुद्रा व्यापारीहरूसँगको बैठक
(२०७६ चैत्र २० गते)



सङ्घीय मामिला मन्त्रालयमा उपत्यकाका स्थानीय तहहरूका प्रमुखहरूको बैठक
(२०७६ चैत्र १८ गते)



लकडाउन पालना गराउन परिचालित जनप्रतिनिधि र स्वयम्सेवकहरु

# लकडाउनमा विभिन्न गतिविधि



तालाक्वको ल्हामरु ल्योसिंद्यो नउठाई सम्बन्धितहरूबाट पूजा गरिन्दै (२०७६ चैत ३० गते)



मानिसको भीड हुनबाट बचाउन मन्दिरमा छेकबार



भक्तपुर नपाबाट वितरित राहत लिएर घर फर्कंदै (२०७६ चैत ३० गते)



लकडाउन पालना गराउन बाटो, चोक, नाकामा प्रहरीको तैनाथी

# लकडाउनमा विभिन्न गतिविधि



जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंहमा आरडीटी विधिबाट कोरोनाको परीक्षण गरिँदै (२०७७ वैशाख ८ गते)



कोरोना सङ्क्रमणबाट बच्न सचेतना प्रचार तथा अत्यावश्यक नभई घरबाट ननिस्कन अनुरोधको माइकिङ निरन्तर



लकडाउनको जबर्जस्ती उल्लंघन गर्नेहरूलाई सचेत पार्न नियन्त्रणमा लिँदै प्रहरी



पर्यटक र स्थानीयको सधैं बाक्लो आवतजावत हुने लायकु लकडाउनमा

# यो राहत मजदुरलाई मात्र होइन, खान नपाएका सबैका निम्ति हो – प्रमुख सुनिल प्रजापति

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतीसँग बीएल नेपाली सेवाका लागि **माधव ढुङ्गेल**ले चैत्र ३० गते लिएको अन्तर्वार्ता)*



*☐ सिङ्गो भक्तपुर नगरपालिका सुनसान छ। मान्छे घरबाट बाहिर निस्केका छैनन् तर तपाईंलगायत नगरपालिकाको टीम भने यति व्यस्त देखिन्छ। नगरपालिकामा काम हुन्छ 'लकडाउन'मा पनि ?*

**प्रमुख प्रजापती–** जनप्रतिनिधि जनताको सेवाका निम्ति हो। त्यसैले सरकारले 'लकडाउन' घोषणा गरे पनि जनप्रतिनिधि, सेना, प्रहरी, सशस्त्रलगायत राज्यको सञ्चालन तहमा बसेकाहरूले आराम गर्ने समय होइन यो। यस्तै बेलामा सबैभन्दा बढी समस्या हुनसक्छन्। दुःखद् घटना हुनसक्छन्। हामी तयारी अवस्थामा बस्नुपर्छ। नगरपालिकामा निश्चित साथीहरू पालैपालो गरेर बस्नुहुन्छ। कुनै पनि महत्त्वपूर्ण शाखा खाली छैनन्। पाँचजना भएको ठाउँमा एकजना मात्र भए पनि उपस्थित हुनुहुन्छ। कुनै पनि बेला केही पऱ्यो भने जनताको समस्या सहजै समाधान हुन्छ।

*☐ मेयर स्वयम् नियमित हुनुहुन्छ। 'लकडाउन' का बेला जनतालाई के-के समस्या आइपर्दा रहेछन् ?*

**प्रमुख प्रजापती–** अहिले दुई-तीन वटा महत्त्वपूर्ण काम छन्। स्वास्थ्यसँग सम्बन्धित काम हुन्छ। सरसफाइको काम हुन्छ। सरसफाइका १६० कर्मचारीहरू कसैलाई पनि बिदा दिएको छैन। हिजो-अस्ति मात्रैको कुरा, ढलको समस्या भयो भनेर साथीहरू आउनुभयो। हामीले डोजर पठायौँ। डोजरले काम गरेन। त्यसपछि जेट मेशिन पठाइदियौँ। त्यसले पनि काम गरेन। केही नलागेपछि धेरैजना मान्छे लगाएर खनेर बल्ल बेलुका सात बजेतिर मात्र काम सक्यौँ। खानेपानी, ढल र स्वास्थ्यसँग सम्बन्धित समस्या दिनरात भन्ने नै हुँदैन।

अहिले बिस्केट जात्राको समय छ। केही साथीमा के हुन्छ, कसो हुन्छ भन्ने कौतुहल पनि छ। त्यसैले धेरैले फोन गरेर सोध्नुभएको छ। हामीले कतिलाई फोनमार्फत् जानकारी दिन्छौँ। कतिलाई सम्बन्धित साथीलाई सम्पर्क गर्न भन्छौँ।

*☐ राहत वितरणको चटारो कत्तिको छ ?*

**प्रमुख प्रजापती–** कोरोनासँग सम्बन्धित खाद्यान्न वितरणको पनि विषय छ। सबैतिर नाम सङ्कलन भइरहेको छ। नामहरू सङ्कलन भइसकेपछि पनि हामी अत्यन्तै सतर्कतापूर्वक छानबिन गर्छौँ। साँच्चिकै हाम्रो कार्यविधि अन्तर्गत पर्छ कि पर्दैन ? उसले खान पाएको छ कि छैन ? एकदमै छानबिन गरेर मात्र दिने हो। आफै खान पुग्ने भएकोलाई दिनका लागि यो राहत हुँदै होइन। खान नपाएका काम गरी खाने मान्छेलाई केन्द्रबिन्दुमा राखेर उहाँहरूको एक-एक गरी छानबिन गरिरहेका छौँ। अहिलेसम्म करिब २४०० जतिको नाम सङ्कलन भएको छ। साथीहरू राहत दिनुपर्ने हो कि होइन भनेर घर-घरमा जानुभएको छ।

दिनैपर्नेका लागि कहिलेदेखि दिने भन्ने नै छैन, आजको आजै दिनुहुन्छ, साथीहरूले। सबैलाई एकसाथ दिन्छौँ। घरघरमै पुऱ्याउने तयारी छ।

*☐ ऐतिहासिक बिस्केट जात्रा नै स्थगित गर्ने ठूलो निर्णय नगरपालिकाले गऱ्यो। यो निर्णय गर्नुअगाडि कस्तो गृहकार्य गर्नुभो ? फेरि यो धार्मिक विषय पऱ्यो, मान्छेको आस्थासँग जोडिने। यसबारे बताइदिनुस् न ?*

**प्रमुख प्रजापती–** रोगव्याधिकै कारण जात्रा स्थगित भएको त हामीले सुनेका छैनौँ। मल्ल कालमा एकचोटि आजभन्दा ३ सय ५६ वर्षअगाडि काठमाडौं र ललितपुरका राजाहरूले सल्लाह गरेर भक्तपुरको जात्रालाई बन्द नै गर्नुपर्छ भन्ने दबाब दिएर बन्द गराएको इतिहासमा पाउँछौँ। रोग आएर बन्द भएको यसअघि सुनेको छैन। परम्परा यति नै सालदेखि सुरु भएको भन्ने हुँदैन। त्यो तथ्यप्रमाण हामीसँग छैन। इतिहासकारहरूको पनि व्यक्तिपिच्छे फरक-फरक सुन्ने गर्छौँ।

*☐ यसपालि बिस्केट जात्राको के-के चाहिँ मनाइन्छ ? जात्रा हुन्न, पूजा चाहिँ हुन्छ र ?*

**प्रमुख प्रजापती–** बिस्केट जात्रा भक्तपुरको महत्त्वपूर्ण

चाड हो । परम्परादेखि चलेको कुरोलाई नरोक्ने, जनताबाहिर पनि ननिस्कने गरी बीचको बाटोबारे छलफल गर्‍यौँ । बिस्केट जात्रा परम्परा र संस्कृति हो । त्यस कारण लिंगो उभ्याउने दिन, ढाल्ने दिन, भैरवको रथ तान्ने दिन हजारौँ हजार मान्छेको जमघट हुन्छ । त्यसकारण प्रमुख जिल्ला अधिकारी, गुठी संस्थानका प्रमुख, टोल-टोलका जो-जो जात्रा गर्नुहुन्छ, उहाँहरूका नाइकेलाई बोलाएर छलफल गर्‍यौँ ।

हामीले भन्यौँ- आज सारा विश्व नै कोरोनाविरुद्ध लडिरहेको छ । एकातिर कोरोना भाइरस, अर्कोतिर सारा विश्वका मानव जाति छन् । त्यस कारण सङ्कटको घडीमा कोही पनि निस्कन नहुने बेला तपाईंहरू दुई-तीन जना गएर पूजा मात्रै गरिदिनुस् । भोज खाने, मोजमस्ती, रमाइलो अर्को साल गर्न सक्छौँ । अथवा, कोरोनालाई जितिसकेपछि अर्को समयमा हामीले क्षमापूजा भनेर गरौँ वा अरु केही गरौँ भनेर आग्रह गर्‍यौँ उहाँहरू खुशी हुनुभो । यो साल देवतालाई 'द्यो छैँ' (देवता राख्ने घर) बाट निकाल्दैनौँ । हामी दुई-तीन जना बसेर पूजाआजा सम्पन्न गर्छौं । बाहिरका मान्छेलाई पनि आउन दिने छैनौं । एकदमै सामान्य रूपमा गर्छौं । सबै बसेर निर्णय गरिसकेको हुँदा परम्परागत रूपमा चलिआएको पूजा सामान्य रूपमा हुन्छ । मास जम्मा हुँदैन ।

☐ *राहतमै फर्कौं, नगरपालिकाले राहत दिनुपर्ने भनेर ठहर गरेका मान्छेलाई के-कति दिनुहुन्छ ?*

**प्रमुख प्रजापती-** नेपाल सरकारले एउटा मापदण्ड बनाएको छ । त्यसमा अलिकति परिमार्जन गरेर हामीले कार्यविधि पारित गर्‍यौं । दुई जनासम्म भएको परिवार र दुईभन्दा बढी भएको परिवार भनेर दुई किसिमको बनाएका छौं । दुई जनासम्मको परिवारलाई १० किलो चामल दिन्छौं । दुईभन्दा बढी भएको परिवारलाई भने २० किलो चामल दिन्छौं । त्यही अनुपातमा चिउरा, दाल, साबुन, तेल, नून सबै दिन्छौं । सबै वडामा त्यही हिसाबले दिने निर्णय गरेका छौं ।

☐ *अहिले नगरपालिकाका कति जना कर्मचारी नियमित काम गरिरहेका छन् ?*

**प्रमुख प्रजापती-** दुइटा जिम्मेवारीका साथीहरूले धेरै काम गर्नुहुन्छ । एउटा, सरसफाइ रोक्नु हुँदैन । यो अत्यावश्यक क्षेत्रभित्र पर्छ । त्यसमा १ सय ६० कर्मचारी सबैले गर्नुहुन्छ । अर्को, जनस्वास्थ्य क्षेत्रमा हाम्रो धेरै स्टाफ भए पनि अहिले १३ जना जतिले नियमित काम गर्नुहुन्छ । हामीसँग जनस्वास्थ्यमा ९६ जना हुनुहुन्छ । ३० जना डाक्टर, नर्स र अरु कर्मचारी हुनुहुन्छ । त्यसपछि भक्तपुर नगरपालिकाको प्रशासन शाखा, दर्ता शाखा, सचिवालयलगायत प्रत्येक शाखामा एक-एक गरी करिब १२-१५ जना हुनुहुन्छ ।

☐ *उहाँहरूको सुरक्षा र सुविधाको व्यवस्था के छ ?*

**प्रमुख प्रजापती-** नगरपालिकाका सबै कर्मचारी सचेत भएर नागरिकको सुरक्षामा काम गर्नुपर्छ । त्यसैले सबैका निम्ति गेटमै साबुन-पानीले हात धोएरमात्र भित्र पठाउने गरेका छौँ । प्रत्येक ठाउँमा स्यानिटाइजरको व्यवस्था छ । मास्क अनिवार्य गरेका छौँ । बाहिरका मान्छे अति आवश्यक काममा बाहेक नभेट्ने नीति बनाएका छौं ।

☐ *नगरपालिकाले आइसोलेसन र क्वारेन्टाइनको के व्यवस्था गरेको छ ?*

**प्रमुख प्रजापती-** नेपाल सरकारले एकैसाथ सबै स्थानीय तहलाई क्वारेन्टाइन र आइसोलेसन वार्ड बनाउने भनेर पत्राचार गरेको छ तर पूर्वतयारीबिना त्यसरी गर्नु त्यति उपयुक्त देख्दैनौं । बरु जहाँ-जहाँ आवश्यक छ, त्यो ठाउँका लागि आवश्यक सामान पठाइदिनुपर्‍यो । हामीलाई ठाउँ मात्र भएर पुग्दैन । ठाउँ त छ । ठूल्ठूला भवनहरू छन् । ती ठाउँमा हामीले आइसोलेसन वार्ड बनाउन, क्वारेन्टाइन राख्न पनि कुनै गाह्रो छैन । त्यसको निम्ति जनशक्ति आवश्यक पर्छ । विभिन्न खालका उपकरण आवश्यक छ, औषधि होलान् । ती सबै नेपाल सरकारले दिएको भए त्यस्तो अवस्थामा हामी गर्न सक्थ्यौँ तर नेपाल सरकारले जनशक्ति पठाउँदैन । सामग्री पठाउँदैन । यतिसम्म कि खाटहरू नै पठाउँदैन भने हामी कसरी बनाउन सक्छौँ र ?

हामीले भक्तपुर नगरपालिकाभित्र रहेका छ वटा अस्पतालहरू लाई बोलाएर भन्यौँ- तपाईंहरूले कति तयारी गर्न सक्नुहुन्छ, नेपाल सरकारले यस्तो भनेको छ ।

हामीले तपाईंहरू आफ्नो क्षमताअनुसार गर्नुस् भन्यौं । कसैले आइसोलेसनका लागि दुई वटा, कसैले छ वटा, कसैले १२ वटा, कसैले एउटा फ्ल्याट छुट्याउनुभएको छ । कथमकदाचित परिहाल्यो भने हस्पिटलमै मात्र हाम्रो व्यवस्था छ । नगरपालिकाले छुट्टै क्वारेन्टाइन, आइसोलेसनको निम्ति गरेको छैन ।

मुख्य कारण के हो भने हामीले राम्रो बन्दोबस्त गर्न सकेनौं भने बनाएकोभन्दा नबनाएकै वेश हुन्छ । जस्तो, अस्ति (पश्चिम) तराईमा भारतबाट आएकाहरू पाँच सयभन्दा बढी क्वारेन्टाइनबाट भागे । त्यहाँ कुनै बन्दोबस्त नभइसकेपछि त्यो क्वारेन्टाइन राख्नु र नराख्नुको अर्थ हुँदैन ।

हामीले जहाँ आवश्यक छ, त्यहाँ राज्य (सरकार) ले सामानको व्यवस्था गरिदिनुपर्छ । कोरोना सङ्कट हामीले कल्पना गरेका थिएनौं । अस्पतालको आवश्यकता पर्छ भनेर अस्पताल बनाउँदैछौं । कलेजको आवश्यकता छ भनेर कलेज बनाउँदैछौं । पहिले नै सोचेर बनाएको भए हामी एकदमै सुरक्षितसाथ बनाउन सक्थ्यौं ।

हामीले अहिले गर्नसक्ने अवस्था छैन । अहिले न पसल खुल्छ, न केही ल्याउन सकिन्छ । ठाउँको हामीसँग कमी

छैन तर जनशक्ति र उपकरणहरू सरकारले पठाइदिँदैन भने अस्पतालले गर्न सक्लान् तर नगरपालिकाले सक्दैन । हामीले सबै अस्पतालका डाक्टरहरूलाई नै बोलाएर कुराकानी गरेका छौं ।

☐ *संघीय सरकारसँगको समन्वय कस्तो छ ?*

**प्रमुख प्रजापती–** कोरोनासँग सम्बन्धित कामका हिसाबले त ठीकै छ । संघीय मामिला, गृह, आपूर्ति मन्त्रालय र हामी समन्वयात्मक हिसाबले गएका छौं । त्यसदेखि बाहेक जुन हिसाबले नेपाल सरकारले कानून बमोजिम स्थानीय तहलाई बलियो बनाउने भन्ने संघीयताको मर्म हो, त्योअनुरूप भइरहेको जस्तो हामीलाई लाग्दैन ।

केही उदाहरण मात्रै, १२ कक्षासम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई भनिएको छ तर अहिले शिक्षक संघीय सरकारको शिक्षा मन्त्रालयले खटाउँछ । खारेज भइसकेको अस्तित्व कहीँ नभएको जिल्ला शिक्षा अधिकारीलाई अहिले जिल्ला शिक्षा समन्वय इकाइ भनेर गठन गरिदिएको छ ।

शिक्षकको खटनपटन उसले गर्छ । तलब खुवाउने नगरपालिकाले, शिक्षकको खटनपटन उसले गर्ने ? न यो कानून र संविधानसँग मिल्छ, न संघीयताको भावनासँग मिल्छ । त्यो कुरामा भने हामीले नेपाल सरकारको आलोचना गरिरहेका छौं । त्यसरी स्थानीय जनता बलिया हुँदैनन् ।

संघीयताको मुख्य कुरा भनेको स्थानीय तहलाई बलियो बनाउने हो । अधिकार विकेन्द्रीकरण गर्ने हो । अधिकार विकेन्द्रीकरण गर्ने संविधानको भावना हो तर सरकारको व्यवहारले केन्द्रिकृत गर्दैछ । हिजोको जुन मानसिकता छ, त्यही मानसिकता अनुसारै काम भइरहेको भनेर हामीले आलोचना गरिरहेका छौं ।

☐ *गरीब मजदुरलाई त राहत बाँडिरहनुभएको छ । किसानका लागि चाहिँ राहत के छ ?*

**प्रमुख प्रजापती–** यो राहत मजदुरलाई मात्र होइन, खान नपाएका सबैका निम्ति हो । किसान पनि होला । जो किसानले खेतमा काम गर्न पाएनन्, खान पाएनन्, उसलाई पनि हो अहिलेको राहत । हामीले किसानका लागि व्यवस्थापन गरेका छौं । किसानको खेतमा काउली, आलु, सागजस्ता तरकारी फलिराखेको छ । सबै तरकारी खेर जान दिनुहुँदैन भनेर बिहान पाँचदेखि आठ बजेसम्म र बेलुका पाँचदेखि सात बजेसम्म सबै ठाउँमा बजार राखेका छौं । २५ ठाउँमा ससाना टुक्रामा एक–एक मीटरको फरकमा तरकारी बेच्ने व्यवस्था गरिदिएका छौं । पाँच बजेपछि ठाउँ–ठाउँमा विस्तारै किसानले तरकारी बेच्छन् । अनि खरिद गर्नेहरूले आफ्नो टोलभित्रको त्यही ठाउँमा तरकारी किन्न आउँछन् । किसानको तरकारी पनि खेर गएन, जनताले ताजा तरकारी पनि खान पाए । त्यो सन्तुलन मिलाउने गरी हामीले काम गरिराखेका छौं ।

☐ *व्यावहारिक हिसाबले नै भनेको ठाउँमा तपाईंले भन्नुभए जस्तै गरी किन्न र बेच्न पाउने व्यवस्था छ ?*

**प्रमुख प्रजापती–** बिल्कुलै छ । भक्तपुरमा हामीले धेरै हिसाबले अभ्यास पनि गर्‍यौं । काठमाडौंमा धेरै तरकारी जाने ठाउँ हो नि भक्तपुर भनेको त । लकडाउनपछि सुरुमा हामीले सोच्यौं– ठूलूला ठाउँमा तरकारी बेच्न दिनुपर्‍यो भनेर तौमढी चोक, दत्तात्रयको चोक, नासमना चोकजस्तोमा ठाउँ–ठाउँमा घेरा हाल्दियौं । तर मान्छे सबै त्यहाँ केन्द्रित भए । त्यो त राम्रो भएन ।

सञ्चारमाध्यमले पनि देखाए– भक्तपुरमा उल्लंघन भयो । त्यो त गर्न खोजेको होइन । किसानको तरकारी जनताको मुखसम्म पुर्‍याउने हो । त्यो सन्तुलन मिलाउन खोजेको, हाम्रो ठाउँका लागि उपयुक्त भएन ।

तत्काल बदलेर बजारको सुकुलढोकादेखि नासमनासम्म भनेर तोकिदियौं– करिब एक किलोमिटरजति । त्यहाँ पनि नगरभरिकै मान्छे केन्द्रित भए । दुई–तीन दिनमै बदल्यौं । अब भएन, के गर्ने ? वडाले पायक परेको ठाउँमा वडावासीका लागि भनेर राखिदिने भनेपछि प्रत्येक वडामा दुई–तीन ठाउँ गरेर २५ ठाउँमा राख्यौं । त्यसमा पनि २३ ठाउँमा एकदमै व्यवस्थित भयो । दुई ठाउँ तालाको र त्रिपुरासुन्दरीमा अलिकति भीड भइरहेको छ बजार क्षेत्र भएकाले । त्यसबारे हामी छलफल गरिरहेकाछौं । त्यसलाई पनि दुई–दुई ठाउँ गरेपछि ठीक हुन्छ । तरकारी खरिद–बिक्रीका लागि केही समस्या हुँदैन । त्यो हिसाबले हामी मिलाउँदै पनि छौं ।

☐ *आममान्छेलाई केही अपील गर्नुहुन्छ ?*

**प्रमुख प्रजापती–** भक्तपुर नगरपालिका किसानको बाहुल्यता भएको नगर हो । नगरवासीको महत्त्वपूर्ण जात्रा बिस्केट जात्रा हो । त्यस कारण बिस्केट जात्राको समयमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीले विगतका वर्षमा जस्तै यो वर्ष पनि आज लिङ्गो उभ्याउने हो, आज भैरवको रथ तान्ने हो, आज ब्रम्हायणी देवीको जात्रा हो, माइश्वरी, इन्द्रायणी, महालक्ष्मी, महाकालीको जात्रा हो भनेर कृपया घर बाहिर ननिस्किदिनुस् । हाम्रो आग्रह हो । यो तपाईं–हामी सारा जनताका निम्ति हामी बोलिरहेका छौं । यो मानव जातिले कोरोना भाइरसको विरुद्धमा गरिरहेको संघर्ष हो । अत्यन्त ठूलठूला शक्तिशाली भनिने अमेरिका, युरोपकै विकसित इटालीजस्ता देशहरू कोरोनाको प्रतिरोध गर्न असमर्थ भइरहेको समय हो । हाम्रो देशमा अहिलेसम्म अत्यन्त थोरैमात्र सङ्क्रमित छन् । यसैमा सीमित होस् । हामी कामना गर्न चाहन्छौं ।

*स्रोत – ब्रेकलिङ्क्स डट कम*

*प्रकाशित : २०७६।१२।३०*

# 'घरडेरामै पुगेर राहत बाँड्दैछ भक्तपुर नगरपालिका'

(लकडाउनबाट खासगरी दिनभरि मजदुरी गरेर साँझ बिहान छाक टार्ने वर्गलाई समस्या परिरहेको छ । यस्तो अवस्थामा उनीहरुलाई राहत तथा समग्र नगरवासीका लागि भक्तपुर नगरपालिकाले कसरी काम गरिरहेको छ भन्ने विषयमा हेल्थपोस्ट नेपालका **अशोक अधिकारी**ले नगरप्रमुख सुनिल प्रजापतिसँग गरेको कुराकानी)

☐ *भक्तपुर नगरपालिकामा राहत वितरणको कार्य कसरी सञ्चालन गर्दै हुनुहुन्छ ?*

**प्रमुख प्रजापति** – प्रथम चरणमा वडा-वडामा अति विपन्न, असहाय, ज्याला मजदुरी गरिखाने श्रमिकहरूको सूची तयार गर्‍यौं । सूचीमा नाम भएकाहरूको अवस्था बुझ्न घर-घरमै गएर निरीक्षण पनि गर्‍यौं । बैङ्कमा पैसा छैन, सहकारीमा पैसा छैन, मासिक रूपमा आम्दानी छैन, सरकारी वा कुनै जागिर छैन भनेर स्वघोषणा गर्नेहरूको अवस्था पूर्ण रूपमा बुझ्यौं । र, २ हजार ६ सय जना जतिको लिस्ट बनायौं । २-३ घण्टाभित्र घरघरमै पुगेर राहत सामग्री वितरण गर्नुभयो साथीहरूले । वडाअनुसार ३ वटादेखि ४-५ वटासम्म गाडी राखेर सबैलाई राहत सामग्री वितरण गरिएको हो । राहत वितरणको कार्य तुरुन्त सकियो ।

☐ विशेषतः राहत वितरण कस्ता व्यक्तिहरूलाई गर्नुभयो ? आर्थिक स्रोत नभएकाहरूसँगै बाहिरबाट आएर डेरामा बस्नेहरूलाई पनि दिनुभयो ?

**प्रमुख प्रजापति** – दुवै किसिमका छन् । बाहिरबाट आएर बसेकाहरूलाई पनि यो अवस्थामा समस्या नै छ । यहाँका स्थानीय पनि केही छन् । समस्यामा परेका कोही भएमा हामीले अस्तिबाटै राहत सामग्री वितरण गरेको थियौं । भक्तपुर नगरपालिकाभित्र बस्ने, आर्थिक अवस्था कमजोर भएकाहरूलाई खान नपाउने अवस्था सिर्जना हुन नदिन हामी विशेष प्राथमिकताका साथ काम गर्दैछौं ।

☐ *कुन वर्गका नागरिकचाहिं बढी प्रभावित रहेछन् ?*

**प्रमुख प्रजापति** – भक्तपुर नगरभित्र विद्यार्थीहरू र धेरैजसो श्रमजीवी, मजदुर वर्गकै मानिस छन् । सिकर्मी, डकर्मी, दैनिक ज्यालादारीमा काम गर्नेहरू नै बढी प्रभावित छन् ।

☐ *राहत सामग्री अन्तर्गत के-के बाँड्दै हुनुहुन्छ ?*

**प्रमुख प्रजापति** – दुई जनाको परिवारलाई १० किलोग्राम चामल राखिदिएका छौं । दुई जनाभन्दा बढी परिवार सदस्य भएमा २० किलो राखिदिएका छौं । दाल सबैलाई एक-एक किलो नै दिने गरिएको छ । चिउरा ३-३ किलो छ । तेल आधा र एक लिटरको छ । साबुन राखिदिएका छौं । र, नूनसहित ६ वटा वस्तु वितरण गरिएको छ ।

☐ कोरोना भाइरसको सङ्क्रमणको जोखिम नियन्त्रण गर्न र सचेतना अभियान कसरी सञ्चालन गरिरहनु भएको छ ?

**प्रमुख प्रजापति** – जिल्ला प्रशासनले भक्तपुरभरि हेरिरहेको छ । भक्तपुर नगरपालिकाले नगरवासीकै हितमा काम गरिरहेको छ । कोरोना भाइरसको सङ्क्रमणबाट जोगाउनका लागि उच्च सतर्कता अपनाइएको छ । टोल-टोलमा, ठाउँ-ठाउँमा ४ सय लिटर, ५ सय लिटरदेखि ७ सय लिटरसम्मका पानी ट्याङ्कीहरू राखिएको छ । साबुनको प्रबन्ध गरिएको छ । ठाउँ-ठाउँमा क्लोरिनयुक्त पानी छरिदिएका छौं । उत्पादक किसानको तरकारी खेर नजाओस् र उपभोक्ताले पनि खान पाउन् भनेर २५ ठाउँमा तरकारी बेच्ने स्टल तोकिएको छ । बिहानैदेखि माइकिङको व्यवस्था गरेका छौं । फोहोर सङ्कलन गर्ने १० वटा गाडी छन् । १० वटै गाडीबाट माइकिङ गराउँछौं । कोरोना भाइरसको सङ्क्रमण कसरी हुन्छ, कसरी बच्न सकिन्छ भन्ने विषयमा जानकारी गराउँछौं । ठाउँ-ठाउँमा भिडियो स्क्रोल बोर्ड राखेर विश्वका विभिन्न देशमा भइरहेको सङ्क्रमित, मृतकको अपडेट गरिदिएका छौं । घर-घरमै गएर फोहोर सङ्कलन गर्दा र छुट्टै माइकिङको व्यवस्था गरिएकाले सचेतना अभियान प्रभावकारी भएको छ । अरू बेलाभन्दा अहिले सरसफाइमा विशेष ध्यान दिएका छौं । वडा समन्वय समिति गठन गरेर वडासम्म नै पुगिरहेका छौं । कसैले सहयोग गर्न चाहेमा एकद्वार प्रणालीमार्फत गर्ने भएकाले नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ ।

☐ *लकडाउनको पालनाका सम्बन्धमा नगरवासीका साथ कत्तिको पाउनु भएको छ ?*

**प्रमुख प्रजापति** – नगरवासीको उत्साहजनक र महत्त्वपूर्ण साथ छ हामीलाई । तरकारी तथा अन्य आवश्यक सामग्री खरिद गर्नका लागि निश्चित समय तोकिएको छ । भक्तपुर मा करिव २० हजार घरहरू छन् । प्रत्येक घरमा हामीले पास दिएका छौं । तरकारी र अत्यावश्यक सामग्री खरिद गर्नुपरेमा पास देखाएर जानुपर्छ । पास नभएकाहरूलाई प्रहरीले नियन्त्रणमा लिन्छ । र, उभ्याइराखेको छ । पर्चाहरू पनि घर-घरै पुर्‍याउने व्यवस्था गरिएको छ । प्रहरी प्रशासनसँग पनि समन्वय भइरहेको छ ।

## एक सयभन्दा बढी देशका २३० वटा राजनीतिक दलको

# कोभिड–१९ विरुद्ध संयुक्त आह्वान

### "मानव समुदाय अझ उज्यालो भविष्यतिर अघि बढ्नेछ ।"

*(कोभिड–१९ को विश्वव्यापी महामारीविरुद्ध संसारका सम्पूर्ण देशबीच सहकार्य र सद्भावको आह्वान गर्दै एक सयभन्दा बढी देशका राजनीतिक दलले चैत २० गते संयुक्त वक्तव्य* (A JOINT OPEN LETTER FROM WORLD POLITICAL PARTIES CONCERNING CLOSER INTERNATIONAL COOPERATION AGAINST COVID-19) *जारी गरेको छ । नेपाल मजदुर किसान पार्टी, चिनियाँ कम्युनिस्ट पार्टीलगायत २३० वटा भन्दा बढी राजनीतिक दलको हस्ताक्षर भएको संयुक्त वक्तव्यको पूर्ण पाठ प्रस्तुत छ ।)*

आज संसारभर तीव्रतर गतिमा कोभिड–१९ को महामारी फैलिरहेको छ । मानिसको स्वास्थ्य र विश्व शान्ति एवम् विकासको लागि यो महामारी आज सबभन्दा तड्कारो र गम्भीर चुनौती बनेको छ ।

यो अनपेक्षित परिस्थितिमा विभिन्न देशका हामी राजनीतिक दलहरूले जनताको जीवनस्तर उकास्ने, देशको विकास प्रवर्द्धन गर्ने र विश्व शान्ति एवम् स्थायित्व रक्षा गर्ने गहन जिम्मेवारीका साथ निम्नानुसारको संयुक्त अपिल जारी गरेका छौँ :

**१)** हामी कोभिड–१९ को पीडा सहिरहेका र त्यही कारण जीवन खतरामा रहेका व्यक्तिहरू एवम् उनीहरूका परिवारजनप्रति गहिरो संवेदना र चिन्ता व्यक्त गर्न चाहन्छौँ । त्यस्तै जनताको जीवन रक्षा र सुस्वास्थ्यको लागि आफूलाई समर्पित गर्ने सबै व्यक्तिहरू, विशेषतः स्वास्थ्यकर्मीहरूप्रति अगाढ सम्मान व्यक्त गर्न चाहन्छौँ । महामारीको कारण दुर्भाग्यवश जीवन गुमाएका सबै मृतकप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

**२)** यदि कोभिड–१९ को महामारी अविलम्ब प्रभावकारी ढङ्गले नियन्त्रण गर्न नसके त्यसले अझ धेरै मानिसको जीवन, सुरक्षा र स्वास्थ्यमा थप क्षति पुऱ्याउनसक्ने कुरा हामीले बुझेका छौँ । त्यो अवस्थामा अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्यका साथै अधिकांश देशका आर्थिक र सामाजिक विकासमा गम्भीर प्रभाव पार्नेछ । हामी सबै देशलाई यतिबेला अरू कुनै पनि विषयभन्दा जनताको जीवन, सुरक्षा र स्वास्थ्यलाई प्राथमिकतामा

---

➲ ☐ *काठमाडौँ उपत्यकाभित्रै कोरोना भाइरसको सङ्क्रमण देखिएपछि सङ्क्रमण नियन्त्रणका लागि भक्तपुर नगरपालिकाले के–कस्तो तयारी गरिरहेको छ ?*

**प्रमुख प्रजापति –** भक्तपुरमा अहिले बिस्केट जात्रा चलिरहेको छ । चैत २७ गतेदेखि वैशाख ५ गतेसम्म हुने हो । सामान्य पूजाआजा मात्रै गरेर सक्न आग्रह गरेपछि अहिले त्यही अवधारणामा काम भइरहेको छ । सर्वसाधारण, नगरवासी बाहिर निस्किएका छैनन् । अलिअलि निस्किए पनि प्रशासन, जनप्रतिनिधि साथीहरू र स्थानीय अगुवाहरूले सम्झाइबुझाइ गरिरहनु भएको छ । जनस्वास्थ्य नगरकै भएको हिसावले पनि व्यक्तिगत सुरक्षा सामग्री पिपिई लगायतका सामग्री उपलब्ध गराइरहेका छौं । नगरपालिकाभित्र रहेका ६ वटा अस्पतालहरूलाई आइसोलेसन वार्ड निर्माणको आग्रह गरेर सबै अस्पतालमा त्यो बन्दोबस्त गरिएको छ । जुनसुकै बेला पनि आवश्यक परेमा दमकल जसरी नै जाने गरी व्यवस्था मिलाएका छौं ।

☐ *यो सबै काम सम्पन्न गर्न र व्यवस्थित कार्यान्वयन गर्नका लागि कस्तो टिम निर्माण गर्नु भएको छ ?*

**प्रमुख प्रजापति –** कोरोना सङ्क्रमणको जोखिम न्यूनीकरण तथा रोकथामका लागि सरकारले लकडाउन घोषणा गरेपछि अति विपन्न, असङ्गठित श्रमिक वर्ग तथा असहायहरूलाई भक्तपुर नगरपालिकाले वडाध्यक्षको नेतृत्वमा राहत वितरण टोली बनाएको थियो । वडा १ का ४ सय १० परिवार, वडा २ मा २ सय ३, वडा नम्बर ३ मा एक सय परिवार, वडा नम्बर ४ मा २ सय २० परिवार, वडा नम्बर ५ का १ सय ५० परिवारको सूची तयार गरी राहत वितरण गरिएको छ । वडा नम्बर ६ का १ सय ५० परिवार, वडा नम्बर ७ मा एक सय ६० परिवार, वडा नम्बर ८ मा ४ सय २० परिवार र वडा नम्बर १० मा ६ सय ७५ परिवारलाई राहत वितरण गरिएको छ । यसको नेतृत्व वडाअध्यक्ष र सदस्यहरू श्यामकृष्ण खत्री, हरिप्रसाद बासुकला, राजकृष्ण गोरा, कृष्णलक्ष्मी दुवाल, प्रेमगोपाल कर्माचार्य, हरिराम सुवाल, उकेश कवा, महेन्द्र खायमली, जगतलाल मानन्धर, छोरीमैयाँ सुजखू र लक्ष्मीप्रसाद ह्यौंमिखाले गरिरहनु भएको छ । राहत वितरणका लागि प्रत्येक वडामा ५० जना जति स्वयंसेवक परिचालन गरिएको थियो ।

*(हेल्थपोस्ट नेपाल, २०७७ वैशाख ३ गतेबाट)*

राख्न र महामारीको सङ्क्रमण रोक्न दृढ र सशक्त उपाय अपनाउन आह्वान गर्दछौँ ।

**३)** हामी सबै देशलाई आ–आफ्नो विशिष्ट परिस्थितिको सापेक्षमा महामारीविरुद्ध लड्न आपत्कालीन योजना र रणनीति तय गर्न आग्रह गर्न चाहन्छौँ । त्यस्तो योजनामा महामारीको थप सङ्क्रमणरोक्नुका साथै बिरामीको उपचार दुवैलाई समान जोड दिइनुपर्छ । सकेसम्म चाँडो सर्वोत्कृष्ट नतिजा सुनिश्चित गर्न आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरिनु आवश्यक छ ।

**४)** हामी सबै देशका आम नागरिकलाई सामाजिक उत्तरदायी भावनाका साथ महामारी रोकथाम र नियन्त्रणका उपाय अवलम्बन गर्न आह्वान गर्न चाहन्छौँ । महामारीको प्रतिरोध गर्न सबै सामाजिक क्षेत्रको सामर्थ्यको उपयोग गर्न नागरिक समाज र स्वयम्सेवकहरूलाई पूर्ण सक्रिय बनाउन हामी सबै देशलाई आग्रह गर्दछौँ ।

**५)** महामारी नियन्त्रणमा लक्षित प्रयास गर्ने क्रममा आर्थिक र सामाजिक विकास सुनिश्चित गर्ने एवम् जनताको जीवनस्तर उकास्ने र सामाजिक प्रगति हुने एकीकृत अवधारणा अवलम्बन गर्न सबै देशलाई आह्वान गर्दछौँ । महामारी रोकथामको लागि अत्यावश्यक चिकित्सकीय तथा सुरक्षा सामग्रीको आवश्यकता पूर्तिको लागि विशेषतः अन्तरसीमा यातायात सहज बनाउनलगायत व्यापार, पूँजी र जनशक्ति आदानप्रदान गर्न विश्व स्वास्थ्य सङ्गठनको सल्लाहअनुसार देशहरूले उचित तहको अन्तर्राष्ट्रिय सहकार्य गर्न हामी आग्रह गर्दछौँ ।

**६)** भाइरसले कुनै देशको सिमाना मान्दैन र कुनै पनि देशले एक्लै यो महामारीको चुनौती सामना गर्न सक्दैन भन्ने कुरामा हामी सजग छौँ । देशहरूबीच मानव जातिको साझा भविष्यको लागि साझा समुदायको सचेतना बलियो बनाइनुपर्छ । परिस्थिति कठिन बन्दै जाँदा देशहरूले एकआपसमा अझ सक्रियरूपमा आपसी सहयोग र समर्थन प्रबल बनाउनुपर्छ । आजको परिस्थितिसम्म आइपुग्दा निकटतम अन्तर्राष्ट्रिय सहकार्यले मात्र मानव जातिको साझा शत्रु यो भाइरसलाई पराजित गर्न सक्नेछ ।

**७)** महामारी रोकथाम र नियन्त्रणमा चीन र केही अरू देशमा भएका उल्लेखनीय प्रगतिबारे हामी अवगत छौँ । यसले अन्तर्राष्ट्रिय समुदायलाई महामारी रोकथामको तयारी गर्ने समय र अनुभव प्रदान गरेको छ । हामी चीनलगायतका देशहरूलाई महामारीसँग सम्बन्धित जानकारी समयमै खुला, पारदर्शी र जिम्मेवार भई सार्वजनिक गर्न, महामारी रोकथामका अनुभव र बिरामीको उपचारसम्बन्धी अनुभव संसारलाई उपलब्ध गराउन आह्वान गर्दछौँ । विशेषतः अरू प्रभावित देशहरूमा चिकित्सकीय एवम् अन्य आवश्यक सामग्री आफ्नो गच्छेअनुसार प्रदान गर्न पनि आग्रह गर्दछौँ । महामारीविरुद्ध विश्वव्यापी लडाइँमा यसले प्रमुख योगदान गर्नुका साथै लडाइँ जित्न प्रभावित देशहरूमा आशा र आत्मविश्वास जगाउनेछ ।

**८)** महामारीमाथि विजय हासिल गर्न सबै देशहरूलाई विशेष औषधि र खोपको संयुक्त अनुसन्धान र विकासलगायत आफूसँग भएको अनुभव बाँड्न र चिकित्सकीय सहकार्य सशक्त बनाउन हामी आह्वान गर्दछौँ । हामी विकासशील देश र खाँचो परेका देशहरूमा अत्यावश्यक सामग्री, प्रविधि र अन्य सहयोग गर्न आग्रह गर्दछौँ । सहकार्यको प्रकाशले महामारीको कालरात्री पन्छाऔँ ।

**९)** महामारी रोकथामका उपाय र भाइरसको उत्पत्तिजस्ता विषयमा छलफल गर्न हामी सबै विज्ञानमा आधारित पेशाकर्मीहरूलाई आग्रह गर्दछौँ । जनस्वास्थ्यका विषयलाई राजनीतिकरण गर्ने र महामारी नियन्त्रणको नाममा अरू देशलाई लाञ्छना लगाउने कामको हामी कडा विरोध गर्दछौँ । कुनै पनि देश, क्षेत्र वा जातिविरुद्ध गरिएका सबै विभेदकारी टिप्पणी र व्यवहारको हामी कडा विरोध गर्दछौँ । साथै महामारी नियन्त्रणको लागि देशहरूबीचको सहकार्यलाई न्यूनाङ्कन गर्ने सबै प्रयासको विरोधमा दृढतापूर्वक खडा हुन्छौँ ।

**१०)** सबै देशबीच आपसी छलफल र सहकार्यमार्फत अझ अगाडि बढ्न र विश्व जनस्वास्थ्य क्षेत्रमा संयुक्त राष्ट्र सङ्घ तथा विश्व स्वास्थ्य सङ्गठनको मूल भूमिकालाई समर्थन गर्न विश्व व्यवस्थामा अझ सुधार गर्नुपर्ने आवश्यकता यो महामारीले सबैलाई बोध गराएको हाम्रो बुझाइ छ । जनस्वास्थ्य क्षेत्रमा साझा भविष्यसहितको विश्व समुदाय बनाउनु हामी सबैको चाहना भएको हुनाले भाइरस रोकथाम र नियन्त्रणको लागि हामी सबै पक्षलाई जी २० र अन्य अन्तर्राष्ट्रिय संरचनाको ढाँचाभित्र सहकार्य र समन्वय प्रवर्द्धन गर्न आह्वान गर्दछौँ ।

संसारका विभिन्न देशका जिम्मेवार राजनीतिक दलहरूको नाताले हामीले महामारीको असामान्य परिस्थितिमा पनि आपसमा संवाद कायम राखेका छौँ । महामारीविरुद्ध विश्वव्यापी सङ्घर्षमा राजनीतिक ऊर्जा प्रत्यायोजन गर्न राजनीतिक दिशानिर्देश गर्ने जिम्मेवारी पूरा गर्न हामी आपसी संवादमा छौँ । जसरी हरेक आँधीबेहरी पछि सूर्यको प्रकाश नभमा प्रकाशित हुन्छ, त्यसरी नै आजका सबै कठिनाइ क्षणिकमात्र भएकोमा हामी विश्वस्त छौँ । अन्तर्राष्ट्रिय समुदायले आत्मविश्वास र दृढताका साथ विज्ञानमा आधारित लक्षित अवधारणासाथ काम गर्दासम्म महामारीविरुद्ध विश्वव्यापी अभियानको अन्तिम विजय निश्चित छ । यो महामारीपछि मानव जातिको लागि साझा भविष्यसहितको समुदाय अझ बलियो भएर उठ्नेछ र मानव समुदाय अझ उज्यालो भविष्यतिर अघि बढ्नेछ ।

*('मजदुर' दैनिक, २०७६।१२।२१ बाट)*

## भक्तपुरका मेयर प्रजापतिको भिडियो अपील–

# "बिस्केट जात्राको पूजामात्र हुन्छ, जात्रा र भोजभतेर अर्को वर्ष गरौंला"

भक्तपुर नगरपालिकाले नोबेल कोरोना भाइरस सङ्क्रमणको महामारीका कारण भक्तपुरको बिस्केटजात्रा स्थगित गर्ने निर्णय गरेको छ । लामो इतिहास भएको यो जात्रा रोग व्याधिका कारण रोकिएको पहिलोपल्ट हो ।

भक्तपुरका मेयर सुनिल प्रजापतीले बिएल नेपाली सेवासँग कुरा गर्दै भने, 'व्याधिकै कारण जात्रा स्थगित भएको त इतिहासमै पहिलोपटक हो । मल्लकालमा एक चोटि आजभन्दा ३५६ वर्षअगाडि काठमाडौं र ललितपुरका राजाहरूले दबाब दिएर बन्द गराएको इतिहासमा पाउँछौं ।'

यसअघि रोग–व्याधि आएर बिस्केट जात्रा कहिल्यै स्थगित भएको भन्ने नसुनेको मेयर प्रजापतीले बताए ।

नयाँ वर्षमा मनाइने बिस्केटजात्रा भक्तपुरको निकै महत्त्वपूर्ण जात्रा हो । 'यसपालि चाहिँ परम्परालाई नरोक्ने तर जनता बाहिर ननिस्कने गरी मनाउने निर्णय गरिएको छ', उनले भने, 'प्रमुख जिल्ला अधिकारी, गुठी संस्थानका प्रमुख, टोल–टोलका जो–जो जात्रा गर्नेहरूका नाइकेहरूलाई बोलाएर छलफल गरी पूजामात्र गर्ने, जात्राचाहिँ नगर्ने निष्कर्षमा पुग्यौं ।'

मेयर प्रजापतिले निर्णयमा पुग्नुअघिको गृहकार्य सुनाए, 'भोज खाने, मोजमस्ती र रमाइलो अर्को साल गर्न सक्छौं । कोरोनालाई जितिसकेपछि अर्को समयमा हामीले क्षमापूजा भनेर गरौं वा अरु केही गरौं भनेर आग्रह गर्‍यौं ।'

'उहाँहरूलाई हामीले भन्यौं– आज सारा विश्व नै कोरोनाको विरुद्ध लडिरहेको छ । एकातिर कोरोना भाइरस, अर्कोतिर सारा विश्वका मानव जाति छन्', उनले परिस्थितिको गम्भीरता सुनाए, 'त्यसकारण हामी कोही पनि निस्कन नहुने बेला तपाईंहरूले मात्रै दुई–तीन जना गएर पूजामात्र गरिदिनुस् । उहाँहरू पनि खुशी हुनुभो ।'




'यो वर्ष देवतालाई 'द्यो छेँ' (देवता राख्ने घर) बाट देवता निकाल्दैनौं, हामी दुई–तीन जना बसेर पूजा सम्पन्न गर्छौं', टोलका नाइकेसहित भएको निर्णयबारे मेयर प्रजापतीले भने, 'मात्र पूजाचाहिँ गर्छौं, त्यो धेरै ठूलो पनि गर्दैनौं, बाहिरका मान्छेलाई पनि आउन दिनेछैनौं । एकदमै सामान्य रूपमा गर्छौं ।'

बिस्केट जात्राको लिङ्गो उभ्याउने दिन, ढाल्ने दिन, भैरव रथ तान्ने दिन, हजारौं हजार मान्छेको जमघट हुन्थ्यो, त्यो हुने छैन । मेयर प्रजापतीले अपील गरे– बिस्केट जात्राको समयमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीले विगतका वर्षमा जस्तै यो वर्ष पनि आज लिङ्गो उभ्याउने हो, आज भैरवको रथ तान्ने हो, आज ब्रम्हायणी देवीको जात्रा हो, माइश्वरी, इन्द्रायणी, महालक्ष्मी, महाकालीको जात्रा हो भनेर कृपया घर बाहिर ननिस्किदिनुस् ।'

माधव ढुङ्गेल, २०७६ चैत २८

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# दुई हजार वर्षमा पहिलोचोटि सुनसान भक्तपुरको वैशाख

- सबिना श्रेष्ठ

यसपालि नयाँ वर्षमा भक्तपुरले ठूलो कुरा 'मिस' गर्‍यो – बिस्का ।

बिस्का यहाँको मूल जात्रामात्र होइन, लिच्छविकालदेखि चलिआएको परम्परा हो । लिच्छविहरूले शासन गर्न थालेपछि विजयोत्सवका रूपमा यो जात्रा चलाएको स्थानीय विश्वास छ । बिस्कामा ठड्याइने य:सि (लिङ्गो) लाई किरातमाथि लिच्छविहरूको विजय प्रतीकका रूपमा लिइन्छ ।

किरातको पराजयपछि कम्तिमा दुई हजार वर्षदेखि चल्दै आएको यो जात्राले यसपालि कोरोना भाइरसलाई जित्न सकेन । मान्छेको भीडभाडमा सङ्क्रमण जोखिम बढ्ने भएकाले आइतबार यहाँ लिङ्गो ठड्याइएन । बरू केही साना केटाकेटीले बाँसको लिङ्गो ठड्याएर बिस्काको सम्झना मेटे । केहीले कृत्रिम रथ पनि गुडाए । कतिपयले सामाजिक सञ्जालमा पुराना तस्बिर र भिडिओ हालेर चित्त बुझाए ।

कोरोना त्रास नहुँदो हो त यतिबेला भक्तपुर जात्रामय हुन्थ्यो । टाढाटाढाका मान्छे भक्तपुरको उल्लासमा सामेल हुन आइपुग्थे । आठ रात नौ दिनको जात्रामा बिहानदेखि बेलुकीसम्मै टोलभरि चहलपहल छाउँथ्यो । अहिले लकडाउनको सन्नाटा छ । न बाजागाजा झ्याइँझ्याइँ, न रथ तान्दाको होस्टे हैंसे ।

बिस्काअन्तर्गत रथ यात्रा, जिब्रो छेड्नेलगायत विभिन्न उत्सव भए पनि लिङ्गो ठ्ड्याउने र ढाल्ने मूल परम्परा हो । यो नयाँ वर्षको अघिल्लो दिन ठड्याइन्छ भने वैशाख १ गते ढालिन्छ । यसपालि सबै उत्सव सम्भव नभए पनि भैरवको मन्दिरमा सुनको लिङ्गो प्रतीकका रूपमा ठड्याइएको संस्कृतिविद् एवं स्थानीय ओम धौभडेलले जानकारी दिए ।



बिस्का जात्राको प्रतीकका रूपमा बाँसको लिङ्गो ठड्याइँदै

'बाहिर लिङ्गो ठड्याउँदा मान्छेको भीडभाड हुने र कोरोना सङ्क्रमणको जोखिम बढ्ने भएकाले मन्दिर प्राङ्गणमै सुनको लिङ्गो ठ्डयाइएको हो,' उनले भने ।

बिस्का जात्रा चैत २७ गतेबाट हुन्छ । भैरवनाथको मूर्ति र बेताल देवतालाई टौमढीस्थित न्यातापोल मन्दिर प्राङ्गणको तीनतले भैल ख: (भैरवको रथ) मा स्थापना गरेपछि विधिवत् जात्रा सुरू हुन्छ । त्यसबीच 'होस्टे हैंसे' गर्दै रथलाई आ–आफ्नो टोलमा लग्ने प्रतिस्पर्धा चल्छ ।

प्यागोडा शैलीको तीनतले रथ तानातान गरेको दृश्य यो जात्राको केन्द्रविन्दुमा रहन्छ । भैरवकै वहान मानिने बेतालको रथ अगाडि हुन्छ । करिब ३० वर्षपछि अघिल्लो वर्ष मात्रै दाता नारायणप्रसाद खाइजुले यसको निर्माण गरेका थिए । पुरानो बेताल रथ इनाचोको घरमा ठोक्किएर बिग्रिएको थियो । भैरवका नाइकेहरूले खाइजुलाई बनाउने जिम्मा दिएका थिए ।

बेताललाई मानन्धर समुदायको सानो बालकका रूपमा पनि लिइन्छ । त्यसैले यसलाई सानो बालककै स्वरूपमा निर्माण गरिन्छ । बेताललाई बोक्ने पनि मानन्धर समुदायकै हुन्छन् ।

किम्बदन्तीअनुसार पाँचतले मन्दिर नजिकैको पु: बहा: (पुजारीको बहाल) मा बेतालले उपद्रो गरेर दु:ख दिन्थ्यो । ढोकाबाट नपसेर झ्यालबाट पस्थ्यो । पकाइरहेको भात पल्टाइदिन्थ्यो । कहिले सुतिरहेको मान्छेको गालामा हान्थ्यो ।

भैरवका लागि भने उसले राम्रो काम गर्थ्यो, धौभडेलले भने, 'भैरवको रथ पूरै चुकुलले बनेको हुन्छ । एकपटक एउटा चुकुल हराएर सिकर्मीलाई आपत परेछ । पछि त्यो चुकुल एउटा केटाले खोजेर ल्याएछ । बुझ्दै जाँदा त्यो केटा बेताल रहेछ । पाँचतले मन्दिरको गजूरसमेत बेतालले हालेको विश्वास गरिन्छ ।'

त्यही भएर बिस्काभरि बाटोमा उट्पट्याङ गर्ने बच्चा देख्यो भने उसलाई कसैले गाली गर्दैनन् । त्यो बच्चा भैरवकै वहान बेताल हो भन्ने मान्यता छ ।

बिस्का:मा भैरवसँगै भद्रकालीको रथ पनि हुन्छ । भद्रकाली र भैरवलाई श्रीमान–श्रीमतीका रूपमा लिइन्छ । एकपटक भैरव र भद्रकालीको झगडा पर्छ । भैरवले श्रीमतीलाई फकाएपछि गा:हितिमा उनीहरूको समागम हुन्छ । त्यसैको प्रतीकका रूपमा बिस्का बेला दुई रथ जुधाउने चलन छ ।

लिच्छविकालमा सुरु भएको जात्रालाई मल्ल राजाहरू विश्व, जगज्ज्योति, रणजितलगायतले थप परिस्कृत गर्दै अहिलेको



गत वर्ष बिस्का जात्राको उल्लासमा भक्तपुर

त्यस्तै, अर्को एकपटक पनि प्रताप मल्ल र ललितपुरका श्रीनिवास मल्लले भक्तपुरमा जात्रा गर्न नदिने भनेर आक्रमण गरेको धौभडेल बताउँछन् । जात्रै नहुने छाँट देखेपछि स्थानीय दुःखी भएका थिए । त्यो बेला बेतालले एउटै औंलाले रथ तानेर जात्रा सम्पन्न गरेको किम्बदन्ती छ ।

बिस्कालाई राजनीतिक उत्सवका रूपमा पनि लिइन्छ । एउटा वंशको पतन र अर्कोको उदयका रूपमा मनाइने यो जात्रा सत्ता परिवर्तनको उत्सव भएको धौभडेल बताउँछन् ।

यसको अर्को पनि राजनीतिक सम्बन्ध छ ।

स्वरूपमा ल्याएको धौभडेल बताउँछन् । यही क्रममा करिब १६ औं शताब्दीतिर मनोरञ्जनका रूपमा रथयात्रा थपिएको उनको भनाइ छ ।

धौभडेलका अनुसार सुरूमा रथ एकतले थियो । भूपतिन्द्र मल्लको पालामा तीनतले रथ विकसित भयो । उनैले बिस्कासँगै नवदुर्गा नाच पनि ठाउँ–ठाउँमा देखाउने चलन चलाए ।

बिस्का 'बि स्यात ख्यात' भन्ने शब्दबाट आएको हो । यसको अर्थ हो, सर्प मारेर झुन्ड्याउने ।

बिस्काको लिङ्गोमा झुन्ड्याइने ध्वजा त्यसैको रूप भएको धौभडेल बताउँछन् । सर्प मारिसकेपछि मनाइने जात्रा भएकाले लिङ्गो ठड्याउनुअघि टुप्पोमा नाग र नागिनीको प्रतीकस्वरुप दुईवटा ध्वजा बाँधिन्छ र अष्टमातृकाको प्रतीक आठवटा डोरीले तानेर लिङ्गो उठाउने चलन छ ।

रथयात्रा रोकिएको यो पहिलोपटक होइन । करिब चार सय वर्षअघि काठमाडौंका राजा प्रताप मल्लले बिस्काकै समय पारेर भक्तपुरमा आक्रमण गर्दा जात्रा रोकिएको थियो ।

त्यो बेला प्रताप मल्लका सेना आएर यःसिं उठाउन नपाइने भन्दै घेराबन्दी गरेका थिए । टौमढीबाट रथ तानिए पनि ल्योसिङ्खेलसम्म पुगेन ।

'रथयात्रा सुरू भए पनि पूरा हुन सकेन, तर रथ नै नबनेको भने यसपालि सम्भवतः पहिलोपटक हो,' उनले भने ।

'भक्तपुर पहिले नेपालकै राजधानी थियो । यक्ष मल्लका माइलो छोरा रत्न मल्लले पछि स्वतन्त्र राज्य बनाए । त्यसपछि इलाका सानो हुँदै गयो,' धौभडेलले भने, 'भुवन मल्लले राज्य आफ्नो अधिनमा राख्न बिस्का जात्रालाई अरू ठाउँमा पनि देखाउने क्रम जारी राखे ।'



बिस्का जात्राका लागि रथ बनाउन ठिक्क पारिएका सामग्री । जात्रा नहुने भएपछि सुनसान भक्तपुरमा यी सामग्री असरल्ल छन्

त्यही भएर साँखु, टौमढी, बोडेलगायत ठाउँमा पनि बिस्का मनाउने चलन छ । ती ठाउँमा पनि यसपालि कोरोना कहरले जात्रा भएन ।

तस्बिरहरू : निशा भण्डारी,
(सेतोपाटी, २०७७ वैशाख २ बाट)

# भक्तपुर अस्पतालले जनताको विश्वास जित्ने ढङ्गले बिरामीहरूको सेवा गर्दैछ – मे.सु. डा. सुमित्रा गौतम

*(कोरोना भाइरस रोकथाम तथा नियन्त्रणबारे भक्तपुर अस्पतालले गरिरहेको गतिविधिबारे भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट **डा.सुमित्रा गौतम**सँग भक्तपुर खबर डट कमका लागि कृतिका प्रजापतिले लिएको अन्तरवार्ताको सम्पादित अंश)*



डा. सुमित्रा गौतम

**लकडाउनको समयमा भक्तपुर अस्पतालले बिरामीहरूको सेवा के–कसरी पुऱ्याइरहेको छ ? साथै अस्पतालमा कोरोना भाइरस परीक्षणको लागि आउने बिरामीहरूको तथ्याङ्क के कस्तो रहेको छ ?**

***डा. गौतम :*** कोरोना भाइरस सङ्क्रमण नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको समयमा भक्तपुर अस्पतालले यहाँ उपचारका लागि आउने र अन्यबाट रिफर भई आएका बिरामीहरूको समेत स्वास्थ्य परीक्षण गर्दै आएको छ। दैनिकजसो आउने बिरामीहरू कसैलाई फर्काउन नपर्नेगरी अस्पतालले आफ्नो सेवामार्फत स्वास्थ्य जाँच गरिरहेको छ। २०७६ साल चैत्र ११ गतेसम्म कोरोनासम्बन्धी बिरामी इमर्जेन्सी कक्षमा जाँच गरेका थियौँ भने चैत्र ११ गतेपश्चात फिभर क्लिनिक सञ्चालन गर्दै बिरामीलाई अस्पताल प्रवेश गर्नासाथ ज्वरो नापेर परीक्षण गर्दै आएका छौं। फिभर क्लिनिकमा कन्सल्ट्यान्ट विशेषज्ञ डाक्टरहरूबाटै बिरामीको जाँच हुँदै आएको छ। सबैजना विशेषज्ञ डाक्टरहरूको रुटिन बनाएर आलोपालो ड्युटी मिलाएका छौं। कोभिड १९ को हकमा विदेशबाट आएकाहरूलाई इमर्जेन्सी वार्डमा विशेषज्ञ डाक्टरबाटै कोरोना परीक्षण भइरहेको छ।

भक्तपुर जिल्लालगायत वरपरका नगरपालिकाहरूका बिरामीहरू पनि भक्तपुर अस्पतालमा स्वास्थ्य परीक्षणका लागि आइरहनुभएको छ। २०७६ साल चैत्र १ गते देखि २५ गतेसम्ममा जम्मा ९६० जना बिरामीले कोरोनासम्बन्धी परीक्षण गरेको थियो। जसमा ७० जनाको नेगेटिभ रिपोर्ट आएको छ भने कोभिडसँग सम्बन्धित ९८ जनाको जाँच भएको छ। आइसोलेसन वार्डमा उपचार भइसकेका ११ जना छन् भने हाल २ जना उपचाररत गरी आइसोलेसन वार्डमा जम्मा १३ जना रहेका छन्।

**कोरोना भाइरसलगायत अरु बिरामी जाँच्ने स्वास्थ्यकर्मीहरूलाई सुरक्षित राख्न अस्पतालले के कस्ता उपायहरू अवलम्बन गरिरहेको छ ? स्वास्थ्यकर्मीहरूको लागि पीपी सुट, सुरक्षित मास्क, पन्जालगायतका सामग्रीहरूको उपलब्धता कसरी गराइरहनुभएको छ ?**

**डा. गौतम :** कोरोनाको जाँच गर्नेलाई सुरक्षित राख्न अस्पतालले आवश्यक परेका सबै उपायहरू अवलम्बन गरिरहेको छ। हामीले यहाँ कार्यरत कर्मचारी तथा चिकित्सकहरूलाई डब्लुएचओको मापदण्ड अनुसार पीपीई, ग्लोब, गाउन, चस्मा, मास्क बुटलगायतका समानहरू उपलब्ध गराएका छौं। बिरामी परीक्षण गर्दा आवश्यक पर्ने व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) जस्ता सामग्रीहरूको हामीले व्यवस्थापन गरेका छौं। अस्पताल आफै, आर्मीको सहयोग र आफ्नो व्यक्तिगत सम्बन्धबाट स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, प्रदेश आपूर्ति महाशाखालगायतका ठाउँबाट आवश्यक सहयोगका सामग्रीहरूको व्यवस्थापन हुँदै आएको छ। स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई आवश्यक पर्ने गाउन, पीपीई, मास्क र स्यानिटाइजरलगायतको पनि व्यवस्था गरेका छौं। अस्पताललाई विभिन्न निकायबाट केही पीपीई सहयोग आए पनि अस्पतालमा मास्क, ग्लोभ्स्, पीपीई लगायतका अत्यावश्यक सामग्रीहरूको अभाव पूर्तिको लागि अस्पताल आफैले कपडाको मास्क सिलाएको छौं भने पीपीई समेत आफैले एक टेलर्रमा सिलाउन तयारी गरेको छ।

**अस्पतालमा कार्यरत चिकित्सकहरूको मनोबल कस्तो छ ? उहाँहरूलाई विपद्को समयमा बिरामीको उपचार वा सेवा गर्न मनोबल बढाउन के कसरी कन्भिन्स गराउँदै आउनुभएको छ ?**

**डा. गौतम :** लकडाउनको समयमा पनि अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरू उत्साहित भएर बिरामीको सेवा गरिरहेका छन्। टाढा घर भएकाहरूलाई अस्पताल जान

र आउन गाडीको व्यवस्था गरेका छौं भने नजिक घर भएका र आफै आउन सक्नेहरूलाई कार्यालय समयमा उपस्थित भई सेवा प्रदानको निम्ति प्रोत्साहन दिंदै आएका छौं। अस्पतालको आइसोलेसन वार्डमा कार्यरत कर्मचारीहरूलाई र अन्य वार्डका कर्मचारीलाई खाना, खाजाको व्यवस्था पनि अस्पतालले गरेको छ। यस अर्थमा चिकित्सक र कर्मचारीहरूको मनोबल बढेको छ। यस अस्पतालमा कार्यरत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूले बडो इमानदारीपूर्वक काम गरिरहनुभएको छ। यसरी नै जनताको सेवा गर्न पाएको खण्डमा भक्तपुरवासीको मन जित्नेछ भन्ने विश्वास छ।

**कोरोना भाइरस रोकथामको लागि अस्पताल व्यवस्थापन समिति र प्रशासनले अवलम्बन गरेका योजनाहरू बताइदिनुस् न ?**

**डा. गौतम :** कोरोना भाइरस सङ्क्रमण एक सरुवा रोग भएको हुँदा बिरामी जाँच्ने क्रममा निकै सजगता अपनाउन स्वास्थ्यकर्मीहरूलाई सचेत पारेका छौं। साथै सङ्कटको समयमा निजी अस्पतालले सेवा बन्द गरे पनि नेपालकै पुरानो भक्तपुर अस्पतालले बिरामीको सेवामा निरन्तर लाग्न स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई अभिप्रेरित गरेका छौं। पीपीईलगायतका आवश्यक सुरक्षा सामग्रीको व्यवस्थादेखि लिएर कोरोना भाइरसको जोखिमबारे जनचेतनाको लागि पम्प्लेटिङ, सेनिटाइजरको व्यवस्था, अस्पताल वरपर एन्टिसेप्टिक स्प्रेका साथै हेल्थ डेस्कको व्यवस्था गरेको छ।

**कोरोना सङ्क्रमित व्यक्तिको स्वाब परीक्षणको लागि भक्तपुर अस्पतालमा बुथ स्थापना गर्नुभएको छ। बुथ स्थापनापश्चात हालसम्म कतिजनाको स्वाब संकलन भएको छ र त्यसको रिपोर्टबारे पनि केही बताइदिनुहुन्छ कि ?**

**डा. गौतम :** अस्पतालमा कोरोनाको बुथ स्थापना गरी सुरक्षित ढङ्गले बुथबाटै बिरामीहरूको नमुना संकलन गर्ने काम हुँदै आएको छ। आजको मितिसम्म आइपुग्दा भक्तपुर अस्पतालमा ११३ जनाको स्वाब परीक्षणको लागि पठाइसकेकोमा तीमध्ये ६५ जनामा कोभिड १९ को रिपोर्ट नेगेटिभ देखिएको छ। बाँकीको नतिजा भने आउन बाँकी नै छ।

**विदेशबाट आएका नेपाली र उहाँहरूको परिवारको स्वाब सङ्कलनबारे पनि भक्तपुर अस्पतालले अग्रसरता देखाइरहेको छ। कतिजना विदेशबाट आएका नेपालीहरूको स्वाब संकलन भएको छ ?**

**डा. गौतम :** हो, भक्तपुर अस्पतालले विदेशबाट आउनुभएकाहरूको पनि स्वाब परीक्षण गरिरहेको छ, बाँकीको आवश्यक परेमा हामी स्वाब परीक्षण गर्छौं।

**निजी अस्पतालहरूले आफ्ना सेवाहरू बन्द गरेको अवस्थामा देशकै पुरानो भक्तपुर अस्पतालमा बिरामीहरूको चाप निश्चित रूपमा बढिरहेको हुनुपर्छ। अस्पतालभित्र खडा भएका आइसोलेसन वार्डहरूमा कति सङ्ख्यामा बिरामीहरू उपचाररत छन् ?**

**डा. गौतम :** भक्तपुर अस्पताल जनताकै अस्पताल हो र हालसम्म यहाँ १७० जना बिरामीको उपचार भइरहेको छ र यो बीचमा १३ जनाको आइसोलेसनमा उपचार भइरहेको छ।

**परीक्षणको क्रममा भेटिएका शंकास्पद बिरामीको जाँच कसरी व्यवस्थापन गरिरहनुभएको छ ?**

**डा. गौतम :** कोरोना परीक्षणका क्रममा भेटिएका शंकास्पद बिरामीहरूलाई आवश्यकताअनुसार अन्य अस्पतालहरूमा रिफर गर्ने गरेका छौं।

**भक्तपुर अस्पतालको अरु अस्पतालहरूसँग के कसरी समन्वय भइरहेको छ ?**

**डा. गौतम :** विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरससँग जुध्न हामी सबै एकजुट हुनैपर्छ। कोरोनाबाट बच्न आफूमात्र सुरक्षित भएर पुग्दैन, पुरै समाज, देश र विश्वलाई नै सुरक्षित बनाउनुपर्ने आजको आवश्यकता हो। त्यसैले हामीले सम्बन्धित सबै निकायसँग आवश्यक सरसल्लाह र समन्वयमा काम गरिरहेका छौं। र कोरोनाबाट मुक्त हुन सबैको साथको अपेक्षा गरेका छौं।

**यदि कोरोनाको महामारी फैलिए अरु के कस्ता उपायहरू अपनाउनु पर्ला ? केही सुझाव भए दिनुहोस् ?**

**डा. गौतम :** कोरोना सङ्क्रमणका कारण दैनिक हजारौं व्यक्तिको मृत्यु भइसकेको छ भने आजको मितिसम्म आइपुग्दा यो रोगका कारण मृत्यु हुनेको सङ्ख्या ८५ हजार नाघिसकेको छ। यदि नेपालमा पनि कोरोनाको महामारी फैलिए आइसीयुको व्यवस्था गरी अस्पतालको क्षमताले भ्याएसम्मका बिरामीहरूको उपचार अस्पतालले नै गर्नेछौं।

**केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरूसित यहाँले कसरी समन्वय गरेर काम गरिरहनु भएको छ ? यहाँको के अपेक्षा छ ?**

**डा. गौतम :** यसबीचमा भक्तपुर अस्पताल प्रशासन र भक्तपुर जिल्लाका स्थानीय सरकारहरूसँग राम्रो समन्वय भएको छ। साथै संघ र प्रदेश सरकारको निर्देशनमा हामीले काम गरिरहेका छौं।

**अरु केही ... ?**

**डा गौतम :** स्थानीय सरकार र सुरक्षा निकायसँग हातेमालो गरेर आगामी दिनहरूमा पनि अगाडि बढ्दै सबैलाई राम्रो हुने र जनताले राम्रो सेवा पाउने कुरालाई प्राथमिकता दिएर काम गर्नेछौं र जनताको विश्वास जित्नेछौं।

# कोरोना भाइरस सङ्क्रमणबाट जोगिन लकडाउनको पूर्ण पालना गरौं : डा. लासिवा

*(विश्वभर महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको समयमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरले यहाँका जनताको स्वास्थ्य सेवामा खेल्दै आएको भूमिका र कोरोना रोकथाम र नियन्त्रणमा केन्द्रको प्रयासबारे जनस्वास्थ्य केन्द्र भक्तपुरका प्रमुख **डा. रत्नसुन्दर लासिवा**सँग भक्तपुर खबर डटकमका लागि कृतिका प्रजापतिले लिएको अन्तरवार्ताको सम्पादित अंश)*

**नेपाल सरकारले कोरोना सङ्क्रमणबाट बच्न गरेको लकडाउनको समयमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस जनस्वास्थ्य सेवा केन्द्रले यहाँका जनताको स्वास्थ्य जाँच सेवालाई कसरी अगाडि बढाइरहेको छ ? बिरामी जाँच्ने समय (रुटिन) लाई कसरी व्यवस्थापन गरिरहेको छ ?**

**डा.लासिवा :** नेपाल सरकारले कोरोना भाइरस सङ्क्रमणबाट बच्न देशव्यापी रूपमा गरेको लकडाउनको निर्देशन भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रले पनि पालना गरिरहेको छ । सोहीअनुरूप अति आवश्यक स्वास्थ्य समस्या परीक्षण गराउन एवम् नियमित औषधी सेवन गर्ने बिरामीहरूको सुविधाको लागि यस सेवा केन्द्रले २४ सै घण्टा आकस्मिक तथा अवलोकन सेवा, एक्स रे सेवा, प्रयोगशाला सेवा र औषधि पसल सञ्चालन गरी आवश्यक सेवाहरूलाई चालू राखेको छ ।

त्यसबाहेक पनि ज्वरोलगायत सामान्य बिरामीको छानबिन (स्क्रिनिङ) गरी आवश्यक भएमा ती बिरामीलाई अन्य अस्पतालमा रिफर गर्ने, घाऊ तथा चोटपटक लागेकालाई ड्रेसिङ सेवालाई पनि निरन्तरता दिएका छौं ।

उक्त काम सम्पन्न गर्न हामीसँग उपलब्ध भएका स्वास्थ्यकर्मीहरू आलोपालो गरी परिचालन गरेका छौं ।

**कोरोना भाइरस एक सरुवा रोग भएको हुँदा बिरामी जाँच्ने स्वास्थ्यकर्मीहरूको लागि आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीहरू के र कसरी उपलब्ध गराउँदै आउनुभएको छ ?**

**डा.लासिवा :** कोरोना भाइरस एक सरुवा रोग भएको हुँदा यो रोग जो कसैलाई पनि लाग्न सक्छ । त्यसैले हामीले आवश्यक सुरक्षाका उपायहरू अपनाएको खण्डमा यसबाट जोगिन सक्ने भएकोले हामी सजग छौं र यहाँ सेवा लिन आउने बिरामीहरूलाई पनि सचेत पार्ने काम गर्दै आएका छौं । साथै



डा. रत्नसुन्दर लासिवा

बिरामीको प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरूलाई यो रोगको सङ्क्रमणको उच्च जोखिम भएको हुँदा यस विषयलाई दृष्टिगत गरी यहाँ कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी मित्रहरूलाई व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) उपलब्ध गराइसकेका छौं । ती सामग्रीको उचित प्रयोगको लागि पनि उत्साहित गरिराखेका छौं ।

**जनस्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारी, चिकित्सक र स्वास्थ्यकर्मीहरूले लकडाउनको समयमा पनि निरन्तर जनताको स्वास्थ्य सेवामा समर्पित भएर लागिरहनुभएको छ । उहाँहरूलाई कसरी उत्साहित र प्रोत्साहित गर्दै हुनुहुन्छ ?**

**डा.लासिवा :** जनस्वास्थ्य सेवा केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको उत्साहमा कमी हुन नदिन माथि उल्लेख गरेझैं आवश्यक हुनेहरूको लागि पीपीई व्यवस्था गर्नुका साथै ठाउँ–ठाउँमा स्यानिटाइजर र साबुन पानीले हात धुने ठाउँको व्यवस्था गरेका छौं । साथै कोही कर्मचारी तथा स्वास्थ्यकर्मीहरू संस्थामै २४ सै घण्टा बसेर कार्य गर्न चाहेको खण्डमा खाने र बस्ने व्यवस्था गरेका छौं साथै कर्मचारी र स्वास्थ्यकर्मीहरूको लागि आवश्यकता हेरी गाडीले लिन जाने र घर पुऱ्याउने व्यवस्था गरेका छौं ।

**कोरोना भाइरस रोकथामको लागि जनस्वास्थ्य**

**केन्द्रले के कस्ता योजना र कार्यक्रमहरूलाई अगाडि सारेको छ ?**

**डा.लासिवा :** कोरोना भाइरस सङ्क्रमण सरुवा रोग भए तापनि यसको रोकथाम र नियन्त्रण सम्भव भएको हुँदा यो रोगको विषयमा जनचेतना नै प्रमुख विषय हो । त्यस हिसाबले नेपाल सरकारले घोषणा गरेको लकडाउनको समयमा घरबाट बाहिर ननिस्कन र अति आवश्यक कामको लागि मात्र घर बाहिर आउन, आफ्नो घर परिवार तथा छरछिमेकमा विदेशबाट फर्केका कोही छन् भने उनीहरूलाई नियमपूर्वक एकान्तवास वा सेल्फ क्वारेन्टाइनमा बस्न, मास्क लगाउन तथा साबुन पानीले नियमित हात धुन अनि साबुन पानी नभएको अवस्थामा स्यानिटाइजरको प्रयोग गर्नेजस्ता विषयमा व्यापक प्रचारप्रसार नगरपालिकामार्फत भइरहेको र जनस्वास्थ्य सेवा केन्द्रमा आउनेहरूलाई पनि सोही जानकारी गराउने गरेका छौं । त्यसका अतिरिक्त वडा–वडामा स्यानिटाइजर, साबुन तथा आवश्यकताअनुसार मास्क वितरण गर्ने कार्य गरेका छौं ।

**जनस्वास्थ्य केन्द्रले अति आवश्यक (इमर्जेन्सी सेवा) बाहेक अरु सामान्य रोगीहरूको उपचारसम्बन्धी के कसरी व्यवस्थापन गरिरहेको छ ?**

**डा.लासिवा :** जनस्वास्थ्य सेवा केन्द्रले अति आवश्यक (इमर्जेन्सी सेवा) बाहेक अन्य रोगीहरूको उपचारको लागि पनि कार्य गर्दै आएको छ । जस्तो कि निरन्तर औषधि खानुपर्ने बिरामीको लागि औषधि उपलब्ध गराउने, सामान्य ड्रेसिङ सेवा पनि दैनिक रूपमा उपलब्ध गराउने, क्षयरोग लागेका बिरामीहरूको लागि औषधि उपलब्ध गराउने कार्य गर्नुका साथै फोनमार्फत आवश्यक सल्लाह–सुझावहरू दिने कार्यहरू भइरहेको छ ।

**कोरोना जाँचमा अहिले निजी अस्पताल र स्वास्थ्यकर्मीहरू भागिरहेको अवस्थामा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको यस सेवा केन्द्रले दैनिक कति जना र कस्ता रोग भएका बिरामीहरू जाँचिरहेको छ ?**

**डा.लासिवा :** जनस्वास्थ्य सेवा केन्द्रको आकस्मिक शाखाबाट दैनिक ४०/४५ जनाले सेवा प्राप्त गरिरहेका छन् भने ड्रेसिङमा १२/१३ जना, प्रयोगशालाबाट १४/१५ जना तथा फार्मेसीबाट ६०/७० जनाले निरन्तर सेवा प्राप्त गरिरहेका छन् ।

**जनस्वास्थ्य सेवा केन्द्रमा आइसोलेसन वार्ड स्थापनासम्बन्धी के तयारी गर्नुभएको छ ?**

**डा.लासिवा :** यस केन्द्रमा अहिले बिरामी राख्ने छुट्टै प्रयोजनको लागि २/२ जना बिरामी राख्न मिल्ने २ वटा कोठा व्यवस्था गरेका छौं । तर हामीसँग निरन्तर आइसोलेसन सेवा दिन सक्ने गरी जनशक्ति (विशेषज्ञ) तथा सामग्री (भेन्टिलेटर) को अभाव छ । त्यसैले अति आवश्यक बिरामीको लागि मात्र आइसोलेसन वार्डको व्यवस्था गरेका छौं । अहिलेको परिस्थितिमा भक्तपुरका शंकास्पद बिरामीहरूलाई भक्तपुर अस्पताल वा काठमाडौं मेडिकल कलेजको दुवाकोट शाखामा रिफर गर्ने सुझाव स्वास्थ्य कार्यालयबाट प्राप्त भएकोले सोहीअनुसार गर्दै आइरहेका छौं ।

**कोरोनाको सम्भावित जोखिमबाट यस केन्द्रमा आउने बिरामी तथा अन्य व्यक्तिहरूको लागि के–कस्ता सुरक्षाका उपायहरू अवलम्बन गर्नुभएको छ ?**

**डा.लासिवा :** कोरोना भाइरसको सम्भावित जोखिमबाट जनस्वास्थ्य सेवा केन्द्रमा आउने बिरामी तथा अन्य व्यक्तिहरूको सुरक्षाको लागि स्वास्थ्य केन्द्रमा अति आवश्यक सेवाको लागि मात्र आउन अनुरोध गर्नुका साथै चेकजाँचको लागि आउनेहरूलाई ज्वरोको स्क्रिनिङ गरेपछि प्रवेश गराउने, ह्यान्ड स्यानिटाइजर लगाउन दिने र आवश्यक दूरी कायम गरी बस्न अनुरोध गरेका छौं । साथै यस केन्द्रमा बिरामी ल्याउँदा हुलमुल नहुने गरी बिरामी एक्लैलाई मात्र भित्र पस्न दिने वा साथ चाहिएको अवस्थामा एकजना मात्र भित्र पस्न दिने व्यवस्था मिलाएका छौं ।

**कोरोना भाइरसको विषयमा विशेषगरी बालबच्चा र ज्येष्ठ नागरिकहरू प्रभावित हुने हुँदा उहाँहरूको उमेर समूहको लागि यस केन्द्रले केही विशेष कार्यहरू गरेको छ कि ?**

**डा.लासिवा :** कोरोना भाइरसको विषयमा विशेषगरी बालबच्चा र ज्येष्ठ नागरिकहरू प्रभावित हुने भन्ने विभिन्न अध्ययनले देखाएको र अहिले ससाना बालबालिकाहरूको बहिरंग सेवा बन्द रहेकोले एक वर्षभन्दा मुनिका बालबालिका बालरोग विशेषज्ञ भएकै केन्द्रमा पठाउने गरिएको छ । अन्यको हकमा वाफ लिनुपर्ने बिरामीलाई छुट्टाछुट्टै सामग्री प्रयोग गरी विशेष सावधानी अपनाइएको छ ।

**थप केही ... ?**

**डा.लासिवा :** कोरोना भाइरस सङ्क्रमण विश्वव्यापी रूपमा वनजंगलमा लाग्ने डढेलोसरी फैलिरहेको र यसबाट आजको मितिसम्म ८५ हजारभन्दा बढी मानिसहरूको मृत्यु भइसकेको र लाखौं व्यक्तिहरू सङ्क्रमित छन् । यो रोग विशेष सावधानी अपनाएको खण्डमा नियन्त्रण गर्न सकिने उदाहरण पनि हाम्रो सामु छिमेकी देश जनगणतन्त्र चीनको हुपे प्रान्तको उहान सहर छ । त्यसैले 'रोग लागि सकेपछि उपचार गराउनुभन्दा रोग लाग्न नदिनु राम्रो' भन्ने उखान यस रोगको सन्दर्भमा शतप्रतिशत लागु हुन्छ ।

कोरोना रोगको रोकथामको लागि लकडाउनलाई पूर्ण पालना गरौं । एकान्तवासमा बस्नेहरूले आफ्नो स्वास्थ्यलाई ख्याल गरी आफ्नो समयको सही सदुपयोग गरौं । यस विश्वव्यापी महामारीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । धन्यवाद !

# भक्तपुरमा कोभिड–१९ का विरामी भक्तपुर अस्पताल र केएमसीले मात्र हेर्ने

जनसङ्ख्या तथा स्वास्थ्य मन्त्रालयले भक्तपुर जिल्लामा कोभिड–१९ सँग सम्बन्धित सबै विरामीको दूधपाटीस्थित भक्तपुर अस्पताल र दुवाकोटस्थित काठमाडौं मोडल अस्पतालमा मात्र स्वास्थ्य परीक्षण गर्ने निर्णय गरेको छ। भक्तपुर अस्पतालमा भक्तपुरका सबै सामुदायिक तथा निजी अस्पताल र स्वास्थ्य केन्द्रका प्रतिनिधिहरूको चैत १९ गते बसेको बैठकले कोभिड–१९ को लक्षण देखिएका विरामीलाई भक्तपुर अस्पताल र काठमाडौं मोडल अस्पतालमा पठाउने निर्णय गरेको छ।

भक्तपुर अस्पतालमा कोभिड–१९ को सङ्क्रमणलाई लक्षित गरी आवश्यक तयारी गरेको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुमित्रा गौतमले शुरुमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू घर–घरै पुगेर कोही विरामी भए अस्पताल जान प्रोत्साहित गरेको हुनाले अस्पतालमा ज्वरो आएका विरामीको सङ्ख्या धेरै देखिए पनि पछि त्यस्ता विरामीको सङ्ख्या निकै कम मात्र भएको बताउनुभयो।

अस्पतालले केही संस्थाको सहयोग र आफ्नै पहलमा जोहो गरिएका व्यक्तिगत सुरक्षा वस्त्र (पीपीई)ले हालसम्म काम चलाइरहेको र हाल उपलब्ध पीपीईले आगामी केही दिन चल्ने बताउनुभयो।

'अनावश्यक रूपमा अहिले नै पीपीई प्रयोग गर्दा भोलि धेरै सङ्ख्यामा विरामी आए ठूलो अभाव हुनसक्ने कुरा पनि ध्यान दिन पर्छ', उहाँले भन्नुभयो।

एक समाचारअनुसार कतिपय अस्पतालमा ओपिडी सेवा ठप्प छ। भक्तपुर अस्पतालले भने यस अवधिमा एक हजारभन्दा बढीको स्वास्थ्य परीक्षण र उपचार गरेको छ। 'शंकास्पद बिरामीको उपचार गर्दा स्वास्थ्यकर्मीको सुरक्षामा पनि ध्यान दिएका छौँ, लकडाउन भएपछि स्वास्थ्यकर्मीलाई अस्पतालमै बस्ने व्यवस्था मिलाएका छौँ,' डा. गौतमले भनिन्। अस्पतालले दैनिक ओपिडीसँगै अल्ट्रासाउन्ड, प्रसूति सेवा, हड्डी भाँचिएको, एपेन्डिसाइटलगायतका माइनर अपरेसन पनि गरिरहेको छ। कोरोना उपचारकै लागि नौ बेड थप गरी १९ बेडको आइसोलेसन कक्ष बनाउन लागेको डा. गौतमले बताइन्। प्रादेशिक अस्पताल भए पनि यसअघि यहाँ आइसियू थिएन।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालयमार्फत् तीन सयवटा र्‍यापिड किट उपलब्ध गराएको छ। किट प्राप्त भएकाले कोरोना भाइरस संक्रमण फैलिएपछि विदेशबाट आएका र उनीहरूको सम्पर्कमा रहेकाहरूको परीक्षण गर्न थालेको अस्पतालका प्रमुख डा. सुमित्रा गौतमले जानकारी दिइन्। अस्पतालले प्रारम्भिक परीक्षण गर्ने र कोरोना पोजेटिभ देखिएमा थप परीक्षणका लागि टेकु पठाउँछ।

### भक्तपुरमा ९८ आइसोलेशन र २३ आइसियू वार्ड

भक्तपुरका आठ अस्पतालमा ९८ बेडको आइसोलेशन वार्ड तयार गरिएको छ। कोरोना भाइरस उपचारका लागि अस्पतालहरूले ९८ बेडको आइसोलेशन वार्ड तयार गरेको जिल्ला स्वास्थ्य प्रमुख कृष्णबहादुर मिजारले जानकारी दिए।

अहिलेसम्म भक्तपुर अस्पतालले १०, कोरियामैत्री अस्पतालले ६, केएमसी अस्पतालले ७२, नागरिक अस्पतालले तीन, सिद्धिस्मृति अस्पतालमा एक र डा. इवामुरा अस्पतालमा ६ वटा आइसोलेशन बेड तयारी अवस्थामा छन्। यस्तै, मध्यपुर अस्पतालमा आठ, कोरियामैत्री अस्पतालमा १०, नागरिक अस्पतालमा तीन र क्यान्सर अस्पतालमा पाँचवटा आइसोलेशन वार्ड बनाउने प्रस्तावअनुसार निर्माण भइरहेको छ। यस्तै, आठवटै अस्पतालमा गरी २३ बेडको आइसियू तयारी अवस्थामा राखिएको छ भने अन्य १६ बेडमा समेत आइसियू जडान गरी उपचारका लागि तयारी अवस्थामा राख्ने निर्णय भइसकेको कार्यालय प्रमुख मिजारले बताए।

भक्तपुर जिल्लामा यी पङ्क्ति लेख्दासम्म कोभिड–१९ सङ्क्रमित विरामी भेटिएको छैन।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको कार्य योजना**

# मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर आउने

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको चैत २४ गते बसेको बैठकले कार्य योजना संशोधन गरी पहिलो चरणमै भक्तपुर र कीर्तिपुरमा मेलम्चीको पानी पठाउने सहमति गरेकोछ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड बैठक काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख मिलन शाक्यले मेलम्चीको पानी पहिलो चरणमा काठमाडौं र ललितपुरमा मात्रै पठाउने कार्ययोजना पेश गरेपछि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले गम्भीर आपत्ति प्रकट गर्दै कार्ययोजना संशोधन गर्न जोड दिनुभएको थियो ।

नगर प्रमुख प्रजापतिले नेपाल सरकार आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) ले नगरपालिकासित आवश्यक समन्वय विना ठाउँ ठाउँमा पाइप बिछ्याउने, खोला किनारमा पर्खाल निर्माण गर्ने र संरचनाहरू निर्माण गर्ने गरेकोतर्फ बोर्डको ध्यानाकर्षण गराउनुभयो ।



उहाँले खानेपानी, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका विषयहरू सरकारकै जिम्मेवारी हुनुपर्छ भन्नुहुँदै प्रजग कोरिया कोरोनामुक्त देश हुनु, चीनले कोरोना छिट्टै नियन्त्रणमा लिन सक्नु र क्युबाले विभिन्न देशमा चिकित्सकहरू पठाएर सहयोग गर्न सक्नु समाजवादकै कारण सम्भव भएको हो भन्नुभयो ।

बोर्डकै एक सदस्यले खानेपानी व्यवस्थापनमा निजी क्षेत्रलाई क्रमशः बढी जिम्मेवारी दिँदै जानुपर्ने बताएपछि प्रमुख प्रजापतिले त्यसको प्रतिवादमा निजी क्षेत्रलाई अस्पताल खोल्न दिंदा अहिले जनतालाई आपत् पर्दा बन्द गरेको र अमेरिका, इटाली, स्पेनजस्ता देशहरूमा आजको स्थिति देखापरेको उल्लेख गर्नुहुँदै यसले पूँजीवाद व्यापक जनताको हितमा नभएको संसारले बुझ्ने अवसर पाएको बताउनुभयो ।

हाल काठमाडौं उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग भएपछि औसत १२ करोड लिटरमात्रै आपूर्ति भइरहेको केयुकेएल प्रमुख शाक्यले जानकारी दिनुभयो ।

मेलम्चीको पानी २०७७ असार महिनासम्ममा उपत्यकामा झार्ने नेपाल सरकारको तयारी छ । मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी प्राप्त हुनेछ – शाक्यले बतानुभयो ।

बैठकले काठमाडौं उपत्यका खानेपानी बोर्डका निर्देशक डा. सन्जिब विक्रम राणालाई बढीमा तीन महिनाको म्याद थप गर्ने पनि निर्णय गर्‍यो । राणाको म्याद २०७६ चैत्र २८ गते सकिंदैछ ।

बैठक बोर्डका अध्यक्ष तेजराज भट्टको अध्यक्षतामा बसेको थियो ।


## हार्दिक समवेदना



**स्व. शान्ता भण्डारी**

**जन्म : १९९३ पुस १० | निधन : २०७६ चैत २२**

भक्तपुर नपाका कानुनी सल्लाहकार तथा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीकी धर्मपत्नी **शान्ता भण्डारी**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई पत्नी शोक

वरिष्ठ अधिवक्ता एवम् भक्तपुर नगरपालिकाका कानुनी सल्लाहाकार कृष्णप्रसाद भण्डारीलाई पत्नीशोक परेको छ । चैत २२ गते भण्डारी पत्नी शान्ता भण्डारीको ८३ वर्षको उमेरमा निधन भएकोछ ।

दम रोगबाट पीडित शान्ता भण्डारीको मेडिसिटी अस्पताल, भैंसेपाटीमा करिब १ महिनादेखि उपचार भइरहेको परिवार स्रोतले जनाएको छ । मृतक भण्डारीका तीन छोराहरू विमल, निर्मल र अनिलमध्ये माहिलो निर्मलको यस अगाडि नै मृत्यु भइसकेको छ । त्यस्तै दुई छोरीहरू सविता बराल र सुनिता नेपाल हुनुहुन्छ । जेठी छोरी सविता बराल कानुन व्यवसायी हुनुहुन्छ ।

मृतक भण्डारीलाई श्रद्धाञ्जली दिन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य सुनिल प्रजापति, नेपाल कानुन अध्ययन समाजका अध्यक्ष र ामप्रसाद प्रजापतिलगायत पशुपति आर्यघाट पुग्नुभएको थियो ।

मृतक भण्डारीको पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको थियो ।



स्व. शान्ता भण्डारी

मृतक भण्डारीको जन्म विसं. १९९३ पुस १० गते महोत्तरी जिल्लामा भएको थियो ।

## हार्दिक समवेदना



**स्व. सानुमाया दुमरु**

**जन्म : १९९४ कार्तिक २४ | निधन : २०७६ चैत २६**

भक्तपुर नगरपालिकाका ड्राइभर लक्ष्मीप्रसाद दुमरुका ममतामयी माता **सानुमाया दुमरु**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. सुरज मूल**

**जन्म : २०४६ असार ०५ | निधन : २०७६ चैत १४**

यस नगरपालिकाको साविक वडा नं. ८ का पूर्ववडाध्यक्ष एवम् यस नपा अन्तरगत अपाङ्गता भएका व्यक्तिहरूको सिफारिस समितिका सदस्य हिमालयश्वरलाल मूलका सुपुत्र **सुरज मूल**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# खानेपानी सन्तुलित वितरण गर्न निर्देशन



सुख्खा मौसम शुरु भएसँगै भक्तपुर नगरपालिकाका विभिन्न ठाउँहरूमा खानेपानीको अभाव भएको गुनासो आएपछि नगर प्रमुख सुनिल प्रजापतिलगायत जनप्रतिनिधिहरू र काठमाडौं उपत्यका खानेपानी लिमिटेड, भक्तपुर शाखा प्रमुख सुरेन्द्र हिमालयलगायतका कर्मचारीहरूले खानेपानी रिजर्भायर बाँसवारी, सल्लाघारी र थुसाचालगायतका स्थानहरूको चैत २३ गते निरीक्षण गर्नुभयो।

प्रमुख प्रजापतिले खानेपानी रिजर्भ्वायरको निरीक्षणमा निरीक्षणको क्रममा प्रमुख प्रजापतिले खानेपानी शाखा, भक्तपुरका प्रमुखलाई उपलब्ध श्रोतलाई सन्तुलित वितरण गरी सबै नगरवासीहरूको घर-घरमा पालैपालो पानी पुऱ्याउने व्यवस्था गर्न निर्देशन दिनुभयो।

# अमेरिकाले जवाफ नदिएको तीन शङ्का

कोरोना भाइरसबारेका आशङ्का झन् झन् बढी अमेरिका लक्षित हुँदै गएको समाचार सीआरआइले लेखेको छ। महामारीसम्बन्धी तीन शङ्काबारे अमेरिकाले विश्वलाई व्याख्या गरी जवाफ दिनुपर्छ भन्दै लेखिएको छ –

**पहिलो शङ्का,** अमेरिकाको रोग नियन्त्रण र रोकथाम केन्द्र अर्थात् सीडीसीको पछिल्लो तथ्याङ्क अनुसार, सन् २०१९ सेप्टेम्बरदेखि सुरु भएको अमेरिकी फ्लूबाट करिब तीन करोड अमेरिकी सर्वसाधारण सङ्क्रमित हुनुका साथै २० हजारभन्दा बढीको मृत्यु भयो। वास्तवमा फ्लूबाट **मृतकहरूमध्ये केहीलाई कोभिड-१९ सङ्क्रमण भएको** सीडीसीका प्रमुख रोबर्ट रेडफिल्डले सार्वजनिक रूपमा पुष्टि गर्नुभयो। त्यसैगरी फ्लूबाट २० हजार जना मृतकहरूमध्ये कति जना कोरोनाबाट सङ्क्रमित भएका थिए? अमेरिकाले फ्लू भन्दै कोभिड-१९ को ढाकछोप गरेको छ कि छैन?



चित्र : इन्टरनेट

**दोस्रो शङ्का,** सन् २०१९ जुलाईमा अमेरिकाले किन अकस्मात रूपमा मेरील्याण्ड राज्यस्थित डेट्रिक रासायनिक तथा जैविक हतियार आधार बन्द गरेको थियो? उक्त आधार अमेरिकी सेनाको सबैभन्दा ठूलो रासायनिक र जैविक हतियारको अनुसन्धान केन्द्र हो। यो केन्द्र बन्द भएपछि अमेरिकामा धेरै निमोनिया वा निमोनियाजस्तै बिरामी भेटिएका छन्। हाल केही मान्छेले ह्वाइट हाउसको वेबसाइटमा अमेरिकी सरकारसँग उक्त आधार बन्द गर्ने वास्तविक कारण सार्वजनिक गर्न आग्रह गरेका छन्। अमेरिकाले स्वदेशका सर्वसाधारणको जीवन तथा स्वास्थ्यको विचार गरेमा उक्त प्रश्नको जवाफ दिनुपर्छ।

**तेस्रो शङ्का,** फेब्रुअरीमा अमेरिकी सरकारले कोभिड-१९ महामारीलाई महत्त्व नदिनुका साथै किन केही सांसदले आफ्नो हातमा रहेका लाखौं डलर शेयर बेचेका थिए? यी राजनीतिज्ञहरूले एकातिर भित्री ट्रेडिङ्ग गर्दा स्टक बिक्री गर्नुका साथै अर्कोतिर महामारी पनि ढाकछोप गरेका छन् कि?

समय र जीवन मानवजातिले उद्धार गर्न सक्दैन। यस विषयबारे अमेरिकाले स्पष्ट रूपमा व्याख्या गर्नुपर्छ।

त्यस्तै विभिन्न सञ्चारमाध्यमहरूमा अमेरिकी सैनिकहरुले चीनको उहानमा कोरोना भाइरस पुऱ्याएको, कोरोनाको शुरु सङ्क्रमण उहानमा नभएको, कोरोना सङ्क्रमणमा संरा अमेरिकाको हात रहेको आदि विभिन्न वैज्ञानिक, अनुसन्धानकर्ता, लेखक, अमेरिकी गुप्तचर संस्थाका मानिसलगायतका रिपोर्ट, शङ्का, भनाइ प्रकाशनमा आएका छन्।

# लकडाउन पालना गराउन खोज्दा कांग्रेसी कार्यकर्ताद्वारा आक्रमण

विश्वभरि महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमणबाट फैलिन सक्ने सम्भावित जोखिमबाट बचाउन चैत २५ गतेबाट कीर्तिपुरमा सुरु हुने महालक्ष्मी जात्रा स्थगित भएको छ।

यसबारे स्थानीयवासीलाई जानकारी गराउन तारकेश्वर नगरपालिकाका श्यामकुमार महर्जन, धर्मसेन महर्जन र विभु महर्जनले चैत २४ गते माइकिङ गर्दै प्रचार गरिरहेको बेला नेपाली कांग्रेसको झन्डा बोकेर आएका कांग्रेसका कार्यकताहरू विजय महर्जन, विक्रम महर्जन र राजेश महर्जनलगायतको टोलीले जात्रा किन नमनाउने भन्दै अकस्मात आक्रमण गर्दा माइकिङ गर्ने श्यामकुमार महर्जन घाइते भएका थिए।

पछि आक्रमणकारीहरूलाई स्थानीयहरूले पक्री प्रहरीको जिम्मामा दिएको थियो। प्रहरीको उपस्थितिमा घाइतेसमक्ष आक्रमणकारीहरूले माफी मागेपछि भएको सहमतिअनुसार घाइतेलाई आवश्यक क्षतिपूर्ति दिने र आइन्दा त्यस्तो क्रियाकलाप नगर्ने लिखित कबोल आक्रमणकारीहरूले गरेका थिए।

यसै सन्दर्भमा नेमकिपा काठमाडौं जिल्ला समितिले एक प्रेसविज्ञप्ति प्रकाशित गरी सो घटनाको विरोध जनाएको छ। समितिका अध्यक्ष नारायण महर्जनको हस्ताक्षरमा प्रकाशित विज्ञप्तिमार्फत् उक्त घटनाको भर्त्सना गर्दै आक्रमणकारीहरूलाई कानुनबमोजिम कारबाहीको माग गरिएको छ।

**पाठकको पत्र**

# कति तिर्ने ढल मिसिएको खानेपानीको महसुल ?

**"कोरोनाबाट मर्ने कि ढल मिसिएको पानी खाएर मर्ने ?"**

कुरा चैतको १८ गते भक्तपुरको पाइपलाईनका स्थानीयवासीहरूको खानेपानी समस्या हो। त्यहाँको खानेपानीमा ढल मिसिएर पानी आयो भनेर जनप्रतिनिधि जितेन्द्र मुनंकर्मीलाई बोलाएर देखायो। त्यहिबेला एउटा पत्रकार भनिने मानिस जो स्थानीय पनि होइन, जनप्रतिनिधिहरूले वेवास्ता गर्यो भनेर बम्किंदै थियो। जबकी वडासदस्य जितेन्द्र मुनंकर्मी उपस्थित स्थानीयहरू माझ समस्या समाधानको लागि के गर्न सकिन्छ भनेर सरसल्लाहमा व्यस्त हुनुहुन्थ्यो। उहाँले काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडका कर्मचारीहरूलाई समस्या अवगत गराउँदै समाधानको लागि पहल गर्न र के भएको निरीक्षण गर्न अनुरोध गर्नुभयो। वडा निरीक्षक बोलाई वडा निरीक्षकमार्फत् खानेपानी संस्थानका चेत बहादुर ऐरलाई पनि फोन गराउनु भयो। तर कर्मचारी आउन मानेन। भोलि खानेपानी छोड्ने बेलामा हेर्दा मात्र थाहा हुने छ, अहिले पानीको लेभल कमी भएकोले पानी पनि पठाउँदैन र हेर्न मिल्दैन भन्ने जवाफ दिए। त्यसपछि वडाध्यक्षज्यू मार्फत् भक्तपुर खानेपानी कार्यालयका सुरेन्द्र हिमालयलाई सम्पर्क गरी उक्त समस्या समाधानको लागि जानकारी गराइयो। तुरुन्त गराउने भनी कुरा भयो तर आज चैत २२ गते यो पाठक पत्र लेख्दासम्म समस्या समाधान भएन। धाराबाट ढल मिसिएको कालो पानी आइरहेको छ। यतिका बेवास्ता किन ? उक्त फोहर पानीले मान्छे विरामी भई केही भयो भने त्यसको जिम्मेवार को ?

त्यहाँ भीड भएकोले कोरोनाको महामारी भएका अवस्थामा समस्या थाहा भएका र अवगत गर्न सक्नेहरू दुईचार जनामात्र बहिर बसी घर जान अनुरोध गर्दा कोरोनाबाट मर्ने कि ढल मिसिएको पानी खाएर मर्ने भन्ने प्रश्न गर्दै हामी कोही पनि घर जाँदैनौं। पहिला यो खानेपानीको समस्या समाधान गरिदिनुपर्यो भनेर कोही घर जान मानेनन्।

यदि खानेपानी वितरणको अधिकार स्थानीय सरकारलाई दिएको भए उक्त समस्या जिम्मेवारीपूर्वक समाधान हुने थियो भन्ने मलाई भान भयो।

अहिले खानेपानी संस्थानले खानेपानीको पैसा असुल्छ त्यसमा ढलको समेत जोडेर। अनि समस्या सबै खानेपानी संस्थानका कर्मचारीहरूले नगरपालिकातिर तेर्स्याउने गर्छ।

खानेपानीको समस्या झन्झन् विकराल बन्दै गएको अवस्थामा कोरोनाबाट बच्न साबुनपानीले मिचिमिचि हात धुनुपर्छ भन्छन्। तर चार-पाँच दिनको फरकमा एक पटक पानी आउँछ त्यो पनि ढल मिसिएको। यसले कोरोनाबाट बच्न सकिन्छ ? समयमै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड भक्तपुर शाखाको ध्यान जाओस्। यदि जनता जाग्यो भने त्यसको परिणामको जिम्मा पनि महसुल उठाउनेहरूकै हुनेछ, आसा छ बेलैमा ध्यान दिनेछन्।


***एक स्थानीयवासी, भक्तपुर नपा वडा नं १० पाइपलाईन***

# विश्वमा कोभिड–१९ को स्थिति

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु |
|---|---|---|---|---|
| | विश्व | २,९९५,२०९ | ८८१,५२५ | २०७,००९ |
| १ | संरा अमेरिका | ९८७,३२२ | ११८,७८१ | ५५,४१५ |
| २ | स्पेन | २२६,६२९ | ११७,७२७ | २३,१९० |
| ३ | इटाली | १९७,६७५ | ६४,९२८ | २६,६४४ |
| ४ | फ्रान्स | १६२,१०० | ४४,९०३ | २२,८५६ |
| ५ | जर्मनी | १५७,७७० | ११४,५०० | ५,९७६ |
| ६ | संयुक्त अधिराज्य | १५२,८४० | लख | २०,७३२ |
| ७ | टर्की | ११०,१३० | २९,१४० | २,८०५ |
| ८ | इरान | ९०,४८१ | ६९,६५७ | ५,७१० |
| ९ | चीन | ८२,८३० | ७७,४७४ | ४,६३३ |
| १० | रूस | ८०,९४९ | ६,७६७ | ७४७ |
| ११ | ब्राजील | ६३,१०० | ३०,१५२ | ४,२८६ |
| १२ | बेल्जीयम | ४६,१३४ | १०,७८५ | ७,०९४ |
| १३ | क्यानाडा | ४६,८९५ | १७,३२१ | २,५६० |
| १४ | नेडरलान्ड | ३७,८४५ | लख | ४,४७५ |
| १५ | स्वित्जरलान्ड | २९,०६१ | २१,८०० | १,६१० |
| १६ | भारत | २७,९७७ | ६,५२३ | ८८४ |
| १७ | पेरू | २७,५१७ | ८,०८८ | ७२८ |
| १८ | पोर्तुगल | २३,८६४ | १,३२९ | ९०३ |
| १९ | इक्वेडर | २२,७१९ | १,३६६ | ५७६ |
| २० | स्वीडेन | १८,६४० | १,००५ | २,१९४ |
| २१ | आयरलान्ड | १९,२६२ | ९,२३३ | १,०८७ |
| २२ | साउदी अरेबिया | १७,५२२ | २,३५७ | १३९ |
| २३ | इजरायल | १५,४४३ | ६,७३१ | २०१ |
| २४ | अस्ट्रिया | १५,२२५ | १२,२८२ | ५४२ |
| २५ | मेक्सिको | १४,६७७ | ८,३५४ | १,३५१ |
| २६ | सिंगापुर | १३,६२४ | १,०६० | १२ |
| २७ | जापान | १३,४४१ | १,८०९ | ३७२ |
| २८ | चिली | १३,३३१ | ७,०२४ | १८९ |
| २९ | पाकिस्तान | १३,३२८ | ३,०२९ | २८१ |
| ३० | पोलान्ड | ११,६१७ | २,२६५ | ५३५ |
| ३१ | रोमानिया | ११,०३६ | ३,०५४ | ६१९ |
| ३२ | दक्षिण कोरिया | १०,७३८ | ८,७६४ | २४३ |
| ३३ | बेलारूस | १०,४६३ | १,६९५ | ७२ |
| ३४ | संयुक्त अरब इमिरेटस | १०,३४९ | १,९७८ | ७६ |
| ३५ | कतार | १०,२८७ | १,०१२ | १० |
| ३६ | इन्डोनेसिया | ८,८८२ | १,१०७ | ७४३ |
| ३७ | युक्रेन | ८,६१७ | ८४० | २०९ |
| ३८ | डेनमार्क | ८,५७५ | ५,८०५ | ४२२ |
| ३९ | सर्बिया | ८,०४२ | १,१८२ | १५६ |
| ४० | फिलिपिन्स | ७,५७९ | ८६२ | ५०१ |
| ४१ | नर्वे | ७,५२७ | ३२ | २०१ |
| ४२ | चेक गणतन्त्र | ७,४०४ | २,५४५ | २२० |
| ४३ | अस्ट्रेलिया | ६,७१९ | ५,५८४ | ८३ |
| ४४ | डोमिनिकन गणतन्त्र | ६,१३५ | ९१० | २७८ |
| ४५ | मलेसिया | ५,७८० | ३,८६२ | ९८ |
| ४६ | पनामा | ५,७७९ | ३६९ | १६५ |
| ४७ | बंगलादेश | ५,४१६ | १२२ | १४५ |
| ४८ | कोलम्बिया | ५,३७९ | १,१३३ | २४४ |
| ४९ | फिल्लान्ड | ४,५७६ | २,५०० | १९० |
| ५० | दक्षिण अफ्रिका | ४,५४६ | १,४७३ | ८७ |
| ५१ | मीश्र | ४,५३४ | १,१७६ | ३१७ |
| ५२ | मोरोक्को | ४,०६५ | ५९३ | १६१ |
| ५३ | अर्जेन्टिना | ३,८९२ | १,१०७ | १९२ |
| ५४ | लक्जम्बर्ग | ३,७२३ | ३,१०४ | ८८ |
| ५५ | मोल्डोभा | ३,४०८ | ८९५ | ९६ |
| ५६ | अल्जेरिया | ३,३८२ | १,५०८ | ४२५ |
| ५७ | कुवेत | ३,०७५ | ८०६ | २० |
| ५८ | थाइलान्ड | २,९३१ | २,६०९ | ५२ |
| ५९ | कजाख्स्तान | २,७१७ | ६८२ | २५ |
| ६० | बहराइन | २,६४७ | १,१८९ | ८ |
| ६१ | ग्रीस | २,५१७ | ५७७ | १३४ |
| ६२ | हङ्गेरी | २,५८३ | ४९८ | २८० |
| ६३ | क्रोएसिया | २,०३० | १,१०३ | ५५ |
| ६४ | ओमान | १,९९८ | ३३३ | १० |
| ६५ | उज्बेकिस्तान | १,८६९ | ७८९ | ८ |
| ६६ | आइसलान्ड | १,७९२ | १,६०८ | १० |
| ६७ | इराक | १,८२० | १,२६३ | ८७ |
| ६८ | आर्मेनिया | १,७४६ | ८३३ | २८ |
| ६९ | अजरबैजान | १,६४५ | १,१३९ | २१ |
| ७० | इस्टोनिया | १,६४३ | २३३ | ४९ |
| ७१ | क्यामरून | १,६२१ | ७८६ | ५६ |
| ७२ | घाना | १,५५० | १५५ | ११ |
| ७३ | अफगानिस्तान | १,५३१ | २०७ | ५० |
| ७४ | बोस्निया र हर्जगोभिना | १,५१६ | ६२४ | ५९ |
| ७५ | न्यु जीलान्ड | १,४६९ | १,१८० | १९ |
| ७६ | लिथुआनिया | १,४४९ | ४७४ | ४१ |
| ७७ | स्लोभेनिया | १,३९६ | २२१ | ८२ |
| ७८ | उत्तर मेसेडोनिया | १,३८६ | ५०० | ६१ |
| ७९ | स्लोभाकिया | १,३७९ | ३९४ | १८ |
| ८० | क्युबा | १,३६९ | ५०१ | ५४ |
| ८१ | बुल्गेरिया | १,३४८ | २०५ | ५६ |
| ८२ | नाइजेरिया | १,२७३ | २३९ | ४० |
| ८३ | आइभोरि कोस्ट | १,१५० | ४६८ | १४ |

| | | | | |
|---|---|---|---|---|
| ८४ | हङ कङ | १,०३८ | ७७२ | ४ |
| ८५ | जिबौटी | १,०२३ | ४११ | २ |
| ८६ | गिनिया | ९९६ | २०८ | ७ |
| ८७ | ट्युनिसिया | ९४९ | २१६ | ३८ |
| ८८ | बोलिभिया | ९५० | ८० | ५० |
| ८९ | लात्भिया | ८१२ | २६७ | १२ |
| ९० | साइप्रस | ८१७ | १४८ | १४ |
| ९१ | अन्डोरा | ७३८ | ३४४ | ४० |
| ९२ | अल्बानिया | ७२६ | ४१० | २८ |
| ९३ | डाइमन्ड प्रिन्सेस(पानीजहाज) | ७१२ | ६४५ | १३ |
| ९४ | लेबनान | ७०७ | १४५ | २४ |
| ९५ | कोस्टा रिका | ६९५ | २६४ | ६ |
| ९६ | नाइजर | ६९६ | ३५० | २९ |
| ९७ | किर्गिज्स्तान | ६९५ | ३९५ | ८ |
| ९८ | सेनेगल | ६७१ | २८३ | ९ |
| ९९ | बुर्किना फासो | ६३२ | ४५३ | ४२ |
| १०० | होन्डुरस | ६६१ | ७९ | ६१ |
| १०१ | उरुग्वे | ६०६ | ३७५ | १५ |
| १०२ | सान मारिनो | ५३८ | ६४ | ४१ |
| १०३ | च्यानल टापू | ५२५ | ३३२ | ३५ |
| १०४ | जर्जीया | ४८६ | १४९ | ६ |
| १०५ | श्री लंका | ५२३ | १२० | ७ |
| १०६ | ग्वाटेमाला | ५०० | ४९ | १५ |
| १०७ | माल्टा | ४४८ | २८२ | ४ |
| १०८ | जोर्डान | ४४७ | ३३७ | ७ |
| १०९ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ४४२ | ५० | २८ |
| ११० | ताइवान | ४२९ | २८१ | ६ |
| १११ | रियुनियन | ४१७ | ३०० | |
| ११२ | मायोत्ते | ४०१ | १४४ | ४ |
| ११३ | सोमालिया | ४३६ | १० | २३ |
| ११४ | माली | ३८९ | ११२ | २३ |
| ११५ | केन्या | ३५५ | १०६ | १४ |
| ११६ | प्यालेस्टिन | ३४२ | ८३ | २ |
| ११७ | मौरिसियस | ३३२ | २९९ | ९ |
| ११८ | भेनेजुयला | ३२५ | १३७ | १० |
| ११९ | मोन्टेनेग्रो | ३२१ | १५३ | ७ |
| १२० | आइल अफ मान | ३०८ | २४७ | १८ |
| १२१ | जमैका | ३५० | २८ | ७ |
| १२२ | तान्जानिया | २९९ | ४८ | १० |
| १२३ | एल साल्भाडोर | २९८ | ८३ | ८ |
| १२४ | भियतनाम | २७० | २२५ | |
| १२५ | इक्वेटोरियल | २५८ | ८ | १ |
| १२६ | सुडान | २३७ | २० | २१ |
| १२७ | पारागुए | २२८ | ८५ | ९ |
| १२८ | कंगो | २०० | १९ | ६ |
| १२९ | फैरोए टापू | १८७ | १७८ | |
| १३० | र्‍वान्डा | १९१ | ९२ | |
| १३१ | मालदिभ्स | २१४ | १७ | |
| १३२ | ग्याबोन | १७६ | ३० | ३ |
| १३३ | मार्टिनक्यू | १७५ | ७७ | १४ |
| १३४ | ग्वाडेलोप | १४९ | ८२ | १२ |
| १३५ | म्यानमार | १४६ | १० | ५ |
| १३६ | ब्रुनइ | १३८ | १२३ | १ |
| १३७ | जिब्राल्टर | १४१ | १३१ | |
| १३८ | मडागास्कर | १२४ | ७१ | |
| १३९ | इथियोपिया | १२३ | ४१ | ३ |
| १४० | कम्बोडिया | १२२ | ११९ | |
| १४१ | लाइबेरिया | १२४ | २५ | १२ |
| १४२ | ट्रिनिडाड र टोबागो | ११६ | ५८ | ८ |
| १४३ | फ्रेन्च गाएना | १११ | ८७ | १ |
| १४४ | बर्मुडा | १०९ | ३९ | ६ |
| १४५ | क्याबो भर्ड | १०६ | १ | १ |
| १४६ | अरुबा | १०० | ७३ | २ |
| १४७ | टोगो | ९८ | ६२ | ६ |
| १४८ | मोनाको | ९४ | ४२ | ४ |
| १४९ | सिएरा लियोन | ९३ | १० | ४ |
| १५० | जाम्बिया | ८८ | ४२ | ३ |
| १५१ | लिक्टेन्स्तान | ८२ | ५५ | १ |
| १५२ | बार्बाडोस | ७९ | ३९ | ६ |
| १५३ | बहामाज | ८० | २२ | ११ |
| १५४ | मोजाम्बिक | ७६ | १२ | |
| १५५ | उगान्डा | ७९ | ४६ | |
| १५६ | गुयाना | ७४ | १२ | ८ |
| १५७ | सिन्ट मार्टिन | ७४ | ३३ | १३ |
| १५८ | हैटी | ७४ | ७ | ६ |
| १५९ | केमान आइलान्ड | ७० | ८ | १ |
| १६० | लिबिया | ६१ | १८ | २ |
| १६१ | इस्वाटिनी | ५९ | १० | १ |
| १६२ | फ्रेन्च पोलीनेसिया | ५७ | ४१ | |
| १६३ | बेनिन | ६४ | ३३ | १ |
| १६४ | नेपाल | ५२ | १६ | |
| १६५ | गिनिया बिसाउ | ५३ | ३ | १ |
| १६६ | चाड | ४६ | १५ | |
| १६७ | मकाओ | ४५ | ३१ | |
| १६८ | सिरिया | ४३ | १४ | ३ |
| १६९ | इरिट्रिया | ३९ | १३ | |
| १७० | सेन्ट मार्टिन | ३८ | २४ | ३ |
| १७१ | मंगोलिया | ३८ | १० | |

| | | | | |
|---|---|---|---|---|
| १७२ | मलावी | ३४ | ४ | ३ |
| १७३ | जिम्बावे | ३१ | २ | ४ |
| १७४ | अंगोला | २६ | ६ | २ |
| १७५ | एन्टिगुआ र वर्बुडा | २४ | ११ | ३ |
| १७६ | टिमोर लेस्टे | २४ | २ | |
| १७७ | वोत्स्वाना | २२ | | १ |
| १७८ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १९ | १० | |
| १७९ | लावस | १९ | ७ | |
| १८० | वेलिज | १८ | ५ | २ |
| १८१ | फिजी | १८ | १२ | |
| १८२ | ग्रेनाडा | १८ | ७ | |
| १८३ | न्यु क्यालेडोनिया | १८ | १७ | |
| १८४ | कुराकाओ | १६ | ११ | १ |
| १८५ | डोमिनिका | १६ | १३ | |
| १८६ | नामिबिया | १६ | ८ | |
| १८७ | सेन्ट किट्स र नेभिस | १५ | २ | |
| १८८ | सेन्ट लुसिया | १५ | १५ | |
| १८९ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | १४ | ५ | |
| १९० | फकलान्ड टापु | १३ | ११ | |
| १९१ | निकारागुआ | १३ | ७ | ३ |
| १९२ | वुरून्डि | ११ | ४ | १ |
| १९३ | मोन्टसेराट | ११ | २ | १ |
| १९४ | टर्कस र कैकोस | ११ | ४ | १ |
| १९५ | ग्रीनलान्ड | ११ | ११ | |
| १९६ | सेशेल्स | ११ | ६ | |
| १९७ | गाम्बिया | १० | ८ | १ |
| १९८ | सुरिनाम | १० | ७ | १ |
| १९९ | एमएस जान्डाम(पानीजहाज) | ९ | | २ |
| २०० | भेटिकन सिटी | ९ | २ | |
| २०१ | पपुआ न्यु गिनी | ८ | | |
| २०२ | मौरितानिया | ७ | ६ | १ |
| २०३ | भुटान | ७ | ४ | |
| २०४ | व्रिटिस भर्जिन टापु | ६ | ३ | १ |
| २०५ | सेन्ट वार्थ | ६ | ६ | |
| २०६ | दक्षिण सुडान | ६ | | |
| २०७ | पश्चिमी सहारा | ६ | ५ | |
| २०८ | क्यारिवियन नेडरलान्ड | ५ | | |
| २०९ | साओ टोम एन्ड प्रिन्सिप | ४ | | |
| २१० | अन्गिवला | ३ | १ | |
| २११ | सेन्ट पीरे मिक्वेलोन | १ | | |
| २१२ | यमन | १ | १ | |
| | जम्मा | २,९९५,२०९ | ८८१,५२५ | २०७,००९ |
| श्रोत | WORLDOMETERE | मिति:२०७७।१।१५ समय : GMT 06 | | |




कोरोना सङ्क्रमणको विश्वव्यापी स्थितिको नक्सा - विश्व स्वास्थ्य सङ्गठन

# भक्तपुर नपाको विपद् व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था व्यक्ति तथा संघ-संस्थाहरुको नामावली

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ (कोरोनाभाइरस) संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकामा स्थापित विपद् व्यवस्थापन कोषमा विभिन्न मितिमा सहयोग गर्नुहुने व्यक्ति तथा संघसंस्थाहरुको नाम, ठेगाना, सहयोग रकम र मिति तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण | सहयोग मिति |
|---|---|---|---|---|
| १. | श्री अजयबहादुर प्रधानाङ्ग | भनपा-२ | ३४ बोरा चामल | |
| २. | मोर्डन युथ फर सोसाइटी | भनपा- ९ | चामल १० किलोको १९ पोका<br>दाल १ किलोको १९ पोका | |
| ३. | श्री अरुणोदय प्रजापति | भनपा-९ | रु. १०,०००।- | २०७६।१२।२४ |
| ४. | दीक्षा (गौरी) हाडा स्मृति प्रतिष्ठान | भनपा-२ | रु. ५०,०००।- | २०७६।१२।२७ |
| ५. | नेपाल रेडक्रस सोसाईटी | भक्तपुर | रु. १,००,०००।- | २०७६।१२।३० |
| ६. | हित बचत तथा ऋण सहकारी संस्था | भनपा-७ | रु. ५,०००।- | २०७७।१।३ |
| ७. | शिवलाल वाला | भनपा-७ | रु. २,०००।- | २०७७।१।३ |
| ८. | संचित बचत तथा ऋण सहकारी सं.लि. | भनपा-४ | रु २५,०००।- | २०७७।१।६ |
| ९. | भक्तपुर उद्योग वाणिज्य संघ | भक्तपुर | सर्जिकल मास्क-१००० थान | २०७७।१।७ |
| १०. | श्री माधव प्रजापति | भनपा-९ | हार्मोनी (६० ग्राम) साबुन ४३२ वटा | २०७७।१।८ |
| ११. | भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. | ब्यासी-२, भक्तपुर | रु १०,०००।- | २०७७।१।९ |
| १२. | ख्वप बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-२ | रु. १०,०००।- | २०७७।१।१० |
| १३. | सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-३ | रु. २५,०००।- | २०७७।१।१० |
| १४. | बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. | मध्यपुर | २५ केजीको १० बोरा चामल | २०७७।१।१० |
| १५. | लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | भनपा २ | रु. १५,०००।- | २०७७।१।१० |
| १६. | श्री सुदिप खनाल | चाँगुनारायण नपा | ५३०० थान मास्क | २०७७।१।१० |
| १७. | भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-२ | रु ५०,०००।- | २०७७।१।१० |
| १८. | सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था.लि. | भनपा-७ | रु १,००,०००।- | २०७७।१।११ |
| १९. | भक्तपुर विकास सहयोग संघ | पुतलीसडक, काठमाडौं | जीरा मसिनु चामल २५ केजीको ५० बोरा | २०७७।१।११ |
| २०. | बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-२ | रु २५,०००।- | २०७७।१।११ |
| २१. | श्री सुरेन्द्र हाडा | भनपा-६ | रु ५,०००।- | २०७७।१।११ |
| २२. | श्री सुजन हाडा (ममतामयी माता स्व. सुशिना कायष्थ (हाडा)को स्मरणमा) | भनपा-२ | रु ११,०००।- | २०७७।१।११ |
| २३. | नेपाल मोबाइल वितरक संघ | काठमाडौं | सर्जिकल मास्क- ५०० थान | २०७७।१।११ |
| २४. | गोर्खा इकोप्यानल | भक्तपुर | रु २०,०००।- | २०७७।१।१२ |
| २५. | गोर्खा इकोब्रिक्स | भक्तपुर | रु २०,०००।- | २०७७।१।१२ |
| २६. | गोर्खा प्रिकाष्ट | भक्तपुर | रु २०,०००।- | २०७७।१।१२ |
| २७. | तलेजु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-३ | रु ५,०००।- | २०७७।१।१४ |
| २८. | झिगु ख्वपः बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-७ | रु १०,०००।- | २०७७।१।१४ |
| २९. | केदारनाथ बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-७ | रु २०,०००।- | २०७७।१।१४ |
| ३०. | बाराही बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-४ | रु १,००,०००।- | २०७७।१।१४ |

*नोट : उक्त कोषमा रकम जम्मा गर्न चाहने महानुभाव तथा संघसंस्थाहरुले भक्तपुर नगरपालिका, विपद् व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं. ०१९००१०६६३७८५८०००००१ मा जम्मा गर्नु हुन र जिन्सी सामान भए भक्तपुर नपामा उपलब्ध गराउनुहुन अनुरोध छ ।*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ चैत्र ७ गते, शुक्रबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल | ऐ |

## निर्णयहरू

### सरसफाइ सम्बन्धी विधेयक-२०७६

भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी विधेयक–२०७६ सम्बन्धी छलफल गरी भक्तपुर नगरपालिकाको छैटौं नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. जुद्ध वारुण यन्त्र कार्यालय, भक्तपुरले हाल कार्यालय सञ्चालन भएको स्थानमा नयाँ भवन निर्माण गरिने भएकोले तत्काल कार्यालय सञ्चालन भएको स्थानको नजिक सिद्ध पोखरी वरिपरि जनशक्तिसहित कार्यालय स्थानान्तरण गर्नुपर्ने भएकोले दुई वर्षका लागि नयाँ भवन निर्माण भएपछि आफ्नै कार्यालयमा फर्किने गरी हाललाई अस्थायी रूपको व्यवस्थापनमा जग्गा र भवन उपलब्ध गराई सहयोग गरिदिनको लागि अनुरोध भैआएको सम्बन्धमा छलफल गर्दा बढीमा २ वर्षभित्रमा खाली गर्ने गरी सिद्ध पोखरी परिसरको दक्षिणी क्षेत्रमा अस्थायी टहरा निर्माण गरी **दमकलको सेवा सञ्चालन** गर्न अनुमति दिने निर्णय गरियो ।

ख. तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको २०७६।११।१२ गते जग्गा सट्टापट्टा सम्बन्धी २१ दिने सूचना अनुसार म्यादभित्र पर्न आएका जग्गा सट्टापट्टा सम्बन्धी तपसिलका जग्गा धनीहरूबाट प्राप्त २ (दुई) थान निवेदन बैठकमा प्रस्तुत भई जानकारी भयो ।

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको २०७६।११।१२ को मितिबाट लेखी आएअनुसार भक्तपुर नगरपालिकाबाट निर्माणाधीन ख्वप अस्पताल भवन वरिपरिको केही जग्गा बिक्री प्लट अस्पतालको लागि आवश्यक भएकोले आयोजनाको विक्री प्लट जग्गासँग सट्टापट्टा गर्न इच्छुक जग्गा धनीहरूलाई निवेदन दिन प्रकाशित सूचनाअनुसार पर्न आएका निवेदनहरूमा आयोजना सहयोग समितिको २०७६।११।८ को बैठकले तपसिलका जग्गाहरू सट्टापट्टा गर्न उपयुक्त देखी यस न.पा.मा निर्णयको लागि पेश हुन आएको विषयमा छलफल गर्दा आयोजनाले तोकेको मूल्यमा सट्टापट्टा गर्न प्रस्ताव भै आएको व्यहोरा मनासिव देखिंदा आयोजनाबाट पेश भए बमोजिम तपसिलको **जग्गा सट्टापट्टा गर्न स्वीकृति** दिने निर्णय गरियो :

| दिन चाहेको जग्गा विवरण | | | | | |
|---|---|---|---|---|---|
| जग्गा धनीको नाम | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल | आयोजनाको हाल कायम मूल्य प्रति वर्ग मि. | जम्मा |
| सत्यमाया प्रजापति | १छ२ | १५ | ०-२-२-०<br>(८१.१२ व.मि.) | ५२,१७०।०० | ४२,३२,०३०।०० |
| कृष्णमाया कुसी | १छ२ | १२ | ०-३-०-३.४९<br>(१०२.३३ व.मि.) | ५०,३९२।०० | ५१,५६,६१४।०० |

| लिन चाहेको आयोजनाको बिक्री प्लट जग्गाको विवरण | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| जग्गा धनीको नाम | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल | आयोजनाको हाल कायम मूल्य प्रति वर्ग मि. | जम्मा |
| आयोजनाको बिक्री प्लट (सत्यमाया) | १छ४ | ११२ | ०-३-१-०.२७ (१०३.८९ व.मि.) | ७८,६२६।०० | ८१,५८,४५६।०० |
| आयोजनाको बिक्री प्लट (कृष्णमाया) | १छ७ | ६५ | ०-४-२-२ (१४७.०५ व.मि.) | ४३,३२३।०० | ६३,७०,६४७।०० |

ग. भक्तपुर नगरपालिकाको वडा नं. १ देखि १० सम्मका वडाका जनप्रतिनिधिहरू, नेपाल विद्युत प्राधिकरणका प्राविधिकहरू र भक्तपुर नगरपालिकाका प्राविधिक समेतको संयुक्त टोलीले भक्तपुर नगरपालिका क्षेत्रभित्रका **सडक बत्तीहरूको स्थलगत निरीक्षण** गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी प्राविधिक हरिरत्न ध्वोजुबाट प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदनमाथि छलफल हुंदा उक्त सडक बत्ती अध्यावधिक प्रतिवेदन अनुसार सडक बत्ती महसुल निर्धारण गरी प्रतिवेदन कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरण भक्तपुर वितरण शाखालाई प्रतिवेदनको प्रतिलिपी उपलब्ध गराई पत्राचार गर्ने निर्णय गरियो ।

घ. बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट वागीश्वरी माध्यमिक विद्यालय, च्याम्हासिंहलाई विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमूना विद्यालयको रूपमा विकास गर्न छनौट भएकोमा सो विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट विद्यालय भवन तथा संरचना निर्माण र अन्य **भौतिक पूर्वाधार विकासको विद्यालय सुधार गुरु योजना** तयारगरी पाँच वर्षे २०८० सालसम्ममा सम्पन्न गर्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी पेश गरेकोमा आवश्यक छलफल गरी भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिका वडा नं. ३ मा रहेको तलेजु मन्दिरको परिसरमा रहेको करिब ३२९ वर्ष पुरानो दुईवटा ऐतिहासिक नगराहरूलाई सिद्धिलक्ष्मी मन्दिर अगाडिको ताहा सत्तल (तव सत्तल) को पहिलो तलाको पश्चिम भागमा पुनः स्थापना गरिएको **नगरा दैनिक रूपमा विहान र बेलुकी दुई पटक बजाउन**को लागि भक्तपुर न.पा.वडा नं. ३ बस्ने हरेराम ठिमी र पुनेराम ठिमीलाई प्रतिव्यक्ति मासिक रु.५,०००।- का दरले पारिश्रमिक उपलब्ध गराउने । निजहरूको भक्तपुर न.पा. पर्यटक सेवा केन्द्रमा दैनिक हाजिरी राखी सो केन्द्रका इन्चार्जको निर्देशनमा कामकाज गर्ने गरी २०७६ चैत्र १ गतेदेखि लागू हुने गरी हाल २०७७ आषाढ मसान्तसम्म सेवा करारमा सम्झौता गर्ने र निजहरूको कार्य सन्तोषजनक रहेमा प्रत्येक आ.व.को लागि सेवा करार सम्झौता थप गर्दै जाने निर्णय गरियो ।

च. यस नपाको फोहोर संकलन गर्ने ना २ स ९७९ नं. को इलेक्ट्रिक ट्राइसाइकलको एम्लिफायर मर्मत वापत रु. २०००।- बास नेशनल साउण्ड सिस्टमलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. नपाको तीनपाङ्ग्रे साइकल मर्मत गर्दाको रु. ८००।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. नपाको फोहोर संकलन गर्ने गाडी नं बा १ क ४५५४ को मर्मत गर्दाको रु.३६,४१४।२५ सिद्धि गणेश मोटर पार्टस्‌लाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ. नपामा विभिन्न समयमा खाजा वापत रु. ३००३०।- ब्रदर्स क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. नपाको मिति २०७६।११।२२ गतेको बोर्ड बैठकको लागि खाजावापत रु.८,७५७।५० सूर्यविनायक पार्टी भेन्यूलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट. मिति २०७६।११।१९ गते रसियन सांस्कृतिक समूह अतिथि सत्कार खाजा वापत रु. ३६,३८८।८२ होटल स्वीट होमलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ठ. नपाको कार्यरत कर्मचारीहरूको खाना वापत रु.२,४२०।- सुवर्ण भोजनालयलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ड. भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवालले पाक शिक्षा तालिमका लागि रु.१,००,०००।- पेश्की लिई रु. ८०,७२४।- खर्च गरी रु. १९,२७६।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

ढ. भक्तपुर महोत्सव २०२० को लागि निम्नानुसार **खर्च भएको बैठकबाट अनुमोदन** गरियो :

| | |
| --- | --- |
| तलब | रु.३,२३,२६६।- |
| विशेषज्ञ परामर्श सेवा | रु.१,६६,८००।- |
| अन्य कार्यालय सामान | रु.७,४७५।- |
| मसलन्द सामग्री | रु.२३,२१०।- |
| विविध | रु.६९,३२५।- |
| प्रचार प्रसार सामग्री | रु.५,४६६३७।- |
| जम्मा | रु.११,३६,७१३।- |

ण. वडा नं २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.६९,५२,०००।– लिई रु. ६६,८९,६००।– वितरण गरी बाँकी रु. २,६२,४००।– बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

त. वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ७६,३०,४००।– लिई रु. ६७,५०,४००।– वितरण गरी **बाँकी** रु. ८,८०,०००।– बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

थ. वडा नं. ९ का वडाअध्यक्ष श्री रबिन्द्र ज्याख्वले वृद्ध भत्ताको० दोस्रो किस्ता वितरण गर्न रु. ८५,९७,६००।– लिई रु. ७२,६५,०००।– वितरण गरी बाँकी रु. १३,३२,०००।– बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

द. नपामा विभिन्न समयमा फलफूल र जुस उपलब्ध गराए वापत रु.१७,९५५।– एच. एस. जुस सेन्टरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ध. मिति २०७६ पौष १५ गते पर्यटन वर्ष २०२० को अवसरमा आयोजित सन्ध्याकालीन सम्पदा क्षेत्र पैदलयात्रा कार्यक्रममा आतिथ्य सत्कारका लागि योमरी व्यवस्थापन तथा स्थानीय वाकुपति नारायण मन्दिर र सूर्यमढी क्षेत्रमा दिपावली गर्दाको खर्च रु.३४,२००।– प्रगति पुस्तकालयलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## निर्णय अनुमोदन

न. मिति : २०७६।१२।०७ गते बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई.रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | महाकाली पिठ संरक्षण कार्य | ६ | २,६१४,४१२।५७ | | | | | | २०,००,०००। प्रदेश सरकारबाट र बाकी ६१४४१२।५७ भनपाको पशुवधशाला शीर्षकबाट व्यहोर्ने | |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | |
| १ | सल्लाघारी स्थित नपली सृजनानगर बाटो पीच कार्य | १ | २,८३८,०१७।२६ | उपभोक्ता समिति अध्यक्ष | अमृत बस्नेत | अनुगमन समिति संयोजक | सूर्यप्रसाद श्रेष्ठ | | बागमती प्रदेश सांसदकोष | |
| २ | हनुमानघाट आदर्श वासिकचा बाटो पीच कार्य | ७ | २,९६०,९५९।८६ | उ.स.अ | गोपाल त्वायना | अ.स.स. | हरिरत्न गोर्खाली | | बागमती प्रदेश सांसदकोष | |
| ३ | शारदा माविमा ढुङ्गा छपाइ कार्य | २ | २,४९८,८०५।०० | उ.स.अ | रत्नभक्त ग्वायमरू | अ.स.स. | रत्नकाजी नायोभारी | | बागमती प्रदेश सांसदकोष | |
| ४ | बिलाछें (भण्डार घर) को छाना मर्मत कार्य | ३ | ५१७,७३३।०० | उ.स.अ | शिवसुन्दर धुख्वा | अ.स.स. | कृष्णगोपाल चौगुठी | | नपा | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | बाराही पुलदेखि बाराही पीठ हुँदै अरनिको राजमार्गसम्म पेटी निर्माण कार्य | ३ | १,०८१,१५७।१८ | | ७५१,८३३।५० | ६८९,९८८।०० | ३००,०००।०० | ३८९,९८८।०० | सडक बोर्ड नेपाल/भनपा | कार्य सम्पन्न |
| २ | क्वाठण्डौंदेखि नवदुर्गा द्योछेंसम्म बाटो मर्मत कार्य | १० | १,०१०,६८१।८० | | १,१०५,९०४।१७ | ४९१,७५४।९२ | ३३०,०००।०० | १६१,७५४।९२ | सडक बोर्ड नेपाल/भनपा | आंशिक पे.फ. दोस्रो पेश्की माग चार लाख |
| ३ | मंगलतीर्थदेखि राममन्दिरसम्म बाटो मर्मत कार्य | ३ | २,८९०,४६३।४३ | | २,६३६,०५२।३४ | २,१७९,६००।०० | ९००,०००।०० | १,२७९,६००।०० | नपा | |
| ४ | देकोचादेखि ख्वप कलेजसम्म बाटोको दायाँ पेटी निर्माण कार्य | ६ | ३,३७०,५८९।२५ | | १,४७९,३८३।४० | १,१६३,०२४।१४ | १,१००,०००।०० | ६३,०२४।१४ | नपा | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | साकोठा दरवार क्षेत्र खौमा हुँदै इताछेँसम्म सी.सी.टी.भी. मर्मत तथा नयाँ जडान कार्य | २,३,५ | ४९१,४०६।४९ | | ४८५,९४६।२३ | ४३०,९३२।२३ | | ४३०,९३२।२३ | नपा | २३,५००। वार्षिक मर्मत सम्भार बाहेक खर्च समर्थन कार्य सम्पन्न (१ वर्ष भुक्तानी पछि) |
| ६ | भनपाको जमिन तलामा दर्ता चलानी इकाई कोठाको लागि बुट्टेदार काठको काउण्टर बनाउने योजना | २ | १,०९७,५०६।३१ | | ९८५,६२४।२८ | १०२७०४०।०५ भ्याटसहित | | १,०२७,०४०।०५ | नपा | २२ वर्ग फिट परिमाण बुट्टा कार्य बढी भएको |

**कोटेशन स्वीकृत सम्बन्धमा**

| | |
|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि टायल खरिदको लागि भ.न.पा.मा सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा सबभन्दा न्यूनत्तम अङ्क कबोल गर्ने कम्पनी शेरवीन वाथ एण्ड किचेन कलंकी काठमाडौंको कोटेशन स्वीकृत गर्ने निर्णय गरियो । |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि ग्राविल खरिदको लागि भ.न.पा.मा सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा कम्पनी गजेण्डा ट्रेडिङ्ग प्रा.लि. काठमाडौंको प्रति वर्गफिट रू.१७०।०० स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि कोटा स्टोन खरिदको लागि भ.न.पा. सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा सबभन्दा कम न्यूनत्तम हारती माता कन्स्ट्रक्सन प्रा.लि. को प्रति वर्गफिट रू.१४५।०० स्वीकृत गर्ने निर्णय गरियो । |

भुक्तानी सम्बन्धमा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि कोटा स्टोन ३४१० वर्ग फिट उपलब्ध गराए बापत | ९ | | | | | | ४९४,४१६।९२ | | हारती माता कन्स्ट्रक्सन प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो । |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक गिति १६.३४ घ.मि. र बालुवा ९३.५१ घ.मि. उपलब्ध गराए बापत | ९ | | | | | | ३६१,४७१।१२ | | शुलोक ट्रेडिङ्ग कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो । |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक सिमेन्ट उपलब्ध गराए बापत | ९ | | | | | | ४७७,५४२।५२ | | सिरूवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो । |
| ४ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि आवश्यक फर्निचर तथा हार्डवेयर सम्बन्धी सामग्री उपलब्ध गराए बापत | ९ | | | | | | १४९,८१०।८८ | | आर.पि. प्लाइउड सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो । |
| ५ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक सेरामिक टायल उपलब्ध गराए बापत | ९ | | | | | | ३४७,६९३।०९ | | शेरवीन वाथ एण्ड किचेनलाई भुक्तानी दिने निर्णय गरियो । |

## मिति २०७६ चैत्र १७ गते, सोमबार

### निर्णयहरू

**कोरोनाभाइरस जोखिमबाट सुरक्षित राख्न समन्वय समिति गठन गर्ने**

विश्वव्यापी रूपमा फैलिएको नोवेल कोरोनाभाइरस (कोभिड-१९) को सम्भावित जोखिमबाट नगरवासी जनतालाई सुरक्षित राख्न तथा सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न प्रत्येक वडामा वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको संयोजकत्वमा स्थानीय अग्रजहरू सम्मिलित समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**घरमै सुरक्षित बस्न आग्रह**

कोरोना भाइरसको सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले देशव्यापी लकडाउन घोषणा गरेको अवस्थामा अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन र घरमै सुरक्षित रूपमा बस्न नगरवासीहरूलाई आग्रह गर्ने निर्णय गरियो ।

यस अवधिमा रोगको जोखिमबाट जोगिन मन्दिर, मस्जिद, चर्च, बहाबहीलगायतका धार्मिक स्थलहरूमा पूजा प्रार्थना नगर्न, मर्निङ वाक (प्रभातफेरी), योग र शारीरिक व्यायामको लागि घरबाट बाहिर ननिस्कन सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**अनुमति पत्र वितरण गर्ने**

लकडाउन घोषणा गरिएको समयावधिमा अत्यावश्यक कार्यका लागि मात्र एक घरबाट एक जना मात्र बाहिर निस्कन सकिने गरी वडा कार्यालयहरूमार्फत अनुमति पत्र वितरण गर्ने निर्णय गरियो ।

**तरकारी बजारको व्यवस्था**

लकडाउनको समयावधिमा कोरोना भाइरस रोगको सम्भावित जोखिमप्रति संवेदनशील भई यही २०७६ चैत्र १९ गतेदेखि लागू हुने गरी दत्तात्रय चोकदेखि वंशगोपालसम्मको मूल सडक र चोकमा तरकारी बजार राख्न पूर्ण निषेध गर्ने । यसको सट्टा देहाय बमोजिम वडाका देहाय बमोजिमका स्थानहरूमा तरकारी बजारको व्यवस्था गर्ने निर्णय गरियो :

| वडा | तरकारी बजार राखिने स्थानहरू : |
|---|---|
| १ | वडा कार्यालय अगाडिको बसपार्क क्षेत्र |
| २ | न:पुखुको उत्तरतर्फको खुला ठाउँ, ठूलो व्यासी, सानो व्यासी |
| ३ | तापालाछी, कोलाछेँ, देगमना, खौमा |
| ४ | गः हिति, तालाक्व, भुलाँचा |
| ५ | खलाँ ल्योसिँख्यो, त्रिपुरासुन्दरी |
| ६ | चोछेँ, भोलाछेँ चौबाटो, देकोचा |
| ७ | वाँचु टोल, याता, जगाति चोक |
| ८ | लिवाली (ख्वप इन्जिनियरिङ्ग कलेज जाने चोक), जेलां |
| ९ | याताछेँ, वाँचु हिति |
| १० | लाँचाफल्चा, महालक्ष्मी मन्दिर वरपर, कमलविनायक पोखरीको दक्षिणतिर । |

**कोषको व्यवस्था**

कोरोना भाइरस रोगको नियन्त्रण तथा रोकथामको व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकारबाट यसको लागि प्राप्त हुन आउने रकम समेत विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने । कोभिड १९ को नियन्त्रण तथा रोकथामको लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्दै जाने । संघ/प्रदेश सरकारबाट प्राप्त रकम र विपद् व्यवस्थापन कोषमा रहेको रकम नपुग हुने स्थिति भएमा अन्य कार्यक्रमहरूको बजेट रकमान्तर गरी व्यवस्था गर्ने । तत्काल विपद् व्यवस्थापन कार्यको लागि सबै वडाहरूलाई १ लाखको दरले निकासा गरी पठाउने निर्णय गरियो ।

**सहयोग नपामा जम्मा**

विपद्को समयमा कुनै गैर सरकारी संस्था वा व्यक्तिले राहत वा सहयोग वितरण गर्न चाहेमा यस नगरपालिकामा सहयोग रकम वा सामग्री जम्मा गरी वडा कार्यालय मार्फत् मात्र वितरण गर्ने निर्णय गरियो ।

## मिति २०७६ चैत्र २३ गते, आइतबार

### निर्णयहरू

**राहत सम्बन्धी मापदण्ड, २०७६**

१) विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी रूपमा संचालन गर्नको लागि नेपाल सरकारले लागू गरेको लकडाउनको कारण दैनिक ज्यालादारी, मजदुरी गरेर जीविका उपार्जन गर्ने र असहायहरूको लागि आवश्यक खाद्यान्न राहत वितरणको लागि निम्न अनुसारको **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६** पारित गर्ने निर्णय गरियो :

**भक्तपुर नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड-२०७६**

कोभिड-१९ को संभावित सङ्क्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम 'भक्तपुर नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड–२०७६' रहेकोछ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

**(क)** 'असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग' भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

**(ख)** 'असहाय' भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवासविहीन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

**(ग)** 'राहत' भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमको सामग्री सम्झनु पर्छ ।

**(घ)** 'स्थानीयतह' भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ ।

**३. अभिलेख राख्नु पर्ने : १)** यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक तथा असहायहरूलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ –

**(क)** पसलबाट ग्राहकको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक,

**(ख)** पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरू ओसार पसार गर्ने व्यक्ति,

**(ग)** ट्रक, टिप्पर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

**(घ)** अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

**(ङ)** आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

**(च)** गिटी कुट्ने, बालुवा चाल्ने तथा इँटा भट्टामा काम गर्ने मजदुर,

**(छ)** निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्परलगायतका मजदुर,

**(ज)** नाङ्लो पसले, दैनिक रूपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

**(झ)** देहायका यातायात मजदुर –

(१) अन्य व्यक्तिको मालवाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी सामानको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

**(ञ)** अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ्ग, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

**(ट)** स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

**(२)** यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची–१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडाअध्यक्षको सहयोग लिई तीनदिन भित्र तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**४. राहत वितरण गर्नुपर्ने :** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

**५.राहत सामग्री : (१)** खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रतिपरिवारको लागि देहायका सामग्री राहत स्वरूप वितरण गरिनेछ :

| **विवरण** | **२ जनाभन्दा बढी** | **२ जनासम्म** |
|---|---|---|
| क) चामल | २० किलोग्राम | १० किलोग्राम |
| ख) दाल | २ किलोग्राम | १ किलोग्राम |
| ग) नुन | १ पाकेट | १ पाकेट |
| घ) खाने तेल | १ लिटर | १/२ लिटर |
| ङ) साबुन | १ वटा | १ वटा |
| च) चिउरा | ३ किलोग्राम | ३ किलोग्राम |

**(२)** यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एका इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । साथै, परिवार सङ्ख्या कायम गर्दा दुईजनासम्म भए उपदफा (१) बमोजिमको राहत सामग्रीको आधार सोभन्दा बढी परिवार सङ्ख्या भए पुरै राहत सामग्री वितरण गरिनेछ ।

**(३)** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तिन सँगसँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आयआर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधी : १)** देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नुपर्नेछ

क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामग्री खरिद गरी वितरण गर्ने ।

ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भीड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने :

(१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र दफा ५ बमोजिमको सामग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरूलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

**७. राहत विरतणको अभिलेख र प्रतिवेदन : (१)** सम्बन्धित वडाले वितरणको अनुसूची–२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रूपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

**(२)** प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रियपत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

**(३)** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

**८. कारबाही सम्बन्धी व्यवस्था : (१)** यस कार्य विधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

**अनुसूची १**

(दफा ३ सँग सम्बन्धित)

अभिलेखको ढाँचा

फाराम नं. :

भक्तपुर नगरपालिका

............ वडा कार्यालय

**राहत वितरण निवेदन फाराम**

(यसमा राहत प्राप्त गर्ने निवेदकको विवरण, व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहूँला बुझाउँला भन्ने राहत लिने व्यक्तिको स्वःघोषणा, सिफारिस गर्ने पदाधिकारीको दस्तखत आदि रहेको छ ।)

**अनुसूची २**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

भक्तपुर नगरपालिका

............ वडा कार्यालय

राहत वितरणको अभिलेख

(यसमा राहत प्राप्त गर्ने व्यक्तिको नाम ठेगाना तथा टेलिफोन नं. बाबुको – बाजेको नाम, राहतको विवरण र राहत बुझि लिनेको दस्तखत, राहत वितरण गर्नेको दस्तखत रहेको छ ।)

## विपद् व्यवस्थापन केन्द्र (CMC) गठन

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न निम्नानुसारको भक्तपुर नगरपालिका स्तरीय Crisis Management Center (विपद् व्यवस्थापन केन्द्र) संरचना गठन गर्ने र नेपाल सरकारबाट तोके बमोजिमको कार्य शर्त (TOR) रहने निर्णय गरियो :

**संरचना**

१. भक्तपुर नगरपालिकाका प्रमुख – अध्यक्ष
२. भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत – सदस्य
३. यस नगरपालिकाको जनस्वास्थ्य केन्द्रका प्रमुख – सदस्य
४. जिल्ला सुरक्षा निकायहरूका प्रमुख वा प्रतिनिधि – सदस्य


## विपद् व्यवस्थापन कोष

यस नगरपालिकाको आ.व. २०७६/०७७ को विपद् व्यवस्थापन कोषमा रु.५०,००,०००।– (अक्षेरेपि पचास लाख) रकम व्यवस्था भएकोमा (भक्तपुर महोत्सवको लागि विनियोजित रकमबाट रु.८५,००,०००।– (अक्षेरेपि पचासी लाख) र युवा तथा खेलकुद समितिको विनियोजित रकमबाट रु.१५,००,०००।– (अक्षेरेपि पन्ध्र लाख गरी) रु.१ करोड बजेट रकमान्तरण गरी विपद् व्यवस्थापन कोषमा थप गर्ने र हाललाई कोभिड – १९ को रोकथाम, नियन्त्रण र राहत वितरण लगायतका कार्यहरू गर्न विपद् व्यवस्थापनको कोषबाट खर्च गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

यस नगरपालिकाका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारीका धर्मपत्नी स्व. शान्ता भण्डारीको मिति २०७ चैत्र २२ गते असामयिक निधन भएकोमा र भ.न.पा. साविक वडा ८ नं. वडाका पूर्व वडाअध्यक्ष एवं यस नपा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको सिफारिस समितिका सदस्य श्री हिमालयश्वरलाल मूलका छोरा स्व. सुरज मूलको मिति २०७६ चैत्र १४ गते असामयिक निधन भएकोमा नगरपालिकाको तर्फबाट मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्ने निर्णय गरियो ।




# ङातापोल निर्माण कथा (२)

- डा. जनकलाल वैद्य

## अध्याय २

अभिलेख ग्रन्थका विषयवस्तुका विविध पक्षीय महत्ता–

### क) ऐतिहासिक पक्षीय महत्ता

**१) पाँचतले मन्दिर निर्माणार्थ जग्गा अधिग्रहण भएको तथ्य बारे जानकारी :**

यस अभिलेख ग्रन्थले ङातापुल नामक पुरानो मन्दिर (?) वर्तमान पाँचतले मन्दिर निर्माण हुनु अगावै भक्तपुर टौमढी टोलमा अस्तित्वमा रही रहेको तथ्य प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २५६ क मा उल्लिखित यस वाक्यले मात्र सङ्केत गर्दो छ–

*संवत् ८२२ पौष शुदि ७ वृहस्पति वा ङातापुल पेया, ङाता पोलर देव (ल) दानेयाता* (अर्थात् पाँचतले मन्दिर बनाउनलाई ङातापुल भत्काइयो ।)

अहिलेसम्ममा यो अभिलेखको अंशले बाहेक अरू कुनै थ्यासफू, टिप्पणी लेखबाट, पुरातात्त्विक अभिलेखबाट र अन्य यस्तै कुनै स्रोत सामग्रीबाट ङातापुल बारेको तथ्य जानकारीमा आएको छैन । श्री श्री राजा भूपतीन्द्र मल्लको शासन कालको **दु:खिभारो** नामक एक ग्रन्थकारले नेवाराक्षरमा नेपालभाषामा नेपाल संवत् ८१९–८२४ तिर लेखी गएको **रामायण** (रा.अ.,प्र. ३०१ बी २९५/१ अभिलेख ग्रन्थको अयोध्या काण्डको भणिता वाक्यमा (पत्राङ्क ९८) र वण (वन) काण्डको भणिता वाक्यमा (पत्राङ्क १७) 'तल मंधि तोलस पुलको ननिछे' र 'तलमधि पुरको ननिछे' क्रमश: उल्लेखसम्म भएका भेटिएका छन् । उपर्युक्त दु:खि भारोको भणिता वाक्यअनुसार निजको पुर्ख्यौली घर जग्गा राजाबाट पाँचतले मन्दिर निर्माणार्थ अधिग्रहण गरिएको बुझिन्छ । उपर्युक्त दुवै अभिलेख ग्रन्थहरूले अति सीमित तथ्य मात्र उल्लेख गरिकन मौन रहेका देखिन्छन् । जे होस्, यति सीमित तथ्यबाट स्पष्ट हुन्छ कि पहिले ङातापुल रहेको ठाउँमा सोही ढाँचाको तर सोभन्दा बढी भव्य र विशाल वर्तमान पाँचतले मन्दिर ङातापोलल देवल निर्मित भएको तथ्य ज्ञात हुन आएको छ । वर्तमान ङातापोलल देवल अर्थात पाँचतले मन्दिरको फेदीमा पूर्व–दक्षिण, पश्चिम–दक्षिण, पश्चिम–उत्तर र पूर्व–उत्तरतिर चार ससाना मन्दिरहरू देख्छौं । ती मन्दिरहरूमा स्थापित गणेश देवताहरूलाई पूजा सम्पन्न गरिएका गराइएका तथ्यका साथै **पुरक्व इनायको** नाम पनि प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्क १८४ (क), (ख) र १३५ (ख) मा क्रमश: उल्लेख भएका छन् ।

दु:खि भारोले लेखेको रामायणमा उल्लिखित निजको पैत्रिक सम्पत्ति घर जग्गा पाँचतले मन्दिर बनाउनका लागि अधिग्रहण गरिए झैं त्यस ठाउँका अरू व्यक्तिहरूको पनि घर जग्गा अधिग्रहण सोही उद्देश्यले गरिएको हुनुपर्छ । अधिग्रहण गरिएको घरजग्गाको सट्टामा निजलाई अन्यत्रै ठाउँका घरजग्गा सट्टा भर्ना गरिएको कुरा पनि उपर्युक्त **रामायण**का ग्रन्थकार दु:खि भारोले गरेका छन् । त्यस प्रयोजनका लागि अरू क–कस्का, के कति घर जग्गा अधिग्रहण गरिए, मुआवजा के कति दिईए उक्त **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थमा कतै केही उल्लेख भएको देखिदैन । अरू पुरातात्त्विक अभिलेख सामग्रीमा यसबारे खोज अनुसन्धान गर्नु बाँकी नै छ । भक्तपुर गोलमढी टोल र दत्तात्रय टोल बीचको टोललाई हाल 'पलिखेल' भनिएको ठाउँ न्यातपौ मन्दिर निर्माण थलोमा अघि बसिरहेकाहरूलाई निजहरूको घरजग्था अधिग्रहण गरिंदा घर जग्गा सट्टा भर्ना दिई पुनर्वास गराइएको थलो भनिन्छ । नेपालभाषामा 'पलि' को अर्थ सट्टा भर्ना हो, 'ख्य:' भनेको खुला ठाउँ हो । पलिखेल भन्ने ठाउँ टौमढी टोलबाट त्यसबखत विस्थापित गराइएकाहरूका लागि सट्टा भर्ना स्वरूप दिइएका घर जग्गा रहेको थलो हो भन्ने बुझिन्छ । यसबारे अरू खोजी हुनु वाञ्छनीय छ ।

**२) सिपाही सम्बन्धी तथ्य तथ्याङ्क :** प्राचीन र पूर्व मध्यकालीन नेपाल राज्यमा भएका सेना व्यवस्था र तत्कालीन

सेनाको गठन, सिपाहीहरूका सङ्ख्या र तिनीहरूले गर्ने काम वर्णन गरिएका तथ्य तथ्याङ्क उस्तो पाइँदैन । प्रस्तुत अभिलेख ग्रन्थमा अहिलेसम्मको खोज अनुसन्धानबाट प्रथमतः राजा भूपतीन्द्र मल्लको शासन कालीन भक्तपुर राज्यका सिपाहीहरू बारेमा केही तथ्य तथ्याङ्क लिपिबद्ध भइराखेको पाइएका छन् । प्रस्तुत अभिलेख ग्रन्थमा तत्कालीन भक्तपुर राज्यका सिपाहीजनका समूह-समूह, समूहका नाइके प्रमान, प्रत्येक समूहमा रहेका सिपाहीहरूका सङ्ख्या र नाम सूची लिपिबद्ध भएका छन् (पत्राङ्क ३० क, ख मा पाँचतले मन्दिर प्रतिष्ठा उत्सव उपलक्ष्यमा भोज ख्वाउन निम्त्याइएका २३ समूह र प्रत्येक समूहका नाइकेका नाम र सिपाही सङ्ख्या मात्र) । सोही अभिलेख ग्रन्थको पत्राङ्क १५१ – १५३ ख भित्र पाँचतले मन्दिर निर्माण कामका लागि सालको काठ अनुदान सहयोग स्वरूप ढुवानी गरी ल्याउने सिपाही जन समूहका नाम र प्रत्येकले दिएका चाँपका काठका नापो र सङ्ख्या लेखिएका छन् । पत्राङ्क २४३ क – २४५ ख मा पुरानो ङातापुल मन्दिर (?) भत्काएर नत्रा ङातापोलल देवल मन्दिर निर्माण कार्य भइरहँदा सुरक्षार्थ राति सुत्नेपालो परेका सिपाही जन समूहका सिपाहीहरूका नामावली नै उल्लिखित भएका छन् ।

प्रस्तुत अभिलेख ग्रन्थमा उल्लेख भएका उपर्युक्त सिपाहीहरू अचेलका सिपाही जस्ता नहोलान् सही । त्यस बखत उपर्युक्त सिपाहीहरूलाई पाँचतले मन्दिर निर्माण कार्यका र उक्त निर्माण कार्य सकिएको लगतैपछि सम्पन्न भएको सोही मन्दिरको प्रतिष्ठाका कर्मकाण्ड अनुष्ठान कृत्य सम्बन्धी काममा लगाइएका देखिन्छन् । तिनीहरूलाई त्यस्ता कामदेखि बाहेक युद्ध सम्बन्धी काममा र अन्य कुनै काममा खटाइएको सङ्केतसम्म पनि प्रस्तुत अभिलेख ग्रन्थमा कतै देखिँदैन । सम्भवतः, ती सिपाही जन समूहका सिपाहीहरू नै युद्ध परेको बेलामा र राज्य सीमा एवं क्वाथ (कोट) रक्षा गर्ने काममा आवश्यकता हेरी खटाई पठाउँथे होलान् । यो जिज्ञासा लायक खोजीको विषय हो ।

प्रस्तुत अभिलेख ग्रन्थबाट त्यस बखतका २३–२५ जति सिपाही जन समूह परिचित हुन आएका छन् । ती सिपाही जन समूह मध्ये राजफौत (फौद) नामक समूह सबभन्दा ठूलो देखिन्छ । त्यसमा मात्रै तीनसय जना सिपाही भएको उल्लिखित छ । न्यातपोलल द्योगः अर्थात् पाँचतले मन्दिर बनेपछि त्यसको प्रतिष्ठा अनुष्ठानको भोजमा निम्त्याइएका ती सबै सिपाही (अभिलेख ग्रन्थमा) सिपाही जन समूहका कुल सङ्ख्या १०८० (एक हजार असी) जना जनिएको देखिन्छ (पत्राङ्क ३० ख) निर्माण कार्य हुँदै रहेको पाँचतले मन्दिर रक्षार्थ राति सुत्नेपालोको अभिभारा दिई खटाइएका २२ (बाइस) सिपाही जन समूहका नाइकेका नाम मोहन भटी, हाकु धर्ब्वा, चौतारा, पद्मसिं आचात, चुकुति कस्त, शङ्कर खारिसा, जागे वीरेश्वर धर्ब्वा, भीम, गणदेव, जयसिं भत, अमरसिं गोगल, रामेश्वर, शिवनान, छेभडिल वनराजा, तवधेक, लहदेव, दातेम्हा, राजफौत, रामेश्वर, (दुई पटक उल्लिखित) ती सिपाही जन समूहका सिपाहीहरूलाई उपसमूहमा विभाजित गरिकन पालो परेको दिन बार पनि तोकिएको देखिन्छन् । राजफौत (फौद) मा मात्रै पनि २४ (चौबीस) उपसमूह देखिन्छन् औ प्रत्येक उपसमूहमा बढीमा १५ जना र घटीमा ४ जना सिपाहीका नाम लेखिएका छन् । प्रत्येक सिपाही जन समूहलाई 'मोहन भटीया जन', 'पद्मसिं आचातया जन', 'हाकु धर्ब्वाया जन' इत्यादि जस्ता नामाकरण गरिएका छन् । राजा भूपतीन्द्र मल्लको शासन कालीन भक्तपुरका सिपाही सम्बन्धी यी तथ्य तथ्याङ्क अहिले सम्ममा अरू कुनै पुरातात्त्विक अभिलेख सामग्रीको माध्यमबाट प्रकाशमा आउन नपाएको दुर्लभप्रायः घतलाग्दो, महत्त्वपूर्ण, ऐतिहासिक, प्रमाणिक र ताजा तथ्य हुन् ।

**३) राजा भूपतीन्द्र मल्लकालीन भक्तपुरको जनसङ्ख्या :**

प्रस्तुत अभिलेख ग्रन्थले लिपिबद्ध गरिराखेको अर्को अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक तथ्य-तथ्याङ्क तत्कालीन भक्तपुर राज्यका २७ टोलहरूका नाम र ती टोलमा त्यस बखत बसोबास गरिरहेका विभिन्न पेशाका र सर्वसाधारण प्रजाजनका मोटामोटी एकमुष्ठ सङ्ख्या ३८७७ जना पत्राङ्क ३० (क) मा तथा तत्कालीन भक्तपुर राज्य अन्तर्गतका भोंत (बनेपा), पनाति (पनौति), साङा (साङ्गा), नाला, धलिखेल (धुलिखेल), थिमी (ठिमी), नकदेश, बुदे (बोडे) र चौक्वाटमा बसोबास गरिरहेका प्रजाजनका अलग अलग ठाउँका अलग अलगै सङ्ख्या र जम्मै ठाउँका कुल सङ्ख्या ६६०९ (छ हजार छ सय नौ) उल्लिखित भएका छन् । ती प्रजाजनहरू पनि पाँचतले मन्दिर प्रतिष्ठान कृत्य एवं सिद्धाग्नि कोट्याहुति यज्ञको प्रसाद भोजका निम्ति निम्त्याइएका निम्तालुहरूका मोटामोटी सङ्ख्या हुन् (पत्राङ्क ३० ख) । उपर्युक्त भक्तपुर राज्यको स्थानीय जनसङ्ख्यामा अचेलका जनगणनामा झैं उमेर, धर्म, लिङ्ग, शिक्षा, पेशा इत्यादि स्पष्टतः खुलाइएका नभए पनि तत्कालीन प्रजाजनका त्यति सङ्ख्या तथ्याङ्क अभिलेख ग्रन्थमा उल्लिखित भएको भेट्टिनु अवश्यै महत्त्वपूर्ण उपलब्धि मान्नुपर्छ । तत्कालीन सामाजिक गठन र स्थितिबारेमा समाज शास्त्रीयअनुसन्धान अध्ययन कार्यका लागि यस्ता तथ्य तथ्याङ्क अत्यन्त उपयोगी, प्रामाणिक तथ्याङ्क स्वरूप ग्रहण गरी उपयोग गर्ने लायकका देखिन्छन् । तत्कालीन भक्तपुर राज्य इलाका अन्तर्गतका पहाडी बस्तीका कार्की, बस्नायत (बस्नेत), खत्री, थापा, घत्री (घर्ती), अधिकारी, खग्रा (खड्गा) कात्कि (कार्की), राय, खनार (खनाल), जैसी इत्यादि थरघरका खसपञ्चहरू पनि त्यस भोज उत्सवमा निम्तालु रूपमा जम्मा ६९८ (छ सय अन्ठान्नब्बे) जनाका नाम समेत प्रस्तुत अभिलेख ग्रन्थमा उल्लिखित

भएका देखिन्छन् (पत्राङ्क ३० ख – ३१ क र ५८ – ५९ मा)। ती खस पञ्चहरू नाला, बिहावर, रत्नपुर, भैंसे, रायगाम, बोतगाम, हरिहरपुर, धुलिखेल, पनौती, पाल्पा, गोरखा, मकवानपुर इत्यादि ठाउँका बासिन्दा थिए। तिनीहरूले सिद्धाग्नि कोट्याहुति यज्ञका निम्ति आवश्यक पर्ने फलफूल तिल, जौ, बेलपत्र, समीधा, दाउरा, दूध दही, घ्यू मह तथा बलि दिनालाई चाहिने पशु पन्छी इत्यादि सेवाकु रूपमा उपलब्ध गराई सहयोग सेवा गरेका थिए। ती सहयोग सेवा गरे वापत तिनीहरूलाई प्रसाद भोजमा निम्त्याइएका थिए। त्यस भोज उत्सवमा तत्कालीन भक्तपुरमा बसोबास गरिरहेका सन्यासी, कनफत्ता जोगी, घरवारी जोगी, बैरागी, जंगम इत्यादि पनि निम्त्याइएका थिए। अद्यापि भक्तपुरमा त्यस्ता वर्गले स्थानीय समाजका अङ्ग सरह रहन पाएका छन्, श्रद्धा आस्था पाएका छन्।

न्यातपोल देवल अर्थात पाँचतले मन्दिरको निर्माण कार्य र कोट्याहुति सिद्धाग्नी यज्ञ अनुष्ठान कृत्यसित सम्बद्ध उपर्युक्त विविध जात-जाति, धर्म-सम्प्रदाय, भाषाभाषी र पेशाका तत्कालीन भक्तपुर र ललितपुरका स्थानीय बासिन्दाहरू परस्पर सहयोग सेवा गरिकन मेलमिलापको सुमधुर सम्बन्ध निर्वाह गरिरहेका ज्ञात हुन आएका छन्। प्रस्तुत अभिलेख ग्रन्थमा भक्तपुरका ब्राम्हण, आचात (कर्माचार्य), जोशीहरूका व्यक्ति नाम पछाडि तिनीहरूका स्थान नाम पनि सङ्केत गरिएका देखिन्छन् (पत्राङ्क ९ ख – ११ क)। त्यस्तै, ललितपुरका ब्राम्हणहरूमा नाम पछाडि पनि स्थान नाम लेखिएका देखिन्छन्। यस्ता तथ्यका आधारमा तत्कालीन भक्तपुर र ललितपुरका पुरोहित वर्गका छुट्टै टोल बस्ती थिए भन्ने जानकारी मिल्न आएको छ (पत्राङ्क ९ ख – १२ क र परिशिष्टहरू ५५-५७)।

**४) भक्तपुर र कान्तिपुर राज्यबीच सम्बन्ध टुटेका स्थिति :**

प्रस्तुत अभिलेख ग्रन्थ अध्ययन गर्दै जाँदा ङातापोलल देवल अर्थात पाँचतले मन्दिरको निर्माण कार्य र त्यसको प्रतिष्ठाका निम्ति सिद्धाग्नि कोट्याहुति यज्ञ सुसम्पन्न भइरहेको समयावधिमा भक्तपुर र कान्तिपुर राज्यबीचको परस्पर सम्बन्धमा गतिरोध भइरहेको सङ्केत मिल्छ। त्यसो त प्रस्तुत अभिलेख ग्रन्थमा कतै पनि त्यसबारेमा केही तथ्य कुरा अक्षरसः लेखिएको देखिंदैन। ती दुई राज्यबीच सम्बन्ध टुटिरहेको भन्ने कुराको सङ्केत कताबाट आभासित हुन्छ भन्दाखेरी उक्त मन्दिर निर्माण कार्यका निमित्त चाहिने निर्माण सामग्री र कालिगड ज्यामी ललितपुर, ठिमी, बनेपा, धुलिखेल आदि ठाउँबाट उपलब्ध भएका थिए, सहयोग जुटेका थिए। ती ठाउँबाट पाँचतले मन्दिर प्रतिष्ठाका निमित्त सम्पन्न गराइएका कोट्याहुति यज्ञका निमित्त र सोको उत्सव उपलक्ष्यमा आयोजित भोजका निम्ति चाहिने नगदी जिन्सी सहयोग अनुदान सेवाकु रूपमा पठाइएका थिए। निर्माण कार्यका साथसाथै सम्पन्न भएका धार्मिक तान्त्रिक कर्मकाण्ड कृत्य अनुष्ठानमा ललितपुरका तत्कालीन राजा योगनरेन्द्र मल्ल (अभिलेख ग्रन्थमा भने प्रमुख अतिथि भएको देखिंदैन) प्रमुख अतिथि भएर उपस्थित भएका थिए, हर्ष बढाइँको भोजमा सहभागी भएका थिए। तर कान्तिपुरका तत्कालीन राजा, मन्त्री-काजी, पुरोहित-ब्राम्हण, कालिगड ज्यामी त्यसबेला उपस्थित भएको, सहभागी भएको, सेवाकु र सहयोग अनुदान पठाइएको कुनै कुरा प्रस्तुत अभिलेख ग्रन्थमा कतै उल्लिखित देखिंदैन। यताबाट, त्यस समयावधिमा भक्तपुर र कान्तिपुर दुई राज्यबीच राजनैतिक सम्बन्ध विच्छेद जस्तो भइरहेको बुझिन्छ। यस तथ्य त्यसै बेला तत्कालै टिपिएको औं भक्तपुर राजदरबार मूल चोकमा टाँसिराखेको तामापत्राभिलेखको तलको व्यहोराबाट प्रमाणित हुन्छ :

*१ श्री ३ करुणामय श्री ३ पशुपति श्री ३ तलेजु श्री ३ गरुडनारायण श्री ३ हरसिद्धि श्री ३ गुहेयश्वरी थ्वते देव स्वस्ति श्रीमत्पशुपति चरणकमल धूलि धूसरित शिरोरुह श्रीमन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसादित देदीप्यमान मानोन्नत नेपालमण्डलाधीश्वर श्रीमहाराजाधिराज परमभट्टारक*

*श्रीश्री जय भूमपतीन्द्र मल्लस्त स्वस्ति श्रीमत्पशुपति चरणकमल धूलि धूसरित शिरोरुह श्रीमन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसादित देदीप्यमान मानोन्नत र विकुलतिलक हनुमद्ध्वज सङ्गीतार्णाव पारग महाराजाधिराज श्रीमद्राजराजेश्वर नेपाल चूडामणि श्रीश्री वीर जय योगनरेन्द्र मल्ल देवसन तावापत्र चोस्य प्रसन्न जुयास भाषा थ्वते भाखा जल खपोन गोर्खा मोकापुर उपाध्या थ्व ङाम्हसगुमान एकानमित्र एकान शत्रु याङाव चोस्य तया भाषा जलन खपन विना साहुतिन य व बोलय यातसा मोहोर टका पियदोल ४०००० खपो गोर्षा मोकापुर उपाध्या थ्व पेमहस्यन जलस छेकय याङाओ काय जुरो पत्रार्थ दृष्ट साक्षी चौतारा ईश्वरदासजु दलाछे गोगलभा बाहालुखा एते दृष्ट ॥ सम्वत् ८२२ मार्ग्गशिर कृष्ण, नवम्यान्तिथौ ॥ शुभ ॥*

*(रेग्मी : मिडियवल नेपाल, भाग ४, पृ.२३८)*

\+ +

ऐतिहासिक घटनाबलि टिप्पणीमाः

*सं ८२२ मार्ग्ग कृष्ण पचमि प्रषस्थि ॥ अगार वार ॥ थ्व कुन्हु, खपो व यल व उजुऊ ए याकात जुउ ॥ शुभ ॥*

(संवत ८२२ मार्ग कृष्ण ५ का दिन भक्तपुर र ललितपुर मिले, कान्तिपुर एक्लो भयो।)

यसरी त्यस बखत भक्तपुर र ललितपुर राज्यबीच

राम्रै मेल रहेको बुझिन्छ । त्यसै हुँदा ललितपुरका तत्कालीन राजा योगनरेन्द्रमल्ल प्रमुख राज अतिथि रूपमा कोट्याहुति यज्ञको अग्नि स्थापन अनुष्ठान कृत्य हुने दिनमा, नव निर्मित पाँचतले मन्दिर माथि गजुर चढाई मन्दिर भित्र देवी प्रतिमा स्थापना गर्ने दिनमा र कोट्याहुति यज्ञको पूर्णाहुति हुने दिनमा उपस्थित भएका थिए र उनलाई यथायोग्य राजकीय आतिथ्य सत्कार सम्मान गरिएका थिए । त्यस्तै, त्यस अवसरमा ललितपुरका ब्राम्हणहरू निश्राव थाप्न (पत्राङ्क ९ ख – ११ क) र यज्ञका केही कृत्यमा सहभागी हुन पाएका थिए । ललितपुरका टोलियाहरूले पाँचतले मन्दिरको निर्माण कार्यमा सघाउपघाउका निम्ति काठ उपलब्ध गराएका थिए (पत्राङ्क १५६ ख – १५७ क, परिशिष्ट ८ पृ.) । ललितपुरका केही लोहोकर्मीहरू (शिलाकारहरू) पनि निर्माण कार्यमा जुटेका थिए । (पत्राङ्क २१४ ख – २१७ क, परिशिष्ट ४१–४२ पृ.) ।

यहाँनेर, एक कुरा मनन गर्न लायकको यो छ कि त्यसबेला केन्द्रीय राज्यका राजा–प्रजाहरू आफ्नो राज्य अरु कुनै राज्यसित सम्बन्ध विच्छेद अथवा दुई राज्यहरू बीच खटपट भइरहेको स्थिति आइपरे पनि धार्मिक कृति, मन्दिर निर्माण कार्य, र तत्सम्बन्धी कोट्याहुति यज्ञ अनुष्ठान जस्तो भव्य कृत्य समारोह उत्सव निश्चित भई सम्पन्न गर्थे, गराइन्थे । पाँचतले मन्दिर निर्माण कार्य र त्यसको प्रतिष्ठाका निमित्त कोट्याहुति यज्ञ र हर्ष उत्सव उल्लासमय वातावरणमा सुसम्पन्न भएको ऐतिहासिक गौरव गरिमायुक्त कृत्य थिए । ती उदाहरणीय र अनुकरणीय कृत्य थिए ।

**५) भक्तपुर राज्य र पर्वतीय भेगका खस पाँचसित सम्बन्ध :**


प्रस्तुत अभिलेख ग्रन्थ अध्ययन गर्दै जाँदा त्यस बखतको भक्तपुर राज्यसित निकटस्थ पर्वतीय भेगका काभ्रे, पाल्पा, गोरखा, मकवानपुर, भैंसे आदि ठाउँमा बसोबास गर्ने कार्की, थापा, अधिकारी, खड्गा, खत्री, क्षेत्री इत्यादि जातजातिका खस पाँच (पञ्च ?) सित राम्रो सम्बन्ध निर्वाह त्यतिखेरै भइसकेको प्रस्तुत अभिलेख ग्रन्थबाट थाहा हुन आएको छ । पाँचतले मन्दिर निर्माण कार्य र त्यस मन्दिर प्रतिष्ठाको निम्ति सुसम्पन्न सिद्धाग्नि कोट्याहुति यज्ञ अनुष्ठान कृत्यलाई चाहिने सामग्री तिनीहरूले सहर्ष सोल्लास र स्वेच्छाले नै उपलब्ध गरेका तथ्य पनि यस अभिलेख ग्रन्थमा यत्रतत्र उल्लिखित भएका देखिन्छन् (पत्राङ्क ५८ ख – ५९ ख, परिशिष्ट) । त्यस्ता सुमधुर, सौहार्द्रपूर्ण र सद्भावपूर्ण सहयोग सम्बन्धद्वारा नेपाल मण्डल नामले प्रख्यात भएको उपत्यकामा राष्ट्रिय एकता मजबुत पार्ने स्वस्थ प्रयास त्यतिखेरै भइसकेको देखिन्छ ।

## ख) आर्थिक पक्षीय महत्ता

**१) तत्कालीन भक्तपुर राज्य र त्यससित सम्बद्ध ठाउँका समृद्ध आर्थिक स्थितिको जानकारी दिने अभिलेख ग्रन्थ ।**

प्रस्तुत अभिलेख ग्रन्थमा अहिलेसम्म प्रकाशमा नआएका तत्कालीन भक्तपुर राज्य, त्यस राज्य अन्तर्गतका गाउँठाउँ र पर्वतीय भेगका गाउँ बस्तीका तथा ललितपुर राज्य र त्यस अन्तर्गतका गाउँठाउँका पनि आर्थिक स्थितिबारे जानकारी दिने भरपर्दा, प्रामाणिक र आधारभूत तथ्य लिपिबद्ध भएका छन् । ती तथ्य त्यसबेलाको आर्थिक स्थितिको साथसाथै त्यसबेलाको लेखापद्धति र सामान्यतः खर्च स्रोत, विभिन्न काममा गरेका भएका खर्च, सामग्री सूची, दैनिक ज्याला दर र ज्याला वितरण, तत्कालीन बेसाहा भाउ आदिको विवरण टिपिराख्ने (परिपाटी) बारेमा अनुसन्धान अध्ययनका लागि उपयोगी तथ्य सामग्री हुन् ।

प्रस्तुत अभिलेख ग्रन्थमा पाँचतले मन्दिर निर्माण गर्ने कामका प्रारम्भिक चरणदेखिका कालिगड ज्यामी कर्मीहरू यथा म्होय, पामि (रुख काट्ने), फाहाकर्मी (काठ चिर्ने कर्मी), सिकर्मी, उपाकर्मी/अतकर्मी (इँट उत्पादन गर्ने कर्मी), कर्मी (डकर्मी), आवाल (अवाले), कलि (फलामको काम गर्ने नकर्मी) अर्थात् कौ, बाला, गाथा, लोहों कर्मी (शिलाकार–ढुङ्गाको मूर्ति बनाउने कर्मी), कासाल, एघात, चैत्रकर (चित्रकार) इत्यादि कालिगडहरूका सङ्ख्या, कार्य–दिन सङ्ख्या, दैनिक ज्याला दर, तिनीहरूका ज्याला बय (बयना) र अन्नअनाज बय स्वरूप वितरण यसमा लेखिएका छन् (पत्राङ्क २२६ ख – २४२ क) । तत्कालीन भक्तपुरका, ललितपुरका र तिनीहरूका आसपासका पर्वतीय



पत्राङ्क ३० ख

भेगका गाउँठाउँका कृषि एवं बन पैदावार (जातजातका अन्नअनाज, गेडागुडी, काठ दाउरा, जडिबुटी इत्यादि) का सूची र परिमाण ती ठाउँबाट पठाइएका सेवाकु र अनुदान सहयोग सूचीबाट जान्न सकिन्छ (पत्राङ्क ५९ ख – ६० क)।

प्रायः अन्न–अनाज भण्डारबाट माग गरी निकासा लिइने गरेका औ सेवाकु बुझिलिई राखेका सम्बन्धित भण्डारेबाट काम परेको बेलामा निकासा गरी लिने गर्थे। ती वस्तु बढी भएमा अथवा शेष रहेमा फिर्ता दाखिला गर्ने गरेका तथ्य पनि लेखिएका छन्। बलि दिइने राँगो, बोका, भेडा, सुँगुर, बद्या आदिका दरभाउ समेत लेखिएका देखिन्छन् (पत्राङ्क ६० क, ख)। त्यसबेला दूध, दही र घ्यूका उत्पादक र बिक्रेताहरू ठिमी, भक्तपुर र नालाका मुख्य देखिन्छन् (पत्राङ्क १९२ क, ख)। ती वस्तुका तत्कालीन प्रचलित दरभाउ पनि लेखिएका देखिन्छन्। त्यसबखत वस्तु–विनिमयको चलन पनि विद्यमान रहिरहेको देखिन्छ। अक्षता चामल र लावा तयार गराई लिन तथा जाँड रक्सी तयार गराई लिनलाई धान–चामल दिने गर्थे। तल्लो तहका ज्यामी भरीयालाई (कासाल, म्होय र ज्यापाललाई) नगद ज्यालाको सट्टामा अन्न चामल च्यूरा दिने चलन थियो। घोडा जस्ता वाहन जन्तुहरूका पनि त्यस बेलाको प्रचलित दरभाउ पनि लेखिएका देखिन्छन् (पत्राङ्क ७८ ख)।

त्यस बखत दैनिक उपभोग्य वस्तु मध्ये धेरै जसोका ता परिमाण अथवा मात्रा उल्लेख नगरी ती वस्तुका प्रचलित दरभाउ मात्र उल्लेख गरिराखेका देखिन्छन्। त्यसबाट त्यस बखत ती उपभोग्य वस्तुका बेसाहा भाउ उस्तो परिवर्तनशील नभई स्थिर नै हुने गरेको अनुमान गर्न सकिन्छ।

**२) निर्माण सामग्री स्थानीय स्रोतमै यथेष्ट उपलब्ध :**

त्यस बखतको नेपाल उपत्यकाका प्रमुख राजधानी शहरहरू र तिनीहरूका इलाका भित्रका गाउँठाउँहरूमा मन्दिर–विहार र भवन निर्माणका लागि चाहिने सामग्री–चाँपका काठ, अग्राख, सालका काठ, कत्ति जातका काठ–दाउरा, चून, ढुङ्गा, कोत्खा लोहों ढुङ्गा, माटो, फलाम यथेष्ट पाइन्थे। ती वस्तु बिक्री गर्नलाई र छिमेकी राज्य देशलाई आवश्यक परेको बेलामा अनुदान सहयोग स्वरूप दिई पठाउनलाई पनि पुग्थे। पाँचतले मन्दिर निर्माण कार्यका निमित्त ललितपुर, बनेपा, नाला, ठिमी, धुलिखेल, साङा, पनौति, खड्पु, बोडे, नकदेश ठाउँहरूबाट काठ, ढुङ्गा, चुन, सहयोग स्वरूप पठाइएका थिए (पत्राङ्क १४७ – १५८ क, १६० क – १६२ क)। ती ठाउँबाट पठाइएका सेवाकुहरूमा ती ती ठाउँका स्थानीय कृषि र वन पैदावार अन्नअनाज, गेडागुडीकै परिमाण र प्रकार धेरै हुन्थे। ललितपुरका तर्फबाट पठाइएका सेवाकुमा केही बढी अंश आयातित गरम मसला र खानेमसला पनि हुन्थे। भक्तपुर र ललितपुरका सन्निकट पहाडी भेगका खस पाँचहरूले पठाइएका सेवाकुमा उनीहरूका स्थानीय फल–फूल, तरकारी, चरा चुरुङ्गी, बाख्रा, राँगा, माटा, मह, मही, दही, समीधा, काठ, बेलपत्र, बेल इत्यादि वस्तुकै मात्रा धेरै हुन्थे।

**३) सुन चाँदी रत्नादि र तामा पित्तल कांस आदि आयात गरिन्थे।**

त्यस्ता आयातित धातु रत्नादिका मूल्य केही बढी पर्थे। तापनि, पाँचतले मन्दिरको गजुरमा मोलम्मा गर्नलाई खरिद भएको सुन तोला ६७ द्रं २३ – त्यसको मूल्य त्यस बखतको मोहर १५४५॥। परेको उल्लिखित छ (पत्राङ्क ७३ ख)। त्यसका अतिरिक्त राजा भूपतीन्द्र मल्लबाट र स्वेष्टदेवी तलेजु भवानीको ढुकुटीबाट पनि सुन, तामा, पित्तल आदि धातु प्रदान गरेका थिए। (पत्राङ्क ७८ ख र २६१ ख – २६२ क)।

त्यस्तै श्रीश्री राजा भूपतीन्द्र मल्लबाट उक्त पाँचतले मन्दिर निर्माण कार्यका चरणैपिछेका वास्तुशास्त्रीय एवं तान्त्रिक कृत्यहरूमा र उक्त मन्दिरको प्रतिष्ठा कोटी होम इत्यादि कृत्यहरूमा दक्षिणा, भेटी, उपहार, पुरस्कार स्वरूप पुरोहित वर्गलाई, कालिगडहरूलाई, पास्तार नृत्य मण्डलीहरूलाई सुन चाँदीका प्रतिमा, सुनका टुक्रा, सुन चाँदीका बाला, सुनका सिक्का (अतिथि राजालाई), मोहर सुका दिनुमा व्यहोरेका खर्च रकम मो २६९६/दं १० (पत्राङ्क ७८ ख) प्रस्तुत अभिलेख ग्रन्थमा उल्लिखित भएको देखिन्छ। साथै, सोही पत्राङ्कमा पाँचतले मन्दिर निर्माण कार्यमा, प्रतिष्ठा सिद्धाग्नि कोट्याहुति यज्ञमा, भाँडा वर्तन उपकरणादि बनाउनमा र उपहार दान प्रदान उपहार इत्यादिमा भए गरेका कुल खर्च (विविध धातु र रत्नादि किनमेलमा भएका खर्चमा ४७५१॥ दं ११ लागेको हिसाब उल्लिखित छ।

**४) त्यस बखत मुद्राको क्रय शक्ति धेरै थियो।**

त्यस बखत मोहर टंका १ को पाको ईंट १७०० ओटा पाइन्थ्यो। त्यस्तै, अन्य दैनिक उपभोग्य वस्तु र माल सामानका दरभाउ तथा कालिगड ज्यामीहरूका सेवाको ज्याला पारिश्रमिक दर उतिको परिवर्तन हुँदैन थे ती प्रायः स्थिरै थिए। कुनै अनुष्ठान कृत्य अथवा कुनै काम विशेषका लागि चाहिने सामग्रीको सूची बनाउँदा ती सामग्रीका परिमाण सङ्ख्या उल्लेख नगरी त्यसबेला प्रचलित ती सामग्रीका मूल्य मात्र जनाई राखेका देखिनाले यो तथ्य पुष्टि हुन्छ (पत्राङ्क १९० – २३८)।

**५) घरेलु उद्योग र रोजगार सुलभ्यता–**

तत्कालीन भक्तपुर र ललितपुर राज्य देशहरू तथा तिनीहरूका इलाका गाउँबस्तीहरूका दैनिक आवश्यकता एवं बेला बखतमा सम्पन्न गराइने साना ठूला धार्मिक कृत्यहरू, चाडपर्व उत्सवहरूलाई आवश्यक भइरहने विविध सामग्री वस्तु

उपकरण इत्यादि तयार गर्ने सानातिना घरेलु उद्योग गाउँ र शहरका घरपरिवारमा औ पहाड बस्ती भेगका घर आँगनमा चलिरहेका सङ्केत मिल्छ । अर्कोतिर, खेतीपातीबाट किसानहरू अन्नअनाज तरकारी इत्यादि तथा मालीहरू देवतालाई चढाउने फूल उत्पादन गरिरहन्थे । कोही पशुपालन पेशामा लागिरहेका थिए । कपडा बुन्नेहरू वस्त्रका निमित्त कपडा, धार्मिक कार्यका लागि क्यांखाडी–खाडी तयार गर्थे । कुमालेहरू घरायसी कामका लागि र धार्मिक तान्त्रिक अनुष्ठान कृत्यलाई चाहिने विशेष विशेष प्रकारका माटाका भाँडावर्तन बनाई जीवन निर्वाह गर्थे । सर्वसाधारण गृहिणीहरू जजम्का (धार्मिक कृत्यका देवतालाई चढाइने धागो विशेष) धागो लाखौंका सङ्ख्यामा तयार गरी उपलब्ध गराउँथे । बत्ती कात्ने, धूप बनाउने, अक्षता तयार गर्ने र रंगाउने, पंचपताका, कर्णपताका बनाउने, लावा भुट्ने, धान कुट्ने, च्यूरा कुट्ने गर्थे । पुन थरका आइमाई जाँड रक्सी तयार गर्थे । टमोटहरू (ताम्राकारहरू) घरायसी भाँडावर्तन, दान प्रदानका निम्ति चाहिने गृहउपकरण भाँडावर्तन बनाई दिन्थे । त्यस्ता वस्तुहरू प्रस्तुत अभिलेख ग्रन्थमा ठाउँठाउँमा उल्लेख परेका देखिन्छन् । पाँचतले मन्दिरका फसगाथ (बलेसी घण्टी) र ठूला घण्ट बनाउने र उक्त मन्दिरकै गजुर बनाउने काममा पनि उनीहरूको धेरै देन देखिन्छन् । कर्मी/सिकर्मीहरूले पाँचतले मन्दिरका र देवलछेंका निम्ति ढोका, टुनाल, दलिन, निनाल, थाम, मेठ, तोरण, खापा इत्यादि कलापूर्ण बुट्टा–बान्की र देवदेवीका मूर्ति चित्र कुँदेर बनाइदिएका थिए । तिनीहरूलाई काष्ठ, कलाका काम सुलभ हुन्थे । लोहों कर्मी कालिगडहरूले प्रस्तर मूर्ति कलाका काम पाँचतले मन्दिर निर्माण हुँदा पाएथे । कलि अर्थात् नकर्मीहरूले उक्त मन्दिरका निम्ति धेरै फलामे वस्तु बनाउने काम पाएथे (पत्राङ्क १०७ – १०९) । लुँज्यायाक अर्थात् सुनका गहना बनाउनेहरूले पनि गहना बनाउने र धार्मिक कामका लागि चाहिने सुनचाँदीका प्रतिमादि बनाउने काम पाएथे । चैत्रकर (चित्रकार)हरूले मन्दिरको गाघलमा र यज्ञ मण्डलमा चित्र लेख्ने काम पाउँथे । अवाले र कुमालेहरूले ईँट झिँगटी तयार गरी बिक्री गर्थे । अवालेहरूले नै गारो बनाउने, छानामा झिँगटी छाउने गर्थे । मधिकर्मीहरू होममा आहुति दिइने ८४ प्रकारका रोटी परिकार (पत्राङ्क १०२ क, ख) भोजमा निम्ति चाहिने मिठाई रोटी, नैवेद्य, निश्राव र सदावर्तलाई चाहिने रोटी पकाउने र उपलब्ध गराइरहन्थे ।

यसरी त्यसबेला विभिन्न पेशाका मानिसहरू आ–आफ्ना कुलायनी पेशाको काम गर्न अभिरुचि राख्थे, पेशालाई आफ्नो कुलायनी थर जात रूपमा ग्रहण गर्नमा गौरवान्वित हुन्थे । राज्य र समाजले ती विभिन्न पेशागत सेवा गर्ने कालिगड व्यापारीहरूलाई यथोचित कदर गर्ने गर्थे । ती विभिन्न पेशाका कालिगडहरूले काम गरिदिए वापत पारिश्रमिक ज्याला, बय अथवा तलब बयका अतिरिक्त मन्दिर निर्माणका बेलाका हुने वास्तुपूजा, प्रष्ठा, अनुष्ठान कृत्यका पर्व विशेषका अवसर उपलक्षमा पूजा दक्षिणा, भेटी, भोज अथवा भोज भाग, रोटी, मसला र मासु भाग, नगद पुरस्कार, सुनचाँदीका गहना उपहार पाइरहने गरेका तथ्य पनि प्रस्तुत अभिलेख ग्रन्थबाट थाहा हुन आएका छन् (पत्राङ्क ८३ क, ७४ क, ख, ७६ क, ७७ क, १९० – २३८ इत्यादि) । त्यस बखत मन्दिर र भवनहरूका नव निर्माण औ जीर्णोद्धारका कामका साथसाथै तत्सम्बन्धी अनुष्ठान कृत्य बरोबर सम्पन्न भइरहने हुँदा उपर्युक्त विभिन्न कालिगडहरूलाई रोजगार सहजै मिल्थे, जीवन निर्वाह गर्न पाइरहेको बुझिन्छ । त्यस जमानामा ती कालिगड कर्मीहरूका सुदिन नै भइरहेको बुझिन्छ । कोही व्यक्ति बेकारी रहेको औ कसैलाई झारामा जबरजस्त काम गराइएको सङ्केत प्रस्तुत अभिलेख ग्रन्थमा देखिँदैन । बाल कालिगडहरूले त्यस बखत प्रौढ कर्मीको ज्याला दरको आधा दरको ज्याला पाउँथे । कासाल, ज्यापाल र साल्मिले नगद ज्यालाको सट्टामा अन्नअनाज चामल च्यूरा बय ज्याला रूपमा पाउँथे (पत्राङ्क १५ ख, २३६ क – ख) । त्यस बखत कुनै सेवा गरे वापत अथवा केही वस्तु बनाई लिन परेमा अग्रिम पेश्की रकम पुरै बय स्वरूप दिइन्थे (पत्राङ्क १५ ख, ६२ ख – ६३ क) काठ, ढुङ्गा सेवाकु र अन्य वस्तु ढुवानी गरी ल्याउनेलाई पनि बय रकम दिइन्थे ।**(क्रमशः)**

# हार्दिक समवेदना



**स्व. कान्छा प्रजापति**

**जन्म : १९९२ माघ १२ | निधन : २०७६ चैत १२**

भक्तपुर नगरपालिका वडा नं. ५ का प्रशासन सहायक काशीराम प्रजापतिका पूजनीय पिता **कान्छा प्रजापति**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (६)

परिच्छेद - ३...

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको 'घ' वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,


(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## झ. आधारभूत स्वास्थ्य र सरसफाइ

(१) आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

## ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,
(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,
(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,
(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,
(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,
(१५) स्थानीयस्तरमा सरसफाइ तथा फोहरमैला व्यवस्थापन,
(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,
(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य । **(क्रमशः)**



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 48

CHAPTER XXIII

On the 20th of July 1839, driven to desperation, Bhim Sen attempted suicide by cutting his throat with a kukri, of which wound he died nine days afterwards. His savftge enemies refused even to his corpse the ordinary funeral rites; it was dismembered and exposed about the city, and afterwards the mangled remains were thrown on the river-side as food for vultures and jackals. His very bones were not allowed to be removed that they might be buried. His family and relatives were imprisoned, and their property confiscated. A decree was also issued that none of the Thappa class should receive public employ for seven generations.

It was upon the party who perpetrated all these atrocities against the Thappas that Jang Bahadur revenged himself and them in "the massacre" of 1846. Bhim Sen being removed, no check now remained upon the conduct or policy of the Maharani and her ally, Ranjang Pandi, who was now possessed of unlimited power. A general system of extortion, injustice, and retrenchment was adopted with a view to replenish the public treasury. Ranjang and the Maharani threw all the odium of these measures upon the Rajah, hoping that, by making him unpopular, they would induce him to abdicate.

Among other means contemplated for retrenchment by the Maharani and Ranjang Pandi was a general reduction in the pay of the troops. In order to announce this to the army, a general parade of the troops were ordered on the Tandi Khel, by command of the Maharajah, on the 21st of June 1840.

On assembling, the troops, who, from private source, were aware of the nature of the proclamation and had concerted measures accordingly, grounded their arms, and insisted on the redress of their grievances. These consisted in the fact that, for two years past, the soldiery, instead of being either re-enlisted at the Panjanni (or termination of the year for which they had been entertained) or else paid up and discharged, had instead been kept on in service for eight or ten months beyond the annual term, with perpetual liability to be ousted by fresh recruits coming into their places near the end of the second year, and who were yet entitled, by the usage of Nipal, to draw the entire year's pay; while the original occupant of the office, who had served his extra eight or ten months, received no pay for that broken period. In addition to this real grievance, the soldiery had been much irritated by constant rumours of contemplated reduction in their pay. Receiving no promises of redress, the troops proceeded to the house of Chautria Pashkar Sah, the nominal Minister, situated near the British Residency, and gutted it completely. Then returning to the city, they gutted the houses of five other principal chiefs, members of the Ministry, and supposed to be connected with the authors of their grievances.

On the 22nd the Rajah himself, after repeated summonses, appeared before them and promised them full redress in every way. Shouldering their arms, the troops at once returned to their quarters without committing any further excesses.

DEMANDS OF THE TROOPS

The excitement still continuing, on the 23rd the following message was conveyed to the assembled troops from the Rajah and Rani :

"The English Government is powerful, abounding in wealth and in all other resources for war. I have kept well with the English so long, because I am unable to cope with them. Besides, I am bound by a treaty of amity, and have now no excuse to break it; nor have I money to support a war. Troops I have, and arras and ammunition in plenty, but no money. This is the reason why I have reduced your pay. I want treasure to fight the English. Take lower pay for a year or two, and when I have some money in hand, then I will throw off the mask and indulge you with war."

To this the troops replied, by their deputies, at a parade at which the Maharajah iii person was present :

"True, the English Government is great; but care the wild dogs of Nipal (Buansu) how large is the herd they attack? They are sure to get their bellies filled. You -want no money for making war; for the war shall support itself. We will plunder Lucknow and Patna. But first we must get rid of the Resident, who sees and forestalls all. Wo must be able, unseen, to watch the moment of attack. It will soon come; it is come. Give the word, and we will destroy the Resident, and then war will follow of course. You want an excuse for war; there is one ready made. Let us act without being watched by the Resident, and we will soon make the Ganges your boundary. Or if the English, as they say, are your friends and want peace, why do they keep possession of half your dominions (Kumaon) ? Let them restore Kumaon and Sikkim. These are yours, demand them back; and if they refuse, drive out the Resident, and let us have war."

To this the Rajah asked time to consider; and so the matter dropped. The irregularities concerning their period of service were reformed, and no reduction in their pay was made. Their real grievances being thus redressed, their demands for war were not revived by the army. In this mutiny, only the troops in and around the capital (about six thousand) were engaged; those in the provinces knew nothing about it. It commenced in the Sri Nath and Latur Battalions. It is believed that the real instigators of this mutiny, as well as the authors of all the wrongs of the soldiery, were the Maharani and her favourite the Prime Minister. By making the King and other chiefs unpopular with the army, at the same time that they excited a revolt among the soldiery, they hoped

not only to frighten the King into abdicating in favour of the Heir- Apparent — in which case they, the Rani and the Minister, would have obtained the whole government of the country during his minority — but also to have the opportunity of ingratiating themselves with the army by coming forward to redress the very wrongs of which they themselves were the authors.

Their plans were defeated, partly by the moderation and loyalty of the troops, and partly by the Rajah having sufficient sagacity to avoid bringing matters to extremities by making them in time the full and liberal concessions which they demanded.

ILL-WILL TO THE ENGLISH

At the same time, Colonel Oglander's corps of observation having been removed, the Darbar recommenced their hostile intrigues against us; and emissaries were despatched throughout Rajputana and many parts of India, foretelling the coming downfall of the British power.* The attention of the Darbar was in particular directed towards Burmah, and the example set it by that State, whose insolent treatment of the British Resident at the Court of Ava had been perpetrated with impunity, suggested for a while a similar procedure at Kathmandu. Placards were posted outside the Palace, exaggerating our reverses in Afghanistan. The Darbar believed that the magnitude of our operations in Afghanistan had withdrawn our troops and crippled our power in Bengal and in the north-west. Acting on this belief, they used every means of affront, and even of intimidation, to get rid of the British Residency as being a constant chock on their schemes of secret encroachment on our provinces, and of hostile intrigue against us among their and our allies. At the same time the greatest activity was maintained in the public arsenals and in the manufacture of guns and ammunition; and a census of the population fit to carry arms, i.e. be- tween the ages of twelve and sixty, was made, and produced a return of four hundred thousand souls. No actual 'increase, however, to the strength of the army, which amounted to nineteen thousand men, occurred at this period.

In the midst of all these hostile preparations, while our traders were being oppressed, and justice denied to them in the Nipalese courts of law; while Dacoits and Thugs were openly harboured in the Nipalese territories, and while systematic intrigue against us with powers in the plains was being adopted by the Darbar, the King, in order to blind the British Government as to his real intentions, sent a most friendly letter to the Governor-General, tendering the services of the Gorkha army in any such way as his Lordship might approve.

* Captain Karbar Khatri was arrested in Benares, in October 1840, in the act conducting a secret mission from Nipal to Lahor, contrary to existing treaties. A quantity of jewels, intended as a present for Ranjit Sing, were found on him: they were confiscated by order of the Governor-Goneral, and the emissary himself kept in confinement. He was subsequently released, and accompanied Jang Bahadur to England in 1849. He is the man, who originated the conspiracy against Jang in 1851, haring given out that Jang had lost his caste in England.

This state of things could not last long without coming to a crisis. In the commencement of 1840 the Darbar took forcible possession of part of the district of Ramnagar, then belonging to the British.** Friendly remonstrances were made, but were unattended to; and at last, October 1 840, Government ordered the advance of a brigade, consisting of one squadron 6th Light Cavalry, 12th, 40th, and 56th Native Infantry, a detail of artillery, and a detachment of irregular cavalry, under Colonel Oliver, towards the frontier to enforce, if necessary, the immediate evacuation of our territories by the Gorkha troops, and to watch the movements of the Nipalese, and protect our subjects in case of any further aggressions being made. Our force at Gorakpur was at the same time strengthened.

This had the desired effect. Seeing that we were in earnest in our demands, the Darbar reluctantly, but completely, yielded. The Gorkha troops were recalled, and ninety-one villages, which they had occupied, were restored to their rightful and original owners. At the same time the Governor-General strongly advised the Rajah, as the only means of averting war, to dismiss the Pandi Ministry, and take into his counsels' men who, if not favourable, should at least not be, like the Pandis, notoriously averse to all friendly connection with the British.

Feeling how unequal the State of Nipal was to cope with the power of the British in open hostilities, the Rajah made a virtue of necessity, and, dismissing the Pandi Ministry from office, formed a kind of "coalition" cabinet, consisting of four chiefs of moderate opinions, viz. Ragunath Pandit and his brother the Raj Guru Krishna Ram, with Father Jang Chautria and his brother Guru Parsad. To these were afterwards added Dalbhanjan Pandi and Abhiman Rana. Guru Parsad received the name Guru as an infant; it did not imply that he had ever held, or could hold, office as a Guru. He was not a Brahman, but a Chautra, and therefore not eligible for the sacred office. Of this ministry Fathe Jang acted as Premier.

At the request of the King, supported by the advice of the Resident, Oliver's brigade was kept on the frontier in order to give encouragement to the party in the Darbar who were supposed to be favourable to the British alliance, until February 1842, when they were withdrawn, as their presence was no longer required.

** A party of about forty or fifty Gorkha sepoys., under the command of an officer, entered the Ramnagar territory, on the occasion of a large fair, at which most of the inhabitants were present., and issued a proclamation notifying that the tract of land in question (seven or eight miles wide, and twenty-five to twenty-six miles in length, lying to the south of the Somcshwar range, which formed the boundary between two states), which had formerly belonged to Nipal, but had been given to Ramnagar Rajah on the occasion of his marrying a Nipalese princess, had now, on the death of that princess, been resumed by Nipal, and directing all the local authorities, on pain of severe punishment, in future not only to acknowledge the authority of the Darbar, but to pay their taxes and revenue into the treasury of Nipal.

**(To be continued)**

# कोरना भाइरस

– चन्द्रबहादुर उलक

चाहुला च्वन कोरना भाइरस
कोभिड १९ नां वयागु हँ,
विश्वय् मानव जाति मतयेगु
आजु वं थन ज्वना वल हँ।
    नांगा मिखां खंके मफैम्ह
    दाखं भुना व च्वंम्ह हँ,
    साबुं लखं सिला छोसा
    चोतुक ल्हातं पिहाँ वनि हँ।
थज्यागु खँ भ्रीसं मस्यूसा
कोरनां मनूया ला नयि हँ,
न्ह्याम्ह सिके नं प्यपुना वनिम्ह
माया विहिन अस्त्र हँ।
    सुनानं स्वैतं स्वापू मतयेगु
    कोरनां मथिइगु उपाय हँ,
    क्वाल त्वःना ल्हा तुति सिला
    छेँ दुने च्वनेगु लकडाउन हँ।
कोरनां मथिइगु बचेजुये फैगु
लकडाउन हे छगू उपाय हँ
थाकु मचासे छेँ दुने च्वनेत
इनाप भ्रीत यात हँ।

X X X

    कोरना कोरना भाइरस छन्त
    ब्वीकल सुनां धाव छक,
    मानव जाति नष्ट याना वा
    धाःगु खःला छं बिव लिसः।
प्राचीन देय्या उहान शहरय
यात छं ग्यानापूगु तान्दव नृत्य,
छंगु नृत्यं लय् लय् ताल जुइ
सृष्टिकर्ता दानवत।
    उहान शहरया निर्दोष मानव
    दुःखं बिलि बिलि जाल जुइ
    नुगलय् भ्या हे हि मदुपिनि
    लसतां भ्वय्नं ङायकल जुइ।
थःजक बःल्ला थः जक स्यःल्ला
याइ खः सुनां विश्वय् सेखि,
थम्हं केकगु वाण हे थथाय्
लिज्याना वगु खँ थुइकि।

# कोरोना सङ्क्रमणबाट आफू बचौँ र अरुलाई बचाऔँ

*घरैमा सुरक्षित बसे कोरोना सङ्क्रमणबाट बच्न सकिन्छ,*
*बाहिर निस्केमा भन्न सकिन्न।*

## कोभिड-१९ का लक्षण

☐ रुघाका साथै सुख्खा खोकी लाग्ने
☐ टाउको दुख्ने
☐ ज्वरो (१००.४°) आउने
☐ घाँटी दुख्ने
☐ सास फेर्न अप्ठेरो वा गाह्रो हुने।


## बच्ने उपाय

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने।
- अङ्कमाल नगर्ने।
- साबुन- पानीले कम्तिमा २० सकेण्डसम्म (वा १ देखि ५० सम्म गनेर) पटक-पटक हात धुने।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने।
- शारीरिक दूरी कायम गर्ने।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने।
- झ्याल ढोका बन्द गरेर कोठामा धेरैजना नबस्ने।
- भिडभाडमा नजाने।
- जङ्गली जनावरलाई नछुने।
- बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाने।
- मासु तथा अन्डा राम्रोसँग पकाएरमात्र खाने।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने।**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ। साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ, तसर्थ नियमित हात धुने गरौँ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।**

# आ.व. २०७६/७७ चैत्र महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३७९ | १६४ | ११४ | १३३ | १०० | १०३ | ४४ | ४७ | २० | ३२ | | | | | | | | | | | | | | | | | | | | |
| ■ सार्क तथा चिनियाँ | ६४ | ३१ | ७८ | ८९ | ५३ | ३८ | १५ | १ | २ | ० | | | | | | | | | | | | | | | | | | | | |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ चैत्र | १,१३६ | ३७१ | १,५०७ |
| २०७५ चैत्र | १५,५६३ | ११,९३१ | २७,४९४ |
| प्रगति | −१४,४२७ (−९२.७%) | −११,५६० (−९६.८९%) | −२५,९८७ (−९४.५२%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# नागरिकको अहं भूमिका

कोरोना सङ्क्रमण यस पटक विश्वले थाहा पाएको पुस १५ गतेबाट चारमहिना भयो । त्यसको चार महिनाअघि अमेरिकाको हवाई टापूमा यो भाइरस देखिएको थियो । विश्वव्यापी महामारीको रूप लिएको फागुन २८ गतेबाट दुई महिना पुग्न लागेको छ । यस अवधिमा २९,९५,२०९ लाखभन्दा बढी सङ्क्रमित, ८,८१,५२५ लाखभन्दा बढी निको भएका छन् भने २,०७,००९ लाखभन्दा बढीको मृत्यु भएको छ । यो तथ्याङ्क घण्टा घण्टामा बढिरहेको छ । यसको अर्थ कोरोना प्रकोपबाट मानवजाति निकै सङ्कटमा छ ।

यस्तो भयावह महामारीबाट बचाउन सबैजसो देशका सरकारहरू, विश्व स्वास्थ्य सङ्गठन, अन्तर्राष्ट्रिय संस्थाहरूलगायत चिकित्सक, वैज्ञानिकहरू लागिपरेका छन् । हाम्रो देशका केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरूले पनि रोकथाम, परीक्षण, उपचार, राहतसँगै जनचेतना फैलाउने कामहरू जोडतोडले गरिरहेका छन् । यसक्रममा भक्तपुर नपाले आफ्नो दायित्व निर्वाह र कर्तव्य पूरा गर्न जनचेतना फैलाउने, लकडाउन सफल बनाउन बिस्का जात्रालगायतका चाड-पर्वलाई औपचारिक पूजामा सीमित पार्ने, निरन्तर सरसफाइ, आवश्यकहरूलाई राहत वितरण, अति आवश्यक काममा मात्र घरबाहिर जान अनुमतिपत्र, खाद्यान्न र तरकारी बजारको व्यवस्थापन, स्वयंसेवक परिचालनलगायतका कार्यहरू गऱ्यो र गर्दैछ । त्यस्तै देशका सबैजसो स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा काम गरिरहेका छन् । त्यसैको परिणाम विकसित भनिएका देशहरूमा भयावह स्थिति देखिंदा पनि नेपालको स्थिति एक प्रकारले सामान्य छ, महामारीको रूप लिइसकेको छैन । अहिलेसम्म नेपालमा सङ्क्रमितभन्दा विदेशमै सङ्क्रमित भएका नेपाली र नेपाल पसेका विदेशी हुन् । यदि सीमामा आवश्यक व्यवस्था समयमै गरी ती सङ्क्रमितहरूलाई नेपालमा आउन नदिएको भए नेपाल पनि प्रजग कोरिया जस्तै 'कोरोना फ्री' देश हुने थियो ।

देशका सरकारहरूले कोरोना फैलन नदिन वा महामारी हुन नदिन थुप्रै कार्यहरू गरेका छन् र गर्दैछन् । त्यसलाई नागरिकहरूले पालना गरेकै कारण सङ्क्रमण दोस्रो चरणमा प्रवेश गरे पनि कोभिड - १९ नियन्त्रणमा रहेको छ । नीति-नियम या निर्देशन घोषणा गर्दैमा सफल र उपलब्धिमूलक परिणाम आउँदैन जबसम्म त्यसको कार्यान्वयन र पालना गरिंदैन ।

सरकारहरूको निर्देशन र प्रयास तथा नागरिकहरूको साथ सहयोगले नै स्थिति विषम र भयावह हुन पाएको छैन । यसलाई जोखिमको स्थिति विद्यमान रहेसम्म निरन्तर कायम राख्नु नै आफ्, परिवार, समाज र देशकै हितमा हुनेछ । अहिलेको स्थिति जटिल, विषम र भयावह हुन नदिनमा प्रत्येक नागरिकको अहं भूमिका र योगदान रहेको तथ्यमा हामी सबैले गर्व गर्नुपर्दछ । यसको ज्वलन्त प्रमाण विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई 'अति उच्च जोखिम' बाट 'उच्च जोखिम' मा झारेबाट दिएको छ ।

सबैलाई थाहा छ, सङ्क्रमण फैलिएपछि पहिलो विश्वका अमेरिका, इटाली, फ्रान्स, स्पेन, बेलायत, जर्मनीजस्ता विकसित देशहरूलाई नियन्त्रण गर्न हम्मेहम्मे परिरहेको छ । हामी त तेस्रो विश्वमा पनि गरिब देशका हौं । यहाँ महामारी फैलिए आयरल्याण्ड, स्वीडेनमा जस्तै निको हुनेको सङ्ख्याभन्दा मर्नेहरूको सङ्ख्या धेरै दोब्बर हुनेछ । त्यो सम्झिँदैमा धेरैलाई कहाली लाग्नसक्छ । तसर्थ त्यो स्थितिबाट जोगिन र भयावह स्थिति आउन नदिन लकडाउनलाई अति उत्तम तरिकाले पालना गरौं, व्यक्तिगत सरसफाइका तरिकालाई सर्वोत्तम ढङ्गले अपनाऔं । यसबाट हाम्रो गर्व उच्च शिखरमा पुग्नेछ र सुरक्षा अझ सुनिश्चित हुनेछ ।

# लकडाउनमा भक्तपुर नपाका केही गतिविधि




सबै सडक, चोक, गल्लीमा कीटनाशक औषधी छर्किन्दै



तरकारी बजार व्यवस्थाको एक नमुना

# कोरोना सङ्क्रमणबाट बच्न साबुन पानीले हात धुने गरौं !




कम्तिमा २० सेकेण्ड पटक-पटक साबुन पानीले हात धोऔं,
अति आवश्यक नपरी घरबाट ननिस्कौं, तीन फीट शारीरिक दूरी कायम गरौं ॥